११



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०५७
पुस्तकालय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

एघारौं वार्षिक प्रतिवेदन

२०५७।५८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल।
आश्विन, २०५८

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

एघारौं वार्षिक प्रतिवेदन

२०५७/५८



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल ।

आश्विन, २०५८

फोन नं. २६२ ८४२
२६२ ५१५
फ्याक्स : २६२ ९३०
इ-मेल :- akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल

पत्र संख्या:- मिति :- आश्विन, २०५८.

विषय :- एघारौं वार्षिक प्रतिवेदन ।

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरबार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९८ को उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०५७/५८ (२०५७ श्रावण १ गतेदेखि २०५८ आषाढ मसान्तसम्म)मा गरेको कामको वार्षिक प्रतिवेदन चढाएका छौं ।

सरकार, जो हुकुम ।

सेवकहरु

(सूर्यनाथ उपाध्याय)	(माधवदत्त भट्ट)	(इन्द्रबहादुर शेरचन)
प्रमुख आयुक्त	आयुक्त	आयुक्त

(कृष्णबल्लभ शर्मा काफ्ले)	(वासुदेव लामिछाने)
आयुक्त	आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

एघारौं वार्षिक प्रतिवेदन

आ.व. २०५७/५८

अनुक्रमणिका

क्र.सं.	विषय	पृष्ठ
	प्राक्कथन	१
१	भाग १. आयोगको संक्षिप्त परिचय	२
१.१	परिचय	२
१.२	परिभाषा	२
१.२.१	भ्रष्टाचार	२
१.२.२	अनुचित कार्य	२
१.३	आयोगको गठन	३
१.४	आयोगको क्षेत्राधिकार	३
१.५	आयोगको बैठक	३
१.६	प्रशासनिक संगठन	४
१.७	बजेट व्यवस्था	४
१.८	उजूरी सम्बन्धी व्यवस्था:	४
१.८.१	अनुचित कार्यको उजूरी	४
१.८.२	भ्रष्टाचारको उजुरी	४
१.९	छानवीन तथा अनुसन्धान तहकिकात :	४
१.९.१	प्रारम्भिक छानवीन	४
१.९.२	विस्तृत अनुसन्धान तहकिकात	५
२.	भाग २. अनुचित कार्य सम्बन्धी कारबाईको विवरण	६
२.१	सचेत वा सतर्क रहन लेखिएका विषय तथा पदाधिकारी	६
२.२	विभागीय कारबाईको निमित्त लेखिएका विषय तथा पदाधिकारी	८
३.	भाग ३. भ्रष्टाचार सम्बन्धी कारबाईको विवरण	१५
३.१	पुनरावेदन अदालतसमक्ष मुद्दा दायर गरिएको	१५
३.१.१	आयोगबाटै मुद्दा दायर भएको	१५
३.१.२	आयोगद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी अन्य निकायबाट मुद्दा दायर भएको	२८
३.२	शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन गरिएका मुद्दाहरु	३१
३.३	शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन नगरिएका मुद्दा सम्बन्धी निर्णय	४८
४	भाग ४. प्रेषित सुझाव तथा ध्यानाकर्षणको विवरण	५५
४.१	ध्यानाकर्षण गर्न लेखिएको	५५
४.२	सुझाव पठाइएको	५५
५	भाग ५. विविध	६१
५.१	विस्तृत अनुसन्धान तहकिकात पश्चात् तामेलीमा राखिएका उजूरी विवरण	६१
५.२	अन्य निर्णयहरु	७०

५.३	आवश्यक कारबाईको लागि अन्य निकायमा पठाइएका उजूरी	७३
५.४	विस्तृत अनुसन्धान तहकिकात जारी रहेका उजूरी	७४
५.५	कार्यान्वयन नगरिएका आयोगका निर्णयहरु	७७
६	**भाग ६. उपसंहार**	८५
६.१	विगत दशकको सिंहावलोकन	८५
६.२	विद्यमान समस्या तथा समाधानका प्रयासहरु	८६
६.३	अन्तर्राष्ट्रिय सहयोग तथा सहभागिता	८६

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

एघारौं वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०५७/५८

प्राक्कथन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक वर्ष अख्तियारको दुरुपयोगका सम्बन्धमा गरेको अनुसन्धान, तहकिकात एवं कामहरुको वार्षिक प्रतिवेदन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) बमोजिम श्री ५ महाराजधिराज सरकारका हजुरमा चढाउनु पर्ने संवैधानिक प्रावधान अनुरुप यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

आयोगका काम कारवाईको प्रस्तुति सहज र सरल बनाउने उद्देश्यले विगतको दाँजोमा यस प्रतिवेदनको ढाँचामा केही सुधार गरिएको छ। आयोगको संवैधानिक दायित्वको आधारमा यस प्रतिवेदनलाई ६ भागमा बाँडिएको छ। भाग १ मा आयोगको संक्षिप्त परिचय, आयोगको गठन, क्षेत्राधिकार एवं कार्य संचालनको तरिका आदि प्रस्तुत गरिएका छन्।

सार्वजनिक पदधारण गरेको व्यक्तिले कानूनद्वारा अनुचित कार्य भनी परिभाषित अख्तियार दुरुपयोगको कार्य गरेको सम्बन्धमा भएको अनुसन्धान तथा त्यसको परिणामस्वरुप विभिन्न कारवाईको सिफारीश गरिएका विषयहरुलाई यस प्रतिवेदनको भाग २ मा समेटिएको छ। यस अन्तर्गत अनुचित कार्यमा संलग्न विभिन्न पदाधिकारीहरुलाई कूल १२ मुद्दा (case) मा विभागीय कारबाई गर्न अख्तियारवालालाई लेखिएको तथा ८ मुद्दामा त्यस्ता पदाधिकारीलाई सचेत वा सतर्क गराइएको छ।

भ्रष्टाचार गरेको आरोपमा यस आयोगबाट तथा आयोगबाट प्रत्यायोजित अधिकार अन्तर्गत अन्य निकायहरुबाट सम्बन्धित पुनरावेदन अदालतहरु समक्ष मुद्दा दायर गरिएको विषय, त्यस्ता मुद्दामा भएका फैसलामा आयोगले सर्वोच्च अदालतसमक्ष प्रस्तुत गरेको पुनरावेदनको विवरण तथा शुरु फैसलाउपर पुनरावेदन गर्ने आवश्यकता नदेखिएकोले पुनरावेदन नगर्ने भनी आयोगले गरेका निर्णयहरु यस प्रतिवेदनको भाग ३ मा पेश गरिएको छ। राष्ट्रिय समस्याको रुपमा रहेको भ्रष्टाचार विरुद्धका क्रियाकलापको विवरण भएको यस भागले नै यस प्रतिवेदनको अत्यधिक पृष्ठ ओगटेको छ। समीक्षा गरिएको अवधीमा आयोगबाट भ्रष्टाचारका कूल २६ मुद्दाहरु सम्बन्धित पुनरावेदन अदालतहरुसमक्ष दायर गरिएका छन्। त्यसै गरी आयोगको प्रत्यायोजित अधिकारको प्रयोग गरी विशेष प्रहरी विभाग तथा विभिन्न प्रमुख जिल्ला अधिकारीहरुमार्फत् पुनरावेदन सरकारी वकील कार्यालयहरुबाट कूल २७ मुद्दाहरु अदालतसमक्ष प्रस्तुत गरिएका छन्।

स्वच्छ तथा पारदर्शी सुशासनको लागि विद्यमान कार्य प्रणालीमा समयोचित सुधार र परिष्कार गर्दै जानु अत्यन्त आवश्यक हुन्छ। यसको लागि विद्यमान कानूनले आयोगलाई पनि दायित्व सुम्पेको छ। यसै दायित्वको पालनाको सिलसिलामा भाग ४ मा आयोगले कुनै विषयमा सतर्कता अपनाउन ध्यानाकर्षण गराएको, कुनै कानून वा प्रकृयामा सुधार वा संशोधन गर्न अथवा अन्य कुनै परिपाटी वा कार्यप्रणालीलाई सच्याउन सम्बन्धित निकायलाई पठाइएको सुझावहरुको विवरण समावेश गरिएको छ। आर्थिक वर्ष २०५७/५८को अवधीमा कूल २२ वटा विषयहरुमा सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराइएका वा सुझावहरु पठाइएका छन्।

प्रतिवेदनको भाग ५ मा विविध काम कारवाईहरुको विवरण प्रस्तुत गरिएको छ। यस अन्तर्गत विस्तृत अनुसन्धान पश्चात् तामेलीमा राख्ने गरी भएको निर्णय, हाल विस्तृत अनुसन्धान जारी रहेका उजूरी सम्बन्धी जानकारी तथा विगतका सिफारीशहरुको कार्यान्वयन भए नभएकाबारे आयोगबाट भएको अनुगमन सम्बन्धी विवरणहरु समावेश गरिएका छन्।

प्रतिवेदनको अन्तिम खण्ड अर्थात् भाग ६ मा आयोगको कार्यपद्धति, कार्यगत समस्या र सुधार जस्ता विविध पक्षहरुको विवेचना भएको छ। आयोगको स्थापनाकालको एक दशक बितिसकेको सन्दर्भमा विगत दशकको सिंहावलोकन पनि यसै खण्डमा गरिएको छ। यो भाग वस्तुतः यस प्रतिवेदनको उपसंहार हो। प्रतिवेदनमा प्रस्तुत विभिन्न विवरणहरुको विस्तरण (elaboration) को रुपमा यस प्रतिवेदनको अन्त्यमा केही अनुसूचीहरु समावेश गरिएका छन्। यसमा विभिन्न तालीका तथा रेखाचित्रहरुको माध्यमबाट प्रतिवेदनका विविध प्रस्तुतिलाई सुबोध्य बनाउन खोजिएको छ। यस प्रतिवेदनको प्रस्तुतीकरण मूलतः विषयगत रुपमा भएकोले एकै विषयमा धेरै उजूरीहरु परेको अवस्थामा पनि विषयगत संख्या भने एक नै मानिने हुंदा कतिपय अवस्थामा विषयगत संख्या र यथार्थ उजूरी संख्यामा पृथकता देखा पर्न सक्छ।

द्रष्टव्य : यस प्रतिवेदनमा मन्त्रालयको नाम उल्लेख गरिएको उपशीर्षकमा सो मन्त्रालयसंग सम्बन्धित विभाग एवं निकायहरु पनि समाबेश गरिएका छन्।

भाग १. आयोगको संक्षिप्त परिचय

१.१ परिचय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन एक संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ । संविधानको धारा ९८ को उपधारा (४) बमोजिम यस आयोगबाट निम्न काम कारवाईहरु गरिन्छन् :

(क) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले *अनुचित कार्य* गरी अख्तियारको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाई गर्न अख्तियारवाला समक्ष लेखी पठाउने,

(ख) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम *भ्रष्टाचार* मानिने कुनै कार्य गरेको देखिएमा त्यस्तो कार्य गर्ने व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरुउपर समेत कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने,

(ग) श्री ५ समक्ष आफूले गरेको कामको वार्षिक प्रतिवेदन चढाउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम आयोगलाई प्राप्त अन्य काम, कर्तव्य र अधिकारहरुलाई व्यवस्थित एवं नियमित तुल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ विद्यमान छ । उक्त ऐनले दिएको अधिकार प्रयोग गरी आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधी, २०५७ समेत बनाई लागू गरिएका छन् । यिनै कानूनद्वारा निर्देशित प्रावधानहरुको अधीनमा रही आयोगले आफ्नो कार्य सम्पादन गर्ने गरेको छ ।

१.२ परिभाषा

१.२.१ **भ्रष्टाचार** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार *भ्रष्टाचार* भन्नाले भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुने निम्न आपराधिक कार्यलाई मानिन्छ :-

क) राष्ट्रसेवकले आफ्नो ओहदाको काम बापत कानूनी पारिश्रमिक बाहेक अरु रिसवत लिनु,
ख) राष्ट्रसेवकउपर प्रभाव पार्न रिसवत लिनु,
ग) माथि (क) र (ख) मा उल्लिखित कुनै कसूर गर्न दुरुत्साहन दिनु,
घ) कामकाजसंग सम्बन्ध भएको व्यक्तिसंग बिना मोल वा कम्ती मोलमा कुनै मालवस्तु लिनु,
ङ) गैरकानूनी लाभ वा हानी पुऱ्याउने बदनीयतले काम गर्नु,
च) गलत लिखत तयार गर्नु वा गलत अनुवाद गर्नु,
छ) प्रश्नपत्रको गोपनीयता भंग गर्नु,
ज) गैर कानूनी खरीद बिक्री, व्यापार गर्नु,
झ) नपाएको ओहदा वा सुविधा वा अधिकार पाएं भन्नु,
ञ) ओहदाको निमित्त योग्यता, नाम इत्यादि ढांट्नु,
ट) राष्ट्रिय वा सार्वजनिक वा आफ्नो जिम्मा रहेको सम्पत्तिको हिनामिना, हानीनोक्सानी वा दुरुपयोग गर्नु वा मास्नु,
ठ) गैरकानूनी दवाव दिनु,
ड) भ्रष्टाचारको कसूरको तहकिकात वा अनुसन्धानमा बाधा, विरोध गर्नु,
ढ) भ्रष्टाचारको कसूरमा मतियार हुनु,

१.२.२ **अनुचित कार्य** : *अनुचित कार्य* भन्नाले सार्वजनिक पदधारण गर्ने कुनै व्यक्तिले जानी जानी वा लापरवाहीपूर्वक गरेको देहायको कुनै कार्यलाई मानिन्छ :-
क) आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,

ख) कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधीको पालना नगरेको,
ग) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश बिपरीत अर्कै उद्देश्यले वा कार्यमा प्रयोग गरेको,
घ) आफ्नो तजविजी अधिकार बदनीयतसाथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,
ङ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाव दिई कुनै अनधिकृत कार्य गराएको,
च) आफूले गर्नु पर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहां पठाई आफ्नो उत्तरदायित्व पन्छाएको,
छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कुनै पदीय कर्तव्य पालन नगरेको ।

१.३ आयोगको गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम आयोगको वर्तमान गठन विधि यसप्रकार छ :-

श्री सूर्यनाथ उपाध्याय प्रमुख आयुक्त,	२०५७।७।१८ मा प्रमुख आयुक्त पदमा नियुक्त । (यसअघि मा. माधवदत्त भट्टबाट निमित्त भई कार्यभार वहन)
श्री माधव दत्त भट्ट आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री इन्द्रबहादुर शेरचन आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री कृष्ण बल्लभ शर्मा काफ्ले आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री वासुदेव लामिछाने आयुक्त,	२०५७।७।१८ मा आयुक्त पदमा नियुक्त ।
सचिव	
श्री खेमराज नेपाल	२०५७।८।८ मा का.मु. सचिवमा नियुक्त भई २०५८।१।६ देखि सचिव पदमा नियुक्त ।
श्री कर्णबहादुर चन्द	२०५५।३।२२ देखि २०५७।८।७ सम्म कार्यरत रही सरुवा ।

१.४ आयोगको क्षेत्राधिकार

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा कारबाईको छुट्टै व्यवस्था गरिएका तथा सैनिक ऐन बमोजिम कारबाई हुने पदाधिकारीहरुका सम्बन्धमा वा संसदको कुनै सदन वा समितिको बैठकमा भएको काम कारबाई वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा वा अदालतको न्यायिक काम कारबाईको विषयलाई लिएर कारबाई चलाउने सम्बन्धमा बाहेक सार्वजनिक पदधारण गरेको व्यक्तिबाट भएको अख्तियार दुरुपयोग सम्बन्धी सम्पूर्ण काम कारबाईको अनुसन्धान एवं छानवीन गर्ने अख्तियारी आयोगमा निहीत रहेको छ ।

१.५ आयोगको बैठक

आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले तोकिएको कार्य सम्पन्न गरी सचिवमार्फत् सम्बन्धित आयुक्तसमक्ष पेश गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरु वा अन्य

नीतिगत निर्णय हुनु पर्ने विषयहरुको कार्यक्रम प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यक्रम तय भएपछि विषयको जटिलता, अवस्था र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको आदेशले कुनै पनि समयमा आयोगको बैठक बस्न सक्दछ । आर्थिक वर्ष २०५७/५८ को अवधिमा आयोगको बैठक जम्मा ९३ पटक बसेको थियो । यी बैठकहरुबाट कूल २२९ वटा निर्णयहरु भएका थिए ।

१.६ प्रशासनिक संगठन

केन्द्रीय स्तरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा आयोगको सचिवालय रहेको छ, जसको प्रमुखमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव रहन्छ । श्री ५ को सरकारद्वारा स्वीकृत दरबन्दी अनुरुप श्री ५ को सरकारबाटै खटाइएका कर्मचारी सचिवालयमा रहने व्यवस्था छ । आयोगको कार्य प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा तत्सम्बन्धी विषयमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्राविधिक एवं प्रहरी आदि क्षेत्रका व्यक्तिहरुबाट सो पदहरु पूर्ति गर्ने गरिआएको छ । आवश्यकता अनुरुप सम्बन्धित विषयमा अनुभवी एवं दक्ष जनशक्तिलाई पनि अल्पकालीन रुपमा आयोगमा काजमा ल्याई काम गराउने गरिएको छ । आयोगको व्यापक क्षेत्राधिकारको सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा समेत विस्तार गर्न नसकिएकोले तत्कालको लागि काठमाडौं उपत्यकाभित्र विशेष प्रहरी विभागलाई तथा अन्य ७२ जिल्लाहरुमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ । यस व्यवस्था अनुरुप विशेष प्रहरी विभागका मुख्य अधिकृत तथा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीहरुले अख्तियारको दुरुपयोग सम्बन्धी उजूरीमा अनुसन्धान तहकिकात गर्ने तथा सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ताले आयोगकोतर्फबाट मुद्दा चलाउने अधिकार सुम्पिएको छ ।

१.७ बजेट व्यवस्था

आर्थिक वर्ष २०५७/५८ मा आयोगको कूल बजेट रु. १,६१,८८,७१०/७६ मध्ये रु. १,६०,४६,३२९/२० निकासा भई रु. १,६०,४६,३२९/२० खर्च भएको छ । आर्थिक वर्ष २०५६/५७ मा भने आयोगको कूल बजेट रु. ९७,६१,९१९/९१ मध्ये रु. ९६,७२,७७९/५७ निकासा भई रु. ९६,७२,७७९/५७ खर्च भएको थियो । आर्थिक वर्ष २०५७/५८ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

१.८ उजूरी सम्बन्धी व्यवस्था

१.८.१ **अनुचित कार्यको उजूरी** : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ बमोजिम उजूरी दिनु पर्ने व्यवस्था छ ।

१.८.२ **भ्रष्टाचारको उजूरी** : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै श्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाई चलाउन सक्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा रहेको छ ।

१.९ छानवीन तथा अनुसन्धान तहकिकातको व्यवस्था

१.९.१ **प्रारम्भिक छानवीन** : आयोगसमक्ष परेका कुनै पनि उजूरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारीउपर प्रारम्भिक छानवीनको क्रममा सो विषयमा कारवाई गर्नुपर्ने नपर्ने भनी निक्यौंल गर्न मूलतः निम्न तथ्यहरुको निरुपण गरिन्छ :

क) उजूरी निवेदनको विषयवस्तु के हो ?

ख) उजूरी आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?

ग) उजूरीमा उल्लिखित विषयको गम्भीरता के कति छ ?
घ) उजूरीको आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?
च) विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विभागीय वा अन्य कारवाई भएको छ, छैन ?
छ) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ छैन ?

प्रारम्भिक छानवीनको सिलसिलामा कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानवीन गरी संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था रहेको छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएको देखिन आएमा आयोगले कुनै कारबाई नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्ने व्यवस्था रहेको छ :-

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,
ख) ऐनको हदम्याद नाघेको,
ग) आयोगको अधिकार र कार्यक्षेत्रभित्र को विषय नभएको,
घ) अदालतमा मुद्दा परिरहेको विषयको,
ङ) तथ्ययुक्त आधार नभएको,
च) खिचोला वा टण्टा दिने मनसायको, र
छ) मामूली कुरासम्बन्धी ।

तामेलीमा राख्नु पर्नेउपरोक्त आधार सन्निहीत नभएका उजूरीमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारबाई अगाडि बढाउने गरिन्छ ।

१.९.२ **विस्तृत अनुसन्धान तहकिकात:** प्रारम्भिक छानवीनको रोहबाट विस्तृत अनुसन्धान तहकिकात गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित विषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, निजलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धान तहकिकातको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्तसमक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाएमा उपयुक्त आदेश हुन सक्छ । अन्यथा अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोगसमक्ष पेश गर्ने आदेश गरिन्छ । त्यस्तो प्रतिवेदनमा आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गम्भीरता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय वा अन्य कारबाईको सिफारीश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारबाई गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

भाग २. अनुचित कार्य सम्बन्धी कारबाईको विवरण

२.१ सचेत वा सतर्क रहन लेखिएका विषय तथा पदाधिकारी :

२.१.१ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

उदयपुर सिमेन्ट उद्योगका तत्कालीन महाप्रवन्धक समेतको संलग्नतामा उद्योगको लागि आवश्यक Chain Block र Lever Block खरीद गर्दा नियम बिपरीत बढी मूल्यमा कोटेशनबाट खरीद गरी लाखौं रकम हिनामिना भएको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा उद्योगको आर्थिक प्रशासन नियमावली, २०४८ को आधार लिई खरीद गरी भण्डार दाखिला समेत गरेको भए ता पनि भुक्तानी नभएको र उद्योगका महाप्रवन्धक तेजकान्त झाको मिति २०५७।३।१५ को निर्णयानुसार खरीद आदेश रद्द गरी सामान फिर्ता समेत भई सकेकोले उद्योगलाई हानी नोक्सानी भएको नदेखिएको एवम् मूल्यांकन उप-समितिका पदाधिकारीहरुउपर उद्योग व्यवस्थापनबाट उद्योगको कर्मचारी सेवा शर्त नियमावली, २०५६ को परिच्छेद-१२ अन्तर्गत नसिहत स्वरुप पांच जनालाई सचेत र एकजनालाई एक ग्रेड तलव वृद्धि रोक्काको विभागीय कारवाही गरिसकेकोले यस आयोगबाट केही कारवाहीको सिफारीश गर्नु परेन । तर उक्त सामान खरीद गर्न स्वीकृति दिने, टिप्पणी सदर गर्ने तत्कालीन नि. महाप्रवन्धक कृष्णकुमार नवपानीयालाई कुनै कारवाही गरेको न देखिंदा निजलाई पनि अव उप्रान्त त्यस्तो लापरवाही नगर्न सचेत गराउनका साथै टेण्डर छल्ने मनसायले "अपवाद खरीद" भन्ने शीर्षक अन्तर्गत जथाभावी सामान खरीद नगर्नु, नगराउनु भनी संचालक समिति, उदयपुर सिमेन्ट उद्योगलाई सुझाव पठाइएको ।

२.१.२ कृषि तथा सहकारी मन्त्रालय :-

तत्कालीन केन्द्रीय खाद्य अनुसन्धानशाला (हाल खाद्य अनुसन्धान तथा गुण नियन्त्रण विभाग) ले आर्थिक वर्ष २०५३।५४ मा टेम्पो ट्राक्स डवल क्याव पिकअप गाडी खरीद गर्दा अनियमित भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा टेम्पो ट्राक्स डवल क्याव पिकअप गाडी खरीद गर्न वोलपत्र आव्हान भए अनुसार रु. ६,९९,८६९।- मा त्यस्तो गाडी खरीद गर्न न्यू अटोमोवाइल डिष्टिव्यूटर्स र केन्द्रीय खाद्य अनुसन्धानशालाबीच मिति २०५४।३।२५ मा भएको संझौता र वोलपत्रमा उल्लिखित शर्त अनुसार डवल क्याव गाडी खरीद गर्नु पर्नेमा त्यस्तो गाडी उत्पादन नै वन्द भएकोले सिंगल क्याव गाडी मात्र दिन सकिने जानकारी सप्लायर्सले दिएको भन्ने आधारमा केन्द्रीय खाद्य अनुसन्धानशालाले सिंगल क्याव गाडी बुझिलिएको देखिन आयो । यसरी सिंगल क्याव गाडी बुझिलिएपछि त्यसको मूल्य डवल क्यावको भन्दा रु. १०,९७०।- कम पर्ने देखिएकोले सो रकम र सप्लायर्सले निर्धारित समयभन्दा २६६ दिन ढीलो गरी गाडी बुझाए वापतको हर्जाना रु १५,८१५।४८ पनि सम्बन्धित पक्षबाट असूलउपर गरेकै देखिंदा आर्थिक रुपमा रकम हिनामिना भएको अवस्था रहेको देखिएन । तर सम्झौता गर्दाको अवस्थामा गाडी उपलव्ध हुनु पूर्व नै सम्पूर्ण रकम पेश्कीको रुपमा सप्लायर्सलाई दिएको तथा डवल क्याव गाडी मात्र बुझिलिनु पर्नेमा त्यसो नगरी आर्थिक प्रशासन सम्वन्धी नियमहरुको उल्लंघन गरेकोले सो कार्यमा संलग्न केन्द्रीय खाद्य अनुसन्धानशालाका प्रमुख डा.टीकावहादुर कार्की, सोही कार्यालयका गुण नियन्त्रण महाशाखाका प्रमुख दीपजंग शाह र लेखापाल विष्णुप्रसाद घिमिरेलाई सचेत गराउन अख्तियारवालालाई लेखिएको ।

२.१.३ भूमिसुधार तथा व्यवस्था मन्त्रालय :-

कास्की जिल्लाको एस.ओ.एस बालग्राम, पोखराले पर्खाल निर्माण गरी भवन वनाई भोगचलन गरेको कास्की जिल्ला साविक छिनेडांडा वडा नं. ७, हाल पोखरा उपमहानगरपालिका वडा नं १५ को कित्ता नं १४५६ को रोपनी १९-८-३१-३ जग्गा मालपोत कार्यालय, कास्कीका तत्कालीन प्रमुख मालपोत अधिकृत रामप्रसाद श्रेष्ठले व्यक्तिविशेषका नाउंमा दर्ता गरी दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जग्गा दर्ता गर्ने निर्णय गरेको विषयमा अदालतमा पुनरावेदन गर्नको लागि म्याद दिएको नै देखिएको, पछि सोही मालपोत कार्यालयले मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सो दर्ता बदर गरेको, यसै विषयमा दुवै पक्षवीच कास्की जिल्ला अदालतमा मुद्दा चली मिलापत्र समेत भई सकेको देखिएको साथै बदनीयत र लिनु खानु गरेको समेत न

देखिंदा निज प्रमुख मालपोत अधिकृतउपर भ्रष्टाचारमा कारवाही गर्नु परेन । तर सोही कार्यालयबाट पछि बदर गर्नुपर्ने जग्गा दर्ता गरेकोले निजलाई आयन्दा यस किसिमको कार्य नगर्न सचेत गराउन अख्तियारवालासमक्ष लेखिएको ।

२.१.४ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

२.१.४.१ आर्थिक वर्ष २०४९।५० मा थापाथली हाइटदेखि जेसिस भवन अगाडिसम्म ढल निर्माण गर्दा ट्रेंचमा बालुवाको सट्टा माटो समेतले पुरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सो क्षेत्रमा ढल निर्माण गर्दा बालुवाले पुर्नु पर्नेमा माटो समेतले पुरेको देखिएकोले सो कार्यका लागि खटिएको साइट इन्चार्ज (ओभरसियर) वीरेन्द्रप्रसाद श्रेष्ठ र इन्जिनीयर प्रसुन्नमानसिं प्रधानले आफूलाई तोकिएको कार्य ठेक्का सम्झौता बमोजिम सन्तोषजनक रुपमा सम्पन्न नगरी लापरवाही गरेको देखिएकोले निजहरुउपर विभागीय कारवाई गर्न, र सहायक प्रबन्धक विजयमान श्रेष्ठ एवं प्रवन्धक मुकुन्दनन्द बैद्यले आफू मातहतको निर्माण कार्यको सुपरीवेक्षण गर्न नसकेकोले निजहरुलाई सचेत गराउन नेपाल खानेपानी संस्थानको संचालक समितिमा लेखिएको । यसमा माटो समेतले ढलको ट्रेन्च पुरेकोबाट निर्माण कार्यमा तात्विक असर नपरेको तर सम्झौता बमोजिम काम नगरेकोसम्म देखियो । सो कामको निरीक्षणको क्रममा जिल्ला सडक कार्यालय, काठमाडौंका तत्कालीन जिल्ला इन्जिनीयर होमनाथ पोखरेलले "... ढल खनी निस्केको माटो फाली पाइप माथि बालुवाले पुरी कार्य समाप्त भएको देखिन्छ ।" भनी प्रमाणित गरी दिएको देखिएको हुंदा त्यस्तो व्यहोरा प्रमाणित गरिदिने निजलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखिएको ।

२.१.४.२ आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा तत्कालीन निर्माण तथा यातायात मन्त्रीको सहयोगी गोविन्दबहादुर थापाले काम नै नभएकोमा समेत विभिन्न व्यक्ति एवं संघ संस्थाको सिफारीश अनुसार भनी सयौं जना सुपरभाइजर भर्ना गर्नका लागि ठाडो तोक आदेश दिएको र डिभिजन सडक कार्यालय नं. २ मीनभवनका तत्कालीन डिभिजन प्रमुखले उक्त आदेश अनुसार कामै नगराई लाखौं रुपैया पारिश्रमिक भुक्तानी दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा तत्कालीन निर्माण तथा यातायात मन्त्रालयका विभिन्न कार्यालयहरुमा त्यस्ता सुपरभाइजरहरुबाट प्रशासनिक आदि कार्य गराई सोही डिभिजन कार्यालयबाट भुक्तानी गराएको समेत देखियो । सडक निर्माण एवं मर्मत सुधार कार्य गर्न गराउन स्वीकृत नर्म्सको परिधिभित्र रही सुपरभाइजर भर्ना गर्नु पर्ने आवश्यकता देखिन्छ । तर जथाभावी रुपले विभिन्न व्यक्तिहरुको सिफारीशमा र तोक आदेशका भरमा सयौं जना सुपरभाइजर नियुक्ति गर्दा विकृतिहरु उत्पन्न भई आर्थिक अनुशासन समेत कायम नरहने हुंदा पारदर्शी प्रकृयाबाट योग्य व्यक्तिहरुलाई निर्धारित समयको लागि मात्र सुपरभाइजरमा नियुक्ति दिने प्रकृयागत व्यवस्था सकेसम्म चांडो गरी सोको जानकारी आयोगमा उपलब्ध गराई दिन भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखिएको । आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा तत्कालीन निर्माण तथा यातायात मन्त्रीको सहयोगी गोविन्दबहादुर थापाको ठाडो तोक आदेशको भरमा अनियमित एवं अनियन्त्रित संख्यामा सुपरभाइजरहरु भर्ना गरी कामै नगराई पारिश्रमिक भुक्तानी दिएकोले त्यस्तो कार्य गर्ने डिभिजन सडक कार्यालय नं. २, मीनभवनका तत्कालीन डिभिजन प्रमुख डिल्लीरमण निरौलालाई सचेत गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखिएको ।

२.१.४.३ सुर्खेत-जुम्ला सडक योजना अन्तर्गत ठे.नं. ४/०५४/५५ को सवैभन्दा घटी अंक कबोल गरी ठेक्का संझौता नगर्ने काष्ठमण्डप कन्स्ट्रक्सन प्रा.लि. को बीडबण्डको म्याद स्पष्ट रुपमा २०५४।९।१३ सम्म मात्रै हुंदा हुँदै ठेक्का संझौता गर्न ठेकेदार उपस्थित नभएकोमा म्यादभित्रै बीडबण्डको दावी नगरी म्याद भुक्तान भएपछि मिति २०५४।९।१५ मा मात्र "सो बीडबण्ड योजनाको पत्र बिना फुकुवा नगर्नु हुन" भनी सम्बन्धित बैंकमा पत्र पठाएको र सो पत्र बैंकमा दर्ता हुंदा उक्त बीडबण्ड फुकुवा भई सकेको देखिएको तर उक्त ठेकेदारबाटै निर्माण भएको अर्को ठेक्काको कामको बीलबाट सो बीडबण्ड बमोजिमको रकम रु. १,१२,९१०।२५ असूल भइसकेका देखिंदा समयमै बैंकसंग पत्राचार नगर्ने योजना प्रमुख तथा लेखा अधिकृतलाई अव आइन्दा यस्तो गैर जिम्मेवारीपूर्ण कार्य नगर्ने गरी सचेत गराइएको ।

२.१.५ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा कन्फेकसनरी पसल भाडामा राख्न दिंदा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा बोलपत्र आह्वान नगरी सार्वजनिक प्रतिस्पर्धा नगराई सोझै मन्त्रीको तोक आदेशद्वारा व्यक्तिलाई पसल सन्चालन गर्न दिएको कार्य नियमसम्मत र संस्थानको हीत अनुकूल देखिएन । अधिकतम आर्थिक लाभ र सदुपयोग हुने गरी नियमतः दिनु पर्नेमा बिना प्रतिस्पर्धा ठाडो तोक आदेशको भरमा यसरी नियम बिपरीत व्यक्तिलाई पसल सन्चालन गर्न दिएको देखिंदा तत्सम्बन्धी सम्झौता रद्द गर्न र उक्त ठाउंमा निजी पसलहरु राख्ने सम्बन्धमा यस आयोगबाट मिति २०५६।९।२९ मा भएको निर्णय बमोजिम मिति २०५६।१०।६ मा दिइएको सुझावको कडाईका साथ कार्यान्वयन गरिगराई आयोगलाई जानकारी दिनू भनी पुनः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

मन्त्रालयलाई लेखिएको । बोलपत्र आह्वान नगरी बिना प्रतिस्पर्धा, ऐन नियम बिपरीत तोक आदेश गरी व्यक्तिलाई पसल सन्चालन गर्न दिने तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री सलिम मिया अन्सारीलाई सचेत गराई यस्तो तोक आदेश कार्यान्वयन गर्ने गराउने पदाधिकारीहरुलाई ध्यानाकर्षण गराइएको । साथै यसरी कानून बिपरीतको तोक आदेश गर्ने एवं सो तोक आदेश कार्यान्वयन गर्ने गरेको सम्बन्धमा यस आयोगबाट मिति २०५६।७।२९ मा भएको निर्णयानुसार दिइएको सुझाव बमोजिम मन्त्रीपरिषद् सचिवालयबाट मिति २०५६।८।२४ मा भएको परिपत्र कडाईका साथ पालना गर्न गराउन पुनः मन्त्रीपरिषद् सचिवालयलाई लेखिएको ।

२.१.६ स्वास्थ्य मन्त्रालय :-

स्वास्थ्य सेवा विभाग अन्तर्गत स्वास्थ्य संस्था तथा जनशक्ति विकास महाशाखामा व्याचलर इन अक्यूपेशनल थेरापी विषयको छात्रवृत्तिको मनोनयनमा अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सन् १९९७ का लागि भारतको मणिपाल कलेजमा ३ वर्षे व्याचलर इन अक्यूपेसनल थेरापी अध्ययनका लागि छात्रवृत्तिमा छनौट गर्ने क्रममा तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनालीको निजी सचिवालयमा कार्यरत अ.हे.व. केदार वस्नेतलाई पठाउन पहिला गो.प.मा प्रकाशित २०५४।३।२८ गतेको सूचना अनुरुप योग्यता नपुग्ने हुंदा सो संशोधन गरी निज केदार वस्नेतको छनौट क्राइटेरीया पुग्ने गरी पुनः २०५४।५।१३ गते गो.प.मा संशोधित सूचना प्रकाशित गरेको र छनौट गर्दा तुलनात्मक मूल्यांकन तालिकामा समेत ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अंक र शैक्षिक योग्यताको गणना गर्दा अ.हे.व. केदार वस्नेतको ४४ र स्टाफ नर्स मैयांकुमारी श्रेष्ठको ४५ अंक भएकोमा तालीम वापत दिइने अंकमा अ.हे.व. केदार वस्नेतलाई १.५ अंक दिई ४५.५ गरेको तर मैयांकुमारी श्रेष्ठलाई निजले गरेको psychiatric तालीम वापतको अंक नदिएको देखिएको । यसरी निजलाई तालीम वापत अंक १.५ दिएको भए निज मैयांकुमारी श्रेष्ठको ४६.५ अंक हुने देखिन्छ । तसर्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (घ) र (छ) अनुरुप आफ्नो अधिकार बदनीयतकासाथ स्वेच्छाचारी रुपमा प्रयोग गर्नुकासाथै पद अनुरुप कर्तव्य पालना गर्नुपर्ने पदीय कर्तव्य पालना गरेको नदेखिएकोले सो निर्णय गर्ने गराउने तत्कालीन स्वास्थ्य मन्त्री राधाकृष्ण मैनाली, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. वद्रीलाल श्रेष्ठ, तत्कालीन स्वास्थ्य सचिव हाल सूचना तथा संचार सचिव श्रीराम पौडेल, क्षेत्रीय निर्देशक पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालयका डा. यशोवर्धन प्रधान,सरुवा रोग अस्पताल टेकुका निर्देशक डा. छत्र अमात्य तथा छात्रवृत्ति शाखाका शा.अ. ऋषीराम खडकालाई आयन्दा यस किसिमको अनुचित कार्य नगर्ने, नगराउनेतर्फ सचेत गराई निम्नानुसार सम्बन्धित मन्त्रालय र मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको :

क) छात्रवृत्तिका लागि मनोनयन गर्दा हे.अ. तथा स्टाफ नर्स रा.प.अनं. प्रथम श्रेणीका कर्मचारीका लागि पदोन्नति हुने योग्यता व्याचलर लेवलको तालीममा रा.प.अनं. द्वितीय श्रेणीका कर्मचारीलाई पठाएको पाईएकोले अब उप्रान्त पदोन्नति हुने पदको लागि आवश्यक न्यूनतम योग्यता पुगेकाहरुलाई मात्र छात्रवृत्तिमा मनोनयन गर्ने गराउने ।

ख) स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली २०५५ को अक्षरशः पालना गर्न गराउन स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराउने ।

ग) भविष्यमा यस प्रकारका अनियमित काम कारवाही पुनः दोहोरिन नदिन तथा अन्य मन्त्रालयहरुमा समेत यस प्रकारको अनियमित कारवाही हुन नदिनेतर्फ निर्देशन हुन मन्त्रिपरिषद सचिवालयलाई लेखिएको ।

२.२ विभागीय कारबाईको निमित्त लेखिएका विषय तथा पदाधिकारी :

२.२.१ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

नेपाल खाद्य संस्थानमा खाद्यान्न ढुवानी गर्दा गराउंदा विभिन्न अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा टेण्डर रद्द नगरी नेगोसिएशन गरिएको भए कम्तिमा टेण्डर दरमा ढुवानी गराउन सकिनेमा टेण्डर रद्द गरेको कारणले सो अवस्था अन्त्य भई संस्थानलाई रु. ८०,६५,८८५।१८ बराबरको थप व्ययभार हुन गएको प्रष्ट देखिनाका साथै नेकोन एयरले कबोल गरेको टेण्डर दरमा बीश प्रतिशत थप व्यय भार वहन गर्नु पर्ने गरी टेण्डर

शर्त बिपरीत निर्णय गरी संस्थानलाई रु. ५,९०,८३८।– थप व्यय भार पर्न गएको पनि देखिनाले सन्चालक समितिका सदस्यहरुले संस्थानको हीत चिताई काम गरेको भन्न सकिएन । आर्थिक वर्ष २०५३।५४ को लेखा परीक्षण प्रतिवेदनमा समेत यी दुवै कलम बेरुजु कायम भइरहेको पनि देखिन आएकोले तत्कालीन सन्चालक समितिका सदस्यहरुमध्ये हाल श्री ५ को सरकारको सेवामा रहेका तीर्थराज शर्मा (महानिर्देशक, राजस्व अनुसन्धान विभाग) जगन्नाथ थपलिया (सहसचिव, कृषि मन्त्रालय) र राजबाबु दवाडी (उपसचिव, आपूर्ति मन्त्रालय)लाई विभागीय कारवाई गर्नु भनी सम्बन्धित मन्त्रालयहरुलाई लेखिएको । हाल श्री ५ को सरकारको सेवामा नरहेका तत्कालीन अध्यक्ष मृगेन्द्र कुमार सिंह यादव र सदस्यहरु पुरुषोत्तम ढकाल, भोगेन्द्र ठाकुर, सीताराम मण्डल, राजेश पाण्डे, विश्वनाथ सिंह राजवंशी, रामनारायण यादव, देवीप्रसाद चौधरी र भीमबहादुर क्षेत्रीलाई सचेत गराउने एवं निजहरुद्वारा जानी जानी भएको लापरवाहीपूर्ण कार्यको अभिलेख राखी यस्तो सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति दिंदा सतर्कता अपनाउने आवश्यक व्यवस्था मिलाउन मन्त्रीपरिषद् सचिवालय तथा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखिएको ।

२.२.२ कृषि तथा सहकारी मन्त्रालय :–

पशु सेवा विभागका महानिर्देशकबाट भ्रष्टाचार र अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :–

क) महानिर्देशक जस्तो जिम्मेवार पदमा रही श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई बिना कुनै संभौता गैरसरकारी संस्थाको सहभागितामा श्री ५ को सरकार समेतको संलग्नता रहने गरी आफू अध्यक्ष रहेको गैर सरकारी संस्था पूर्वाञ्चल पशु सेवा समाज समेतले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता विषयको तालीम समेत संचालन गरेको, आफू अध्यक्ष भएको गैर सरकारी संस्थाको कार्य आफू पदासीन रहेको श्री ५ को सरकारको कार्यालयबाटै संचालन गरेको, श्री ५ को सरकारको पूर्व स्वीकृति बिना निशान छाप, चिन्ह र छाप प्रयोग गरेको, तालीममा सहभागी नै नभएकी जिल्ला खोटाङ्ग खाल्टे गा.वि.स. वडा नं. ७ बस्ने यशोदा के.सी.लाई तालीम प्राप्त गरेको प्रमाण–पत्र प्रदान गर्नुका साथै जम्मा २६ दिन संचालन भएको तालीमलाई एक महिने तालीम भनी प्रमाण–पत्रमा लेखिलेखाई प्रमाण–पत्र वितरण गरेको आधार समेतवाट डा. प्रह्लाद सापकोटाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहायको खण्ड (क) (ग) र (छ) को कसूर गरेको देखिंदा निजलाई त्रिभागीय कारवाही गरी नि. से. ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को २ बमोजिम दुई तलव वृद्धि रोक्का गर्न अख्तियारवालासमक्ष लेखिएको ।

ख) तालीम संचालन गर्ने गराउने जिम्मेवारी प्राप्त क्षेत्रीय पशु तालीम केन्द्र विराटनगरका तत्कालीन तालीम अधिकृत डा. योगेन्द्रप्रसाद यादवले आफू तालीम अधिकृत भएकै बेला अन्तराष्ट्रिय गैर सरकारी संस्था साप नेपालको आर्थिक सहयोगमा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता विषयको तालीम क्षेत्रीय पशु सेवा तालीम केन्द्र र आफू सदस्य रहेको पूर्वाञ्चल पशु सेवा समाज नामक संस्थासंग संयुक्त रुपमा संचालन गरी तालीममा सहभागी नै नभएकी जि. खोटाङ्ग खाल्टे गा.वि.स. वडा .नं. ७ बस्ने यशोदा के.सी. लाई तालीम प्राप्त गरेको भनी प्रमाण–पत्र दिने दिलाउने कार्य गरेको र उक्त प्रमाण–पत्रमा श्री ५ को सरकारको पूर्व स्वीकृति बिना श्री ५ को सरकारको निशान छाप, चिन्ह र छाप प्रयोग गरेको एवम् त्यस्तो तालीमहरु तालीम केन्द्र भवनबाट नै संचालन गर्ने गरेको र छुट्टै कार्यालयको कार्य संचालन समेत आफू कार्यरत तालीम केन्द्रबाटै गर्ने गरेकोमा तालीम अधिकृत नै जिम्मेवार हुनु पर्ने नैतिक दायित्व समेत रहेको देखिंदा प्रस्तुत विषयमा निज डा. योगेन्द्रप्रसाद यादवलाई विभागीय कारवाही गरी निजामति सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को ३ बमोजिम ५ (पांच) वर्षसम्म बढुवा रोक्का गर्न अख्तियारवालासमक्ष लेखिएको ।

ग) यशोदा के.सी.ले नोकरीवाट राजिनामा गरिसकेकीले निजउपर केही गर्न नपर्ने ।

घ) प्रकरण १ र २ को निर्णयको जानकारी निजामति किताबखाना समेतलाई दिइएको ।

२.२.३ जलस्रोत मन्त्रालय :–

सातौ विद्युत आयोजनाले चाइनाबाट मिटरहरु खरीद गरिएकोमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

क) Elymer Electric India को बोलपत्रलाई Non- Responsive बनाइएको सम्बन्धमा एशियाली विकास बैंक समक्ष समेत सम्बन्धित पक्षले उजूरी गरेर यस वारेमा उक्त बैंकले सो निर्णय ठीक ठहऱ्याइसकेको परिप्रेक्षमा यसतर्फ केही बोल्नु परेन ।

ख) China DC Technical Imp-Exp Corpration, China बाट खरीद गरिएको मिटरहरु खिया लागि त्रुटीपूर्ण भएको सम्बन्धमा Tender Documents Section iii को Genaral Conditions of Contracrt को दफा ५.३ र ४.४ तथा Section iv : Special Conditions of Contract को दफा ११.३ र १२.२ मा व्यवस्था गरिए अनुसारका बिभिन्न शर्तहरुको साथै ती मिटरहरुको Site मा Delivery दिंदा Testing हुने भनी शर्तहरु राखिएको तर त्यस्तो Testiing Facilities Site मा नभएको अवस्थामा Site (final Distination in Nepal) मा Testing गर्नु पर्ने गरी Tender Docunent मा शर्तहरु राखी Tender Docunent तयार गर्ने र स्वीकृत गर्ने पदाधिकारीहरुलाई विभागीय कारवाही गरी सोको जानकारी आयोगमा दिन नेपाल बिद्युत प्राधिकरणमा लेखिएको ।

ग) नेपाल विद्युत प्राधिकरणको मिति २०५७।२।१२ र २०५७।९।६ को पत्रमा उल्लेख भए अनुसार प्राधिकरणलाई कुनै थप आर्थिक दायित्व नपर्ने गरी ठीक नभएका मिटरहरु सुधार/बदली जे जो गर्नु पर्ने गरी गराई मिटरहरु अविलम्ब प्रयोगमा ल्याउन र त्यसरी प्रयोगमा ल्याउन योग्य बनाई सकिएको जानकारी आयोगलाई दिन उक्त प्राधिकरणलाई लेखिएको ।

२.२.४ भूमिसुधार तथा व्यवस्था मन्त्रालय :-

२.२.४.१ असन अन्नपूर्ण गुठीको गुठी तैनाथी जग्गा गैरकानूनी रुपमा रैकरमा परिणत गरी व्यक्ति विशेषका नाउंमा दर्ता गरी गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा असन अन्नपूर्ण गुठीका गुठियार मचाभाइ महर्जनलाई प्राप्त मोहीको महलमा मचाभाइ महर्जन र जग्गा धनीमा असन अन्नपूर्ण गुठी भई कैफियतमा धितो वन्धक हक हस्तान्तरण गर्न नपाउने गरी काम चलाएसम्म भोग गर्न पाउने भनी जनिएकोमा सो जग्गा निज मचाभाइले आशालक्ष्मी समेतलाई मालपोत कार्यालयमा लिखत पारित गरी हक छाडी दिएको र यस प्रकारको गुठी तैनाथी जग्गा पारित गरी दिन नहुनेमा लिखत पारित गरी दिएको देखिन आएकोले रोक्का तथा मोठ भिडाउने कर्मचारी र लिखत पारित गरीदिने अधिकृतले आफूलाई तोकिएको जिम्मेवारी वहन नगरेको हुंदा मालपोत कार्यालय, काठमाडौंका तत्कालीन मालपोत अधिकृत हरिश्चन्द्र पोखरेल, खरीदारहरु वीरवहादुर खड्का र कृष्णप्रसाद चालिसेलाई विभागीय सजाय गरी जानकारी आयोगमा दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको । यसका साथै गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम गुठीको जग्गा रैकरमा दर्ता भएको भए ता पनि गुठीको जग्गा भन्ने गुठीको श्रेस्तावाट देखिन आई प्रमाणित हुन आएमा त्यस्तो जग्गा गुठीको जग्गामा दर्ता गरिने प्रावधान बमोजिम असन अन्नपूर्ण गुठीको जग्गालाई व्यक्ति विशेषको नाउंमा भएको दर्ता बदर गरी गुठी तैनाथी कायम गर्न गुठी संस्थानलाई लेखिएको ।

२.२.४.२ भूमिसुधार सचिव योद्धा शाहले ९८१०२२७०२ नं.को मोवाइल टेलिफोन पश्चिम नेपाल टोपोग्राफिकल नक्सा आयोजनाको नाममा गैर कानूनी ढंगले जबरजस्ती जडान गर्न लगाई महसूल समेत सोही कार्यालयवाट तिर्न लगाई अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा भूमिसुधार सचिव योद्धा शाहले पश्चिम नेपाल टोपोग्राफिकल नक्सा आयोजनालाई गैह कानूनी किसिमले अनुचित दवावमा रकम खर्च गराई मोवाइल टेलिफोन आफैले प्रयोग गरी महसूल समेत सोही कार्यालयवाट तिर्न लगाई आयोगमा उजूर परेपछि कारवाईवाट वच्न सो वेरुजू रकम आफ्नोतर्फवाट दाखिला समेत गरेको देखियो । मन्त्रिपरिषद् सचिवालयवाट सरकारी खर्चमा सचिवहरुलाई मोवाइल फोन उपलव्ध गराउने कुनै प्रावधान नै नभएको अवस्थामा आफू अन्तर्गतको आयोजनालाई अनुचित दवावमा मोवाइल टेलिफोन जडान गर्न लगाई अनुचित कार्य गरेकोले निज योद्धा शाहलाई विभागीय कारवाहीको लागि मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको । यस किसिमले कुनै पनि मन्त्रालयका सचिव वा अन्य कुनै पदाधिकारीले मोवाइल फोन सरकारी खर्चमा उपलव्ध गराउने निर्णय नभई आफ्नो निकाय वा अन्तर्गतका निकायवाट खर्च व्यहोर्ने गरी प्रयोग नगर्न नगराउन र प्रयोग गरेका भेटिए बन्द गरी कारवाई गर्न मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

२.२.४.३ धनगढी न.पा.- ३ का वंशीधर शर्माको कि.नं. ७०४ को घर भएको जग्गालाई घर नभएको देखाई राजिनामा पारित गराई कर्मचारी समेतको मिलेमतोमा रजिष्ट्रेशन दस्तुर राजस्व समेत छली भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा घर जग्गा पास हुंदाका अवस्थामा लाग्ने प्रचलित नियमानुसारको दस्तुर र बेजिल्लामा गई राजिनामा पारित गरे वापत लाग्ने थप दस्तुर समेत नियमानुसार असूलउपर गर्न भनी मालपोत कार्यालय, कैलालीलाई लेखी शुरुमा घर भएको जग्गालाई नभएको भनी झूठा फील्ड निरीक्षण प्रतिवेदन दिने नापी कार्यालय, कैलालीका अमीन गंगाप्रसाद मालीलाई विभागीय कारबाई गरी सोको जानकारी यस आयोगलाई दिन नापी विभागलाई लेखिएको ।

२.२.५ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

२.२.५.१ नेपाल खानेपानी संस्थानमा कार्यरत लवकुमार थापाले निजी स्तरबाट कान्तिपुर खानेपानी कम्पनीको स्थापना गरी आचरण बिपरीत कार्य गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा लवकुमार थापा नेपाल खानेपानी तथा ढल निकास संस्थानको आठौं तह (इञ्जिनीयर)मा कार्यरत रहेको समयमा आफूसमेत संस्थापक सदस्य रही २०५२।२।४ मा निजी स्तरमा कान्तिपुर खानेपानी कम्पनीको स्थापना गरेको अनुसन्धानबाट पुष्टि हुन आयो । संस्थानको सेवामा रहेको कर्मचारीले संस्थानलाई प्रतिकूल असर पर्ने गरी कुनै व्यापार व्यवसाय गर्न वा फर्मको हिस्सेदार हुन हुदैन भन्ने कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०४९ को विनियम ५६(३)(१) को व्यवस्था बिपरीत हुने गरी निजी स्तरमा आफूसमेत संलग्न रही कान्तिपुर खानेपानी कम्पनी प्रा.लि. स्थापना गर्ने कार्य निजले गरेको र यसबाट निजले सो संस्थानको कर्मचारीले पालना गर्नु पर्ने कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०४९ को विनियम ६४(३) (ग) को उल्लंघन गरेकोले निजलाई ऐ. विनियमावलीको विनियम ६४(३) बमोजिम निजको वेतनमानको तल्लो स्थानमा ओराल्न सम्बन्धित अख्तियारवालासमक्ष लेखिएको ।

२.२.५.२ कञ्चनपुर जिल्ला महेन्द्रनगर नगरपालिकास्थित महेन्द्र स्मारक पार्कको पूर्वपट्टि आर्थिक वर्ष २०४९।५० मा निर्माण गरिएको फलामका ग्रील प्लेट र एङ्गलहरु लागत इष्टिमेटमा उल्लेख गरिएको भन्दा कम परिमाणका प्रयोग गरी अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :-

क) आर्थिक वर्ष २०४९।५० मा महेन्द्रनगर नगर विकास समितिले महेन्द्र स्मारक पार्कको पूर्वपट्टि जडान गरेको ग्रील बार निर्धारित तौल (परिमाण) भन्दा कम प्रयोग भएको भन्ने विषयमा छानवीन गर्न भनी तत्कालीन प्रमुख जिल्ला अधिकारी सुवर्णलाल श्रेष्ठको आदेशले निर्माण भइसकेको संरचना (ग्रीलको बार) उखेलिएको र त्यहां हाल त्यस्तो ग्रीलको बार नै नरहेको र तौल गर्न भिकिएका ग्रीलका प्लेट र एङ्गलहरु उक्त समितिले आफ्नो स्टोरमा दाखिला गरेको अनुसन्धानबाट पुष्टि हुन आएकोले आवश्यक वजेटको व्यवस्था गरी उक्त स्थानमा पहिलेकै जस्तो ग्रील जडान गर्ने गराउने व्यवस्था मिलाउन सम्बन्धित निकायमा सुझाव पठाइएको ।

ख) उक्त महेन्द्र स्मारक पार्कको पूर्वपट्टि आर्थिक वर्ष २०४९।५० मा जडान गरिएका ग्रीलका प्लेट र एङ्गलहरु कम तौलका प्रयोग भएको भन्ने विषयमा अनुसन्धान गर्ने जिम्मेवारी भएका तत्कालीन प्रमुख जिल्ला अधिकारी सुवर्णलाल श्रेष्ठले उक्त स्थानमा जडान गरिएका ग्रीलको वास्तविक परिमाण पत्ता लगाउन सम्पूर्ण संरचना उखेल्नु नपर्ने राय प्राविधिकबाट व्यक्त भएको अवस्थामा जडान भएका ग्रील बारको वास्तविक तौल पत्ता लगाउने भनी सम्पूर्ण संरचना (ग्रीलको बार) उखेल्ने आदेश दिएवाट एकातिर निर्माण भइसकेको संरचना नै नष्ट हुन गयो भने अर्कोतिर अनुसन्धान गर्ने अन्य प्रविधि विद्यमान हुंदाहुंदै त्यस्तो विकल्पतर्फ ध्यान नै नदिई प्रमुख जिल्ला अधिकारी जस्तो गहन र जवाफदेहीपूर्ण पदमा आसीन व्यक्तिको आदेशवाट श्री ५ को सरकारलाई लाखौंको नोक्सानी हुन गएकोले त्यसरी निर्णय क्षमता नभएका र निर्णय गर्दा विद्यमान विकल्पहरुमध्ये उपयुक्त र व्यवहारिक विकल्पलाई छनौटसम्म गर्न नसक्ने निज सुवर्णलाल श्रेष्ठलाई निजामति सेवा ऐन, २०४९ तथा तत्सम्बन्धी नियमावली, २०५० बमोजिम विभागीय कारवाही गर्न र अव उप्रान्त निजलाई गहन जिम्मेवारी बहन गर्नुपर्ने कार्य नदिन सम्बन्धित अख्तियारवालालाई लेखिएको ।

२.२.६ वन तथा भू-संरक्षण मन्त्रालय :-

जिल्ला वन कार्यालय, बर्दियाका जिल्ला वन अधिकृतले सरकारी वन जंगल क्षेत्रका रुखहरु ठेकेदारसंग मिलेमतो गरी अवैध रुपले कटान गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा तत्कालीन का.मु. जिल्ला वन अधिकृत लालनारायण सिंहलाई निम्न लेखिए बमोजिमको आधार र कारणले विभागीय कारवाई गर्न भनी वन तथा भू संरक्षण मन्त्रालयमा लेखिएको तथा प्रस्तुत विषयको कारवाई प्रारम्भ भएपछि मुनासिव समयभित्र त्यसको टुंगो लगाई सक्नु पर्नेमा सो नगरी बिना कुनै औचित्य जिम्मेवारी पन्छाउने नीयतले फायल आयोगमा पठाएकोमा भविष्यमा यस किसिमको अकर्मण्यता नदोहोऱ्याउनका लागि उक्त मन्त्रालयको ध्यानाकर्षण समेत गराइएको ।

क) जिल्ला वन कार्यालय, बर्दियाको मिति २०५३।१०।७ समेतको पत्रबाट रुख कटानका लागि स्वीकृति माग गरिएका जग्गा कुन श्रोतबाट आएको हो खुलाई पठाउन मालपोत कार्यालयलाई लेखेकोमा मालपोत कार्यालयले श्रेस्ता अनुसार आवादी देखिएको भनी श्रोत नखुलाई गोलमटोल भाषामा पठाएको जवाफलाई नै आधार मानी रुख कटानीको स्वीकृति दिएको,

ख) रुख कटानको स्वीकृतिका लागि परेका निवेदनहरुउपर गरिएका कतिपय कारवाईमा रुख कटानको आदेश गरी सकेपछि कथित नियम पुऱ्याउन मालपोत कार्यालयलाई जग्गाको श्रोत खुलाउन लेखी पठाइएको,

ग) आफ् अधीनस्थ इलाका वन कार्यालयका रेञ्जर समेतका वन कर्मचारीले जिल्ला वन कार्यालयको आदेश बेगर नै रुख कटानको लागि आदेश दिएकोमा निजहरुउपर कुनै कारवाई नगरेकाले निजको पनि मिलेमतो छ भन्ने देखिएको ।

२.२.७ शिक्षा तथा खेलकूद मन्त्रालय :-

२०५२ सालमा शिक्षा मन्त्रालयले अधिराज्यभर खुल्ला विज्ञापन गरी शिक्षकहरु छनौटको लागि २०५३ साल वैशाखमा लिखित परीक्षा लिएकोमा शिक्षा नियमावली, २०४९ मा पांचौ संशोधन गरी सो बमोजिम लिखित परीक्षाको नतीजा प्रकाशन, पुनर्योग गरी गराई करिव चौध हजार पदका लागि करीव ८७००० उम्मेदवार उत्तीर्ण गराई अनियमित भएको परीक्षालाई नियमित गराउने दुष्प्रयास भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

प्राथमिक, निम्न माध्यमिक र माध्यमिक स्तरका शिक्षक नियुक्ति सम्बन्धमा तत्कालीन शिक्षा मन्त्री गोविन्द राज जोशीले आफूलाई प्राप्त अधिकार स्वेच्छाचारी रुपमा प्रयोग गरी शिक्षा नियमावली, २०४९ को पांचौ संशोधनमा केही नियमहरु समावेश गरे गराएको तथा सोलाई कार्यान्वयन समेत गरेको र सो व्यवस्थावाट प्रतियोगितात्मक परीक्षाको लागि लिइने सामान्य सिद्धान्त एवं अवधारणा बिपरीत भई अधिराज्यभरिका रिक्त शिक्षक पदका लागि उत्तीर्णाङ्क प्राप्त गर्ने सबै परीक्षार्थीलाई उत्तीर्ण गरिएको (रिक्त पदको बढीमा २०% सम्मका उम्मेदवारको नाम प्रकाशित गर्नु पर्नेमा) तथा प्रतियोगितात्मक परीक्षामा पुनर्योग गर्ने जस्तो अमिल्दो कृयाकलापवाट शैक्षिक क्षेत्रमा अन्यौल सिर्जना भएको एवं सरकारका काम कारवाहीहरुउपर अनास्था पैदा हुन गएकोले तत्सम्बन्धमा निजउपर आवश्यक कारवाहीका लागि सम्माननीय प्रधानमन्त्रीसमक्ष लेखिएको ।

विवादित काम कारवाही प्रचलित संविधान ऐन, नियम र औचित्यसम्मत नभएकोले निम्न अनुसारको सुझाव मन्त्रिपरिषद् सचिवालय र शिक्षा तथा खेलकूद मन्त्रालयलाई दिइएको :-

क) नेपाल अधिराज्यभित्र का प्राथमिक, निम्न माध्यमिक र माध्यमिक स्तरका शिक्षकहरुको तलव तथा निवृत्तिभरण श्री ५ को सरकारवाट नै वेहोर्ने गरिएको साथै शिक्षकहरुको सेवा निजामती पद होइन भनी ऐनमा उल्लेख नभएको संवैधानिक व्यवस्थाको सन्दर्भमा त्यस्ता शिक्षकहरुको नियुक्तिको विषयलाई लोक सेवा आयोगको काम कर्तव्य तथा अधिकार क्षेत्रभित्र पर्छ भनी भन्न नमिल्ने देखिदैन । संविधानले निष्पक्षता र स्वतन्त्रतालाई नै ध्यानमा राखी संवैधानिक निकायको रुपमा स्थापित गरेको लोक सेवा आयोगको परामर्श र त्यहांवाट प्रतिपादित सिद्धान्त बमोजिम शिक्षकहरुको नियुक्ति गर्दा निष्पक्ष, पारदर्शी र सक्षम हुने देखिन्छ । शिक्षा नियमावलीमा गरिएको पांचौ संशोधन लगायत उक्त नियमावली र सोको संशोधनहरुमा लोक सेवा आयोगको परामर्श नलिने गरिएकोमा अव आइन्दा यस्तो विषयमा लोक सेवा आयोगको परामर्श लिनु उपयुक्त देखिन्छ ।

ख) प्रतियोगितात्मक लिखित परीक्षाको साधारण सैद्धान्तिक अवधारणा समेतलाई ख्याल नगरी शैक्षिक संस्थाहरुले शैक्षिक उपाधिका लागि लिने लिखित परीक्षा जस्तो गरी न्यूनतम उत्तीर्णाङ्क प्राप्त गर्ने सबै प्रतियोगीहरुलाई उत्तीर्ण गराइएको तथा पुनर्योग गर्ने व्यवस्था गरी सो व्यवस्थाबाट समेत उत्तीर्ण गराइएवाट उत्पन्न भएको शिक्षक नियुक्तिको लामो अन्यौलवाट श्री ५ को सरकारले अनुभव प्राप्त गरी अव आइन्दा लोक सेवा आयोगवाट अपनाइएका सामान्य सिद्धान्तहरुलाई नै अपनाउने ।

ग) संचालित परीक्षा शिक्षा (पांचौ संशोधन) नियमावली, २०५३ पूर्वको नियम अन्तर्गत विज्ञापन भई उम्मेदवारको दरखास्त फाराम लिई लिखित परीक्षा समेत भई सकेको अवस्थामा सोको नतीजा प्रकाशन सोही नियमावली अनुसार हुनु पर्ने भएकोले देहाय बमोजिम गर्न शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखिएको :-

- साविक नियममा व्यवस्था नभएको पुनर्योगको व्यवस्था गरी सफल वनाइएका उम्मेदवारहरुको नाम उत्तीर्ण उम्मेदवारहरुको सूचीवाट हटाउने,
- लिखित परीक्षावाट अन्तर्वार्ता र आवश्यकता अनुसार लिइने प्रयोगात्मक परीक्षाको निमित्त उम्मेदवार छनौट गर्दा तोकिए बमोजिमको संख्यामा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशित गरी ती उम्मेदवारहरुको मात्र हालै सम्पन्न अन्तर्वार्ताको अंक जोडी नतीजा (शिक्षा नियमावली, २०४९ को चौथो संशोधन सम्मको - अर्थात् पांचौ संशोधन पूर्वको नियम अनुसार) प्रकाशन गर्ने ।

घ) पुनर्योगका लागि उम्मेदवारवाट निवेदनसहीत लिएको दस्तुर सम्बन्धित उम्मेदवारलाई फिर्ता दिने ।

ङ) माथि खण्ड (ग) मा उल्लिखित कार्य गर्दा लोक सेवा आयोगसंग परामर्श गरी त्यहांको (लोक सेवा आयोगको) प्रतिनिधि संलग्न गराउने ।

२.२.८ श्रम तथा यातायात व्यवस्था मन्त्रालय :-

नेपाल यातायात संस्थानका तत्कालीन महाप्रवन्धकले छोराछोरीलाई विदेशमा ट्रंककल गरेको रकम संस्थानवाट भुक्तानी गराएको भन्ने सम्बन्धमा छानवीन हुंदा यातायात संस्थानका तत्कालीन महाप्रवन्धक प्रकाशकुमार पौडेलले फिलिपिन्स र वंगलादेशमा आफ्ना छोराछोरी अध्ययनरत रहेको अवस्थामा संस्थानबाट आफूलाई प्राप्त सुविधाको टेलिफोनवाट निजहरुलाई ट्रंककल गरी सोको भुक्तानी संस्थानवाट गराएको देखिएकोले सुविधाको दुरुपयोग गरी

निजी प्रयोजनमा ट्रंककल गरेको रकम रु. ९४,५६०।- र सोको नियमानुसारको व्याज निज प्रकाशकुमार पौडेलवाट असूल गर्नु र प्रयोग भएको टेलिफोनबाट गरिएको ट्रंककल संस्थानको काममा प्रयोग गरेको भन्ने कुनै आधार प्रमाण नलिई, प्रयोग गर्ने अधिकारीबाट प्रमाणित नगराई कारोवार नै नभएको मुलुकमा गरेको ट्रंककलको रकम भुक्तानीको सिफारीश गरी संस्थानबाटै भुक्तानी दिने तत्कालीन लेखा प्रमुख उपेन्द्रराज उप्रेतीलाई विभागीय कारवाही गर्न भनी नेपाल यातायात संस्थानलाई लेखिएको । उल्लिखित रकम तिरे वुझाएको प्रमाणित आधार सहितको जानकारी नेपाल यातायात संस्थानबाट प्राप्त भएपछि निजले यस आयोगमा राखेको धरौटी रकम फिर्ता दिने तथा श्री ५ को सरकारका विभिन्न सेवा एवं संस्थानका पदाधिकारीहरुवाट यसरी टेलीफोन सुविधाको दुरुपयोग हुने अवस्थालाई दृष्टिगत गरी अविलम्ब यस्तो दुरुपयोग रोक्न आवश्यक व्यवस्था गरी आयोगलाई जानकारी दिन भनी श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयलाई समेत लेखिएको ।

२.२.९ स्थानीय विकास मन्त्रालय :-

स्थानीय विकास मन्त्रालय अन्तर्गतको गुम्वा व्यवस्था तथा विकास समितिका सदस्य सचिव विद्यासागर योञ्जनले समितिको वजेट एकलौटी तरीकाबाट खर्च गरी व्यापक अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा गुम्वा व्यवस्था तथा विकास समितिका सदस्य सचिव विद्यासागर योञ्जनसहित केही सदस्यहरु समेतको आपसी मिलेमतोमा श्री ५ को सरकारवाट गुम्वाहरुको मर्मत सम्भारको लागि उपलब्ध गराइएको वजेट रु ३७,००,०००।-बिभिन्न गुम्वाहरुको नाममा बांडफांड गर्ने विषयमा समितिवाट सदस्य सचिवलाई अधिकार दिएको देखाउन आफूखुशी निर्णय पुस्तिकामा "गुम्वाको मर्मत सुधार सम्बन्धी गुम्वाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउंदा अध्यक्षज्यूको परामर्शमा सदस्य सचिवज्यूले बांडफांड गर्नको लागि सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो" भन्ने व्यहोराको कथित निर्णय लेखिएको अनुसन्धानबाट पुष्टि हुन आएको साथै सोही बैठकवाट ८ कर्मचारीको दरवन्दी थप गरिएको, सदस्य सचिवको लागि टेलिफोन र प्रशासन भत्ता वापत मासिक रुपमा क्रमशः रु ५००।- रु ३००।- समितिवाट दिने समेतका निर्णयहरु भएको र ती निर्णयहरु समेत निज सदस्य सचिव र केही सदस्यहरुको मिलेमतोमा मात्र भएको तथ्यको साथै देहायका कुराहरु समेत अनुसन्धानबाट पुष्टि हुन आयो :

(क) आयोगबाट भएको अनुसन्धानबाट समितिको २८ औं वैठकमा बौद्ध दर्शन सम्बन्धी एउटा अध्ययन संस्था स्थापना गर्ने विषयमा मात्र छलफल भएकोमा सदस्य सचिव र केही सदस्यहरुको मिलेमतोमा अन्य निर्णयहरु थप गरेको ।

(ख) समितिको २८ औं वैठकवाट पारित निर्णयहरु लेखिएको निर्णय पुस्तिकाको पाना नं. ३३ को निर्धारित हरफ भन्दा तल समेत निर्णयका केही अंश लेखिएको र सो पानाको वन्दमा कुनै पनि पदाधिकारीहरुले हस्ताक्षर गरेको नदेखिएको । निर्णय पुस्तिका अध्ययन गर्दा नं. ३ देखि ८ सम्मका निर्णयहरु आफूखुसी थपिएको ।

(ग) हचुवाको भरमा वैठकमा छलफल गरिने विषयहरु प्रस्तुत गर्ने गरेको । वैठकमा छलफल गरिने विषय र वैठकबाट पारित निर्णयहरुको सम्बन्धमा सदस्यहरुलाई जानकारी दिने व्यवस्था अवलम्वन नगरिएको ।

(घ) मर्मत संभार गर्नु पर्ने गुम्वाहरुको सूची पुरातत्व विभागको सहयोगमा तयार गरी प्राविधिक रुपमा लागत निर्धारण गरेर मात्र मर्मत संभारको रकम बांडफांड गर्नु पर्नेमा सदस्य सचिवले आफू खुसी बांडफांड गर्ने निर्णय गरेको ।

(ङ) गुम्वाहरुको मर्मत संभारको लागि प्राप्त रकम जिल्ला विकास समिति मार्फत् पठाउने विषयमा पनि समितिबाट निर्णय नगराई सदस्य सचिवको एकलौटी निर्णयबाट जिल्ला विकास समितिमार्फत् रकम पठाइएको ।

यसरी निज सदस्य सचिवले समितिको वैठकले अधिकार नदिएको विषयमा आफूखुशी निर्णय थप गरी गुम्वाहरुको मर्मत-सम्भारको लागि रकम बांडफांड गर्ने कार्य गरेको तथ्य गुम्वा व्यवस्था तथा विकास समितिको निर्णय पुस्तिका र मिति २०५६।११।५ को पत्रबाट स्पष्ट हुन आउंछ । साथै श्री ५ को सरकारलाई थप व्ययभार हुने गरी ८ कर्मचारीको दरवन्दी थप गरिएको भन्ने र सदस्य सचिवलाई थप सुविधा प्रदान गरिएको भन्ने निर्णय पनि निजबाट मात्र हुन गएको देखिन्छ । गुम्वाहरुको मर्मतको लागि बांडफांड गरेको रकम खर्च गरिएको सम्बन्धमा सम्बन्धित गुम्वाहरु रहेको जिल्ला विकास समिति मार्फत् Chanalize गरेको कारण निज सदस्य सचिवले सो कलममा भ्रष्टाचार गरेको वस्तुनिष्ठ र तथ्यगत प्रमाणहरु पेश गर्न सकिने अवस्था छैन । यसरी गलत प्रकृया अवलम्वन गरी यति ठूलो रकम आफूखुशी बांडफांड गर्न कपटपूर्ण तरिकाले अधिकार प्राप्त गर्ने कार्य स्पष्ट रुपमा दुराचारको विषय भए पनि रकम दुरुपयोग गरी आफू वा अरु कसैलाई लाभ र संस्थालाई हानी गरेको प्रमाणित नभएसम्म भ्रष्टाचार मान्न सकिने अवस्था रहन्न ।

गुम्वा व्यवस्था समितिको २८ औं वैठकबाट सदस्य सचिवले गुम्वाहरुको मर्मत- सम्भारको लागि रकम बांडफांड गर्ने, कर्मचारीको दरवन्दी थप गर्ने र समितिले सदस्य सचिवलाई प्रशासनिक र टेलिफोन वापतको रकम प्रदान गर्ने विषयमा निर्णय नभएको अवस्थामा ती विषयहरुमा निर्णय भएको भन्ने देखाउन निर्णय पुस्तिकामा आफूखुसी उक्त

निर्णयहरु लेखी गुम्वाहरुको मर्मत-सम्भारको लागि रकम बांडफांड गर्ने लगायतका कार्यहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (क) बिपरीत भएको देखिंदा यस किसिमको अनुचित कार्य गर्ने सदस्य सचिवलाई यस्तो महत्वपूर्ण पदमा कायम राखी राख्न उपयुक्त नदेखिंदा निज विद्यासागर योञ्जनलाई गुम्वा व्यवस्था तथा विकास समितिको सदस्य सचिवबाट तत्काल अवकाश दिन श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

गुम्वा व्यवस्था तथा विकास समितिलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि देहायका सुझावहरु श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालयलाई पठाइएको:

(१) उक्त समितिले अनावश्यक रुपमा कर्मचारीको दरवन्दी थप गरी कर्मचारीहरु नियुक्त गर्ने परिपाटी अवलम्वन गरेवाट एकातिर श्री ५ को सरकारलाई थप आर्थिक व्यय भार पर्न गएको छ भने अर्कोतिर अस्थायी कर्मचारीबाट समितिले आफ्नो कार्य सम्पादन गराउनु पर्ने अवस्था रहेको छ । अस्थायी कर्मचारीले आफूलाई सधै असुरक्षित महसूस गर्ने हुंदा समितिको काम कारवाई प्रभावकारी रुपमा संचालन गर्न कठिनाई भएको देखिन आएको छ । अतः कर्मचारीको सम्वन्धमा संभव भएसम्म श्री ५ को सरकारले नै स्थायी कर्मचारी उपलव्ध गराई दिने व्यवस्था अवलम्वन गर्ने, यदि श्री ५ को सरकारबाट स्थायी कर्मचारी उपलव्ध गराउन कठिनाई रहेमा समितिको लागि कर्मचारी नियुक्त गर्ने लगायतका कार्य नियमित गर्न समितिको कर्मचारी सम्बन्धी विनियम लागू गरी त्यसको आधारमा नियुक्त गर्ने परिपाटी अवलम्वन गर्ने,

(२) गुम्वा व्यवस्था तथा विकास समितिमा नियुक्ति भएका सदस्य र सदस्य सचिव राजनीतिक आधारमा नियुक्त हुने प्रचलनबाट समितिको कार्यमा यस किसिमको अनियमितता हुने हुंदा त्यस्ता व्यक्तिहरुको सट्टा वौद्धधर्म सम्वन्धी ज्ञान हासिल गरेका व्यक्तिहरुलाई मात्र नियुक्त गर्ने परिपाटी अवलम्वन गर्ने,

(३) गुम्वाहरुको मर्मत गर्दा त्यसको मौलिक स्वरुप लाई कायम नै राखी मर्मत गर्नेगराउने कार्यमा पुरातत्व विभागको प्राविधिक सहयोग र परामर्श लिने गर्ने,

(४) गुम्वाहरुको मर्मत संभारको लागि समितिवाट रकम बांडफांड गर्दा प्राविधिक रुपमा लगत इष्टिमेट तयार गरी त्यसको आधारमा मात्र बांडफांड गर्ने परिपाटि अवलम्वन गर्ने ।

भाग ३. भ्रष्टाचार सम्बन्धी कारबाईको विवरण

३.१ पुनरावेदन अदालतसमक्ष मुद्दा दायर गरिएको :

३.१.१ आयोगबाटै मुद्दा दायर भएको :

३.१.१.१ अर्थ मन्त्रालय :-

(१) प्रतीतपत्र बमोजिम सामान आयात नगरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा कोइली इम्पोरियमका प्रो. बलराम सापकोटा र जमानीको हैसियत देखाएता पनि उल्लिखित फर्मको कारोवारमा प्रत्यक्ष रुपमा संलग्न आनन्दकुमार अग्रवाल तथा राष्ट्रिय बाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, बरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र लेखा अधिकृत रामप्रसाद राई समेतको परस्पर मिलेमतो, सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको कोइली इम्पोरियम नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट मिति २०।६।१९९५, २१।६।१९९५, २५।७।१९९५ र २६।६।१९९५ मा वि.एन.आर.टी. ३०।८३, ३०।८६, ३१।२४ र ३०।९२ का प्रतीतपत्रहरु खोली हङ्गकङ्ग, सिंगापुर र यु.ए.इ.बाट सिविड पाउडर, कम्प्युटर पार्ट्स, फोटोकपी मेशिन र बेरिङ्ग झिकाउन भनी उल्लिखित प्रतीतपत्रहरुबाट ५,५८,१११.६१ अमेरिकी डलर भुक्तानी लिई सामानहरु आयात नगर्नुका साथै अग्राह्य हुने कागजात स्वीकार गर्नुका अतिरिक्त दस्तखत नभएका कागजातहरुलाई पनि मान्यता दिई विदेशी मुद्रा हिनामिना गरिएको र विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निजहरु बलराम सापकोटा, आनन्दकुमार अग्रवाल, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईले भ्रष्टाचारको कसूर गरेको देखिंदा प्रतिवादी बलराम सापकोटा तथा आनन्दकुमार अग्रवालउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम र श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग तथा रामप्रसाद राईउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन माग दावी लिई बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुंदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको बिगो रकम प्रतिवादी बलराम सापकोटा र आनन्दकुमार अग्रवालबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादी बलराम सापकोटा र आनन्दकुमार अग्रवालबाट असूलउपर हुन नसकेमा बैंकका कर्मचारीहरु प्रतिवादी श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग तथा रामप्रसाद राईबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(२) प्रतीतपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा पवित्रा इम्पेक्सका प्रो. रामबहादुर श्रेष्ठ र जमानीको हैसियत देखाएता पनि उल्लिखित फर्मको कारोवारमा प्रत्यक्ष रुपमा संलग्न ब्राइटर इण्डष्ट्रिजका संचालक आनन्दकुमार अग्रवाल तथा राष्ट्रिय बाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र लेखा अधिकृत रामप्रसाद राई समेतको परस्पर मिलेमतो, सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको पवित्रा इम्पेक्स नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखाबाट मिति २६।६।१९९५, २६।७।१९९५ र २७।७।१९९५ मा वि.एन.आर.टी. ३०।९१, ३१।२७ र ३१।२८ का प्रतीतपत्रहरु खोली हङ्गकङ्गबाट कथित फोटोकपी मेशिन, कम्प्युटर पार्टस र क्यानेसिन नेभि एस.वि.एल. झिकाउन भनी उल्लिखित प्रतीतपत्रहरुबाट १०,७१,६८० अमेरिकी डलर भुक्तानी लिई सामानहरु आयात नगर्नुका साथै विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार अधिकृतको दस्तखत तथा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निजहरु रामबहादुर श्रेष्ठ, आनन्दकुमार अग्रवाल, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईले भ्रष्टाचारको कसूर गरेको देखिंदा प्रतिवादी रामबहादुर श्रेष्ठ तथा आनन्दकुमार अग्रवालउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम र श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग तथा रामप्रसाद राईउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन तथा बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुंदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको बिगो रकम प्रतिवादी रामबहादुर श्रेष्ठ र आनन्दकुमार अग्रवालबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादी रामबहादुर श्रेष्ठ र आनन्दकुमार अग्रवालबाट असूलउपर हुन नसकेमा बैंकका

कर्मचारीहरु प्रतिवादी श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग तथा रामप्रसाद राईबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरिएको ।

(३) नेपाल राष्ट्र बैङ्कको बोधार्थ पत्रको आधारमा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको भन्ने विषयमा अनुसन्धान हुंदा देउराली धागो कताई उद्योगका प्रोपराइटर रामकुमार बिष्ट, नारायणी ऊनी धागो कताई उद्योगका प्रोप्राइटर नारायण ढुंगाना, अरुण धागो कताई उद्योगका प्रोप्राइटर भक्ति कार्की क्षेत्री, जमानीको हैसियत देखाए तापनि उल्लिखित फर्महरुको कारोवारमा प्रत्यक्ष रुपमा आफू समेत संलग्न आनन्दकुमार अग्रवाल तथा राष्ट्रिय वाणिज्य बैङ्क बानेश्वर शाखाका तत्कालीन प्रवन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग, समेतको परस्पर मिलेमतो सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएका उल्लिखित फर्महरुका नाममा न्यूजिल्याण्डबाट सामान आयात गर्न भनी ३१।६७८, ३१।६७९, ३१।६८४, ३१।६८५, ३१।७४१ र ३१।७४२ नं का प्रतीतपत्रहरु खोली अग्राह्य कागजात स्वीकार गरी, असम्बन्धित बैङ्क र पार्टीलाई सामान नल्याई बिदेशी मुद्रा भुक्तानी र दोहोरो भुक्तानी दिनु दिलाउनुका अतिरिक्त अस्वभाविक अवस्था र परिस्थितिमा जमानी वसेको र प्रोप्राइटरको दायित्व समेत अस्वभाविक रुपमा कथित जमानीले लिन मञ्जुर गरेको समेतका आधार प्रमाणवाट निजहरुले जम्मा १३,०२,२७४।४८ अमेरिकी डलर भ्रष्टाचार गरेको देखिंदा निजहरुमध्ये आनन्दकुमार अग्रवाल, भक्ति कार्की क्षेत्री, नारायण ढुंगाना तथा रामकुमार विष्टलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम तथा श्रीकृष्ण श्रेष्ठ र महेन्द्रभक्त प्रधानाङ्गलाई सोही ऐनको दफा ७(२) र २९ बमोजिम सजायं हुन मागदावी लिई प्रत्येक फर्मका हकमा निम्नानुसार छुट्टा छुट्टै तीन थान अभियोगपत्र दायर गरिएको :

सम्बन्धित कम्पनी	शुरु रकम, अमेरिकी डलर	पछि जम्मा भएको रकम, अमेरिकी डलर	बांकी बिगो रकम, अमेरिकी डलर
देउराली धागो कताइ उद्योग	५,२४,७२८।४०	५,२४,३७६।४०	३५२।-
अरुण धागो कताइ उद्योग	२,५८,३१६।१४	२०,३६७।७४	२,३७,९४८।४०
नारायणी ऊनी धागो कताई उद्योग	५,१९,२२९।६८	४,०९,२१०।०८	१,१०,०१९।६०

यसमा बिगोको हकमा १३,०२,२७४।४८ मध्ये पटक पटक गरी हालसम्म फिर्ता हुन बांकी रहेको ३,४८,३२०.०० अमेरिकी डलरलाई बिगो कायम गरी जरिवानाको हकमा लामो समयसम्म विदेशी मुद्रा औचित्यहीन एवं गैरकानूनी अवस्थामा प्रतिवादीहरुले प्रयोग गरेको आधारमा फिर्ता हुन आएको रकम समेतलाई जोडी जरिवाना हुन तथा प्रतिबादीहरु आनन्दकुमार अग्रवाल, भक्ति कार्की क्षेत्री, रामकुमार विष्ट र नारायण ढुंगानावाट बिगो असूल हुंदाका मितिमा कायम हुन आउने विनिमय दर अनुसार बिगो रकम भराउन र निजहरुवाट असूलउपर हुन नसके श्रीकृष्ण श्रेष्ठ र महेन्द्रभक्त प्रधानाङ्गबाट बिगो असूलउपर गरी राष्ट्रिय वाणिज्य बैङ्क, बानेश्वर शाखालाई दिलाई भराई पाउन मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(४) सागरबहादुर शाह प्रोप्राइटर रहेको सागर ट्रेडलिंक नामको फर्म सागरबहादुर र प्रकाश टिवडेवालाबीच को परस्पर सहमति र सहभागितामा खोली व्यापारिक प्रतिष्ठा हासिल नै नगरेको उक्त नयां फर्मले हङकङवाट Oxytetracycline नामक औषधी आयात गर्ने भनी मिति २०५३।१२।१५, २०५४।१।२ र २०५४।१।२५ मा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखामा खोलिएका ३ वटा प्रतीतपत्र मार्फत जम्मा ५,९१,८०० अमेरिकी डलर विदेशी मुद्रा भुक्तानी प्राप्त गरी प्रतीतपत्रको शर्त बमोजिम औषधी आयात नगरी विदेशी मुद्रा अपचलन गरी भ्रष्टाचार गरेको र यसरी नै राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन प्रवन्धक दिलिप श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र वरीष्ठ सहायक धिरणबहादुर श्रेष्ठले प्रचलित कानूनी व्यवस्था र बैकिङ पद्धति बिपरीत ऋण सीमा स्वीकृत हुनु अगावै सागर ट्रेडलिंकको नाममा आयात प्रतीतपत्र खोल्नका अतिरिक्त ऋणको सीमा स्वीकृत नहुंदै असामान्य किसिमवाट जेथा पारित गरी लिई विदेशी मुद्रा भुक्तानी पठाएको, अनिवार्य रुपमा पालन गर्नु पर्ने नेपाल राष्ट्र बैंकको निर्देशन बिपरीत यथा समयमा वि.वि.नि.फाराम नं. ४ जारी नगरेको समेतका अवस्था प्रष्ट रुपमा देखिन आई निजहरुको निर्णय, सिफारीश र अनिवार्य रुपमा पालना गर्नुपर्ने निर्देशन पालना नगरेको समेतका काम कारवाहीले विदेशी मुद्रा अपचलन गराई भ्रष्टाचार गर्ने बदनीयतपूर्ण कार्य गरेगराएको देखिंदा प्रतिवादीहरुमध्ये दिलिप श्रेष्ठको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र २९ बमोजिम, महेन्द्रभक्त प्रधानाङ्ग र धिरणबहादुर श्रेष्ठका हकमा सोही ऐनको दफा १६ (क) बमोजिम सागरबहादुर शाह र प्रकाशकुमार टिवडेवालाको हकमा सोही ऐनको दफा ८,१३ र २९ बमोजिम सजाय हुन तथा भ्रष्टाचार गरी अपचलन भएको अमेरिकी डलर ५,९१,८०० को बिगो सो भरिभराउ हुंदाका वखत कायम हुन आउने प्रचलित विनिमय दर अनुसार प्रतिवादीहरु सागरबहादुर साह र प्रकाश टिवडेवालावाट असूलउपर गराई दिन र निजहरुवाट असूलउपर हुन नसके उल्लिखित बिगो प्रतिवादीहरु दिलिप श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र धिरणबहादुर

श्रेष्ठबाट असूलउपर गराई राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखालाई दिलाई भराई पाउन मागदावी लिई पुनरावेदन अदालत, पाटनसमक्ष मुद्दा दायर गरिएको ।

(५) प्रतीतपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा जिम्लाटार कन्सर्नका प्रो. चिरञ्जिवी अधिकारी र जमानीको हैसियत देखाएता पनि उल्लिखित फर्मको कारोवारमा प्रत्यक्ष रुपमा संलग्न ब्राइटर इण्डष्ट्रिजका संचालक आनन्दकुमार अग्रवाल तथा राष्ट्रिय बाणिज्य बैंक बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र सहलेखा अधिकृत रामप्रसाद राई समेतको परस्पर मिलेमतो, सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको जिम्लाटार कन्सर्न नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट मिति १३।७।९५, १७।७।९५, १९।७।९५, २४।७।९५ र ३१।७।९५ मा वि.एन.आर.टी. ३०।१०५, ३१।०३, ३१।०६, ३१।२३, ३१।२६ र ३१।३३ को प्रतितपत्रहरु खोली हङ्कङ्गबाट कथित सिविड पाउडर र कम्प्युटर पार्टस आयात गरी ल्याउन उल्लिखित प्रतीतपत्रहरुबाट १४,२८,१८०/- अमेरिकी डलर भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार अधिकृतको दस्तखत तथा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निजहरु चिरञ्जिवी अधिकारी, आनन्दकुमार अग्रवाल, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईले भ्रष्टाचारको कसूर गरेको देखिंदा प्रतिवादीहरु चिरञ्जिवी अधिकारी र आनन्दकुमार अग्रवालउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम तथा श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन र बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुंदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसार बिगो रकम प्रतिवादीहरु चिरञ्जिवी अधिकारी र आनन्दकुमार अग्रवालबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादीहरु चिरञ्जिवी अधिकारी र आनन्दकुमार अग्रवालबाट असूलउपर हुन नसकेमा बैंकका कर्मचारीहरु प्रतिवादी श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(६) प्रतीतपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा आर.पित ट्रेड कन्सर्नका प्रो.पित्तबहादुर कार्की तथा राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र सहलेखा अधिकृत रामप्रसाद राई समेतको परस्पर मिलेमतो, सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको आर. पित ट्रेड कन्सर्न नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट मिति २०५२।३।१३ मा वि.एन,आर.टी. ३०।९३ को प्रतीतपत्र खोली सिंगापुरबाट कथित माइक्रो मोटर्स आयात गरी ल्याउन उल्लिखित प्रतीतपत्रबाट २,८९,३००/- अमेरिकी डलर भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार अधिकृतको दस्तखत तथा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निज प्रतिवादीहरु पित्तबहादुर कार्की, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईले भ्रष्टाचारको कसूर गरेको देखिंदा प्रतिवादी पित्तबहादुर कार्कीउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम तथा श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन र बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुंदै गइरहेको र अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको बिगो रकम प्रतिवादी पित्तबहादुर कार्कीबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादी पित्तबहादुर कार्कीबाट असूलउपर हुन नसकेमा बैंकका कर्मचारीहरु प्रतिवादी श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(७) प्रतीतपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा आर. एस. इन्टरनेशनलका प्रो. रघुनाथ सिटौला तथा राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र सहलेखा अधिकृत रामप्रसाद राई समेतको परस्पर मिलेमतो, सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको आर. एस. इन्टरनेशनल नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट मिति २१।७।१९९५ मा वि.एन.आर.टी. ३१।१३ को प्रतीतपत्र खोली सिंगापुरबाट कथित र सिल्क यार्न (Raw Silk Yarn) आयात गरी ल्याउन उल्लिखित प्रतीतपत्रबाट ४९,०००/- अमेरिकी डलर भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै अग्राह्य हुने

कागजात स्वीकार गर्नुका अतिरिक्त दस्तखत नभएका कागजातलाई पनि मान्यता दिनु तथा प्रतीतपत्र खोल्नु पूर्व चल्ती खाता खोल्दा कसैबाट परिचय नगराई खोलिनु आदि कार्य गरी विदेशी मुद्रा हिनामिना गरिएको तथा विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार अधिकृतको दस्तखत तथा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निज प्रतिवादीहरु रघुनाथ सिटौला, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईले भ्रष्टाचारको कसूर गरेको देखिंदा प्रतिवादी रघुनाथ सिटौलाउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम तथा श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन र बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुँदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको बिगो रकम प्रतिवादी रघुनाथ सिटौलाबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादी रघुनाथ सिटौलाबाट असूलउपर हुन नसकेमा बैंकका कर्मचारीहरु प्रतिवादी श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(८) प्रतीतपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा कुशदीप इन्टर ट्रेड कन्सर्नका प्रो. कुशराज खत्रीले राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र सहलेखा अधिकृत रामप्रसाद राई समेतको परस्पर मिलेमतो सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको कुशदीप इन्टर ट्रेड कन्सर्न नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट मिति २८।६।१९९५ मा वि.एन.आर.टी. ३०।९४ को प्रतीतपत्र खोली सिंगापुरबाट कथित कम्प्युटर पार्टस एण्ड एसेसरीज आयत गरी ल्याउन उल्लिखित प्रतीतपत्रबाट ३,२७,६००/- अमेरिकी डलर भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार अधिकृतको दस्तखत तथा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निजहरु कुशराज खत्री, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईले भ्रष्टाचारको कसूर गरेकोदेखिादा प्रतिवादी कुशराज खत्रीउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम तथा श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन र बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुँदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको बिगो रकम प्रतिवादी कुशराज खत्रीबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादी कुशराज खत्रीबाट असूलउपर हुन नसकेमा बैंकका कर्मचारीहरु प्रतिवादी श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र रामप्रसाद राईबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(९) प्रतीतपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा न्यू थापा इन्टरप्राइजेजका प्रो. विदुर थापा तथा जमानीको हैसियत देखाएता पनि उल्लिखित फर्मको कारोवारमा प्रत्यक्ष रुपमा संलग्न न्यू लामा ट्रेडर्सका प्रो. बीरबहादुर लामा तथा राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग र एकाउण्टेण्ट मदनकुमार सिवाकोटी समेतको परस्पर मिलेमतो, सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको न्यू थापा इन्टरप्राईजेज नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट मिति १६।५।१९९५ मा वि.एन.आर.टी. ३०।३१ को प्रतीतपत्र खोली सिन्सियर्स इम्पेक्स हङ्कङ्गबाट कथित कम्प्युटर पार्टस आयात गरी ल्याउन उल्लिखित प्रतीतपत्रबाट ९४,४०० अमेरिकी डलर भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै बैंकलाई अग्राह्य हुने कागजातलाई मान्यता दिएको र विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार अधिकृतको दस्तखत तथा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निजहरु विदुर थापा, बीरबहादुर लामा, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र मदनकुमार सिवाकोटीले भ्रष्टाचारको कसूर गरेको देखिंदा प्रतिवादी विदुर थापा तथा निजलाई जमानत दिने बीरबहादुर लामाउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम तथा श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग र मदनकुमार सिवाकोटीउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन र बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुँदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको बिगो रकम प्रतिवादीहरु विदुर थापा र वीरबहादुर लामाबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादीहरु विदुर थापा र वीरबहादुर लामाबाट असूलउपर हुन नसकेमा बैंकका कर्मचारीहरु प्रतिवादी श्रीकृष्ण श्रेष्ठ,

महेन्द्रभक्त प्रधानाङ्ग र मदनकुमार सिवाकोटीबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(१०) प्रतीतपत्र बमोजिम सामान आयात नगरी विदेशी मुद्रा हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा न्यू नोर्भिक इन्टरनेशनलका प्रो. गंगाबहादुर तामाङ्ग तथा राष्ट्रिय बाणिज्य बैंक, बानेश्वर शाखाका तत्कालीन प्रबन्धक श्रीकृष्ण श्रेष्ठ, वरीष्ठ सहायक महेन्द्रभक्त प्रधानाङ्ग, एकाउण्टेण्ट मदनकुमार सिवाकोटी र सह लेखा अधिकृत रामप्रसाद राई समेतको परस्पर मिलेमतो, सरसल्लाह, सहयोग र संलग्नतामा स्थापना र संचालन नै नभएको न्यू नोर्भिक इन्टरनेशनल नामक फर्म दर्ता गराई व्यापारिक कारोवार नै नभएको उक्त फर्मका नाममा राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाबाट मिति ३०।४।१९९५ र २१।६।१९९५ मा वि.एन.आर.टी. ३०।१५ र ३०।८७ का प्रतीतपत्रहरु खोली सिंगापुर तथा हङ्कङ्गबाट कथित अक्सिटेट्रासाइक्लिन आयत गरी ल्याउन उल्लिखित प्रतीतपत्रहरुबाट ६,२७,००० अमेरिकी डलर भुक्तानी लिई दिई सामान आयात नगर्नुका साथै अग्राह्य हुने कागजातलाई मान्यता दिएको र विदेशी विनिमय नियमित गर्ने फाराम नं. ४ मा भंसार अधिकृतको दस्तखत तथा भंसार कार्यालयको कीर्ते छाप दस्तखत प्रयोग गरी त्यसैका आधारमा बैंकमा राखिएको धरौटी रकम फिर्ता दिइएको समेत तथ्य स्थापित हुन आई उल्लिखित आधार प्रमाणबाट निजहरु गंगाबहादुर तामाङ्ग, श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग, मदनकुमार सिवाकोटी र रामप्रसाद राईले भ्रष्टाचारको कसूर गरेको देखिंदा प्रतिवादी गंगाबहादुर तामाङ्गउपर भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा दफा २९ बमोजिम र श्रीकृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग, मदनकुमार सिवाकोटी तथा रामप्रसाद राईउपर सोही ऐनको दफा ७(२) तथा दफा २९ बमोजिम सजाय हुन तथा बिगोको हकमा विदेशी मुद्राको विनिमय दर निरन्तर रुपमा बृद्धि हुंदै गइरहेको अमेरिकी डलर नै यसको बिगो भएको हुंदा बिगो असूल गरिने मितिमा कायम हुन आउने विनिमय दर अनुसारको बिगो रकम प्रतिवादी गंगावहादुर तमाङ्गबाट असूलउपर गरी राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखालाई भराई पाउन र निज प्रतिवादी गंगावहादुर तामाङ्गबाट असूलउपर हुन नसकेमा बैंकका कर्मचारीहरु प्रतिवादी श्री कृष्ण श्रेष्ठ, महेन्द्रभक्त प्रधानाङ्ग, मदनप्रसाद सिवाकोटी तथा रामप्रसाद राईबाट असूलउपर गरी बैंकलाई भराई दिलाई पाउन समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

३.१.१.२ कृषि तथा सहकारी मन्त्रालय :-

जिल्ला कृषि विकास कार्यालय, सिराहाको तालीम भवन निर्माणको लागि आह्वान भएको बोलपत्र स्वीकृत गर्दा अनियमितता एवं भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा बोलपत्र खोली सकेपछि कबोल अंकको दरभन्दा रु. १,६९,५७३।३३ अक्षरमा बढी लेखेको कुरालाई बोलपत्र खोल्दा मुचुल्कामा साक्षी रहेका व्यक्तिहरुको त्यस अवस्थामा अंक र अक्षरको दर बराबर रहेको भन्ने किटानी बयान र बोलपत्र खोल्दाको मुचुल्कामा कैफियत खुलेको समेत नदेखिएको, बोलपत्रवालाले बोलपत्रमा अंक र अक्षरलाई लेखिएको फरकको बारेमा दिएको बयानमा पनि उक्त बोलपत्र चार पांच दिन अगाडि भरेको, भर्दा बोलपत्र दिने बेलामा बढाउनु पर्ला भनेको भए पनि बोलपत्रको म्याद समाप्त हुनुभन्दा एक दिन अगाडि बुझाएको र हतारमा अक्षरमा लेखी अंकमा लेख्न नभ्याएको भन्ने जस्ता परस्पर विरोधी किसिमको बयान दिएको समेत देखिनाले यसरी पछि अक्षरमा दर थप्ने पहिले नै बदनीयत राखी कूल कबोल अंक नखोलिएको र अक्षर र अंक फरक लेखिएको अवस्था भए सोही कुराहरु उल्लेख गरी बोलपत्र खोल्दाको अवस्थाको मुचुल्का तयार पार्नुपर्नेमा सो नगरी उल्लिखित अवस्थाको बोलपत्रलाई पछि अंक र अक्षरमा फरक पर्ने गरी अक्षरमा कबोल दर बृद्धि गर्न दिई त्यस्तो बोलपत्र स्वीकृत गरी रु. १,६९,५७३।३३ श्री ५ को सरकारलाई नोक्सान पुऱ्याउने कार्यमा संलग्न तत्कालीन आयोजना प्रमुख कृष्णबहादुर श्रेष्ठ, लेखा अधिकृत अर्जुनकुमार पुडासैनी र ओभरसियर हरेकृष्ण यादवलाई भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र २९ को अभियोगमा र ठेकेदार प्रतिनिधि सपेन्द्र सिंहलाई दफा ८ तथा दफा २९ बमोजिमको समेत मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

३.१.१.३ गृह मन्त्रालय :-

(१) काठमाडौं महानगरपालिका वडा नं. १ बस्ने लियाकत खां भन्ने व्यक्तिले तौलिहवाको जन्मस्थान देखाई २०३७।४।८ मा जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट लिएको नागरिकता फर्जी भएकोले कीर्तेमा मुद्दा चलाउनु पर्नेमा नचलाई मुद्दा हलुका पारी नागरिकता ऐन अनुसार मुद्दा चलाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नागरिकताको प्रमाण-पत्र लिएको भनी फोटोकपी पेश गर्ने लियाकत खांले सक्कल नागरिकताको प्रमाण-पत्र पेश गर्न नसकेको, नागरिकताको फोटोकपीमा उल्लिखित मिति र नम्बर सक्कल अभिलेखसंग भिडाउदा मिल्न, भिड्न नआएको सो छायां प्रतिमा नागरिकताको प्रमाण-पत्र दिने प्र.अ. सूर्यप्रसाद नेपालले आफ्नो हस्ताक्षर होइन भनी बयान गरेको, त्यस्तो जाली कीर्ते नागरिकताको आधारमा गैर नागरिकले नेपालमा जग्गा जमिन खरीद गरेको, सरकारी सुविधा लिई हज गर्न

गएको, यस्तो कीर्ते नागरिकताउपर उजूर परि कारवाही भई कीर्तेतर्फ कारवाही चलाई मुद्दा दायर गर्नु पर्नेमा नागरिकताको प्रमाण-पत्र नै नलिएको, सोको अफिस रेकर्ड नै नभएको कीर्ते नागरिकता हो भनी कारवाहीको लागि प्रमुख जिल्ला अधिकारी कपिलवस्तुले जिल्ला प्रहरी कार्यालयमा कीर्ते हुन सक्ने भनी कारवाही गरी मुद्दा चलाउन मानिस सहीत पठाएको तथ्यमा वास्तै नगरी निज लियाकत खांसंग मिलेमतो गरी प्रहरी निरीक्षक सूर्यवहादुर कुमालले नागरिकता ऐनको दफा १० बमोजिम मुद्दा चलाउन रायसहीत मिसिल पठाएको र जिल्ला सरकारी वकिल नरेन्द्रवहादुर चन्दले सो बमोजिम मुद्दा दायर समेत गरेकोले प्रष्ट रुपमा तथ्य विगारी लाग्दै नलाग्ने ऐन लगाई जानाजानी पछि मुद्दामा वादी दावी पुग्न नसक्ने गरी लियाकत खांलाई गैर कानूनी लाभ पुऱ्याउने बदनीयतले नेपाल कानून जानी जानी पालन नगरी प्र.नि. सूर्यवहादुर कुमाल र सरकारी वकिल नरेन्द्र वहादुर चन्दले आफ्नो अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गरेकोले भ्र.नि. ऐन, २०१७ को दफा ८ तथा दफा ७(१) बमोजिम निज लियाकत खां तथा प्र.नि. सूर्यवहादुर कुमाल र सरकारी वकील नरेन्द्रवहादुर चन्दउपर पुनरावेदन अदालत, बुटवलमा मुद्दा दायर गरिएको ।

लियाकत खांको नागरिकताको प्रमाण-पत्र नभएको, छ भनी लिएको प्रमाण-पत्रमा उल्लिखित मिति र नम्बरमा अरुले नै नागरिकताको प्रमाण-पत्र लिई गएको हालसम्म निजले प्रतिलिपि वा नेपालको नागरिकता लिन नसकेको अवस्थामा निजले मुलुकी ऐन, २०२० को अदलको २ नं अनुसार नेपालमा आफ्नो नाममा अचल सम्पत्ति राख्न नसक्ने हुंदा का.म.पा.वार्ड नं. १ नक्साल नागपोखरीस्थित कि.नं. १८७७ र कि.नं. १८७० को जग्गा र सोमा बनेको घर सोही नं. बमोजिम जफत गरी श्री ५ को सरकारको स्वामित्वमा ल्याउन अविलम्ब कारवाही गरी सोको नतीजा यस आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा समेत लेखिएको ।

(२) जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारीले रकम लिनुखानु गरी भण्डारा गा.वि.स. वडा नं. ८ का बिष्णुप्रसाद थपलियालाई १२ वर्ष उमेर बढाएर पुनः नागरिकता प्रमाण पत्र दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा मिति २०४२।११।१७ मा आफ्नो यथार्थ जन्म मिति २०२६।३।२५ राखी जिल्ला प्रशासन कार्यालय, चितवनबाट नागरिकताको प्रमाण पत्र लिइसकेका चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ८ का बिष्णु प्रसाद थपलिया केही वर्ष जर्मनीमा बसी, जर्मनीमा बस्न कानूनी तवरको भिसा नभएको कारणबाट सो देशबाट निकाला भै आएको र पुनः जर्मनी जान जर्मन महिलासंग वैवाहिक नाता सम्बन्ध देखाउंदा सहजै भिसा पाउन सक्ने देखी करिव ६० वर्ष उमेर पुग्न लागेको महिलासंग २० वर्षभन्दा बढी अन्तर नपर्ने गरी आफ्नो उमेर कायम गरी अदालती विवाह गर्ने उद्देश्यले तत्काल २८ वर्षका निज थपलियाले ४० वर्ष उमेर पुगेको प्रमाण जुटाउने क्रममा प्रमुख जिल्ला अधिकारी खोमराज नेपालसंग सरसल्लाह गरी भण्डारा गा.वि.स. का अध्यक्ष बालकृष्ण लोहनीबाट मिति २०५४।१२।१० मा जन्म मिति सन् १९५७।७।९ कायम गरी गराई सिफारीश पत्र लिई निरक्षर आमा जेहमाया थपलियाको सनाखतको आधारमा प्रमुख जिल्ला अधिकारी खोमराज नेपालको आदेशबाट मातहत कर्मचारीलाई गृह मन्त्रालयको प.सं.ना.अ.।१।(क) २०५१।५२।५०३ मिति २०५०।८।२२को परिपत्रको प्रतिकूल टिप्पणी उठाउन लगाई निवेदकको माग अनुसार १२ वर्ष उमेर बढ्ने गरी जन्म मिति २०१४।३।२६ उल्लेख गरी नागरिकता प्रमाण पत्र दिने गरी मिति २०५४।१२।११ मा निज खोमराज नेपालबाट निर्णय भएको देखिएको । यसमा साविकमा लिएको नागरिकता प्रमाण पत्रमा उल्लिखित जन्म मिति २०२६।३।२५ मा १२ वर्ष फरक पर्ने गरी सच्याउन माग गरेकोमा पहिलेको नागरिकता प्रमाण पत्रमा उल्लिखित जन्म मिति के आधारमा गलत भएको र हाल कायम गर्न लागेको जन्म मिति के आधारमा सही हो भन्नेतर्फ कुनै खोजी नीति नै नगरी निवेदकको दाजुभाई, दिदी बहिनीको उमेर सम्बन्धी प्रमाण उपलब्ध गरी भिडाउनु पर्ने र कार्यालयकोतर्फबाट गाउं सर्जमिन गराउनु पर्नेतर्फ कुनै प्रयास समेत नगरी निवेदकको माग अनुसार जन्म मिति २०१४।३।२६ कायम हुने गरी नागरिकता प्रमाण दिएको र यस वारे उजूर गरी कारवाई चलेको थाहा पाएपछि भण्डारा माध्यमिक विद्यालय चितवन, भण्डारामा निज थपलियाको जन्म मिति २०२६।३।२५ भएको अभिलेख विद्यमान हुंदा हुंदै तत्कालका निमित्त प्रधानाध्यापक कुमारप्रसाद सेढाईबाट २०४२ सालको एस.एल.सी. परीक्षा उत्तीर्ण भै सकेका निज थपलियालाई २०३८ साल मार्ग महिनामा लिइएको ७ कक्षाको वार्षिक परीक्षामा उत्तीर्ण भएको पुरानो रेकर्ड उल्लेख गरी जन्म मिति २०१४।३।२६ देखिन्छ भन्ने व्यहोराको गलत सिफारीश पत्र बनाउन लगाई सो पत्र निर्णय फायलमा समावेश गरी पहिले दूषित मनसायले गरेको निर्णयलाई परिपक्व पार्ने कसरत समेत गरी प्रमुख जिल्ला अधिकारी खोमराज नेपालबाट आफू र निज थपलियालाई गैर कानूनी लाभ पुऱ्याउने मनसायले जानाजान लोभ लालचमा परी मातहत कर्मचारी समेतलाई अनुचित प्रभावमा पारी कार्यालयमा रहेको यथार्थ अभिलेखलाई दूषित बनाई बदनीयतपूर्वक अख्तियारको दुरुपयोग गरेको देखिन आएबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ अनुसार भ्रष्टाचारजन्य काम भएको कुरा पुष्टि भएकोले यसमा संलग्न पदाधिकारी एवं व्यक्तिहरुका सम्बन्धमा निम्नानुसार गरिएको :

क) प्रमुख जिल्ला अधिकारी खोमराज नेपालका हकमा :- आफू र बिष्णुप्रसाद थपलियालाई गैर कानूनी लाभ पुऱ्याउने मनसायले अख्तियारको दुरुपयोग गरी स्वयं निवेदकले विभिन्न कामको प्रयोजनमा प्रयोग भएको जन्म मिति कायम गरी पाउं भनी दिएको निवेदनमा कुन कुन काममा प्रयोग भएको हो ती प्रमाण पेश गर्न लगाई हेरी यकीन गरी सच्याउनु पर्नेमा असम्बद्ध प्रमाण स्वरुप पेश गरेको गा.वि.स. अध्यक्षको सिफारीश चिना र आमाको सनाखत गराई त्यसको आधारमा नागरिकताको प्रमाण पत्रमा १२ वर्ष अगाडिको जन्म मिति र सो बमोजिम पासपोर्ट बनाई प्रयोग

भै सकेकोमा, सो पासपोर्ट समेतमा उल्लेख भएको जन्म मिति सच्याउन पर्ने भै नयां पासपोर्ट बनाउने समेतको कार्य गरी माथि अध्ययनबाट देखिएको वस्तुस्थिति समेतबाट सच्याउन नै नमिल्ने नागरिकताको प्रमाण पत्रको जन्म मिति, जुन साविकमा १२ वर्ष कम उमेरको थियो भन्ने राहदानीले देखाएकै छ, सो प्रमाण पत्र बाह्य राष्ट्रमा समेत प्रस्तुत हुन गै राष्ट्रको प्रतिष्ठामा आंच पुऱ्याउने काम समेत हुन गएको देखिएको र निज थपलियाले रु. १ लाख घूस रिसवत दिई नागरिकता लिएको हुं भनी आयोग समक्ष सावित भै घटनालाई यथार्थ चित्रण गरी बयान गरेका र सोको पुष्टि निजको आमाको बयानबाट पनि भएकोले निज तत्कालीन प्रमुख जिल्ला अधिकारी खोमराज नेपाललाई उक्त बिगो र बिगो बमोजिम जरिवाना हुन समेत माग दावी लिई पुनरावेदन अदालत, हेटौंडामा मुद्दा दायर गरिएको ।

ख) सहायक प्रधानाध्यापक कुमारप्रसाद सेढाईको हकमा :– विद्यालयको अभिलेख अनुसार व्यहोरा प्रमाणित गरिदिनु पर्ने कर्तव्य भएका सहायक प्रधानाध्यापक (तत्काल नि.प्रधानाध्यापक) कुमारप्रसाद सेढाईले विद्यालयको अभिलेखसंग फरक पारी २०४२ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण भै सकेका निज बिष्णुप्रसाद थपलियालाई विद्यालयमा रहेको अभिलेख अनुसार नगरी फरक पारी २०३८ सालमा ७ कक्षा पास गरेको विषय उल्लेख गरी जन्म मिति २०१४।३।२६ भनी झुठा सिफारीश पत्र बनाई आफूलाई र अन्य प्रतिवादीलाई गैर कानूनी लाभ पुऱ्याउने मनसायले प्रमुख जिल्ला अधिकारी खोमराज नेपाल र बिष्णुप्रसाद थपलियाबाट भएको गलत कार्यलाई परिपक्व गर्ने काममा मतियारको भूमिका खेल्ने निज कुमारप्रसाद सेढाईलाई भ्र.नि.ऐन, २०१७ को दफा १६(क) बमोजिम सजाय हुन पुनरावेदन अदालत हेटौंडामा मुद्दा दायर गरिएको ।

ग) अध्यक्ष बालकृष्ण लोहनीको हकमा :– भण्डारा गा.वि.स. चितवनका अध्यक्ष बालकृष्ण लोहनीले १२ वर्ष उमेर फरक पर्ने गरी उमेर सच्याउन सिफारीश माग गरेको अस्वाभाविक कुरामा कुनै सन्देह नगरी यथार्थता बुझ्ने प्रयासै नगरी विष्णुप्रसाद थपलियाको जन्म मिति १९५७।७।९ कायम गराई दिन भनी जिल्ला प्रशासन कार्यालय, भरतपुरको नाममा २०५४।१२।१० मा सिफारीश गरेबाट तत्कालीन प्रमुख जिल्ला अधिकारी खोमराज नेपाल र विष्णुप्रसाद थपलियाको गलत भ्रष्टाचारजन्य कार्यमा मतियारको रुपमा अनाधिकार सहयोग पुऱ्याएकोले भ्र.नि.ऐन, २०१७ को दफा १६ (क) बमोजिम सजाय हुन माग दावी लिइएको ।

घ) बिष्णु प्रसाद थपलियाको हकमा :– सरकारी पद धारण गरेका व्यक्तिलाई प्रलोभनमा पारी आफूलाई गैर कानूनी लाभ पुऱ्याउने मनसायले नागरिकता प्रमाण पत्रमा उल्लिखित वास्तविक जन्म मिति २०२६।३।२५ लाई सच्याई २०१४।३।२६ कायम गरी तथा गैर कानूनी लाभ लिन प्रमुख जिल्ला अधिकारी खोमराज नेपाललाई रु. १ लाख रिसवत दिई जन्म मिति सच्याउन माग गरी नयां नागरिकताको प्रमाण पत्र लिने निज बिष्णुप्रसाद थपलियाउपर भ्र.नि.ऐन, २०१७ को दफा ८ अनुसार कैद र जरिवानाको माग दावी लिई पुनरावेदन अदालत, हेटौंडामा मुद्दा दायर गरिएको ।

ङ) गलत विवरणका आधारमा मिति २०५४।१२।११ को निर्णयले जन्म मिति २०१४।३।२६ उल्लेख गरी निज बिष्णुप्रसाद थपलियाको नाममा जारी भएको पछिल्लो नागरिकताको प्रमाण पत्र तथा सो प्रमाण पत्रका आधारमा जारी भएको पासपोर्ट रद्द गर्न गृह मन्त्रालय तथा पररा्ष्ट्र मन्त्रालयमा लेखिएको ।

च) यस विवादमा संलग्न अन्य व्यक्तिहरुमध्ये सरकारी कर्मचारीहरु प्रशासकीय अधिकृत कृष्णराज त्रिपाठी, ना.सु. तोयनारायण शर्मा र खरिदार पूर्णचन्द्र शर्मा पोखरेलले आफूभन्दा माथिल्लो अधिकारीको आदेश पालन गर्ने मनसायले गृह मन्त्रालयबाट भएको परिपत्रको अर्थ स्पष्ट नपारी सोको प्रतिकूल गलत निर्णय गर्ने काममा समर्थन गरी निर्णयार्थ फाइल पेश गरेको देखिन आएकोले निजहरुउपर बिभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखिएको ।

(३) राहदानी फांटका ना.सु. टंकप्रसाद भट्टराई समेतले जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट जारी हुने राहदानी गैर कानूनी तवरबाट वितरण गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा पररा्ष्ट्र मन्त्रालयबाट संचालन गरिएको ओरियन्टेशन प्रशिक्षणमा सहभागी भई हजार थान राहदानी बुक समेत बुझ्ने भक्तपुर जिल्ला प्रशासन कार्यालयका राहदानी फांटमा तत्काल कार्यरत ना.सु. टंकप्रसाद भट्टराईले सो राहदानीका दरखास्त फारामहरुमा नक्कली व्यहोरा भरी भराई बसाई सराईको प्रमाणपत्र लगायत अधिकृतबाट सिफारीश गर्ने महलमा अधिकृतको नक्कलीसही गराएको, एउटा व्यक्तिको नागरिकता संलग्न गरी फोटो अर्कैको टांस गरी राहदानी जस्तो अत्यन्त सम्वेदनशील सरकारी सम्पतिको रुपमा रहेको राहदानीका बुकहरु गैर कानूनी किसिमले व्यक्तिगत लाभ लिने बदनीयत राखी आफ्नो कर्तव्यबाट च्यूत भै प्रमुख जिल्ला अधिकारी समक्ष पेश नै नगरेको कुरालाई प्रमुख जिल्ला अधिकारी समक्ष पेश गरेको भनी मिथ्या जिकिर लिई आफू जिम्मा रहेका उक्त महत्वपूर्ण सरकारी कागजातहरु राहदानी थान ७८ बदनीयतपूर्वक कार्यालयबाट गायब बनाई आफूलाई प्राप्त अख्तियारको दुरुपयोग गरी भ्र.नि.ऐन, २०१७ को परिच्छेद २ को दफा ७(१) एवं दफा १३ बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको भन्ने कुरा दुवाकोट र नगरकोट गा.वि.स.का सचिव गणेशप्रसाद तिमिल्सिना र भक्तपुरका प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद ढकालको बयान कागजात लगायत अनुसन्धानको क्रममा संकलित मिसिल संलग्न प्रमाण कागजातहरुबाट पुष्टि हुन आएकोले निज ना.सु. टंकप्रसाद भट्टराईउपर भ्र.नि.ऐन, २०१७ को परिच्छेद २ को दफा ७(१) एवं दफा १३ बमोजिम हदैसम्मको सजायको माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

आफूले चिने जानेका मानिसहरुलाई राहदानीका लागि सिफारीश गर्नु पर्नेमा नचिने नजानेको व्यक्तिलाई सिफारीश गरेको समेत कारणबाट राहदानीको दुरुपयोग गर्न थप मद्दत मिल्न गएको देखिंदा त्यस्तो अनुचित काम गर्ने सिफारीशकर्ताहरु राष्ट्रिय अनुसन्धान विभागका नायव उपरीक्षक अमरबहादुर कार्की र निरीक्षक सदानन्द धमलाउपर अ.दु.अ.आ.ऐन, २०४८ को दफा १२(१) बमोजिम विभागीय कारवाई गर्न भनी गृह मन्त्रालयमा लेखिएको तथा उपरोक्त अनुसारका राहदानीहरु आफ्ना मातहतका ना.सु. कर्मचारीले दुरुपयोग गर्दासम्म रेखदेख नपुऱ्याई कर्तव्य पालनामा उदासिन रहने तत्कालीन प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद ढकाललाई अ.दु.अ.आ.ऐन, २०४८ को दफा १२(१) बमोजिम सचेत गराइएको ।

राहदानी जारी गर्ने र उपयोग गर्ने कार्यमा उचित नियन्त्रण होस्, दुरुपयोग नहोस् तथा दुरुपयोग भएकोमा कडा कारवाही होस् भन्नाका लागि वर्तमान ऐनमा आवश्यक संशोधन हुन परराष्ट्र मन्त्रालयमा सुझाव लेखिएको तथा प्रस्तुत राहदानी दुरुपयोग सम्बन्धी उठान भएका कागजातहरुमा सरकारी छाप, सरकारी अधिकृतको दस्तखत आदि नक्कली व्यहोरा जस्ता कीर्ते अपराध गरेकोसमेत देखिन आएको हुंदा त्यसतर्फ आवश्यक अनुसन्धान गरी कानून बमोजिम मुद्दा दायर गर्न सम्बन्धित निकायमा कागजातहरुको प्रतिलिपी साथ राखी लेखिएको ।

३.१.१.४ जलस्रोत मन्त्रालय :-

अवास्तविक लब्धांकको आधारमा बढुवा भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा जल तथा शक्ति आयोगको सचिवालयका कार्यकारी निर्देशक (तत्कालीन उपसचिव)अनुपकुमार आचार्यले एल.एल.एम.को University of Kent at Canterbury ले निश्चित format मा उपलब्ध गराएको १४ अगष्ट २००० को transcript बमोजिमको मार्क्ससिट पेश नगरी २८ सेप्टेम्बर १९९८ को मार्क्स उल्लेख भएको निजलाई संबोधन गरिएको पत्र प्राप्त गरी त्रिभुवन विश्व विद्यालयमा पेश गरी समकक्ष श्रेणी निर्धारण गराई सो अवास्तविक कथित मार्क्ससिट र समकक्ष श्रेणी निर्धारण प्रमाण पत्र बढुवाको लागि न्याय सेवा आयोगमा पेश गरी बढुवा भएको देखिएकोमा यी दुई मार्कसिटमध्ये verify गर्न सो University मा पत्राचार गरिएकोमा १४ अगष्ट २००० को transcript लाई सक्कली भनी प्रमाणित गरी दिएकोले सक्कल मार्कसिट पेश नगरी ६३ प्रतिशत मार्क उल्लिखित निजी पत्र पेश गरी निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुसार शिक्षा सम्बन्धी योग्यता ढाट्ने कसूर गरेको देखिन आएकोले सोही दफा अनुसार सजायको दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

३.१.१.५ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

सडक विभाग अन्तर्गतको मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय नं. २ मीनभवनमा आर्थिक वर्ष २०५६।५७ को लागि आवश्यक १२०० मेट्रिक टन विटुमिन खरीदको लागि बोलपत्र आव्हान गर्दा न्यूनतम कबोल गर्नेको बोलपत्र स्वीकृत गर्दा ज्यादै कम कमिशन प्राप्त हुने हुंदा क्षेत्रीय निर्देशकले एक्जीम नेपाल प्रा.लि. का किरण बैद्यसंग मिलेमतो गरी बढी मूल्यको बोलपत्र स्वीकृत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा १२०० मेट्रीक टन विटुमिन आपूर्तिको लागि २०५६।४।३१ मा बोलपत्र आव्हान हुंदा पेश हुन आएका बोलपत्रहरुमध्येको बोलपत्रदाता एक्जीम नेपाल प्रा.लि. का कार्यकारी निर्देशक किरण वैद्यले मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय नं. २ मीनभवनका तत्कालीन क्षेत्रीय निर्देशक श्यामप्रसाद अधिकारीसंग मिलेमतो गरी नेपाल विटुमिन तथा व्यारेल उद्योग लि. ले पेश गरेको जम्मा रु. २,२७,६५,५१२।- कबोल गरेको रीतपूर्वकको बोलपत्र स्वीकृत नगरी नगराई प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ को नियम ७३ (२) (छ) बिपरीत हुने गरी सम्पूर्ण बोलपत्र रद्द र पुनः बोलपत्र आव्हान गरी गराई सो व्यारेल उद्योगले शुरुमा कबोल गरेको भन्दा रु. २३,१३,२८८।- बढी कबोल गरिएको एक्जीम नेपाल प्रा.लि. ले दोश्रो पटक पेश गरेको ऐ. नियमावलीको नियम ६६ (१३) र ऐ. नियमावलीको नियम ७२ (१) को खण्ड (क) अनुसार रीतै नपुगेको रु. २,५०,७८,८००।- को बोलपत्र स्वीकृत गरी गराई प्रचलित नेपाल कानूनको जानाजानी उल्लंघन गरी बदनीयतपूर्वक श्री ५ को सरकारलाई जम्मा रु. २३,१३,२८८।- हानी नोक्सानी पुऱ्याएको देखिएको र बोलपत्र कागजातको शर्त पूरा नगरेको बोलपत्र स्वीकृत गरेको कारणबाट विटुमिन आपूर्ति नै नभई सडक निर्माण कार्यमा गम्भीर रुपमा नकारात्मक असर समेत पर्न गएकोले त्यस्तो गैरकानूनी कार्य गर्ने मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय नं. २, मीनभवनका तत्कालीन क्षेत्रीय निर्देशक श्यामप्रसाद अधिकारीउपर भ्र.नि.ऐन, २०१७ को दफा ७ (१) बमोजिमको कसूर गरेको अभियोगमा र एक्जीम नेपाल प्रा.लि. का कार्यकारी निर्देशक किरण वैद्यउपर सोही ऐनको दफा ८ बमोजिम कसूर गरेको अभियोगमा ऐ ऐनको दफा २९ समेतले बिगो असूल, जरिवाना र कैद सजायको माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

बोलपत्र मूल्यांकन समितिका प्राविधिक सदस्य तथा केन्द्रीय सडक प्रयोगशालाका प्रमुख सि.डि.इ. भगवान श्रेष्ठ एवं मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय नं. २ का लेखा अधिकृत गोविन्दप्रसाद पन्तलाई सचेत गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखिएको ।

३.१.१.६ शिक्षा तथा खेलकूद मन्त्रालय :-

(१) शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालयबाट २०५५ सालको एस्.एल.सी. परीक्षाको नतीजा प्रकाशन गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा २०५५ सालको प्रवेशिका परीक्षामा उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण गर्ने क्रममा निम्न परीक्षक तथा सम्परीक्षकले १५ अङ्क वा सो भन्दा बढी थप गर्नु परेमा उत्तर पुस्तिका सम्परीक्षण निर्देशिकाको ९ नं. बमोजिम प.नि.का. वा परीक्षण केन्द्रको प्रमुखले तोकेको विषय विशेषज्ञको सहमति लिनु पर्नेमा नलिई निम्न अनुसारको बदनीयतपूर्वक परीक्षण गर्दा प्राप्ताङ्कमा केरमेट गरेको पाइयो :

क) हाल दूर शिक्षा केन्द्रका उपनिर्देशक केदारचन्द्र खनालले संपरीक्षकको हैसियतमा ०२९१०७४ "डि" सिम्वोल नं. भएका परीक्षार्थी कृष्ण ढुंगानाको अफिस प्राक्टिस एण्ड बुक किपिङ्गको उत्तर पुस्तिकामा २३ अङ्क थप गरी ६५ अङ्क बनाई बोर्ड द्वितिय गराएको ।

ख) हाल एस्. आई. टि. ए. स्कूलमा कार्यरत कीर्तिप्रसाद पाण्डेले संपरीक्षकको हैसियतमा ०२९०८६३ "ए" सिम्वोल नं. भएका परीक्षार्थी राकेशकुमार गुप्ताको स्वास्थ्य विषयको उत्तर पुस्तिकामा १५ अङ्क थप गरी ९१ बनाई बोर्ड आठौं गराएको ।

ग) हाल वीरेन्द्र सैनिक उच्च मा.वि.मा कार्यरत शिक्षक वासुकीराज रेग्मीले सम्परीक्षकको हैसियतमा ०२९०८९२ "डि" सिम्वोल नं. का परीक्षार्थीको नेपाली विषयको उत्तर पुस्तिकामा १५ अंक थप गरी ३२ बनाई अनुत्तीर्ण परीक्षार्थीलाई एस्.एल.सी. परीक्षामा उत्तीर्ण बनाएको ।

घ) हाल पद्म कन्या मा.वि. डिल्लीबजारको सह-प्रधानाध्यापक पदमा कार्यरत ईश्वरप्रसाद सापकोटाले संपरीक्षकको हैसियतमा १२७०६५१ "ई" सिम्वोल नं.का परीक्षार्थीको गणित विषयको उत्तर पुस्तिकामा २४ अङ्क थप गरी ३९ बनाई अनुत्तीर्ण परीक्षार्थीलाई एस्.एल.सी. परीक्षामा उत्तीर्ण गराएको ।

ङ) हाल गणेश मा.वि. चपलीको प्रधानाध्यापक पदमा कार्यरत भीमसेन खत्रीले संपरीक्षकको हैसियतमा (माथि खण्ड 'घ' मा उल्लिखित) १२७०६५१ "ई" सिम्वोल नं. भएका परीक्षार्थीको भूगोल विषयको परीक्षाको उत्तर पुस्तिकामा २० अंक थप गरी ३५ बनाई अनुत्तीर्ण परीक्षार्थीलाई एस्.एल.सी. परीक्षामा उत्तीर्ण गराएको ।

उल्लिखित कार्य गरी परीक्षक र संपरीक्षकले उल्लिखित परीक्षार्थीलाई गैरकानूनी लाभ पुऱ्याउने बदनीयतले परीक्षा नियन्त्रण कार्यालयको विश्वसनीयतामा नै आंच पुऱ्याई सो कार्यालयलाई जानी जानी गैरकानूनी हानी पुऱ्याएकोले आफूले लिएको कार्यको निर्देशिका बमोजिमको शर्त जानाजानी पालना नगरी श्र.नि. ऐन, २०१७ को दफा ७(१), ७(२) को वर्खिलाफ कार्य गरेकोले निजहरुलाई सोही ७(१), ७(२) बमोजिम सजायको लागि र दफा २९ बमोजिम जरीवाना समेत गर्न पुनरावेदन अदालत, पाटनमा अभियोगपत्र दायर गरिएको र तत्कालीन परीक्षा नियन्त्रक हरिबोल खनाललाई परीक्षा संचालनमा आफ्नो कर्तव्य पालना नगरेकोले निजलाई विभागीय कारवाही गर्न अख्तियारवाला समक्ष लेखिएको । अनुसन्धानको सिलसिलामा परीक्षा संचालनमा देखिएका कमी कमजोरी र सुधार गर्नु पर्ने विषयहरु शिक्षा मन्त्रालयमा सुझावको रुपमा लेखिएको ।

(२) त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल कमर्स क्याम्पस, मीनभवनको हाताभित्र आर्थिक वर्ष २०५६।५७ मा भवन निर्माण सम्बन्धी बोलपत्र स्वीकृत गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचय कोष सम्बन्धी नियम, २०५० को नियम ७९ को उपनियम २ र ३ अनुसार सूचना सार्वजनिक नै नगरी सिलबन्दी दरभाउ पत्र वा बोलपत्र आह्वान नगरी सो नियम बिपरीत हुने गरी इन्जिनीयर विश्वप्रकाश श्रीवास्तवलाई लगत इष्टिमेट र डिजाइन नक्सा तयार गर्न लगाई त्रि.वि. नियमानुसार पारिश्रमिक पाउने गरी भनी पछिको मितिमा अनियमित तवरले प्राविधिक नियुक्ति गर्नुका साथै त्रि.वि. विकेन्द्रीकरण नियम, २०५५ को नियम ७ को उपनियम (६) को खण्ड (छ) र त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचय कोष सम्बन्धी नियम, २०५० को नियम ५६ (घ) बिपरीत हुने गरी निर्माण समितिले शुरुको सम्पूर्ण बोलपत्र रद्द गरी पुनः बोलपत्र आह्वान गरी निर्माण समितिले हुँदै नभएको अधिकार प्रयोग गरी अख्तियारको दुरुपयोग गरी दोश्रो पटक पनि पहिलेको टेण्डरमा न्यूनतम हुने समानान्तर निर्माण सेवाकै शुरुमा कबोल गरेको रु. ४५,८८,४६९।०१ भन्दा रु. १०,३०,२३३।२० बढी हुने गरी रु. ५६,१८,७०२।२१ कबोल गरेको बोलपत्र स्वीकृत गरी नेपाल कमर्स क्याम्पसलाई रु. १०,३०,२३३।२० थप आर्थिक भार पारी गैहकानूनी रुपले हानी नोक्सानी पुऱ्याएको देखिएकोले त्यस्तो कार्यमा संलग्न निर्माण समितिका अध्यक्ष एवं क्याम्पस प्रमुख माधवप्रसाद नेउपाने, सदस्यहरु नन्दकुमार अधिकारी, श्यामकृष्ण खत्री, सदस्य सचिव ऋषिप्रसाद रेग्मी र त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचय कोष सम्बन्धी नियम, २०५० को नियम ६७(१) को खण्ड (ख) अनुसार तोकिएको निर्माण

समितिको प्राविधिक सदस्य विश्वप्रकाश श्रीवास्तवउपर भ्र.नि.ऐन, २०१७ को दफा ७(२) बमोजिमको कसूर गरेको अभियोगमा सोही दफा बमोजिम कैद सजाय एवं ऐ ऐनको दफा २९ बमोजिम बिगो र जरिवाना समेत असूल गरी पाउन माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

निर्माण समितिका सदस्यद्वय केशवप्रसाद पाण्डे र राजेन्द्रगोपाल श्रेष्ठ आमन्त्रित सदस्यको हैसियतले निर्माण समितिको बैठकमा उपस्थित भएको देखिए तापनि त्यस्तो गैर कानूनी निर्णयमा सहभागी भएको देखिंदा निजहरुउपर विभागीय कारवाई गर्न त्रि.वि.वि.का उपकुलपतिसमक्ष लेखी पठाइएको । भीमबहादुर भण्डारीका हकमा विद्यार्थी प्रतिनिधिका रुपमा समितिको बैठकमा सहभागी भएकोसम्म देखिएकोले निजउपर केही नगरिएको ।

३.१.१.७ सूचना तथा सञ्चार मन्त्रालय :-

नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, काठमाडौंबाट अनियमित तरिकाले काठमाडौं गणवहालमा २-५६७८८ र २-५६७९० नम्बरको OYT टेलिफोन वितरण गरी नेपाल दूर संचार संस्थानलाई ९६ लाख रुपैयां घाटा पारेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्न अनुसार गरिएको :

क) चन्दनप्रसाद पौड्यालको नामवाट OYT नम्बरहरु २५६७८८ र २५६७९० अनियमित तवरबाट जडान हुन गई ती नम्बरहरुवाट STD,ISD कल भई २०५४ साल श्रावण, भाद्र, आश्विन महिनामा सोवाट उठेको बीलको रकम र टेलिकम सर्भिस चार्ज १० प्रतिशत, मूल्य अभिवृद्धि कर १० प्रतिशत समेतको हिसाव गर्दा नेपाल दूर संचार संस्थानलाई रु. १,०३,०१,५५१। वरावरको हानी नोक्सानी हुन गएको देखिन्छ । वास्तविक चन्दनप्रसाद पौडेलले मिति २०५३।१२।२६ मा OYT टेलिफोनको लागि दूर संचार संस्थान, क्षेत्रीय कार्यालयमा निवेदन दिएको र निवेदनसाथ नेपाली नागरिकताको फोटोकपी समेत संलग्न गरेको तर उक्त निवेदनवाट टेलिफोन लाइन प्राप्त गर्न नसकेको अर्थात् सो निवेदनबाट टेलिफोन जडान भएको देखिएन । निज वास्तविक चन्दनप्रसाद पौडेलले निवेदन साथ पेश गरेको नागरिकताको फोटोकपीको फोटोकपी गरी फोटोमा अर्को फोटो टांसी ना.प्र.न., नाम, वडा नं., जन्ममिति, वावुको नाम समेत मेटी मेटिएको ठाउंमा अर्कै विवरण लेखी पुनः फोटोकपी गरी विवादित २ वटा टेलिफोन प्राप्त गर्न मिति २०५४।४।१६ मा निज चन्दनप्रसाद पौड्यालको नामवाट विवरण सच्याइएको नागरिकताको फोटोकपी संलग्न गरी निवेदन दिएको र सोही निवेदनवाट कारवाई अगाडि बढी टेलिफोन जडान भएको देखियो भने निवेदनमा निवेदकको ठेगाना, काठमाडौं गणवहाल मात्र उल्लेख हुनु, एउटा निवेदन (द.नं. ३५१०) मा वावु र वाजेको नाम एकै रहनु, सर्भिस अर्डर (स.अ.१) फारामको पछाडीको नक्सा सच्याउनु र नक्सामा टेलिफोन राख्ने घर र जडान घर भनी दुई ठाउंमा उल्लेख हुनु, १७१ क्या नं. र डि.पि. नम्वर समेतलाई केरी १६५ क्या.नं. राखिनु जस्ता कृयाकलाप भए गरेकोबाट टेलिफोन जडानको कार्य अनियमित र बदनीयतपूर्वक भएको होइन भन्न सकिने अवस्था रहेन ।

काल्पनिक चन्दनप्रसाद पौडेलको निवेदन परेपछि निवेदनमा भर्नु पर्ने पूर्ण विवरण ठेगाना समेत नभरेको र निवेदनमा उल्लिखित नाम र नागरिकतामा उल्लिखित नाम समेततर्फ विचारै नपुऱ्याई सेल्स शाखामा कार्यरत चौथो तहका दिनेशकुमार कोइरालाले निवेदनको शीरमा OYT भनी सही गरेको र सोही शाखामा कार्यरत सातौं तहमा तत्काल कार्यरत व्यापार अधिकृत राजुवावु अर्यालले निवेदनमा OYT ल.ई गर्ने भनी आदेश गरेको देखियो भने टेलिफोन ट्रंक सेवा उपलव्ध गर्न ग्राहकले भर्नु पर्ने फाराममा सेल्स रेकर्ड अनुसार ग्राहकको सहीछाप तथा विवरण ठीक छ भनी दिनेशकुमार कोइरालाले सही गरी सो प्रमाणित भनी राजुवावु अर्यालले सही गरेको र दरखास्त द.नं. ३५१० मिति २०५४।४।१६ को निवेदन साथ संलग्न नागरिकताको फोटोकपीमा पूर्णतया अस्पष्ट रहेको फोटो समेतलाई स्वीकृत गरी कारवाई अगाडि बढाएको तथ्यबाट समेत पनि निज राजुवावु अर्याल र दिनेशकुमार कोइराला समेतले जानी जानी लापरवाही र बदनीयतपूर्ण कार्य गरी अख्तियारको दुरुपयोग गरेको स्पष्ट देखियो ।

लगत इष्टिमेट गर्ने भनी राजुवावु अर्यालले आदेश गरेपछि स.अ. १ फाराम (जुन फाराम इष्टिमेट फाराम हो) तयार भएको र उक्त फाराममा लाइनमेन अष्टमान श्रेष्ठले शुरुमा नक्सा तयार गरेको र निजले तयार गरी आउट साइट सुपरभाइजर टोली प्रमुख गोपीनाथ अधिकारीलाई दिएपछि निजले पेश गरेको नक्सामा थप गरी सच्याई क्याविनेट नम्वर र डिष्टीव्यूशन प्वाईट नम्बर समेत सच्याएको र गणवहालमा जडान गर्न भनी इस्टिमेट गर्न आदेश भएकोमा लगन नयांभाचोमा लगी टेलिफोन जडान गरेको एवं घरधनी शिवरत्न खड्गीको छोरा गौतमहरी खड्गीले गोपीनाथ अधिकारीले राम्रै मान्छे भनेकोले भाडामा दिएको भनी वयानमा उल्लेख गरेको देखिंदा गोपीनाथ अधिकारीले टेलिफोन जडान गर्न घरभाडामा समेत खोजी दिएको एवं नक्सा समेत उल्टो तयार गरेको कुरा निजले स्वीकार गरेको देखिंदा निज गोपीनाथ अधिकारीले अख्तियारको दुरुपयोग गरी जानी जानी बदनीयत र लापरवाहीपूर्ण कार्य गरी टेलिफोन जडान भएको तथ्य प्रष्ट हुन आयो ।

अतः नेपाल दूर संचारका पदाधिकारीहरु राजुवावु अर्याल, दिनेशकुमार कोइराला र गोपीनाथ अधिकारीले जानाजान अर्कालाई लाभ पुऱ्याउने र संस्थानलाई हानी नोक्सानी पुऱ्याउने योजना बनाई बदनीयतपूर्ण काम कारवाई गरेर अख्तियारको दुरुपयोग गरी सरकारी स्वामित्वमा रहेको नेपाल दूरसंचार संस्थानलाई रु. १,०३,०१,५५१।-

बराबरको हानी नोक्सानी पारेको देखिंदा संस्थानलाई पर्न गएको नोक्सानी वापत निजहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ७(२) एवं दफा १३ अनुसार हदैसम्मको सजाय र ऐ. ऐनको दफा २९ अनुसार बिगो बमोजिम जरीवाना तथा सो बिगो समेत असूलउपर गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

ख) नेपाल दूर संचार संस्थान, काठमाडौं क्षेत्रीय निर्देशनालयको टेलिफोन डिभिजनका इन्जिनीयर झवीन्द्रलाल उपाध्यायले एरिया इन्जिनीयरको हैसियतमा काम गर्दा आउट साइट सुपरभाइजर गोपीनाथ अधिकारीले इष्टिमेट गरी ल्याएको नक्सा समेततर्फ विचार नपुऱ्याई दस्तखत गरेकोसम्म देखिएको र नेपाल दूर संचार संस्थान क्षेत्रीय कार्यालय, काठमाडौंका तत्कालीन एम.सी.सी. शाखाका प्रमुख, हाल नेपाल दूर संचार संस्थान क्षेत्रीय निर्देशनालय नेपालगञ्जका का.मु. क्षेत्रीय निर्देशक शिवभूषण लालले १७१ क्या.नं. वाट ल.ई. गर्न आदेश भएकोमा गोपिनाथ अधिकारीले नक्सा र क्याविनेट नम्बर सच्याई त्यसपछि १६५ क्याविनेट नं.बाट पेयर नं. उपलब्ध गराएको देखिंदा यी दुवै कर्मचारीलाई सचेत गराउन महाप्रवन्धक, नेपाल दूर संचार संस्थानलाई लेखिएको ।

ग) स.अ. १ फाराम इष्टिमेट फाराम भएको र सो फारामको काम सम्पन्न भएपछि ग्राहकले धरौटी राखेको अवस्थामा मात्र जडानको लागि स.अ. २ फाराम तयार गरिने हुंदा स.अ. २ फाराममा संलग्न अन्य पदाधिकारीहरु इञ्जिनीयर आशाकाजी खड्गी, एम.सी.सी. अपरेटर पदमा कार्यरत सुरेन्द्र श्रेष्ठ, स्वीचिङ्ग इञ्जिनीयर अमुल प्रधान र पावर टेक्नीसियन श्यामकृष्ण चालिसेको संलग्नता रहेको देखिएन । बीलिङ्ग विभागका तत्कालीन प्रवन्धक रामेश्वर कर्माचार्यको दायित्व एक्स्चेञ्जवाट टेप प्राप्त भएपछि मात्र बील प्रशोधन गर्ने मात्र रहेको र निजले समयमै High bill को स्टेटमेण्ट सहितको बील पठाएको हुनाले निजको पनि संलग्नता देखिएन । लाईनमेन अष्टमान श्रेष्ठले नक्सा तयार गरी सुपरभाइजरसमक्ष पेश गरेपछि नक्सा चेञ्ज भएको कुराका सम्बन्धमा सुपरभाइजरले लगाएको कार्य अन्तर्गत नै स.अ. १ को नक्सा तयार गरी पेश गरेकोमा निजको बदनीयत रहेको थियो भन्न सकिने अवस्था देखिदैन । साथै आ.टे. रामभक्त थापाले सुपरभाइजरले दिएको नक्सा अनुसार टेलिफोन जोडिदिएको देखिंदा उक्त कार्यमा संलग्नता रहेको थियो भन्न सकिएन । तत्कालीन क्षेत्रीय प्रवन्धक भेषराज कडेलको उक्त टेलिफोन जडान कार्यमा कहीं कतैवाट पनि संलग्नता रहेको तथ्य खुल्न आएन ।

भाडामा लगाइएको घर खाली भएपछि घर भाडामा लगाउने र डेरा खोजिदिने कार्य प्रचलन र व्यवहारमा रहेको र सोही अनुसार गोपीनाथ अधिकारीले राम्रै मानिस भनी भाडामा लगाएको भनी गौतमहरी खड्गीले भनेको देखिंदा नयांभाचो वस्ने सुनील श्रेष्ठले गोपीनाथ अधिकारीलाई पहिलेदेखि नै चिनेको र निज गोपी अधिकारीले कोठा खोजिदिन भनेकोले कोठा सम्म खोजिदिन गोपीलाई सहयोग गरेको एवं तुल्सीवहादुर श्रेष्ठले गोपीले कोठा चाहिएको सम्म भनेको तर खोजी नदिएको भनी वयान गरेको र अन्य कहीं कतैवाट पनि निजहरुको संलग्नता नरहेको अवस्थामा निजहरुको मनसायपूर्ण संलग्नता रहेको भनी भन्न सकिने देखिदैन भने चन्दनप्रसाद पौडेलले पहिले दिएको निवेदनबाट टेलिफोन प्राप्त नगरेको र यस विषयमा समेत संलग्न रहेको नदेखिएकोले निजहरुउपर केही गरी रहनु नपरेको ।

३.१.१.८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझावको सिलसिलामा मन्त्रिपरिषद्वाट भएको निर्देशन तथा टेण्डर प्रक्रिया विपरीत शाही नेपाल वायु सेवा निगमले लाउडा एयर भाडामा लिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा निम्न बमोजिम गरिएको :

क) बुझिएका व्यक्तिहरुको बयान सहितका संकलित सबूद प्रमाणका आधारमा लाउडा एयरको विमान भाडामा लिंदा प्रतिवादीहरुले आफू र अरुलाई गैरकानूनी लाभ हुने र शाही नेपाल वायु सेवा निगमलाई गैरकानूनी हानी पुऱ्याउने बदनीयतले जानी जानी नेपाल कानूनको पालन नगरी आफूहरुलाई प्राप्त अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको प्रस्तुत विषयमा संलग्न शाही नेपाल वायु सेवा निगमका तत्कालीन कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठ, संचालक समितिका सदस्यहरु तीर्थलाल श्रेष्ठ, सिद्धराज जोशी र गौरीनाथ शर्माउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिमको कसूरमा सोही ऐनको सोही दफा ७(२) बमोजिम सजाय हुन तथा हरिभक्त श्रेष्ठको हकमा सोही ऐनको दफा १४ (क) बमोजिम थप सजाय समेत हुन र निगमलाई हानी पुग्न गएको बिगो रु. ३८ करोड ९७ लाख ६७ हजार ३१ रुपैयां ऐ. ऐनको दफा २९ बमोजिम निजहरु समेतबाट दामासाहीले निगमलाई भराई बिगो बमोजिम जरिवाना हुन, तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तारिणी दत्त चटौतउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को कसूरमा सोही ऐनको सोही दफा ७(१) अनुसार सजाय भै ऐ. ऐनको दफा १४(क) अनुसार थप सजाय हुन र निगमलाई हानी नोक्सानी पुग्न गएको बिगो रु. ३८ करोड ९७ लाख ६७ हजार ३१ रुपैयां दामासाहीले सोही ऐनको दफा २९ बमोजिम निज समेतबाट भराई बिगो बमोजिम जरिवाना समेत हुन, लाउडा एयर इटलीका र अष्ट्रियाका Chief Executive Officer हरु कमशः Andrea Molineri र Otmar Lenzउपर

भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ को कसूरमा सोही ऐनको सोही दफा ८ अनुसार सजाय भई निगमलाई हानी पुग्न गएको बिगो रु. ३८ करोड ९७ लाख ६७ हजार ३१ रुपैयां निजहरुबाट दामासाहीले निगमलाई भराई बिगो बमोजिम जरिवाना समेत हुन, शाही नेपाल वायु सेवा निगमका अर्थ विभागका निर्देशक उपेन्द्रप्रसाद उपाध्याय, मार्केटिङ्ग विभागका का. मु. निर्देशक रामराज उपाध्याय र कर्पोरेट विभागका नि. निर्देशक पुष्कर वाग्लेउपर भ्र. नि. ऐन, २०१७ को दफा १६(क) बमोजिमको कसूरमा सोही ऐनको सोही दफा अनुसार सजाय हुन समेतको माग दावी लिई पुनरावेदन अदालत, पाटन समक्ष आयोगका तर्फबाट मुद्दा दायर गरिएको ।

निगमका का. मु. नायब महाप्रबन्धक वीरेन्द्रमोहन साउद, इन्जिनियरींग विभागका का. मु. निर्देशक केशरबहादुर थापा, साधारण सेवा विभागका नि. निर्देशक गौतमदास श्रेष्ठ, अपरेशन विभागका का. मु. निर्देशक विश्वम्भरमान अमात्य, ग्राउण्ड सर्पोट विभागका का. मु. निर्देशक गणेश ठाकुर, कष्टमर सर्भिसेज विभागका का. मु. निर्देशक ध्रुवप्रसाद शर्मा, बाह्य तथा जन सम्पर्क विभागका निमित्त निर्देशक श्रीमती अञ्जाम बिष्ट, कर्मचारी व्यवस्था विभागका निमित्त निर्देशक ज्ञानुलोचन सापकोटा, क्वालिटी एस्योरेन्स विभागका नि. निर्देशक विश्वनाथ श्रेष्ठलाई भविष्यमा आफ्नो कर्तव्य सम्पन्न गर्ने सन्दर्भमा आवश्यक सतर्कता अपनाउनु भनी लेखी पठाइएको ।

निगमका संचालक समितिका सदस्य रामेश्वर खनाल, निगमका नायब महाप्रबन्धक रामराज श्रेष्ठ र लाउडा एयरका स्थानीय प्रतिनिधि दिनेशलाल श्रेष्ठको प्रस्तुत विषयको काम कारवाहीमा बदनीयतपूर्ण संलग्नता नदेखिंदा केही गर्नु नपरेको ।

ख) निगमले तेस्रो विमान लिई सकेपछि अर्थात् एक वर्षका लागि सम्झौता नवीकरण गरी सकेपछि विमान भाडामा लिने सम्बन्धी टेण्डर कारवाही समाप्त भइसकेको अवस्थामा बिना पूर्व तयारी मन्त्रिपरिषद्को २०५६।६।१० को निर्णयलाई समेत उल्लंघन गर्दै कानून बमोजिमको प्रकृया समेत नअपनाई सम्झौता गरेको र सम्झौता हुंदा नै तय गर्नु पर्ने कुराहरु तय नगरी सम्झौताका कतिपय प्रावधानहरु खुल्ला राखी निगमको हीत बिपरीत सम्झौता गरेको हुंदा निगमको २०५७।१२।३० को पत्र अनुसार मासिक सरदर ७.५० करोड (साढे सात करोड भन्दा बढी) निगमलाई हानी नोक्सानी पुऱ्याई भ्रष्टचार गरेको सम्बन्धमा बन्द सवाल जारी भएकोमा सम्माननीय प्रधानमन्त्रीबाट मन्त्रिपरिषदको नीतिगत निर्णयमा आयोगले प्रश्न उठाउन नसक्ने र गोपनीयताको शपथको आधारमा तथ्यगत जानकारी दिन नमिल्ने भन्ने जिकिरसहित यस आयोगबाट सोधिएका प्रश्नहरुको जवाफ प्राप्त भएको पाइयो ।

मन्त्रिपरिषदको निर्णय नीतिगत निर्णय हो यस सम्बन्धमा आयोगले हेर्न, छानवीन गर्न मिल्ने होइन भन्ने सम्बन्धमा लाउडा एयरको बोइङ्ग ७६७ - ३०० इ. आर. विमान भाडामा ल्याई निगमबाट सेवा संचालन गर्नका लागि लाग्ने विदेशी विनिमयको स्वीकृति दिने विषय नीतिगत निर्णय भन्न मिल्दैन । एउटा खास व्यापारिक कारोवारको सिलसिलामा गरिएको उक्त कारोवारको लागि मात्र लागू हुने विषय नीतिगत विषय हुन सक्दैन । यस्तो निर्णय न त पूर्वरुपमा नै तय भएर रहेको देखिन्छ न त यस्तो निर्णय अन्य यस्तै कारोवारका लागि लागू हुने गरी भएको नै छ । मन्त्रिपरिषदको उक्त निर्णयको खण्ड (ख) को हकमा गरिएको निर्णय नै पनि बेग्लै छ । नीतिगत नभै मन्त्रिपरिषदको अन्य प्रकारको निर्णय र कुनै मन्त्रीले अपनाएको विभागीय नीति वा निर्णयका सम्बन्धमा अख्तियार दुरुपयोगको विषयमा चाहिं यस आयोगले कारवाही चलाउन सक्ने नै देखिन्छ । कानूनी अख्तियारको आडमा अनुचित कार्य वा भ्रष्टाचार भएमा आयोगको क्षेत्राधिकार आकर्षित हुन्छ । यसर्थ प्रस्तुत विषयमा मन्त्रिपरिषद्को नीतिगत निर्णय हो भन्ने सम्माननीय प्रधानमन्त्रीको जवाफमा आयोग सहमत हुन सकेन । जहांसम्म गोपनीयताको शपथ लिएको भन्ने आडमा आयोगले सोधेको सवालको जवाफ दिन नमिल्ने, नपर्ने हो भन्ने भनाई छ, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ (९) अनुसार सो ऐन बमोजिम आयोगसमक्ष चलेको कारवाहीमा गोपनीयताको आधारमा कुनै जानकारी प्रकट गर्नबाट सार्वजनिक पदधारण गरेको व्यक्तिले छूट नपाउने प्रष्ट छ । अन्यथा यस किसिमको शपथग्रहण मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री एवं कर्मचारी समेतका सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुले पनि गरेका हुन्छन् । यदि यस्तो अर्थ गर्ने हो भने आयोगको औचित्य नै निरर्थक हुन जान्छ । जहांसम्म शाही नेपाल वायु सेवा निगम ऐन, २०१९, सोही निगमको आर्थिक प्रशासन नियमावली, २०४२ र विनियमावली, २०४६ समेतका कानूनहरुका अधिनमा रही सो निगमले सबै कारोवार आफैंले गर्ने हुंदा त्यसको कार्य क्षेत्रभित्र पर्ने विषयलाई मन्त्रिपरिषद्संग सम्बन्धित देखाउन खोज्नु कानूनसंगत हुंदैन भन्ने सम्माननीय प्रधानमन्त्रीको जवाफ छ, त्यसतर्फ मिति २०५७।११५ मा मन्त्रिपरिषद्कै निर्णयले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा निगमलाई विमान भाडामा ल्याउन स्वीकृति दिएको देखिन्छ । साथै २०५६।६।१० मा आयोगको सुझाव अनुरुप निगमले विमान भाडामा ल्याउंदा अपनाउनु पर्ने प्रकृयाहरुका बारेमा निर्देशन दिएको देखिन्छ । मन्त्रिपरिषद्का यी निर्णयहरुबाट निगमको काम कारवाहीमा श्री ५ को सरकारको प्रत्यक्ष रुपमा संलग्नता देखिन्छ ।

प्रस्तुत विवादमा यस भन्दा पहिले पनि विदेशी विनिमयको सटही सुविधा दिने मन्त्रालय स्तरबाट नै निर्णय भई सिफारीश गर्ने गरिएको कुरा मन्त्रालयको रेकर्डबाट देखिएकोले मन्त्रिपरिषद्समक्ष विदेशी विनिमयको सिफारीशको लागि लानु पर्ने बाध्यता देखिंदैन । तापनि सम्बन्धित विभागीय मन्त्रीबाट प्रस्ताव पेश भइगएको देखिन्छ । यसरी प्रस्ताव पेश हुंदा चाइना साउथ वेष्ट एयरलाइन्स विमानको लागि चाहिने विदेशी विनिमयको लागि पनि पेश भएको

देखिन्छ । चाइना साउथ वेष्ट एयरलाइन्सको सम्बन्धमा मन्त्रिपरिषद्बाट सिफारीश गर्न नपर्ने भनी निर्णय भएको तर लाउडा एयरसंग भएको सम्झौता बमोजिम दिनु पर्ने विदेशी विनिमयको सिफारीशको निर्णय भने मन्त्रिपरिषद्बाट भएको पाइन्छ । यस्तो दोहोरो मापदण्ड के का लागि आवश्यक भयो भनी सम्माननीय प्रधानमन्त्रीबाट प्रष्ट जवाफ आएको पाईँदैन । लाउडा एयरसितको सम्झौता स्वायत्त संस्थाको प्रमुख (कार्यकारी अध्यक्ष) बाट भएको र संचालक समितिले अनुमोदन गरिसकेको सन्दर्भमा विदेशी विनिमयको स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी स्वीकृत भएको आडमा भ्रष्टाचारको कार्य भएको देखिंदा अब आइन्दा मन्त्रिपरिषद्को निर्णयको आडमा भ्रष्टाचार गर्ने यस प्रकारको कारवाहीप्रति सचेत रहन सम्माननीय प्रधानमन्त्रीलाई लेखिएको ।

३.१.१.९ स्थानीय विकास मन्त्रालय :-

(१) दोलखा जिल्ला विकास समितिले डोजर तथा टिपर मर्मत गराउंदा अनियमित भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्न बमोजिम गरिएको :

(क) जिल्ला विकास समिति, दोलखालाई स्थानीय विकास मन्त्रालयमार्फत् सडक विभागबाट प्राप्त डोजर मर्मत गर्ने वहानामा कुनै कानूनी प्रकृया नै नपुऱ्याएको, मर्मत भएको कुराको जांचपास समेत कुनै केही नगरी रु. १२,१०,५९४।- रकम भुक्तानी दिनेलिने गरी भ्रष्टाचार गरेकोले जिल्ला विकास समिति, दोलखाका तत्कालीन स्था.वि.अ. गजेन्द्र थकाली र ठे. अर्जुन सिंह श्रेष्ठलाई भ्र.नि. ऐन, २०१७ को दफा ७(१), १२ र ८ बमोजिम सजाय र ऐ. दफा २९ बमोजिम बिगो र जरिवानाको मागदावी तथा सो कार्यका मतियार अर्का प्रतिवादी जिल्ला विकास समितिका तत्कालीन सदस्य हरिवहादुर कार्कीलाई ऐ. ऐनको दफा १६(क) बमोजिम सजायको मागदावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(ख) यसैगरी से.अ. ५६ नं. को सरकारी टाटा टिपर जिल्ला विकास समिति दोलखालाई प्राप्त भएकोमा सो टिपर मर्मत नै नगरी मर्मत गरेको भनी गैर कानूनी रुपमा रु. ३,१८,१००।- भुक्तानी दिई लिई जिल्ला विकास समिति, दोलखाका तत्कालीन स्था.वि.अ. गजेन्द्र थकाली र ठे. खेम हमालले हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेकोले भ्र.नि. ऐन, २०१७ को दफा ७ (१), ८ र १३ बमोजिम सजाय र बिगो असूलउपर गर्न ऐ. दफा २९ बमोजिम पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(२) हसन्दह गा.वि.स., मोरङ्गका अध्यक्ष माधवप्रसाद खतिवडाले गा.वि.स.भित्र रहेका पैनीहरुमा काठको पुल बनाउन भनी जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङ्गबाट प्राप्त छोडपुर्जीको आधारमा ५६५ क्यू.फी. काठ हिनामिना गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जि. मोरङ्ग, हसन्दह गा.वि.स. अन्तर्गतका विभिन्न पैनीहरुमा काठे पुल निर्माण गर्न भनी गा.वि.स. समेतबाट सिफारीश गराई सहूलियत दरभाउमा सो गा.वि.स. अध्यक्ष माधवप्रसाद खतिवडा स्वयंले पटक पटक गरी जम्मा ५६५.७४ क्यू.फी. काठ चलानी पूर्जी अनुसार बुझी लगेकोमा उक्त काठ गा.वि.स.मा दाखिला गरेको वा आम्दानी बांधेको वा गा.वि.स.बाट प्रचलित कानून बमोजिम लिलाम प्रकृया अपनाई बिक्री गरेको भन्ने देखिन नआएको र निर्दिष्ट विकास काममा प्रयोग समेत गरेको भन्ने देखिन नआएको, मौकामा प्रमुख जिल्ला अधिकारी (मोरङ्ग) र यस आयोगसमक्ष बयान गर्दा उक्त काठ विमल रायमाझीलाई रु. १,९२,०१८।- मा बिक्री गरेको हूं भनी स्वीकारोक्ति बयान गरेबाट निज माधवप्रसाद खतिवडाले पदीय हैसियतबाट काठ बुझी बाहिरका व्यक्तिलाई बिक्री गरी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने देखिन आयो । अतः निज माधवप्रसाद खतिवडाउपर भ्र.नि.ऐन, २०१७ को दफा ७(२), दफा १३ एवं दफा २९ तथा उक्त काठ बिक्री गर्न दुरुत्साहन गर्ने अर्का प्रतिवादी बिमल रायमाझीउपर उक्त ऐनको दफा १६(क) एवं दफा २९ समेतको माग दावी लिई पुनरावेदन अदालत, विराटनगरमा मुद्दा दायर गरिएको ।

३.१.१.१० स्वास्थ्य मन्त्रालय :-

स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले आर्थिक वर्ष २०५०।५१ र २०५१।५२ मा कन्ट्याक कूरियर मार्फत् विभिन्न जिल्लाहरुमा औषधि ढुवानी गराउंदा अनियमित गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा आर्थिक वर्ष २०५०।५१ र २०५१।५२ मा विभिन्न जिल्लामा औषधि र अन्य सामान ढुवानीमा वास्तविकता भन्दा बील भर्पाईमा बढी तौल देखाई बदनीयतका साथ रु. ६,६६,४३७।- बढी भुक्तानी दिने लिने कार्य गरेको पाइएकोले स्वास्थ्य सेवा विभागका तत्कालीन निर्देशक केशवबहादुर सिंह कार्की, मुख्य लेखा नियन्त्रक शेरबहादुर के.सी., लेखा अधिकृतहरु रत्नबहादुर नेपाली र न्हुछेबहादुर महर्जन तथा स्टोरकीपरहरु बबर गुरुङ्ग, नयांवर्ण राई, माधव पौडेल र कन्टेक कूरियरका संचालक रामेश्वर सिवा समेतउपर जो जसले जति रकम भ्रष्टाचार गरेका हुन्, सो बिगो दावी गरी भ्र.नि. ऐन, २०१७

को दफा ७(१), ८ तथा दफा २९ बमोजिम बिगो असूल गरी बिगो बमोजिम जरीवाना समेत गरिपाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

३.१.२ आयोगद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी अन्य निकायबाट मुद्दा दायर भएको :

३.१.२.१ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

(१) हेटौंडा सिमेन्ट उद्योग लि.का प्रशासकीय अधिकृत कृष्णलाल जोशीसमेतले उद्योगको नाउंमा बिभिन्न स्थानबाट चलान भै आएको १८ ट्रक कोइला अन्यत्र पठाई हिनामिना गरे भन्ने हेटौंडा सिमेण्ट उद्योग लि.को पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी निज कृष्णलाल जोशीसमेत ७ (सात) जनाउपर भ्र.नि. ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरी हिनामिना भएको रु. ८,५७,०९२।९४ सोही ऐनको दफा २९(१) बमोजिम दिलाई भराई सोही ऐनको दफा २९(२) बमोजिम जरिवाना समेत हुन माग दावी लिई पुनराबेदन अदालत, हेटौंडामा मुद्दा दायर गरिएको ।
(२) वादी लाल ब. कुंवरको जाहेरीले प्रतिवादी नेपाल खाद्य संस्थान, डिपो कोल्टीका क्लर्क गणेशबहादुर खड्का र डिपो प्रमुख रेमन्त रावलउपर को मुद्दा पुनरावेदन अदालत, दीपायलमा दायर गरिएको ।

३.१.२.२ कृषि तथा सहकारी मन्त्रालय :-

(१) कृषि सामाग्री संस्थानको स्टोरमा दाखिला गर्नुपर्ने मल दाखिला नगरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा संस्थानका स्टोरकीपर फत्तेबहादुर बुढाथोकीले आफूकहां मलखाद प्राप्त भइसकेपछि त्यसलाई स्टक बूकमा चढाई आम्दानी बांधी रीतपूर्वक बिक्री बितरण गर्नु पर्नेमा सो बिपरीत स्काइलैण्ड ट्रान्स्पोर्टका जनरल मैनेजर मंगलसेन गर्गसंग मिलेमतो गरी रु. ५,१२,५००।- बराबरको ८२० बोरा मल स्टोर दाखिला नै नगरी हानी नोक्सानी पुऱ्याएको देखिंदा निजहरुउपर भ्र.नि. ऐन, २०१७ बमोजिम सजाय गरी बिगो असूल तथा जरिवाना समेत गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।
(२) उन्नत भैसी सुनसरीबाट ढुवानी गरी ल्याएको भनी भैंसी ढुवानी गरी नल्याई ढुवानी रकम रु. २७,०००।- खाई मासी भ्रष्टाचार गरेको भनी डा. जीवेनकुमार सिं समेतउपर भ्र.नि. ऐन अन्तर्गत पुनरावेदन अदालत, धनकुटामा मुद्दा दायर गरिएको ।
(३) कोपंवा सहकारी संस्थाका पूर्व व्यवस्थापक नवल कुमार झा र बिक्रेता पदम अर्याललाई संस्थाको खातापाता गायब गरी रकम हिनामिना गरेकोले भ्र.नि. ऐन, २०१७ को परिच्छेद ७ अन्तर्गतको कसूरको मागदावी लिई पुनरावेदन अदालत, बुटवलमा मुद्दा दायर गरिएको ।
(४) कपिलवस्तु सहकारी संस्थाको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा भ्र.नि.ऐन, २०१७ को दफा ७ र ८ को कसूरमा व्यवस्थापक शत्रुघ्न पाण्डे र संस्थाका अध्यक्ष निर्मलकुमार शर्मालाई सजायको मागदावी लिई मुद्दा दायर गरिएको ।

३.१.२.३ गृह मन्त्रालय :-

(१) २०५७ जेठमा क्रोयसियातर्फ जांदा राहदानीमा लागेको बैंककको भीसा नक्कली भनी अध्यागमनबाट हिरासतमा लिई जनही रु. २५०००।- धरौटी समेत लिएकोमा पछि सो भीसा सक्कली हो भनी जवाफ प्राप्त भएपछि राहदानी र धरौटी रकम फिर्ता मागदा अध्यागमन विभागका ना.सु. रामचन्द्र काफ्लेले रु. २५,०००।- घूस मागेको भन्ने उजूरीका सम्बन्धमा विशेष प्रहरी विभागकातर्फबाट रकम र कर्मचारी उपलब्ध गराउंदा ना.सु. रामचन्द्र काफ्लेले अहाए बमोजिम सोही विभागका खरिदार औम्बहादुर खड्काले प्रतापसिंह बुढामगर, तकसेरा, रुकुमबाट कूल रु. २५,०००।- मध्ये अग्रिम रु. १५,०००।- घूस लिए खाएकै बखत पक्राउ गरी भ्र.नि. ऐन, २०१७ को दफा ७(१) बमोजिम हदैसम्म सजाय गरी बिगो र जरिवाना समेत असूल गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।
(२) सदरखोर शाखा, काठमाडौंमा बुझाउने गरी जि. उदयपुर टिम्बर कर्पोरेशन लि.बाट ल्याएको दाउरा उक्त शाखामा नबुझाई अन्यत्र बिक्री गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सदरखोर शाखा, डिल्लीबजारका कैदीहरुलाई खाना पकाउनको लागि दाउरा आपूर्ति गर्ने केहरसिंह थापाको नाममा १३० चट्टा, मनोज गौतमको नाउंमा ७५ चट्टा र दीपेन्द्र ढकालको नाउंमा ५० चट्टा दाउरा सिफारीश भएकोमा त्यसरी ल्याइएका दाउराहरु प्रति ट्रक रु. ६०/७० हजारसम्ममा बिक्री गरेको देखिएकोले आफ्नो कार्यालयबाट सिफारीश गरिएको दाउरा समयमा प्राप्त नभएपछि

खोजबीन गरी दाउरा आपूर्ति गराउनेतर्फ कुनै पहल नगर्ने सदरखोर शाखाका तत्कालीन का.मु. जेलर शिवराम पाठक, सम्बन्धित ठाउंमा दाउरा पुग्यो पुगेन भनी खोजबीन नगर्ने जिल्ला वन कार्यालय, उदयपुरका रेन्जर सुरेन्दप्रसाद पटेल, ठेकेदारहरु केहरसिंह थापा, मनोज गौतम तथा ट्रक व्यवसायीहरु विष्णु गुरुङ्ग, नेमा लामा, देवकृष्ण ताम्राकार, शंकरप्रसाद रेग्मी, चन्द्रप्रसाद निरौला, चन्द्रगोपाल श्रेष्ठ तथा लक्ष्मीनारायण तण्डुकार समेतउपर भ्र.नि. ऐन २०१७ बमोजिम सजाय गरी बिगो असूल तथा जरिवानासमेत गरिपाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(३) जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मुद्दा फांटका ना.सु. ढुण्डीराज पोखरेलले सार्वजनिक अपराधको मुद्दा मिलाई दिन्छु भनी शुरुमा २५ हजार लिई पछि फेरी ३० हजार मागेको, नदिए २ वर्ष कैद हुन्छ भनी घूस मागेको भन्ने सम्बन्धमा रकम र कर्मचारी उपलब्ध गराउंदा निज घूस लिदै गरेको अवस्थामा पक्राउ परेको तथा निजले मुद्दा मिलाई दिन्छु भनी निजकै कोठा डेरामा भरिएको टेपसमेत उजूरीकर्तावाट पेश भएको तथा उजूरकर्तालाई आफ्नो डेराको ठेगाना लेखिदिएको कागज समेतको आधारमा निजउपर भ्र.नि. ऐन., २०१७ को दफा ३ बमोजिम सजाय गरिपाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(४) राहत रकम हिनामिना भएको भन्ने विषयमा केवलप्रसाद मदीनियाउपर पुनरावेदन अदालत, बुटवलमा मुद्दा दायर गरिएको ।

(५) राहदानी हिनामिना गऱ्यो भन्ने भ्रष्टाचार मुद्दा पुनरावेदन अदालत, महेन्द्रनगरमा चलाई प्रतिवादी गजेन्द्रवहादुर चन्दलाई निलम्बनमा राखिएको ।

३.१.२.४ भूमिसुधार तथा व्यवस्था मन्त्रालय :-

(१) धादिङ्ग जिल्ला अन्तर्गत रहेका विभिन्न सार्वजनिक तथा गुठी जग्गा व्यक्तिको नाममा दर्ता गरे गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा थाक्रे गा.वि.स. वडा नं. ३(ग) को कि.नं. ७९ को क्षेत्रफल ४०-९-०-० रोपनी श्री ५ को सरकारको नाममा कायम रहेको बुट्यान जग्गा गैर कानूनी तवरले राधिका रेग्मीको नाममा दर्ता गरेकोमा सो दर्ता बदर गरी सार्विक बमोजिम श्री ५ को सरकारकै नाममा कायम राख्न मालपोत विभागलाई लेखी उक्त कसूरमा संलग्न मालपोत अधिकृत लोकदर्शन पण्डित र अमिन हरिनारायण चौधरीउपर भ्र.नि. ऐन, २०१७ को दफा ७(१) बमोजिम खरिदार लक्ष्मण वस्नेत, गा.वि.स. अध्यक्ष नवराज सुवेदी र राधिका रेग्मीउपर ऐ. दफा ८ बमोजिम र रामभगत रेग्मीउपर ऐ दफा ५ र ८ बमोजिम कारवाई गरी लिनु खानु गरेको बिगो रु. ३६,५०,६२५।- असूल गरी जरिवाना समेत गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(२) सार्विक भगवानस्थान गा.पं.हाल का.म.पा.-७ चाबहिलमा पर्ने कि.नं. ९० सडक बाटो पर्ने जग्गा दर्ता गरी हाल कि.नं. ६४ र ६६ कायम गरी घर निर्माण गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सो कि.नं.का जग्गाहरुको नाप नक्सा गर्दा सरकारी सार्वजनिक बाटो घुसाई गैर कानूनी तवरले नाप जांच गरेको देखिन आएकोले ३ नं. नापी गोस्वाराका टोली प्रमुख मदनकृष्ण न्यौपाने, निरीक्षक शिवराम राउत, अमिन गोपालप्रसाद पराजुली तथा मानकुमारी श्रेष्ठ एवं दुर्गाप्रसाद अधिकारीउपर भ्र.नि. ऐन, २०१७ बमोजिम सजाय गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(३) श्री रातोमच्छिन्द्रनाथको आधा दिन आधा रात सालवसाली अखण्ड नित्य आरती गर्ने ल.पु. वडा नं. १३ कि.नं. ९८ को क्षेत्रफल रो ०-०-२-१ को घर जग्गामा ऐ. वस्ने सिद्धिरत्न चित्रकारले मोही दर्ता गराएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा मोही कायम गर्न नै नहुने जग्गामा मोही कायम गराउने ल.पु. गुठी कार्यालयका तत्कालीन प्रमुख दीपकवहादुर पाण्डे र खरिदार श्यामप्रसाद आचार्यउपर भ्र.नि. ऐन २०१७ बमोजिम सजाय गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

३.१.२.५ महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय :-

ओखे गा.वि.स.मा महिलाहरुलाई तालीम दिएको भन्ने बील वनाई रकम मासी खाएको भन्ने वारे महिला विकास अधिकृत तारा थापा समेतउपर भ्र.नि. ऐन, अन्तर्गत भ्रष्टाचार रकम रु. १०,०००।- (दश हजार)को दावीसहित पुनरावेदन अदालत, धनकुटामा मुद्दा दायर गरिएको ।

३.१.२.६ वन तथा भू-संरक्षण मन्त्रालय :-

(१) शिवपुरी जलाधार तथा वन्य जन्तु आरक्ष परियोजनाभित्रको बाटो भएर जाने विदेशी पर्यटकलाई प्रवेश शुल्क बापत प्रति व्यक्ति रु. २५०।- लिने गरेको टिकट फरक फरक दिई राजस्व हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उक्त परियोजनाका खरिदार गीताप्रसाद ढकालले नक्कली टिकटहरु छापी ल्याई प्रति टिकट मूल्य रु. २५०।- दरका २२५ थान टिकट बिक्री समेत गरी रु. ५६,२५०।- हिनामिना गरी भ्रष्टाचार गरेको देखिएकोले निजउपर भ्र.नि. ऐन, २०१७ को दफा ७(१) बमोजिम सजाय तथा बिगो र जरिवाना असूल गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(२) जि.मकवानपुर, हाडीखोला गा.वि.स. वडा नं. ६ बस्ने किरातकुमार वर्तौला समेतले नम्वरी आवादीको भनी सरकारी वन जंगलको रुख काटी हानी नोक्सानी पुऱ्याएको भनी ऐ. गा.वि.स. बस्ने शान्ति पुरी समेत जना ५४ को उजूरी निवेदनले वादी श्री ५ को सरकार, प्रतिवादी निज किरातकुमार वर्तौला समेत जना ५८ भएको भ्रष्टाचार मुद्दामा सरकारी सेवामा रहेका राष्ट्रसेवकहरुउपर भ्र.नि. ऐन., २०१७ को दफा (१) र १३ बमोजिम हदैसम्म सजाय गरी पाउन र सो वाहेक अन्य व्यक्तिहरुका हकमा सोही ऐनको दफा ८ बमोजिम हदै सम्मको सजायको माग दावीका साथै सवै प्रतिवादीवाट बिगो रु. ३०,९४,९४१।५५ दिलाई भराई सोही ऐनको दफा २९(२) बमोजिम जरीवाना समेत गरी पाउन पुनरावेदन अदालत, हेटौडामा मुद्दा दायर भएको ।

(३) न्यायप्रेमी जनताको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी रेन्जर पंचलाल सिंहसमेत भएको अनुचित कार्य गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा पुनरावेदन सरकारी वकील कार्यालय वुटवल मार्फत् पुनरावेदन अदालत, वुटवलमा दायर गरिएको ।

३.१.२.७ शिक्षा तथा खेलकूद मन्त्रालय :-

(१) केन्द्राध्यक्ष मनोहर शर्मा खतिवडासमेतको प्रतिवेदनले विपक्षी जनता मा.वि., चन्दनपुर रानीवास (सिन्धुली)का प्रधानाध्यापक महेन्द्र ठाकुर समेतउपर एउटा विद्यार्थीको नाममा अर्को गैरकानूनी परीक्षार्थी सामेल गराई एल.एल.सी. परीक्षा दिलाई भ्रष्टाचार गरेको भनी पुनरावेदन अदालत, जनकपुरमा मुद्दा दायर गरिएको ।

(२) जनता मा.वि., गडैया ठमरिया, सर्लाहीका मा.वि. शिक्षक सीताशंकर राय यादवले विद्यालयबाट चेक झिकी खाताबाट शिक्षकहरुको कीर्ते दस्तखत गरी जम्मा रु. १५,५००।- झिकी मासी भ्रष्टाचार गरेको आरोपमा निजउपर पुनरावेदन अदालत, जनकपुरमा मुद्दा दायर गरिएको ।

(३) जि.मकवानपुर, आमभन्ज्याङ्ग गा.वि.स.स्थित शारदा मा.वि.का प्रधानाध्यापक विष्णुप्रसाद दहाल र सोही विद्यालयका सहायक शिक्षक एवं लेखापाल इन्द्रप्रसाद संजेलले विद्यालयको खातामा रहेको रु. १,२०,०००।- झिकी हिनामिना गरेको मुद्दा पुनरावेदन अदालत, हेटौडामा दायर भएको ।

(४) गा.वि.स. इनरुवा स्थित श्री हनुमान प्रसाद शारदा मा.वि.का शिक्षक वेदप्रसाद शाह समेत ४ जनाउपर अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गऱ्यो भन्ने मुद्दा पुनरावेदन अदालत, राजविराजमा दायर गरिएको ।

३.१.२.८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

विदेशी नागरिकलाई अवैध रुपमा नेपाल भित्र्याई विदेश पठाउने कार्यमा संलग्न शाही नेपाल वायुसेवा निगमका स्टेशन मैनेजर महेशनाथ पाण्डे समेतका घर कोठाबाट बरामद गरिएको रु. २,०२,०००।- समेतका सम्बन्धमा भ्र.नि. ऐन बमोजिम कारवाई हुन अध्यागमन विभागवाट लेखिआएको सम्बन्धमा अनुसन्धान हुंदा स्टेशन मैनेजरहरु महेशनाथ पाण्डे र राजेन्द्रप्रसाद प्रधान तथा सहायकहरु रतनबहादुर सुवेदी, नरेशकुमार श्रेष्ठ एवं का.म.पा. लाजिम्पाट डेरा गरी बस्ने अफगानीस्तान घर भई भारतमा बसोबास गर्ने मोहम्मद जावेद समेतले गैरकानूनी तरीकाले विमानद्वारा विदेश पठाउने काम गरेको देखिन आएकोले भ्र.नि. ऐन २०१७ बमोजिम सजाय हुन तथा बिगो जफत गरी जरिवानासमेत गरी पाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

३.१.२.९ स्थानीय विकास मन्त्रालय :-

(१) जलेश्वर नगरपालिका वार्ड नं १० का वडा अध्यक्ष श्यामकिशोर ठाकुरउपर निजले रु. ५३०२४।- बराबरको बिजुली र खानेपानीका सामान बुझी जडान नगरी हिनामिना गरेको अभियोगमा मुद्दा दायर गरिएको ।

(२) सिनुरजोडा गा.वि.स.को सचिव रुपनारायण मिश्रले भ्रष्टाचार गरेको विषयको मुद्दा पुनरावेदन अदालत, जनकपुरमा दायर गरिएको ।

(३) खैराङ्ग गा.वि.स.का तत्कालीन सचिव शिबनाथ ठाकुरले गा.वि.स. अध्यक्ष टीकाबहादुर राउतको हस्ताक्षर मिलाई गा.वि.स.को नेपाल बैंक लिमिटेड, सिटी अफिस, हेटौडामा रहेको खातावाट रु. २५,०००।- झिकी हिनामिना गरेकोमा निज शिबनाथ ठाकुरउपर पुनरावेदन अदालत, हेटौडामा मुद्दा दायर गरिएको ।

३.१.२.१० स्वास्थ्य मन्त्रालय :-

साझा स्वास्थ्य सेवाका स्टोर इन्चार्ज सानुकाजी महत र बीलर कुमोदचन्द्र प्रधानले बीलहरु केरमेट गरी खुद बील रकम भन्दा कम रकम दाखिला गरिआएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा साझा स्वास्थ्य सेवावाट बील काट्दा प्रत्येक बीलको चार प्रति तयार गरी खरीदकर्ता, स्टोर, लेखा र नक्कलको लागि १।१ प्रति दिनु पर्नेमा अरु प्रति बिक्री अनुसार नै बुझाई लेखामा बुझाउनु पर्ने प्रतिमा भने केही औषधीको नाम, परिमाण र रकमसमेत काटी उक्त घटी रकमको बील र सो अनुसारकै मात्र रकम लेखामा बुझाउने कार्य गरी रु. २,६५,१८४।४४ पै. हिनामिना गरेको देखिंदा निजहरुउपर भ्र.नि. ऐन, २०१७ बमोजिम सजाय तथा बिगो असूल गरिपाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

३.२ शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन गरिएका मुद्दाहरु :

३.२.१. जिल्ला कपिलवस्तु, कपिलवस्तु न.पा. वडा नं. २ बस्ने भुवनेश्वर मुराउ समेतको जाहेरीले श्री ५ को सरकार वादी ऐ वडा नं. १२ बस्ने निर्मलकुमार शर्मा समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

सहकारी संस्था तौलिहवाका जिन्सी र नगदी गरी जम्मा रु. १३,३९,०३४।१८ बराबरको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने आरोपमा भ्र.नि.ऐन, २०१७ को दफाहरु ७(२), १३ तथा दफा २९(२) बमोजिम हुन माग दावी लिई पुनरावेदन अदालत, बुटवलमा मुद्दा दायर गरिएको ।

(ख) मा. न्यायाधीशहरु ध्रुवनाथ उपाध्याय र रणबहादुर बमको इजलासबाट पुनरावेदन अदालत, बुटवलको फैसला :

उपरोक्त अदालतबाट प्र.मध्येका शत्रुघ्नप्रसाद पाण्डेका हकमा निजबाट रु. ११,२७,९७४।१८ बराबरको बिगो असूलउपर गराई लिने र सो बिगो बमोजिम जरिवाना समेत गर्ने तथा अर्का प्रतिवादीका हकमा ऐनको दफा २९(२) बमोजिम रु. १०।- जरिवाना गर्ने गरी फैसला भएको । शुरु पुनरावेदन अदालत, बुटवलबाट फैसला हुंदा निम्न अनुसारको निर्णयाधारहरु ग्रहण गरिएको :

(१) प्र. शत्रुघ्नप्रसाद पाण्डेले नगदीतर्फ रु. ७,२९,५६२।९४ र जिन्सीतर्फ रु. ३,९८,४११।२४ गरी जम्मा रु. ११,२०,९७४।१८ बराबरको बिगो हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।

(२) प्र. निर्मलकुमार शर्माका हकमा निज प्रतिवादीले यो यति रकम खाई मासी हानी नोक्सानी पुऱ्याएको भन्ने कुरा प्रमाणित हुन नआएकाले भ्र.नि.ऐन, २०१७ को दफा २९(२) बमोजिम रु. १०।- जरिवाना हुने ।

(ग) पुनरावेदन गर्नु परेको कारण र माग दावी :

(१) प्र. शत्रुघ्नप्रसाद पाण्डेउपर वादी दावी लिंदा रु. ४,१२,४६६।२४ जिन्सी हिनामिना गरेको र नगद तहबीलमा मौज्दात रु. ७,२९,६२०।९४ हिनामिना भएको, सोही अवधिमा संस्थाले तिर्नु पर्ने सांवा नतिरेबाट लागेको ब्याज रु. १,८२,८४५।- समेत गरी जम्मा रु. १३,३९,०३४।१८ बराबरको बिगो दावी गरिएको तर अदालतबाट रु. ११,२०,९७४।१८ मात्र बिगो कायम हुने गरी इन्साफ ठहर भएको देखिन्छ । सो कूल बिगो कसरी कायम गरिएको हो भन्ने बारेमा फैसला मौन रहेको छ । जबकि उक्त रु. १,८२,८४५।- उक्त तौलिहवा सहकारी संस्थामाथि आर्थिक भार पर्ने कार्य निज विपक्षी प्रतिवादी तत्कालीन व्यवस्थापक शत्रुघ्नप्रसाद पाण्डे समेतको कसूरजन्य कार्यबाट हुन गएको भन्ने कुरा निर्विवाद रुपमा पुष्टि हुन आएको छ ।

(२) प्रतिवादी निर्मलकुमार शर्माका हकमा रु. १०।- मात्र जरिवाना हुने गरी भएको फैसलामा निजउपरको वादी दावी स्वीकार गरी कसूर कायम हुने गरी ठहर गरिएको छ । तर रु. १०।- मात्र जरिवाना हुने भन्ने फैसला वस्तुनिष्ठ छैन । तौलिहवा सहकारी संस्थाको रु. १३,३९,०३४।१८ बराबरको बिगो हिनामिना हुन गएको कसूरजन्य कार्यमा प्र. शत्रुघ्नप्रसाद पाण्डे जत्तिकै संलग्नता निज प्र. निर्मलकुमार शर्माको पनि रहेको कुरा स्वयं फैसलाले स्वीकार गरेको छ । उक्त संस्थाको नगद कारोवारको सन्दर्भमा व्यवस्थापकका अलावा अध्यक्षको नाताले समान

हैसियतबाट चेक काट्ने, भुक्तानी दिने, आय व्यय हिसाव दुरुस्त राख्ने जस्ता कार्यहरुमा निज प्र. निर्मलकुमारको पनि उत्तिकै दायित्व र भूमिका रहेकोले समान दायित्व र समान भूमिका निहीत रहेको अवस्थामा असमान सजाय तोक्न सर्वथा न्यायसंगत मान्न सकिदैन ।

३.२.२. देशभक्त नेपालीको उजूरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगकोतर्फबाट श्री ५ को सरकार वादी काठमाडौं जिल्ला का.म.पा. वार्ड नं. ३४ भीमसेनगोला घर भई जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी खोमराज नेपाल समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

प्रस्तुत मुद्दामा प्र. खोमराज नेपाललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को कसूरमा सोही दफा अनुसार, प्र. कुमारप्रसाद सेढाई र प्र. बालकृष्ण लोहनीलाई सोही ऐनको दफा १६(क) को कसूरमा सोही दफा अनुसार तथा प्र. बिष्णुप्रसाद थपलियालाई सोही ऐनको दफा ८ को कसूरमा सोही दफा अनुसार सजाय हुन माग दावी लिई पुनरावेदन अदालत, हेटौंडामा मुद्दा दायर भएको ।

(ख) मा. न्यायाधीशहरु कामानन्दप्रसाद देव र दुर्गाप्रसाद उप्रेतीको इजलासबाट पुनरावेदन अदालत, हेटौंडाको फैसला :

पुनरावेदन अदालत, हेटौंडाले प्रत्यर्थीहरुलाई अभियोग दावीबाट सफाई दिंदा फैसलामा मुख्यतया निम्न निर्णयाधारहरु ग्रहण गरेको देखिन्छ :–

<u>प्र. खोमराज नेपालको हकमा</u> :–

(१) प्र. खोमराज नेपालले अधिकार प्राप्त अधिकारी एवं अदालतसमक्ष कसूरमा इन्कार रही बयान गरेका र निजका साक्षीहरुको बकपत्रबाट सो इन्कारी बयान पुष्टि भएको ।

(२) अपराधसंग सम्बन्धित दशी बरामद नभएको ।

(३) प्र. खोमराजले श्री ५ को सरकार गृह मन्त्रालयको मिति ०५०।८।२२ को परिपत्रको दफा ३ ले प्राप्त स्वविवेकीय प्रशासकीय अधिकारको प्रयोग सार्थक प्रमाणहरुको आधारमा असल नियतले आफ्नो कर्तव्य पालनको सिलसिलामा गरेको देखिएकोले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ७ अनुसार आयोगले त्यस्तो काम कारवाईमा कुनै कारवाई चलाउन नसक्ने ।

(४) अभियोग पत्रमा प्र. खोमराजले प्र. बिष्णुप्रसाद थपलियाबाट रिसवत लिएको भनी उल्लेख भएकोमा त्यस वापत भ्र.नि.ऐन, २०१७ को दफा ३ बमोजिमको दावी नलिइएको र प्र. बिष्णुप्रसादले अदालतमा आई सो कुरा व्यक्त गरेको अवस्था नदेखिएको ।

<u>प्र. कुमारप्रसाद सेढाई र बालकृष्ण लोहनीको हकमा</u> :

(१) यी प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष कसूरमा इन्कार रही बयान गरेका र साक्षीको बकपत्रबाट सो इन्कारी बयानको पुष्टि गराएका ।

(२) मूल अभियुक्त खोमराज नेपालले सफाई पाउने ठहरेपछि मतियारको दावी लिइएकाहरुउपर अभियोग ठहर्ने अवस्था नभएको ।

<u>प्र. बिष्णु प्रसाद थपलियाको हकमा</u> :

निजले अधिकारप्राप्त अधिकारीसमक्ष आफू कसूरमा सावित भई सह–अभियुक्त समेतलाई पोल गरी कागज गरेको भए पनि निजले अदालतमा अनुसन्धान अधिकृतसमक्ष व्यक्त गरेको कुरालाई समर्थन गरी बयान गरेको अवस्था नदेखिएको ।

(ग) पुनरावेदन गर्नु परेको कारण र माग दावी :

(१) आफूले गरेको कसूरबाट हुने सजायलाई छल्न प्र. खोमराज नेपालले कसूरमा इन्कार रही बयान गर्नु र निजका गफमेलका व्यक्तिहरुले सोही इन्कारी बयान अनुसार साक्षीको रुपमा बकपत्र गर्नु स्वाभाविकै भएकोले सो आधारमा प्र. खोमराजले सफाई पाउन सक्ने होइन ।

(२) प्रतिवादी बिष्णुप्रसाद थपलियाले जिल्ला प्रशासन कार्यालय, चितवनबाट २०४२।११।१७ मा २०२६।३।२५ जन्म मिति उल्लेख गरी नागरिकता लिएकोमा मिति २०५४।१२।११ मा प्र. खोमराजले १२ वर्ष बढी हुने गरी उमेर सच्याई जन्म मिति २०१४।३।२६ उल्लेख गरी निज बिष्णुप्रसाद थपलियालाई अर्को नागरिकता प्रमाण पत्र दिएको र त्यसरी नागरिकता दिई सकेपछि तत्सम्बन्धमा धेरै समयपछि उजूरी परी अनुसन्धान शुरु भएको अवस्थामा रिसवत लिएको नगद रुपैया प्र.खोमराजबाट दसीको रुपमा बरामद हुन नसक्ने अवस्थामा दशी बरामद नभएको भन्ने आधार लिई निज खोमराजलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(३) श्री ५ को सरकार गृह मन्त्रालयको मिति २०५०।८।२२ को परिपत्रको दफा ३ मा "पहिले वितरण भैसकेका नागरिकताका प्रमाण पत्रहरुमा बाबु, दाजुको नाम, थर वतन इत्यादि र अन्य सार्थक प्रमाणित कागजातको आधारमा साना तिना कुराहरु प्रमुख जिल्ला अधिकारीको स्वविवेकले संशोधन गरिदिने" भन्ने व्यहोरा उल्लेख भएकोमा प्र. खोमराज नेपालले गरेको कार्य सम्बन्धमा गृह मन्त्रालयको प्रतिक्रियामा "यस्तोमा कुन नीयतले गरेको

भन्ने मुख्य विषय हुंदा सो अनुसन्धानबाट मात्र थाहा हुने" भनी निज खोमराजले गरेको कार्यलाई गृह मन्त्रालयले पनि शंकाको दृष्टिले नै हेरी रहेको परिप्रेक्षमा सो परिपत्रले दिएको अधिकार बमोजिम सार्थक प्रमाणको आधारमा असल नीयतले प्र. खोमराजले आफ्नो स्वविवेकीय प्रशासकीय अधिकारको प्रयोग गरेका हुन् भनी लिइएको आधार त्रुटिपूर्ण छ ।

(४) प्र. बिष्णुप्रसाद थपलियाले आफ्नो जन्म मिति सच्याई अर्को नागरिकता पाउं भनी मिति २०५४।१२।१० मा जिल्ला प्रशासन कार्यालय, चितवनमा दिएको निवेदनमा आफूले विभिन्न कामको प्रयोजनमा जन्म मिति २०१४।३।२६ प्रयोग गर्ने गरेकोले सोही जन्म मिति कायम गरी पाउं भनी उल्लेख गरेको पाइन्छ । त्यसरी निवेदन परेपछि निवेदकको पेट बोलीमा उल्लेख भए अनुसार निज बिष्णुप्रसाद थपलियाले के के काममा जन्म मिति २०१४।३।२६ उल्लेख गरेका छन् सोको प्रमाण पेश गर्न लगाउनु पर्ने वाध्यात्मक कार्यविधिलाई पूरा नगरी निरक्षर आमा गेहमायाले छोराको लागि गरी दिएको सनाखत, जन्म कुण्डली, गा.वि.स. र स्कूलले दिएको संदिग्ध प्रकारका सिफारीशहरुको आधारमा मात्र १२ वर्ष फरक हुने गरी प्र. बिष्णुप्रसाद थपलियाको जन्म मिति सच्याएको देखिन्छ । यसरी वाध्यात्मक रुपमा प्र. बिष्णुप्रसाद थपलियालाई पेश गर्न लगाउनै पर्ने प्रमाणहरु पेश नगराई प्र. बिष्णुप्रसाद थपलियाबाट रिसवत लिई बदनीयतसाथ प्र. खोमराजले गरेको निर्णयलाई उक्त कार्य असल नीयतले गरेको भन्दै तत्सम्बन्धमा आयोगले कारवाई गर्न नसक्ने भनी निज प्र. खोमराजलाई सफाई दिन मिल्ने होइन ।

(५) सरकारी सेवामा रहेको कुनै राष्ट्र सेवकले आफू वा अरु कुनै व्यक्तिलाई गैर कानूनी लाभ पुऱ्याउने बदनीयतले नेपाल कानून जानी जानी पालन नगरेमा, सरकारी सुविधा वा अधिकार दुरुपयोग गरेमा १ वर्षदेखि ३ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) ले गरेको पाइन्छ । प्र. खोमराज नेपालले पनि प्रमुख जिल्ला अधिकारीको हैसियतले आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी माथि उल्लेख गरिए अनुसार वाध्यात्मक रुपमा पालना गर्नु पर्ने कार्यविधि पालना नगरी नेपाल कानूनको उल्लंघन गरेर प्र. बिष्णुप्रसाद थपलियालाई फाइदा पुग्ने गरी निज बिष्णुप्रसाद थपलियाबाट रु. १ लाख रकम लिई आफूलाई गैर कानूनी लाभ पुऱ्याई गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) अन्तर्गतको कसूर भएको तथ्य स्पष्ट छ ।

(६) प्रतिवादी खोमराज नेपाललाई आफूले काम हुनुभन्दा अघि रु. ५०,०००।– र काम भई सकेपछि रु. ५०,०००।– गरी जम्मा रु. १ लाख रकम दिएको भनी प्र. बिष्णुप्रसाद थपलियाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान राष्ट्रिय अनुसन्धान विभागको मिसिल संलग्न २०५५।१०।३ को पत्र, प्र. बिष्णुप्रसादकी आमा गेहमायाले आयोगमा गरेको बयान, प्र. बिष्णुप्रसाद अदालतबाट जारी भएको म्यादमा हाजिर नभई कसूर स्वीकारी बसेको अवस्था र माथि विवेचना गरिए अनुसार वाध्यात्मक रुपमा बुझ्नु पर्ने प्रमाणहरु नबुझी प्र. खोमराज नेपालले बदनीयतसाथ निर्णय गरेको पुष्टि भइरहेको अवस्थामा प्र. बिष्णुप्रसाद अदालतमा उपस्थित नहुनुलाई प्र. खोमराजलाई सफाई दिने आधारका रुपमा व्याख्या गरी भएको फैसला बिल्कुलै त्रुटिपूर्ण छ ।

(७) २०४२ सालमा एस.एल.सी. पास गरी सकेका प्र. बिष्णुप्रसाद थपलियाको वास्तविक जन्म मिति २०२६।३।२५ भएको कुरा विद्यालयको रेकर्डबाट देखिंदा देखिदै प्र. कुमारप्रसाद सेढाईले भण्डारा मा.वि. चितवनको निमित्त प्र.अ. को हैसियतले विद्यालयको अभिलेखसंग फरक पारी निज प्र. बिष्णुप्रसाद थपलियाले २०३८ सालमा ७ कक्षा पास गरेका र निजको जन्म मिति २०१४।३।२६ भएको भनी गरेको सिफारीश तथा अर्का प्र. बालकृष्ण लोहनीले भण्डारा गा.वि.स. चितवनको अध्यक्षको हैसियतले प्र. बिष्णुप्रसाद थपलियाले विभिन्न काममा जन्म मिति सन् १९७५।७।९ प्रयोग गरेको भनेकोमा सोको प्रमाण पेश गर्न लगाउनेतर्फ केही नगरी ईस्वी सन्मा जन्म मिति उल्लेख गरी सिफारीश गरेबाट भ्रष्टाचारजन्य कार्यमा सहयोग पुऱ्याई मतियारको भूमिका निर्वाह गरेको कुरा निजहरुले दिएको संदिग्ध प्रकारको सिफारीश पत्रबाट नै प्रष्ट भइरहेको छ ।

३.२.३. एयर ट्रान्सपोर्ट सपोर्ट सेन्टरको पत्रले विशेष प्रहरी विभाग समेत श्री ५ को सरकार वादी का.जि., का.म.न.पा. वडा नं. ३४ बस्ने अमोदकुमार रिमाल समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

उपरोक्त प्रतिवादीहरु भएको प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका अमोद कुमार रिमालउपर भ्र.नि.ऐन, २०१७ को दफा ७(१) र दफा १३ अनुसार सजाय गै दफा २९ बमोजिम बिगो समेत भराई पाउन र प्रतिवादी अनीलकुमार पौडेलउपर ऐ ऐनको दफा ८ र १६(क) बमोजिम सजायको माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(ख) मा. न्यायाधीशहरु रामजीप्रसाद त्रिपाठी र बिनोदकुमार ढुंगेलको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला: प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाई भ्रष्टाचारको कसूरबाट सफाई दिंदा पुनरावेदन अदालत, पाटनबाट निम्न लिखित आधारहरु लिइएको रहेछ :

(१) प्रतिवादीमध्येका अमोदकुमार रिमालले अदालतमा बयान गर्दा कसूरमा इन्कार रही बेरुजु कायम भै सकेकोले लेखा परीक्षण ऐन अनुसार हुनु पर्छ भनी बयान गरेको ।

(२) लेखा परीक्षणबाट बेरुजु देखाएको रकमका सम्बन्धमा लेखापरीक्षण ऐन, २०४८, सरकारी रकम असूल फछ्यौंट ऐन, २०२५ र सरकारी रकम असूल फछ्यौंट नियमहरु, २०२७ समेत अनुसार सम्बन्धित कर्मचारीबाट असूलउपरतर्फ कारवाई गर्न मिल्ने देखिएको ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) प्रतिवादीमध्येका अमोदकुमार रिमालले अदालतमा इन्कारी बयान गरेको भन्ने सम्बन्धमा निजले मौकामा गरेको बयानमा "राजेश्वरी स्वस्तिका ट्रेडर्सका प्रोप्राइटर अनिल पौडेल मेरो साला हुन् । सो ट्रेडर्स मैले आफैले खोल्न लगाई नेपाल ग्रिण्डलेज बैंकमा खाता समेत खोल्न लगाएको हूं । चेक नं. ५०८१८९२ को रकम रु. २,४५,८६५।२३ र चेक नं. ५०८१८९४ को रकम रु. १९,९६,५००।– ग्रिण्डलेज बैंकमा रहेको उक्त राजेश्वरी स्वस्तिका ट्रेडर्सको खातामा जम्मा गरी भुक्तानी लिएको तर गोश्वारा भौचरमा राजस्व खातामा जम्मा भनी लेखेको हो । चेकमा र भौचरमा केन्द्र (एयर ट्रान्सपोर्ट सपोर्ट सेन्टर) का प्रमुखलाई सही गराउन लैजांदा चेकको अधकट्टी र चेकमा "राजस्व खाता" लेखी सोही अनुसार भौचरमा समेत उल्लेख गरी पेश गरेको र पछि भुक्तानीको लागि पठाइने उक्त चेकमा उल्लिखित "राजस्व" लाई राजेश्वरी र "खाता" लाई स्वस्तिका बनाई "ट्रेडर्स" शब्द थपी उक्त चेकको रकम जम्मा गर्न ग्रिण्डलेज बैंकमा पठाई श्रेस्ता मिलाउन पियनलाई भौचर भर्न लगाई रकम नेपाल राष्ट्र बैंकमा जम्मा भएको भन्ने देखाउन आफैले रातो अक्षरले लेखी भौचर संलग्न राखी अन्य भौचरहरु च्याति दिएको हूं । गो.भौ.नं. ७३ बोर्ड मिटिङ्ग खर्चको लागि रु. १२५०।– को उठाईएकोमा सदर भैसकेपछि सोको अगाडि ८ (आठ) थपी ८१२५०।– बनाई म आफैले राष्ट्रिय वाणिज्य बैंक, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल शाखाबाट भुक्तानी लिएको हूं" भनेको तथा गो.भा.नं. १०६ र १२९ को खर्च वास्तविक नभएको र यसरी ग्रिण्डलेज बैंकमा जम्मा गरी सकेपछि सो रकममध्येबाट अनिल पौडेललाई लगी २ वटा चेक मार्फत् क्रमशः रु. २,४०,०००।– र २,५०,०००।– झिकी आफैले बुझेको र अन्य ३ वटा चेकबाट क्रमशः रु. ८ लाख, ६ लाख, र रु. ३ लाख ५० हजार आफ्नो राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखा, कृषि विकास बैंकको रत्नपार्क शाखा र आफ्नो श्रीमती अनिता रिमालको नाउमा कृषि विकास बैंक रत्नपार्क शाखामा जम्मा गरी पटक पटक गरी झिकी खर्च गरेको भनी मौकाको बयान व्यहोरालाई खण्डन गर्न नसकेको ।

(२) गो.भा.नं. ७३ मा रु. ८०,०००।– Flight crew Expenditure भनी देखाएको सम्बन्धमा उक्त गो.भा. हेर्दा Amount drawn for Board meeting allowance भन्ने मात्र उल्लेख देखिंदा उक्त गो.भा.मा रु. ८०,०००।– Flight crew expenditure भनी पछिमात्र थपिएको प्रष्ट हुन्छ । यसैगरी, Air Transport Support केन्द्रको मिति २०५२।१२।४ को पत्रमा allowance chart sheet मा पाउने रकम भरी सम्बन्धित कर्मचारीको नाममा चेक बनाई चेक बुझेको भरपाई गराई भुक्तानी दिनु पर्ने र सो sheet लेखा प्रमुख र कार्यालय प्रमुखबाट प्रमाणित हुनुपर्नेमा क्रु रिपोर्टिङ्ग फर्म भरेको, निजहरुले रकम बुझेको र निजहरुको नाममा चेक काटिएको समेत नदेखिएको, allowance chart sheet कार्यालय प्रमुखबाट प्रमाणित गरिएको नभै लेखा अधिकृतको मात्र सही भएको देखिएको भन्ने र सो खर्च पाउने भनिएका क्याप्टेन, चिफ पाइलट, को-पाइलटहरुले अर्कै गो.भा.बाट आफूले पाउने रकम भुक्तानी लिएको र उडानै नभएको अवधिको समेत खर्च लेखेको, त्यसै गरी गो.भा.नं. १०६ मा लेखेको खर्च रु. १०,०००।– समेत गो.भा.नं. ७३ मा खर्च लेखेको जस्तै प्रकृतिको फर्जी भएको तथा गो.भा.नं. १२९ बाट कोष संचालक समितिको स्वीकृति अनुमोदन बिना खर्च लेखी फर्जी काम गरेको देखिन आएको भन्ने समेतको व्यहोरा उल्लेख छ ।

(३) प्र.अमोदकुमार रिमालले आफूलाई गैर कानूनी लाभ पुऱ्याउने बदनीयतले नियोजित रुपमा आफ्ना साला अनील पौडेलको नाममा फर्म खोल्न लगाई सो फर्मको नाउंमा नेपाल ग्रिण्डलेज बैंकमा खाता खोल्न लगाई सो खाताको खाली चेकबूकमा सालाको सही गराइराखेको कुरा अनिल पौडेलले समेत बयानमा स्वीकारेका छन् । केन्द्रको श्रेस्तामा राजस्व खातामा जम्मा गरेको भन्ने देखाउन नेपाल राष्ट्र बैंकको दोश्रो प्रति र पांचौं प्रति भाउचर कीर्ते खडा गरी श्रेस्तामा राखी सो राजस्व रकम राजस्व खातामा जम्मा नगरी आफ्ना सालाको ट्रेडर्सको खातामा जम्मा गरी आफूले पहिले नै सही गराई रहेको चेकमार्फत् उक्त रकम झिकी आफ्नो र श्रीमतीको खातामा जम्मा गरेको यस्तो जघन्य भ्रष्टाचारपूर्ण अपराधिक कार्यलाई बेरुजुको संज्ञा दिई रकम असूलउपर हुन सक्ने भनी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसलामा कानूनको व्याख्यामा गम्भीर त्रुटि हुन पुगेको छ ।

३.२.४. जिल्ला सर्लाही बत्रौल गा.वि.स. वडा नं. २ का वडाध्यक्ष वीरेन्द्र राय समेतको उजूरीले श्री ५ को सरकार वादी जिल्ला सर्लाही बत्रौल गा.वि.स. वडा नं. ८ बस्ने ऐ गा.वि.स. अध्यक्ष रामज्ञान प्रसाद राय समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

प्रस्तुत मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७, ८, १६(क) र २९ नं. को कसूर अपराधमा सोही दफा बमोजिम सजायको माग दावी लिई प्रतिवादीहरुउपर पुनरावेदन अदालत, जनकपुरमा मुद्दा दायर गरिएको ।

(ख) मा. न्यायाधीशहरु यमनारायण धित'ल र गौरीबहादुर कार्कीको इजलासबाट पुनरावेदन अदालत, जनकपुरको फैसला:

प्रस्तुत मुद्दामा सबै प्रतिवादीहरुलाई माग दावी बमोजिम भ्रष्टाचारको कसूरबाट सफाई दिंदा मुख्य रुपमा निम्न आधारहरु लिइएको :

(१) प्रस्तुत मुद्दामा बदनीयत तत्वको विद्यमानता छ छैन भनी हेर्दा सडक मर्मत सुधार कार्यमा कानून बमोजिमको निकाय गा.वि.स.को विभिन्न मितिको बैठकबाट निर्णय भए बमोजिम काम गरी भुक्तानी दिएको देखिन्छ ।

(२) गा.वि.स. ऐन, २०४८ अनुसार आयोजना छनोट गर्ने, संचालन गराउने र दफा २७(२) अनुसार सम्पन्न आयोजनाको जांचपास र फरफारक गर्ने अधिकार पनि कानून बमोजिम वत्रौल गा.वि.स.लाई भएको पाइन्छ ।

(३) वत्रौल गा.वि.स. मा काल्पनिक मानिस खडा गरी रकम भुक्तानी गरी भ्रष्टाचार गरेको भन्ने अभियोग दावी पुष्टि हुन सकेको पाइएन ।

(४) प्र. रामदिनेश रायसंग मालपोतको रकम रु. २९३६।०५ बांकी रहन गएकोमा वेरुजु भएको खण्डमा पनि कानून बमोजिम गरी असूलउपर गर्न सक्ने अवस्था भएकाले बदनीयतको अभावमा भ्रष्टाचार गरे भनी भन्न मिल्ने अवस्था देखिन आएन ।

(५) लेखा परीक्षण प्रतिवेदनबाट पनि अनियमित भएको नभई लगत अनुमान बमोजिम निर्माण कार्य भएको र सम्पूर्ण बील भरपाई जिल्ला विकास समितिमा पेश गरी कार्य सम्पन्न प्रतिवेदन लिनु भन्ने उल्लेख भएबाट कार्य सम्पन्न प्रतिवेदन लिने अन्तिम प्रक्रियासम्म बांकी रहेको देखिन आएको र लेखापरीक्षण प्रमाणपत्रलाई झूठमूठ भन्न नसकिने ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) गाउं विकास समितिको बैठकबाट निर्णय भए बमोजिम काम गरी भुक्तानी भएको देखिन्छ भने निर्णयाधार हेर्दा वत्रौल गा.वि.स.ले आफ्नो कार्य क्षेत्रमा मर्मत सुधार लगायत निर्माण कार्य गर्दा जिल्ला विकास समिति सर्लाहीबाट प्राविधिक सेवा उपलव्ध हुन नसकेको स्थितिमा गा.वि.स. को निर्णयद्वारा प्राइभेट कन्सल्टेण्ट नियुक्त गरी कार्य गराउन सक्ने व्यवस्था भएकोमा जिल्ला विकास समिति सर्लाहीबाट वार्ड नं. १, वार्ड नं. ६, वार्ड नं. ९ को लागि क्रमशः रु. ४९,५५६।४९, रु. ४७,२३९।५० र रु. ३४,२०८।१३ को सडक मर्मत लगत इष्टमेट गरी वत्रौल गा.वि.स.मा पठाई सो गा.वि.स.ले पनि सो अनुसार कार्य गर्न उपभोक्ता समिति गठन गरी पेश्की रकम समेत उपलव्ध गराई कार्य गराई रहेकोमा लगत इष्टिमेटलाई थान्को लगाई पुनः प्राइभेट कन्सलटेन्सी (श्रेष्ठ कन्सल्टेन्सी, मलंगवा) बाट वार्ड नं. १ को लागि रु. ५६,१३८।६१, वार्ड नं. ६ को लागि रु. १,४१,१०६।८१ र वार्ड नं. ९ को लागि रु. ७५,५५०।७५ को नयां लगत इष्टिमेट र मूल्यांकन गराई सोही कार्यमा बदनीयत राखी बढी खर्च भुक्तानी दिएको र सो कार्यमा अध्यक्ष रामज्ञान प्रसाद राय, तत्कालीन निर्माण समिति वार्ड नं. १ का कोषाध्यक्ष प्रा.स. रामदिनेश राय तथा तत्कालीन गा.वि.स. सचिव रामएकवाल तिवारीको वार्ड नं. १ को सडक मर्मत सुधारमा रु. २३,०००।– रकमको भ्रष्टाचारमा संयुक्त दायित्व देखिन्छ । त्यस्तै वाड नं. ६ को सडक मर्मतमा अध्यक्ष सत्यनारायण यादवको नाममा डोर हाजिरी भरपाई खडा गरी आफ्नो नाममा चेक काटी, बुझेका देखिंदा गा.वि.स. अध्यक्षको बदनीयतले रु. १,०५,०००।– रकम भ्रष्टाचार भएको देखिन्छ । वार्ड नं. ९ को निमित्त उपभोक्ता समितिको अध्यक्ष पृथ्वी नारायण महतो गा.वि.स. अध्यक्ष रामज्ञान प्रसाद राय र सचिव रामएकवाल तिवारी समेतको संलग्नतामा रु. ४१,०००।– को संयुक्त दायित्वबाट भ्रष्टाचार भएको देखिन्छ । यसरी तालुक जिल्ला विकास समितिको लगत इष्टिमेटलाई पन्छाई बदनीयत राखी बिना कारण प्राइभेट कन्सलटेन्सीबाट बढी ल.ई. तथा कार्य सम्पादन मूल्यांकन गराई गा.वि.स. को रकम हिनामिना गरेको तथ्य ईश्वर बस्नेतले ८ पानाको जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा पेश गरेको छानवीन प्रतिवेदनमा समेत देखाइएको ।

(२) वत्रौल गा.वि.स. १ बस्ने राजकिशोर राय नामको व्यक्तिलाई मिति २०५३।११।२१ मा गो.भौ.नं.३१ बाट सडक मर्मत वापत रु. ७,०००।– पेश्की दिएको देखिन्छ तर अनुसन्धानमा निजलाई बुझ्न प्रहरी खटाउंदा वार्ड नं. १ मा सो व्यक्ति नभएको भन्ने सीमा प्रहरी कार्यालय, सिमराको मिति २०५५।८।१३ को पत्रबाट देखिन्छ । जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा मिति २०५५।४।७ मा बयान गर्दा प्रतिवादी रामज्ञान रायले रु. ७०००।– पेश्की लिने व्यक्ति राजकिशोर राय नै भनेका र रु. ७०००।– सडक मर्मतको लागि पेश्की लिई फछ्यौंट गर्न बांकी रहेको स्वीकार गरेका छन् । लगत इष्टमेट बिना रु. ७०००।– पेश्की दिई अदालतमा राजकिशोर भन्ने जयकिशोर राय भनी बयान गरेको भरमा अदालतको आदेशबाट अ.वं. १३९ नं. बमोजिम झिकाई बुझ्दा प्रतिवादीको प्रभावमा परी पेश्की लिएको मिति २०५३।११।२१ भने पनि कुन मितिमा, कहांको सडक मर्मत गर्दा लिएको रकम, कहिले फछ्यौंट भयो सो खुलाउन निजले नसकेको हुंदा रु. ७०००।– पेश्की बुझेको सहीछाप र अदालतमा गरेको बयानको सहिछाप

विशेषज्ञद्वारा जांच गराएमा मात्र सत्य व्यहोरा थाहा हुने हुंदा सोको अभावमा प्रतिवादीलाई दिइएको सफाई त्रुटिपूर्ण छ ।

(३) तत्कालीन गा.वि.स. का प्रा.स. रामदिनेश रायले गरेको बयानमा मैले काटेको मालपोत रसिदको नगद मैले गा.वि.स. अध्यक्ष तथा तत्कालीन सचिवलाई बुझाई सकेको भने पनि अदालतमा उपस्थित भई बयान गर्दा बांकी रकम रु. २,९३६।०५ पछि रामज्ञानले दिएको भरपाई यसै साथ पेश गरेको छु भनी बयान गरेकोले आर्थिक वर्ष २०५२।५३ र २०५३।५४ को बांकी रहन गएको मालपोतबाट उठेको नगद रकमको मिति २०५५।७।११ मा अध्यक्ष रामज्ञानले गरेको भरपाई पेश गरे पनि मौकामा सो भन्न सकेका छैनन् । छानवीन प्रतिवेदनले पनि निजसंग मालपोतबाट उठेको रकम बांकी देखिएको उल्लेख छ । एउटा सार्वजनिक संस्थाको सरकारी दस्तुर रकम ३ वर्षसम्म पनि बैंक दाखिल नगर्नु, मुद्दा परेपछि पछाडि मितिमा अदालतमा भरपाई पेश गर्नुले पनि प्रस्तुत कार्य बेरुजु प्रकृतिको नभई भ्रष्टाचारजन्य अपराध रहेको पुष्टि हुन्छ । त्यस्तै रामज्ञान प्रसाद रायको जिम्मा रहेको मालपोतको रकम रु. ११,५५५।३४ र रु. ३,५७८।०२ माछा ठेक्काबाट प्राप्त रु. ५५,९०१।- समेत प्र. रामज्ञानले आर्थिन ऐन नियम बमोजिम रकम बैंक दाखिला नगरी लामो समयसम्म आफूसंग राखी सार्वजनिक संस्थाको रकम व्यक्तिगत प्रयोजनमा लगाएको हुंदा बदनीयत प्रष्ट नै छ ।

३.२.५. आपूर्ति मन्त्रालयको पत्र जाहेरीले श्री ५ को सरकार वादी का.जि., पुरानो नैकाप गा.वि.स. वडा नं. ७ घर भई पञ्चकन्या मा.वि. स्यूचाटारमा शिक्षक पदमा कार्यरत कोमलप्रसाद भट्ट समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

प्रस्तुत मुद्दामा प्रतिवादी कोमलप्रसाद भट्टउपर भ्र.नि. ऐन २०१७ को दफा ७(२) को कसूरमा सोही दफा ७(२) र २९ बमोजिम सजाय हुन र प्रतिवादी हरिप्रसाद पुडासैनीले ऐ. ऐनको दफा ८ को कसूर गरेकोले सो दफा ८ र २९ बमोजिम सजाय गरी हानी नोक्सानी पुऱ्याएको बिगो रु. ५६,४००।- ऐ. को दफा २९ (१) बमोजिम प्रतिवादीहरुबाट असूलउपर गरी पाउन माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(ख) मा. न्यायाधीशहरु मोहनप्रसाद घिमिरे र विष्णुप्रसाद ढकालको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला :

प्रत्यर्थी कोमलप्रसाद भट्टलाई कसूरबाट सफाई दिने गरी पुनरावेदन अदालतबाट भएको फैसलामा प्र.कोमलप्रसाद भट्टले कसूरमा इन्कार भई सिफारीशसम्म गरेकोमा साबित रहेको र विद्यालय निर्माणका लागि काठ ल्याउन इच्छापत्र हरिप्रसाद पुडासैनीलाई दिएको देखिएको र निज पुडासैनीले आफूले मात्रै सो काठ बिक्री गरेकोमा साबित रही सो कार्यमा कोमलप्रसाद भट्टको कुनै संलग्नता नभएको भनी बयान गरेको आधार समेतबाट निजको विरुद्ध कसूर प्रमाणित हुन नसकेको भन्ने निर्णयाधार लिइएको देखिन्छ ।

(ग) पुनरावेदन गरिएको कारण :

उक्त विद्यालयको नयां भवन निर्माण गर्दा चाहिने खापा तथा चौकोस समेतको लागि लगत एष्टिमेट गराई विद्यालयले लेखेको पत्रको आधारमा संबन्धित जिल्ला विकास समिति र जिल्ला प्रशासन कार्यालयबाट समेत २०० क्यू.फी. काठ उपलब्ध गराई दिन टि.सि.एन कार्यालय, जनकपुरलाई सिफारीश गरिएकोमा सो काठ सम्बन्धी काम गर्न इच्छापत्र विद्यालयबाट लिई हरिप्रसादले रु. ८५,०००।- को ड्राफ्ट समेत बनाई १९९-५-६ क्यु.फि.काठ बुझी लिई विद्यालयमा नबुझाई प्र.क्यू.फि. रु १०१०।- मा बिक्री वितरण गरी रु. ५६,४००।- बढी लिनु खानु गरेकोमा निज हरिप्रसाद साबित नै देखिन्छ । साथै विद्यालयको काठ ल्याउने सम्पूर्ण कार्यका लागि हरिप्रसादलाई इच्छापत्र दिएको र सुलभ मूल्यमा काठ उपलब्ध गराउनलाई आफूले सिफारीश गरेको भए तापनि उक्त काठ विद्यालयमा दाखेल नभए पनि विद्यालयको तर्फबाट रकम भुक्तानी नभएकोले आर्थिक दायित्व व्यहोर्नु नपर्ने हुंदा काठ निकासा भएको जानकारी प्राप्त भए पनि निज हरिप्रसादलाई खोजतलास गर्ने कार्य नगर्नु आफ्नो गल्ती हुन गएको भनी निज कोमलप्रसाद भट्टले ऐन मौकामा स्वीकारेको तथ्य मिसिल संलग्न मौजूद रहंदा पनि निज कसूरमा इन्कार रहेको भन्न सक्ने अवस्था रहेन । वरु अदालतमा वास्तविकतालाई ढाकछोप गर्न नसकी सिफारीशसम्म गरेकोमा साबित रहेको देखिंदा सो सिफारीश कुन प्रयोजनका लागि गरिएको हो ? सिफारीश बमोजिम सामान पठाएको जानकारी प्राप्त हुंदा पनि त्यसतर्फ सम्बन्धित व्यक्तिलाई सोध्नेसम्म कार्य नगरिएको र काठ ल्याउन पठाउने तर सोको लागि चाहिने आवश्यक रकमको व्यवस्था गर्नेतर्फ चासो प्रारम्भदेखि नै नराखेको देखिंदा विद्यालयको नाउंमा काठ मगाउने बहाना बनाई हरिप्रसाद पुडासैनीलाई साधनको रुपमा प्रयोग गरी गलत बाटो अख्तियार गरी विद्यालय र सरकारलाई गैरकानूनी हानी पुऱ्याई खटाइएको व्यक्ति र आफूलाई गैरकानूनी लाभ प्राप्त गर्ने कार्य निज कोमलप्रसाद भट्टबाट भएको स्पष्ट छ । साथै हरिप्रसाद पुडासैनीले उक्त काठ विद्यालयलाई बुझाउने शर्तमा बुझि लिएकोमा तदनुरुप नगरी काठमाडौंमा ल्याई अन्यत्र बिक्री वितरण गरेकोमा साबित देखिंदा सो कार्य प्रारम्भदेखि नै दुराशययुक्त भएको प्रष्ट छ ।

३.२.६. अर्थ मन्त्रालयको पत्रले श्री ५ को सरकार वादी का.जि.का.म.न.पा. २२ न्यूरोड ख/२७९ मैत्री भवन दोश्रो तलाको आर. के. इम्पेक्सका प्रो. रमेश अग्रवाल समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी

प्रस्तुत मुद्दामा प्रतिवादीहरु रमेश अग्रवाल, अञ्जनकुमार खनाल, शिलु गिरी, वावुरत्न वज्राचार्य, नवीनभक्त श्रेष्ठ, विनीता राणा र राजेशकुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ को कसूर गरेको हुंदा पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

(ख) मा. न्यायाधीशहरु माधवराज थापा र केशवप्रसाद मैनालीको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला :

प्रतीतपत्र कारोवारमा कौशल अग्रवाल र दिलीपकुमार अग्रवाललाई प्रत्यक्ष रुपमा संलग्न भएको नदेखिंदा केही कारवाही गर्न नपर्ने भनी अभियोग पत्रमा उल्लेख भएको र प्रतिवादीमध्येका रमेश अग्रवाल र अञ्जनकुमार खनालले विदेशी मुद्रा लिई शर्त मुताविक कार्य नगरेकोमा भ्रष्टाचार हुन गएको भन्ने मुख्य दावी भई आएको र यिनै प्रतिवादीहरु भएको शर्त बिपरीत विदेशी विनिमय प्रयोग गरेको भन्ने मुद्दामा यिनै प्रतिवादीहरुलाई जनही रु. ५१,३५,९००।- सजाय हुने ठहरी यसै ईजलासवाट सरकारलाई हानी नोक्सानी भएको रकम सम्वन्धमा कैद र जरीवाना समेत भई सकेको अवस्थामा पुनः सोही कार्य र व्यवहारवाट भएको हानी सम्वन्धमा कसूरको नाम वदली मुद्दा चलाएको देखिंदा दोहरो पर्ने गरी सजाय गर्न नमिल्ने ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) विदेशी विनिमय नियमित गर्ने ऐन वमोजिम मुद्दा चली प्रतिवादीहरुलाई कैद र जरीवाना समेत भई सकेको हुंदा ती प्रतिवादीले अपराध गरेको कुरामा अव द्विविधा रहेन । भ्र.नि. ऐन, २०१७ को दफा ३० वमोजिम अरु नेपाल कानून वमोजिम अन्य अदालत वा अड्डाहरुमा कसैले मुद्दा चलाउन पाउनेमा भ्र.नि.ऐन अन्तर्गत मुद्दा चलेकोमा वाधा नपर्ने प्रष्ट कानूनी व्यवस्था भएकोमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ को उप-धारा २ वमोजिम कुनैपनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एक पटक भन्दा वढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने सिद्धान्तको गलत व्याख्या गरी अर्कै कसूरमा (विदेशी विनिमय नियमित गर्ने ऐन अन्तर्गत चलेको मुद्दा) भएको सजायसंग भ्र.नि.ऐन अन्तर्गत चलेको मुद्दा जोडी सफाई दिने गरी गरेको निर्णय आफैमा कानून बिपरीत छ ।

(२) प्रस्तुत मुद्दा दायर हुंदाको अवस्था प्रतीतपत्र खोल्दा ग्यारन्टरबाट सनाखत गरी आएकोमा अब आइन्दा आवेदकबाट नै सनाखत गराउने भनी राष्ट्र बैंकले मिति २०५२।५।१५देखि लागू हुने गरी मिति २०५२।५।१४ मा मात्र पत्र लेखेको भन्ने जुन आधार प्रमाणमा फैसला भएको छ त्यो प्रमाणित गर्ने सो मितिको परिपत्र कसैले पनि मिसिल सामेल गर्न सकेको देखिदैन । तर वास्तवमा यस्तो किसिमको परिपत्र यो अपराध हुनुभन्दा पछि मिति २०५३।९।८ मा मात्र भएको छ ।

३.२.७ गृह मन्त्रालयको जाहेरीले श्री ५ को सरकार वादी जिल्ला रौतहट आरैया गा.वि.स. वडा नं. १ घर भै तत्कालीन जिल्ला वन कार्यालय चितवनका जिल्ला वन अधिकृत अरुणकुमार श्रीवास्तव समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

जिल्ला वन कार्यालय, चितवनका जिल्ला वन अधिकृत अरुणकुमार श्रीवास्तव समेतले वन संरक्षण नगरी रुख काट्न लगाई भ्रष्टाचार गरेको भनी पुनरावेदन अदालत, हेटौंडामा मुद्दा दायर गरिएको ।

(ख) मा. न्यायाधीशहरु खिलराज रेग्मी र चोलेन्द्रसम्शेर ज.ब.रा.को इजलासबाट पुनरावेदन अदालत, हेटौंडाको फैसला: निज प्रतिवादीहरुलाई सफाई दिंदा निम्न निर्णयाधारहरु उल्लेख भएको देखिन्छ :

(१) प्रतिवादीहरु आरोपित कसूरमा इन्कारी रहेका ।

(२) प्रतिवादीहरुले यो यस्तो व्यक्तिलाई रुख काट्न लगाई यति लाभ लिए खाएको भन्ने अभियोगमा नखुलेको ।

(३) वन संरक्षण भएन भन्ने कुराले भ्रष्टाचारजन्य कसूर गरेको प्रमाणित हुन्छ भन्न नमिल्ने ।

(४) भ्रष्टाचार जस्तो फौज्दारी मुद्दामा शंका र अनुमानकै भरमा दोषी ठहऱ्याउन नमिल्ने ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) प्रतिवादीहरु कसूरमा इन्कारी रहेको भन्ने सम्बन्धमा विशेष प्रहरी विभागसमक्ष बयान गर्ने प्रतिवादीहरुले आफूले कसूर गरेकोमा इन्कार गरे तापनि खडा भएका विभिन्न बरामदी मुचुल्कामा उल्लिखित काठ कटान भएकोमा स्वीकार गरेवाट यस्ता सरकारी जंगलका काठहरु अनियमित तरिकाबाट काटिंदा पनि रेखदेख एवं संरक्षण गर्नु पर्ने आफ्नो दायित्व निज प्रतिवादीहरुले पालना गरेको नदेखिएको अवस्थामा निजहरुको मिलेमतोबाट हानी नोक्सानी भएको तथ्य अन्य स्वतन्त्र प्रमाणबाट प्रष्ट हुंदा हुंदै बयानमा इन्कारी रहेको भनी सफाई दिने गरी गरेको फैसला स्वतः त्रुटिपूर्ण छ ।

(२) प्रतिवादीहरुले यो यस्तो व्यक्तिलाई रुख काट्न लगाई यति लाभ लिए खाएको भन्ने अभियोगमा नखुलेको भन्ने दोश्रो बुंदाको हकमा सरकारी वन जंगलको ६२३९ क्यू. फि. काठ हानी नोक्सानी भएको सो काठको बिगो रु. १०,५३,६८२।- को काठ अवैध तरिकाले काटी प्रतिवादीहरुको मिलेमतोमा प्रतिवादीहरुले गैह्र कानूनी लाभ लिई श्री

५ को सरकारलाई हानी नोक्सानी पुऱ्याइएको भनी लगाइएको अभियोग स्पष्ट रुपमा किटानी हुंदा हुंदै यति रकम लिए खाएको भनी अभियोगमा नखुलेको भन्ने आधार लिइएको नमिलेको ।

(३) वन संरक्षण भएन भन्ने कुराले भ्रष्टाचारजन्य कसूर गरेको प्रमाणित हुन्छ भन्न नमिल्ने भन्ने अर्को बुंदाको सम्बन्धमा हेर्दा उक्त बुंदा आफैमा विरोधाभासपूर्ण देखिन्छ । फैसलाले एकातिर सरकारी वन जंगलको हानी नोक्सानी भएको कुरालाई स्वीकारेको छ भने अर्कोतिर सरकारी वन जंगल संरक्षण, सम्बर्द्धन एवं हानी नोक्सानी हुन नदिने जिम्मेवारी लिएर बसेका प्रतिवादीहरुको लापरवाही र मिलेमतोबाट वन जंगल नोक्सानी गरी सरकारी सम्पतिमा हानी नोक्सानी पुऱ्याएको कुरालाई भ्रष्टाचार गरेको प्रमाणित हुन्छ भन्न नमिल्ने भनी एक आपसमा बाझिने बुंदालाई आधार बनाई गरेको उक्त फैसला आफैमा विवादास्पद छ ।

(४)त्यसैगरी भ्रष्टाचार जस्तो फौज्दारी मुद्दामा शंका र अनुमानकै भरमा दोषी ठहऱ्याउन नमिल्ने भन्ने अर्को बुंदाको सम्बन्धमा समाजमा फैलिदै गएको क्यान्सर रुपी भ्रष्टाचार जस्तो अपराधमा कसैले पनि भरपाई गरेर भ्रष्टाचार नगर्ने हुंदा प्रतिवादीहरुले आफ्नो जिम्मेवारी, कर्तव्य पालन नगरी आफूले संरक्षण गर्नुपर्ने सरकारी वन क्षेत्र संरक्षण गर्नुको सट्टा मिलेमतोमा संलग्न भै ६२६९ क्यू.फी. काठ हानी नोक्सानी गरेको अवस्था विद्यमान भएको र त्यसमा प्रतिवादीको मिलेमतो भएको अवस्था विद्यमान हुंदा हुंदै पनि अनुमानको भरमा दोषी ठहऱ्याउन नमिल्ने भनी गरिएको फैसला आफैमा त्रुटिपूर्ण छ ।

३.२.८ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजूरी प्रतिवेदनले श्री ५ को सरकार वादी राजमान सिंहको छोरा नेपाल औद्योगिक विकास निगमका तत्कालीन महाप्रवन्धक जि. काठमाडौं, का.म.न.पा. नयां बानेश्वर बस्ने वर्ष ४१ को बालकृष्ण मान सिंह समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

नेपाल औद्योगिक विकास निगमले सफ्टवेयर डेभलपमेन्टको लागि ग्लोबल टेण्डर प्रकाशित गरे अनुरुप परेको टेण्डरमध्ये दोहोरो खाम प्रणाली (Two envelop system) अन्तर्गत प्राविधिक प्रस्तावको मूल्यांकनबाट योग्य ठहरिएका कम्पनीमध्ये सबैभन्दा घटीवाला आर्थिक प्रस्ताव स्वीकृत गर्नु पर्ने वाध्यात्मक व्यवस्था भएको र न्यूनतम कबोल गर्ने कम्पनीको प्रस्ताव उपयुक्त नदेखिएमा कारण खुलाई एक तह माथिबाट निर्णय गराई बढी कबोल गर्ने कम्पनीको टेण्डर स्वीकृत गर्न सकिने प्रावधान रहेकोमा प्राविधिक मूल्यांकनबाट योग्य मानी सकेको न्यूनतम कबोल गर्ने मर्कन्टाइलको प्रस्ताव स्वीकृत नगर्नुका अलावा सो टेण्डर स्वीकृत गर्न नमिल्ने कारण भए आफूभन्दा एक तह माथिको निगमको संचालक समितिसमक्ष प्रस्ताव लग्नु पर्नेमा नलगीकन महाप्रवन्धक आफैले निर्णय गरी निज विपक्षी महाप्रवन्धकले बदनीयतपूर्वक पटक पटक गैह्र कानूनी आदेश गर्दै मातहतका कर्मचारीलाई त्यस्तो गैह्र कानूनी आदेश पालना गर्न दवाव समेत सृजना गर्दै सो गैह्र कानूनी कार्यको आफैले पूर्ण जिम्मेवारी लिने निर्णय समेत गरी निज प्रत्यर्थीले न्यूनतम कबोल गर्ने टेण्डरदाताको भन्दा बढी रकम अर्थात् रु. ४४,७२,४४७।- निगमलाई हानी नोक्सानी पर्ने गरी टेण्डर स्वीकृत गर्ने निर्णय गरेबाट निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिमको कसूर भएकाले निजलाई ऐ दफा ७(२), दफा १४(क) बमोजिम थप सजायका अलावा बिगो रु. ४४,७२,४४७।- जरिवाना तथा ऐ को दफा २९ बमोजिम निजबाट सो बिगो निगमलाई भराई पाउन माग दावी लिइएको ।

(ख) मा. न्यायाधीशहरु बोधरीराज पाण्डे र श्यामबहादुर प्रधानको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला :

(१) निगममा कम्प्यूटर प्रणाली विकास गर्न गरिएको टेण्डर स्वीकृत गर्ने, नगर्ने सबै अधिकार एन.आई.डि.सी. मा सन्निहीत रहेको भन्ने कानूनी सल्लाहकारको राय भएकाले यस टेण्डर स्वीकृतिको कार्यलाई भ्रष्टाचार गर्ने बदनीयत रहेको भन्न नसकिने ।

(२) प्रतिवादीको कार्यबाट निगमलाई हानी नोक्सानी गरे गराएको भए निजको घर घरानाबाट असूलउपर गरिने व्यवस्था निगमको ऐनमा भएकाले निगमले नै नालेस उजुर गर्नु पर्ने नगरेको ।

(३) प्राइस वाटर हाउसले गैह्र कानूनी लाभ लिएको भए सो एशोसियट्सलाई पनि प्रतिवादी बनाउनु पर्नेमा नबनाइएको ।

(४) प्रतिवादीले सम्झौता गर्दा यति रकम लिनु खानु गरेको थियो वा निजको कुस्वार्थ रहेको थियो भनी अभियोग पत्रमा उल्लेख नभएको ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) निगममा कम्प्यूटर प्रणालीको विकास गर्न दुई खाम प्रणालीमा टेण्डर आह्वान गरी प्राविधिक योग्यताक्रमको १ देखि ५ नं. सम्म परेका टेण्डरदाताहरुको आर्थिक प्रस्ताव खोल्ने निर्णय भई सकेपछि आर्थिक रुपमा सक्षम हुने न्यूनतम कबोलवालाको टेण्डर स्वीकृत हुनु पर्ने प्रकृया स्वाभाविक भएकोमा आर्थिक प्रस्तावको मूल्यांकनको क्रममा पुनः प्राविधिक क्षमताको प्रश्न उठाई न्यूनतम कबोलकर्तालाई प्राविधिक रुपमा असक्षम भनी बढी कबोलवालाको टेण्डर स्वीकृत गरेको कार्यलाई समेत कानूनसम्मत मानी फैसला हुंदा दुई खाम प्रणालीको औचित्य नै समाप्त हुन

पुगेको छ । दुई खाम प्रणालीमा आधारित टेण्डर आह्वान गर्ने प्रकृया निगमको ऐन र विनियमहरुमा कहीं कतै उल्लेख नै नभएपछि त्यस्तो प्रकृया सम्बन्धी प्रचलित अथवा सर्वस्वीकृत परम्परा स्वतः आकर्षित हुन्छ । यस्तोमा निगमको ऐन तथा विनियमहरुमा द्वैध खाम प्रणालीको टेण्डर प्रकृया बारे केही उल्लेख नभएको कारणले मात्र निर्णयकर्तालाई त्यस्तो प्रकृयामा जस्तोसुकै निर्णय गर्न पाउने अकुण्ठित हक अधिकार स्वतः प्राप्त हुन सक्ने होइन । ऐन तथा विनियममा कुनै व्यवस्था नै नगरिएको प्रणालीको अवलम्वन गर्ने गरी टेण्डर आह्वान गर्न भने पाउने तर त्यसका प्रचलित सिद्धान्त मान्यता र प्रकृयाको भने अवलम्वन गर्न वाध्य नहुने गरी स्वेच्छाचारी निर्णय गर्ने अधिकार यसरी निर्णयकर्तालाई दिने हो भने टेण्डर प्रकृयाको औचित्य नै समाप्त हुन्छ । वास्तवमा टेण्डरको सामान्य सिद्धान्त भनेकै कुनै पनि ठेक्का सम्बन्धी कार्यमा प्रतिस्पर्धा गराउनु हो । टेण्डर सम्बन्धी कुनै पनि काम कारवाईमा सबैभन्दा कम अंक बोल कबोल गर्नेलाई ठेक्का दिइने प्रचलन विश्वव्यापी अथवा सर्वस्वीकृत छ । यस वाहेक निगमको आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०३५ को नियम १०.२ को ठेक्का पट्टा भन्ने शीर्षकको खण्ड (२) मा साधारणतया सबभन्दा कम दरवालालाई ठेक्का दिनु पर्दछ भनी लेखिएबाट निगमबाट ठेक्का पट्टा दिंदा त्यो मर्म त्यो भावना बिपरीत नहुने गरी निज विपक्षी प्रत्यर्थीबाट सबै भन्दा कम अंक कबोल गर्ने टेण्डरदातालाई उक्त टेण्डर दिइनु पर्दथ्यो । यसका अलावा निगमको आर्थिक प्रशासन सम्बन्धी नियमावली २०३५ मा टेण्डर स्वीकृतको प्रकृया बारे स्पष्ट प्रावधान नभएकै आधारमा महाप्रवन्धकले आफ्नो स्वेच्छाले बढी रकम दर कबोल गर्नेलाई दिन सक्छ भनी मान्ने आधार पनि निज विपक्षी प्रतिवादीबाट प्रस्तुत हुन सकेको छैन । त्यस्तो स्पष्ट प्रावधानको अभावमा निगमलाई अहीत नहुने गरी श्री ५ को सरकारको नीति वा भावना र मर्म बिपरीत नहुने गरी टेण्डर स्वीकृत गर्नु पर्दथ्यो । कम्प्यूटर प्रणालीको विकासको नाउंमा प्राविधिक प्रस्तावको मूल्यांकनबाट योग्य ठहरिएको सबैभन्दा कम अंक कबोल गर्ने टेण्डरदातालाई नदिईकन प्राइस वाटर कम्पनीको टेण्डर स्वीकृत गरेको कारणबाट निगमलाई रु. ४४ लाखभन्दा बढी हानी नोक्सानी पर्न गएको प्रष्टै देखिन्छ । उक्त आर्थिक भार निज विपक्षी प्रतिवादीले आफ्ना कर्मचारीले कानून बिपरीत हुन्छ भनी रोक्दा रोक्दै पनि निगम प्रति हीत नचिताई गरेको कारणबाट नै हुन गएको छ ।

(२) फैसलामा निगमलाई हानी नोक्सानी भएको भए निगमले नै छुट्टै उजूर गर्न सक्ने, प्रस्तुत मुद्दामा निगमकातर्फबाट उजूरी परेको पनि नदेखिएको भन्ने आधारमा प्रतिवादीलाई सफाई दिइएको देखिन्छ । तर सो प्रावधान देवानी दायित्वभित्र पर्ने विषय हो । बदनीयतसाथ यस किसिमले फौजदारी दायित्व अन्तर्गतको अपराध गर्ने सार्वजनिक पद धारण गरेको व्यक्ति निज विपक्षी भएकाले आयोगबाट निजउपर फौजदारी अपराधको अभियोगमा मुद्दा चलाइएको हो । निगमलाई कुनै कर्मचारी वा पदाधिकारीको हेलचक्राईले निगमको भौतिक सम्पत्ति क्षति, हानी, नोक्सानी पुऱ्याएमा वा आयमा प्रतिकूल असर हुने काम गरेमा निजबाट निगमले भराई पाउन सोझै मुद्दा दायर गर्न सक्ने भन्ने कुरा देवानी दायित्व अन्तर्गत पर्ने भए अनुरुपको भावना र मनसाय निगमको ऐनको दफा ५.७.१ र दफा ९.७ मा भएको देखिन्छ । त्यस्तो मनसाय वा भावनाको बिपरीत अतिरन्जित व्याख्या गरी आरोपित कसूरमा निज विपक्षीलाई अदालतबाट सफाई दिइएको देखिन्छ । तर बदनीयतसाथ अथवा जानी जानी हानी नोक्सानी पुग्ने गरी गरिएको कार्य भ्रष्टाचार जस्तो फौजदारी दायित्वभित्र पर्ने विषय हो । त्यस्तो तात्विक भिन्नताको ख्यालै नराखी निगमलाई हानी नोक्सानी भएको भए निगमले नै छुट्टै नालेस उजुर गर्न सक्ने भनी फैसला गर्नुबाट नै सो फैसला वस्तुपरक रुपमा गरिएको छैन भन्ने तथ्य छर्लङ्ग हुन आउंछ । वास्तवमा कम भन्दा कम लगानीमा निर्दिष्ट कार्य सम्पन्न गर्नुपर्ने दायित्व र कर्तव्य भएका निज प्रतिवादीले निगमलाई नोक्सान पार्ने मनसायले नै कर्मचारीहरुबाट त्यसो नगर्न रोक्नुको बावजुद पनि निगमलाई जानी जानी लाखौं लाखको नोक्सान पुऱ्याएको आधारमा नै बादी पक्षले भ्रष्टाचारतर्फ अभियोग लगाएकोतर्फ कुनै विश्लेषण वा विवेचना नै गरिएको छैन । निगमको हीत नचिताई बदनीयतपूर्वक गरेको कामबाट निगमलाई पर्न गएको नोक्सानका सम्बन्धमा दोषि पदाधिकारीउपर कारवाई चलाउन निगमकै कर्मचारीको उजूरी हुनु पर्दछ वा निगम नै उजूरीकर्ता हुनु पर्दछ भन्ने कुनै कानूनी प्रावधान नै छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (१) ले आयोगलाई कसैको उजूरी वा कुनै स्रोतबाट प्राप्त जानकारीका आधारमा अनुसन्धान तहकिकात गर्न सक्ने अधिकार दिएको तथा अख्तियार दुरुपयोग वा भ्रष्टाचार गर्ने जुनसुकै पदाधिकारीउपर आयोगले आफ्नै पहलमा मुद्दा दायर गर्न सक्ने एक संवैधानिक निकाय यस आयोग भएको समेत आधारमा निगमले नै नालेस उजुर गर्नु पर्ने भनी सफाई दिइएको उक्त फैसला त्रुटिपूर्ण छ ।

(३) प्राइस वाटर हाउस नामक कम्पनी निगमका लागि एक टेण्डरदाता हो । यथार्थमा उ व्यवसायी हो, व्यापारी हो । कुनै पनि व्यवसायी वा व्यापारी आफ्नो सेवा वापत भरिशक्य बढी से बढी रकम हात पार्न प्रयत्नशील रहेकै हुन्छ । आफ्नो सामान खरीद गर्न लगाउन, आफ्नो सेवा प्रयोगमा ल्याउन लगाउन अथवा निर्माण गर्न लगाउन प्राइस वाटर कम्पनी उद्यत वा प्रयत्नशील रहनु स्वाभाविक कुरा हो । यो उसको लागि नैसर्गिक अधिकारभित्र पर्ने कुरा हो । जहांसम्म प्राइस वाटर हाउसलाई पनि प्रतिवादी बनाइनु पर्ने अथवा निजले पनि गैरकानूनी लाभ लिएको भन्ने प्रश्न उठाइएको छ त्यसतर्फ हेर्दा भ्र.नि.ऐन, २०१७ को दफा ७(२) ले कुनै राष्ट्र सेवकले आफू वा अरु कुनै

व्यक्तिलाई गैर कानूनी लाभ दिएको, लिएको, पुऱ्याएको भन्ने कुराको तत्व आवश्यक हुदैन । अपितु सरकारी मान्यता प्राप्त कुनै संस्था वा व्यक्तिलाई गैरकानूनी हानी पुऱ्याउने बदनीयतले कार्य गरेमा सो कार्य नै यथेष्ट हुन्छ । प्रस्तुत मुद्दामा निगमलाई सोझै गैरकानूनी रुपमा हानी नोक्सानी पुऱ्याइएको छ । सो हानी पुऱ्याउने कार्य निज प्रतिवादीबाट प्रष्ट रुपमा भएको छ, प्राइस वाटर हाउस कम्पनीबाट होइन । उक्त कम्पनीको प्रत्यक्ष संलग्नताबाट निगमलाई हानी परेको नदेखिएको र सोको प्रमाणको अभाव भएबाट उक्त कम्पनीलाई प्रतिवादी नबनाइएको सम्म हो । यस्तो तथ्यको हेक्का नराखी सो कम्पनीलाई प्रतिवादी नबनाइएको भनी निज महाप्रबन्धकलाई सफाई दिएको फैसला मिलेको छैन ।

(४) फैसलामा प्रयुक्त प्रतिवादीले सम्झौता गर्दा यति रकम लिनु खानु गरेको थियो वा निजको कुस्वार्थ थियो भनी अभियोग पत्रमा उल्लेख नभएको भन्ने अर्को निर्णयाधारतर्फ हेर्दा सो कथन पनि हास्यास्पद नै देखिन्छ । किनभने भ्रष्टाचार ठहरिन खाएको रकम यकिन हुन वा निर्दिष्ट हुनु जरुरी छ भन्ने कुनै कानूनी प्रावधान नै छैन । सार्वजनिक पद धारण गरेको व्यक्तिले बदनीयत साथ गरेको गैर कानूनी कार्यबाट निजले काम गरेको संस्था वा निकायलाई गैरकानूनी हानी पुगदछ भने त्यो नै भ्रष्टाचार ठहरिन पर्याप्त आधार प्रमाण हुन्छ । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) ले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी मान्यता प्राप्त कुनै संस्थालाई गैरकानूनी रुपमा हानी पुऱ्याउने बदनीयतले नेपाल कानूनको जानी जानी पालना नगरेको कार्यलाई पनि भ्रष्टाचार अन्तर्गतको दण्डनीय कसूर मानेको छ । प्रस्तुत मुद्दामा पहिलो खामबाट प्राविधिक प्रस्ताव खोली सोको मूल्यांकनबाट आफैले सक्षम मानिसकेको मर्कण्टाईल अफिस सिष्टमको रीतपूर्वकको बोलपत्र स्वीकृत नगरी सो भन्दा रु. ४४,७२,४४७।– बढी पर्ने प्राइस वाटर हाउसको टेण्डर शर्त अनुसार नै पनि निगमको छाप नलागेकोले रीत नपुगेको टेण्डरलाई स्वीकृत गरी निज प्रतिवादीले निगमलाई रु. ४४,७२,४४७।– गैरकानूनी हानी पारी सकेको स्थितिमा गैरकानूनी हानी पुऱ्याउने बदनीयत चिताएकोसम्म मात्र नभई त्यस्तो हानी समेत पुऱ्याई नै सकेको अवस्थामा बदनीयत थियो थिएन भन्ने प्रश्न नै बांकी रहेन । विपक्षी प्रत्यर्क्षी निगममा रहिन्जेल निगमकातर्फबाट कुनै आर्थिक कारोवार गर्दा निगमको हीत चिताई कारोबार गर्नु पर्ने कर्तव्य तोकिएका जिम्मेदार पदाधिकारी हुन् । निजले निगम प्रति सोझो चिताई काम गर्ने भनी शपथ समेत खाएका छन् । निगममा कम्प्यूटर प्रणालीको स्थापना गर्ने क्रममा निगमको हीत चिताएर काम गरेको भए कम अंक बोल कबूल गर्ने प्राविधिक प्रस्तावको मूल्यांकनबाट योग्य ठहरिएको टेण्डरदाताको टेण्डर स्वीकृत गर्नु पर्दथ्यो । अथवा त्यसमा कुनै शंका वा अस्पष्टता देखिएको भए कानूनी सल्लाहकारको राय अनुरुप आफ्नो कार्यमा पारदर्शिता र स्वच्छता देखाउन पुनः टेण्डर आह्वान गर्नु वा गर्न लगाउनु पर्दथ्यो । कम अंकको टेण्डर स्वीकृत गर्न नहुने, गर्नु नपर्ने सम्मको कारण आधार निर्णयमा उल्लेख छैन । त्यसमा पनि प्राइस वाटर कम्पनीको टेण्डरमा छाप नै नभएबाट त्यसको वैधता र विश्वसनीयतामा थप प्रश्न श्रृजना भएको छ । छापै नलागेको, स्थानीय नेपाली प्रतिनिधि नभएको प्राइस वाटर हाउसको टेण्डर स्वीकृत गर्नु र त्यसको जिम्मेवारी आफैले लिने भनी निर्णय गर्नुबाट निज विपक्षी प्रत्यर्थीको सो टेण्डर स्वीकृत गर्नुको पछाडि निगमलाई गैरकानूनी हानी पुऱ्याउने बदनीयत रहेको स्पष्ट हुन्छ । भ्रष्टाचार गर्नेले रकम लिने कार्य गर्दा न त कसैलाई साक्षी राखेको हुन्छ, न त भरपाई नै गरी रकम लिएको हुन्छ । पर्दा पछाडि रहेर गरिने कार्यको प्रत्यक्ष प्रमाण नै हुदैन । रकम यकिन हुनु पर्दथ्यो भन्न खोज्नुको तात्पर्य भ्रष्टाचार हुनु रकम लिनु खानु नै गर्नु पर्थ्यो तर सो कार्य भएको छैन भनी खोंचे थाप्नु नै हो, वास्तवमा भ्रष्टाचार हुन रकम लिन खान नै पर्ने भन्ने पनि छैन ।

३.२.९. राजेन्द्रप्रसाद श्रेष्ठको उजूरीले श्री ५ को सरकार वादी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका तत्कालीन ना.सु. ढुण्डीराज पोखरेल समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

उपरोक्त मुद्दामा बिज प्रतिवादीका साथबाट कार्यालयमा रहंदा रु. ३०,०००।– नगद लिंदादिंदाकै अवस्थामा बरामद भएको समेत आधारमा भ्र.नि.ऐन, २०१७ को दफा १३ बमोजिम सजाय गर्नु पर्ने माग दावी लिई पुनरावेदन अदालत, पाटनसमक्ष आरोप पत्र प्रस्तुत गरिएको ।

(ख) मा. न्यायाधीशहरु श्यामबहादुर प्रधान र गोविन्दकुमार श्रेष्ठको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला :

फैसलामा सफाई दिइंदा मूलभूत रुपमा निम्न निर्णयाधारहरु ग्रहण गरिएको रहेछ :

(१) स्वयं जाहेरवालाको अदालतमा बकपत्र हुन नसकेको ।

(२) बरामदी मुचुल्कामा बस्ने व्यक्ति बाबुराम सापकोटाले बरामद भएको रकम स्वयं प्रतिवादीले खल्तीमा राखेको होइन भनी बकपत्र गरेको ।

(३) जाहेरवालाबाट रु. ३०,०००।– नगद प्रत्यक्ष रुपले नै लिएको भन्ने अभियोग दावी प्रतीत लायक देखिन आउदैन ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) जाहेरवालाको अदालतमा बकपत्र हुन नसकेको भन्ने आधारमा घूस लिएको रकम लिंदादिंदाकै अवस्थामा पक्राउ परेका अभियुक्तलाई सफाई दिइएको फैसला न्यायसम्मत देखिदैन । जाहेरवाला राजेन्द्रप्रसाद श्रेष्ठको बकपत्र

इन्साफको सन्दर्भमा अपरिहार्य नै थियो भने अदालतबाट मुलुकी ऐन अ.वं. ११५ नं. बमोजिमको प्रकृया अपनाई बुझ्न सकिन्थ्यो । कानूनले बुझ्न सक्ने उपरोक्त प्रकृया भने अवलम्वन नगर्ने परन्तु इन्साफ गर्दा जाहेरवालाको बकपत्र हुन नसकेको भनी प्रतिवादीलाई सफाई दिइनुबाट सो फैसला त्रुटिपूर्ण भएको छ ।

(२) फैसलामा बरामदी मुचुल्काका व्यक्ति बाबुराम सापकोटाले अदालतमा गरेको वकपत्रलाई आधार बनाइ सफाई दिएको देखिन्छ । तर निजको वकपत्रमा उल्लिखित कुराहरु मिसिल संलग्न अरु प्रमाण कागजातसंग मेलखान आएको अवस्था छैन । फैसलामा प्रतिवादी स्वयंले बरामद भएको रकम आफ्नो खल्तीमा राखेको होइन भनी बाबुरामले वकपत्र गरेको भन्ने कुरा जुन उल्लेख छ वास्तवमा यथार्थ त्यस्तो छैन । किनभने प्र. ढुण्डीराज पोखरेलको खल्तीमा पैसा राख्दाका बखत चश्मदीद व्यक्तिको रुपमा निज बाबुराम सापकोटा उपस्थित भएका थिएनन् । यदि प्रतिवादीको खल्तीबाट बरामद भएको रकम निज स्वयंले राखेका होइनन् भनी निज बाबुराम सापकोटाको भनाईलाई विश्वास गर्ने हो भने उक्त रकम प्रतिवादीको खल्तीमा अरु कसले राखेको हो त ? सो व्यक्तिको नाम, हुलिया किटान गरी अदालतमा गरेको सो वकपत्रमा लेखाउन सक्नु पर्दथ्यो । प्रतिवादी आफैले वाहेक अरुले राखेको रकम भए त्यसरी राखिदिने व्यक्तिको नाम, हुलिया खुलाई प्रतिवादी स्वयंले अदालतमा गरेको बयानमा पनि लेखाउन सक्नु पर्दथ्यो ।

(३) फैसलामा जाहेरवालाबाट प्रतिवादीले प्रत्यक्ष रुपमा रु. ३०,०००/- लिएको भन्ने कुरा प्रतित लायक देखिन नआएको भन्दै कुनै वस्तुनिष्ठ आधार बिना नै सफाई दिइएको छ । प्रतिवादी एउटा पक्ष हो जसको भनाई केवल निजी अभिव्यक्तिको रुपमा मात्र मान्नु पर्ने हुन्छ । पक्षको भनाई अन्य तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि हुनु पर्दछ । यस वाहेक स्वयं प्रतिवादीकै भनाईहरु पनि परस्परमा विरोधाभाषपूर्ण देखिन्छन् ।

(४) फैसलामा मिसिल संलग्न प्रमाणहरुको मूल्याङ्कन, विश्लेषण वा विवेचना केही भएकै छैन । वादी पक्षले अभियोग पत्रसाथ प्रतिवादी र जाहेरवाला बीचमा रिसवत रकम लिने दिने विषयमा भएको टेप वार्ताको रेकर्ड पेश गरिएको छ । सो टेपरेकर्डलाई प्रतिवादीले मौकामा बयान गर्दा आफ्नो स्वरसंग मिल्दोजुल्दो छ भनी लेखाएका छन् । निजले आफ्नो उक्त पूर्व स्वीकारोक्तिलाई अदालतसमक्ष अन्यथा प्रमाणित गर्न सकेका छैनन् । यसैगरी निज स्वयंको हस्ताक्षरयुक्त पत्र जाहेरवालाबाट दाखिला भै यी प्रतिवादीले सनाखत गरी दिएका छन् । निजले स्वयं सनाखत गरी सकेको कागज आफैमा एउटा यस्तो तथ्ययुक्त प्रमाण आधार हो, जसबाट यी प्रतिवादीले जाहेरवालासंग सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा विचाराधीन सार्वजनिक अपराध मुद्दाको सन्दर्भमा जाहेरवालालाई आफ्नो घर डेरामा बोलाई रिसवतको रकम यकीन गर्न, रकम लिनेदिने कार्य गर्नुले बदनीयतबाट प्रेरित भएर नै आफ्नै हस्ताक्षरबाट आफ्नो घर डेराको ठेगाना समेत लेखाई दिएको भन्ने कुरा स्वतः प्रमाणित हुन आएको छ । यसरी सरकारी कर्मचारीले सरकारी कामसंग सम्बन्धित व्यक्तिलाई आफ्नो घरमा बोलाउनु, घरमा आउन ठेगाना लेखेर दिनु, घरमा आएपछि रिसवत रकमको वारेमा कुराकानी गर्नु (टेपवार्ता), कार्यालयमा रहेका बखत निज प्रतिवादीका साथबाट रु. ३०,०००/- लिंदादिंदाकै अवस्थामा बरामद हुनु जस्ता परिस्थिति, प्रतिवादीका आचरण र व्यवहारहरुबाट प्रतिवादीको इन्कारी जिकिर स्वतः खण्डित भएको छ ।

३.२.१०. विशेष प्रहरी विभागको जाहेरीले श्री ५ को सरकार वादी भक्तपुर जिल्ला दधिकोट गा.वि.स. वडा नं. ७ शिकारीटार घर भै जिल्ला प्रशासन कार्यालय ललितपुरका खरिदार गणेशबहादुर श्रेष्ठ समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दवी :

प्रतिवादीहरुले आफू कार्यरत जिल्ला प्रशासन कार्यालयको कामसंग सम्बन्धित व्यक्तिबाट तिम्रो मुद्दा मिलाई दिन्छौं पैसा दिनुपर्छ भनी जितेश महर्जनबाट रु. १५,०००/- माग गरी लिएको तथ्य बरामदी मुचुल्का, साविती बयान र जितेश महर्जनको कागजातबाट समेत पुष्टि भएकोले निज प्रतिवादीहरुलाई भ्र.नि.ऐन, २०१७ को परिच्छेद २, दफा ३ को कसूरमा ऐ दफा बमोजिम सजाय र दफा २९ बमोजिम जरिवानाको माग दावी लिई पुनरावेदन अदालत, पाटनसमक्ष अभियोग पत्र प्रस्तुत गरिएको ।

(ख) मा. न्यायाधीशहरु भूपध्वज अधिकारी र मोहनप्रसाद धिमिरेको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला : यी विपक्षी प्रतिवादीको हकमा सफाई पाउने गरी फैसला गर्दा अदालतबाट लिइएका निर्णयाधारहरु संक्षिप्तमा निम्नानुसार रहेछन् :-

(१) प्रतिवादीहरु अदालतमा कसूरमा इन्कारी रहेका,

(२) प्रतिवादीहरु मुद्दाको निर्णय गर्ने निर्णायक व्यक्ति नभएको,

(३) बरामदी रकम घूसको रुपैयां हो भन्ने पूर्व जानकारी समेत नभै रकम पछि कुरा गर्ने गरी खल्तीमा राखी दिएकोसम्म देखिंदा प्रतिवादीले घूसको रकम लिएको भन्ने देखिदैन ।

(४) प्रतिवादीमध्ये रकम बरामद भएको व्यक्ति सम्बन्धित फांटवाला नभएको र सम्बन्धित फांटवालालाई घूस रकम दिएको र निजबाट बरामद भएको अवस्था नदेखिएको ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) प्रतिवादीहरुले विशेष प्रहरी विभागको अनुसन्धान अधिकृतसमक्ष स्पष्ट रुपमा साविती दिएका छन् । रकम बरामद भएको २०५५।२।४ को बरामदी मुचुल्कामा समेत प्रतिवादीहरुले रोहवरमा रही सहिछाप गरी रहेको अवस्था हुंदाहुंदै र अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुंदाहुंदै अदालतमा इन्कारी रहेको भन्ने आधारमा तथा अन्य गढाउ तथ्यको विवेचना नै नगरी यी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको छ ।

(२) प्रतिवादीहरु केही सार्वजनिक (अपराध र सजाय) मुद्दामा निर्णायक व्यक्ति देखिंदैनन् भन्ने फैसलामा प्रयुक्त कथनको सम्बन्धमा निज प्रतिवादीहरु सम्बन्धित मुद्दाको निर्णय गर्ने व्यक्ति नहुंदैमा भ्रष्टाचारको कसूर गर्दैनन् भन्ने सोच राख्न मिल्ने होइन । आफ्नो कार्यालयमा रहेको मुद्दा मिलाई दिन्छौं भनी सम्बन्धित पक्षबाट रु. १५,०००।- घूस रिसवत लिएको अवस्था छ भने निजहरु मौकैमा पक्राउ परी घूस रकम समेत बरामद भएको अवस्था छ ।

(३) बरामदी रकम घूसको रुपैया हो भन्ने पूर्व जानकारीसम्म नभै रकम पछि कुरा गर्ने गरी खल्तीमा राखी दिएकोसम्म देखिंदा प्रतिवादीले घूसको रकम लिएको भन्ने देखिंदैन भनी निर्णयाधारमा लिएको कथनतर्फ हेर्दा कार्यालयको कामको सिलसिलामा कार्यालयमा तारेखमा आएको व्यक्तिसंग रकम लिएको अवस्था छ । उक्त रकम यी प्रतिवादीहरुको पूर्व सल्लाह बिनाको अथवा आफ्नो इच्छा विरुद्धको रकम थियो भने त्यसरी पूर्व जानकारी बिना प्राप्त रकमका बारेमा आफ्नो कार्यालयको प्रमुख वा शाखा प्रमुखसमक्ष मौकैमा सूचना वा जानकारी दिई इमान्दारिता प्रदर्शित गर्नु पर्दथ्यो । पारिश्रमिक बाहेकको उक्त रकम के बापत लिइएको हो प्रतिवादीले खुलाउन सकेको नदेखिएबाट उक्त रकम घूस बापत नै लिएको भन्ने देखिन्छ । यसरी घूस बापतको रकम भनी पहिले नै मुद्दासंग सम्बन्धित पक्ष जितेश महर्जनबाट लिएको कुरा स्पष्ट हुंदाहुंदै घूस रकम भनी पूर्व जानकारी नभै रकम लिएको भन्ने हास्यास्पद तर्कका आधारमा प्रतिवादीलाई सफाई दिइएकोछ ।

(४)प्रतिवादीमध्ये रकम बरामद भएको व्यक्ति सम्बन्धित फांटबाला नभएको र सम्बन्धित फांटवालालाई घूस रकम दिएको र निजबाट बरामद भएको अवस्था नदेखिएको भन्ने अर्को कथन हेर्दा मुद्दा फांटमा संगै काम गर्ने गणेश बहादुर श्रेष्ठ र नागरिकता शाखामा काम गर्ने दुर्गाराज महर्जन दुवैको सल्लाहबाट मुद्दाको सम्बन्धित पक्ष जितेश महर्जनबाट घूस रकम लिएको कुरा निजहरुले बरामदी मुचुल्का, विशेष प्रहरी विभागमा गरेको बयान र जितेश महर्जनको बयानबाट समेत प्रमाणित भै रहेको अवस्थामा सम्बन्धित फांटवालासंग घूस रकम बरामद भएको नदेखिएको र बरामद भएको व्यक्ति फांटवाला नभएको भनी सफाई दिएको विषय तर्कसंगत देखिंदैन ।

३.२.११. कृष्णप्रसादको जाहेरीले श्री ५ को सरकार वादी नारायणकृष्ण खतिवडा समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

यसमा बाजुरा जिल्ला पिलुचौर झोलुंगेपुल निर्माण आयोजनामा कार्यरत इन्चार्ज ओ.सि. नारायणकृष्ण खतिवडा र सह लेखापाल माधवप्रसाद रेग्मीले रु. २५,०००।- भन्दा बढीको निर्माण कार्य गर्दा गराउंदा टेण्डर आह्वान गर्नु पर्नेमा नगरी ठे. मुरारीप्रसाद न्यौपाने समेतको नाउंमा कोटेशन स्वीकृत गरी निर्माण कार्य गरे गराएको, खर्च भएर नजाने बांकी रहेका सामान अधिकारिक निकाय वा व्यक्तिलाई नबुझाएको, लगत इष्टिमेटभन्दा बढी खर्च देखाएका भए तापनि निर्माण कार्य पूरा नभई अधुरो र न्यून गुणास्तरको भएको, प्राप्त निर्माण सामग्री पूरै प्रयोग नगरेको समेतबाट निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा ८ को कसूरमा सोही दफा र दफा २९(१) बमोजिम सजाय समेत गरी पाउन माग दावी लिई मुद्दा दायर गरिएको ।

(ख) मा. न्यायाधीशहरु लोकेन्द्र मल्लिक र आत्माराम भट्टराईको इजलासबाट पुनरावेदन अदालतको फैसला :

यस मुद्दामा पुनरावेदन अदालतबाट निम्न बुंदालाई निर्णयाधार मानी फैसला भएको देखिन्छ :

(१) प्रतिवादीहरु पूर्ण इन्कार रहेको ।

(२) २०३९ सालमा पुल तयार भएकोमा २०४५ सम्ममा सिमेन्टको गुणास्तर परीक्षण गर्दा यकीन हुन नसक्ने ।

(३) खर्च भएर नजाने सामान नबुझाएको भए कानूनी प्रकृयाद्वारा बुझाउन लगाउन सकिने ।

(४) ल.ई. भन्दा बढी खर्च देखाई भुक्तानी दिएकोमा समयको अन्तरालमा बजार भाउ एकै रहन नसक्ने र अति दुर्गम स्थानमा ल.ई. भन्दा बढी लागेको कुरालाई भ्रष्टाचार मान्न नमिल्ने ।

(५) प्रतिवेदन गर्ने मानिसलाई उपस्थित गराउन नसकेको ।

(६) कोटेशन माग गरी टेण्डर नगरिएकोलाई अनियमित भने पनि भ्रष्टाचार भन्न नमिल्ने ।

(ग) पुनरावेदन गरिएको कारण :

(१) सेती अंचल बाजुला जिल्लाको पिलुचौर (कर्णाली नदीमा) झोलुंगेपुल निर्माण आयोजनाका इन्चार्ज प्रतिवादी नारायणकृष्ण खतिवडा र सह लेखापाल प्रतिवादी माधवप्रसाद रेग्मीले पुल निर्माणार्थ इष्टमेट रकमभन्दा बढी रकम खर्च गरेको कुरामा इन्कार गरेका छैनन् । त्यसरी इष्टिमेटभन्दा बढी रकम खर्च भएपनि पुलको निर्माण कार्य पूरा नभएको कुरा प्रतिवादी नारायणकृष्ण खतिवडाको अनुसन्धानको क्रममा भएको बयान (स.ज. १२ ह १९ समेत) बाट खुल्न आएको छ । त्यसरी पुलको निर्माण कार्य गर्दा गराउंदा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०२६ को नियम

२२ बमोजिम टेण्डर आह्वान गरी गर्न गराउनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था हुंदा हुंदै प्रचलित कानूनको जानी जानी पालना नगरी कोटेशनद्वारा निर्माण गरिएको कुरामा पनि तीनैजना प्रतिवादीहरु साबित छन् । प्रतिवादी नारायणकृष्ण खतिवडाको मौकाको बयानमा आफूले जिम्मा लिएको थियोडोलाइट समेत तथा खर्च भएर नजाने सामान अधिकार प्राप्त अधिकारी वा निकायलाई बुझाएको भनी भन्न सकेका पनि छैनन् । यस स्थितिमा प्रतिवादीहरु कसूरमा पूर्ण इन्कार रहेका भन्ने फैसला बुंदा निराधार र तथ्यहीन देखिन आउंछ ।

(२) सो पिलुचौर झोलुंगे पुलको निर्माण कार्य स्तरयुक्त नभएको भनी स्वीस प्राविधिकले रिपोर्ट दिएको र सन् १९८२।१२।८, ९, १० मा निरीक्षण भई तयार मिसिल संलग्न प्रतिवेदनबाट पनि सो झोलुंगे पुलको निर्माण कार्यमा अनियमितता भएको खुल्न आएको छ । मिति २०४१।१२।३० मा ओ.सि. उदयराज सुवेदीले पेश गरेको नापी प्रतिवेदन र मुचुल्काको आधारमा तत्काल श्री ५ को सरकारका सेवामा बहाल रहेका इञ्जीनियर समरबहादुर खनालले निकालेको उक्त पुल निर्माणमा लागेको वास्तविक खर्च, हिनामिना सामाग्रीको मूल्य आदि बमोजिम यी प्रतिवादीहरुले रु. ६,८४,१८६।१४ बराबरको रकम श्री ५ को सरकारलाई हानी नोक्सानी र आफूलाई गैर कानूनी फाइदा पुऱ्याएका आधारमा अभियोग दावी लिइएको हो । समरबहादुर खनालको प्रतिवेदन २०४५ सालको भए पनि सो प्रतिवेदनमा उल्लिखित लागत खर्च र हिनामिना भएको रकम एवं भएको कामको मूल्यांकन स्थल जांच र मिति २०४१।१२।३० मा ओ.सि. उदयराज सुवेदीले स्थलगत रुपमा गरेको विस्तृत जांच नापी प्रतिवेदन र मुचुल्कामा आधारित छ । सो कुरा समरबहादुर खनालको प्रतिवेदनको पेटबोलीबाट देखिएको छ ।

(३) प्रतिवादीमध्ये नारायणकृष्ण खतिवडा र माधवप्रसाद रेग्मीले आयोजनाको लागि प्राप्त खर्च भएर नजाने बांकी रहेका सामानहरु नबुझाई बांकी राखेको तथ्यमा प्रतिवादीहरु साबित नै रहेका र फैसलामा पनि खण्डित हुन नसकेको अवस्था छ । बुझाउनु पर्ने सामान नबुझाएकोबाट सरकारलाई हानी नोक्सानी पुगेको छ । यी प्रतिवादीहरुले जानी जानी आफूलाई फाइदा र श्री ५ को सरकारलाई बदनीयतसाथ हानी नोक्सानी पुऱ्याउने कार्य गरेको प्रमाणित भै रहेको छ । आम्दानी सम्म नबांधी नोक्सानी पुऱ्याएको प्रष्ट देखिएकोमा आफूलाई गैरकानूनी लाभ गरेको बिगो सम्बन्धित व्यक्तिबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(१) बमोजिम बिगो असूल गर्न सकिने कानूनी व्यवस्था हुंदाहुंदै कानूनी प्रकृयाद्वारा बुझाउन लाउन सकिने भनी सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(४) यस पुल निर्माण कार्यमा रु. १६,४४,०३९।५० खर्च देखाइएको तर कामको मूल्यांकनबाट रु. १०,५२,२५३।४० मात्र खर्च देखिन आएको तथ्य प्रष्ट छ । यस्तो तथ्यलाई वास्तै नगरी प्रतिवादीलाई सफाई दिन वादीले दावी नलिएको प्रतिवादीले जिकिर नगरेको बुंदा आत्मनिष्ठ आधारमा उठाई ल.ई. भन्दा बढी खर्च देखाई भुक्तानी दिएकोमा समयको अन्तरालमा बजार भाउ एकै रहन नसक्ने र अति दुर्गम स्थानमा ल.ई. भन्दा बढी लागेको कुरालाई भ्रष्टाचार मान्न नमिल्ने भनी भएको फैसला त्रुटीपूर्ण छ ।

(५) प्रतिवेदन गर्ने मानिसलाई उपस्थित गराउन नसकेको भन्ने बुंदालाई सफाईको निर्णयाधार मानिएकोतर्फ हेर्दा प्रतिवेदक इञ्जीनियर समरबहादुर खनाल र ओ.सि. उदयराज सुवेदी तत्काल बहालवाला सरकारी कर्मचारी भन्ने कुरामा द्विविधा छैन । विशेषज्ञको पदमा रहेको हैसियतले निजहरुलाई पुल निरीक्षणको प्रतिवेदन पेश गर्ने कार्यमा खटाइएको हुंदा सोही अनुसार कर्तव्य पालनाको सिलसिलामा प्रेषित प्रतिवेदन प्रमाण ऐन, २०३१ को दफा २० बमोजिम प्रमाणमा लिनु पर्ने कुरा स्वतः सिद्ध छ । यस्तोमा प्रतिवेदकहरुलाई उपस्थित गराउन नसकेको भनी लिखत प्रमाणले पुष्टि भै सकेको तथ्यलाई थप मौखिक प्रमाण खोज्नुले कानूनतः फैसला त्रुटिपूर्ण हुन गएको छ ।

(६) मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरुले करीब रु. १६,४४,०३९।५० को निर्माण कार्य गरे गराएको देखिन्छ । त्यसमा पनि प्रतिवादीमध्येका मुरारीप्रसाद न्यौपानेले गरेको निर्माण कार्यको लागत ४ लाख जति देखिन आएकोछ । सो निर्माण कार्य प्रतिवादीहरुले कोटेशनबाट लिने दिने गरी गरे गराएको र सोही अनुसार रकम भुक्तानी लिएको कुरा अदालतमा बयान गर्दा समेत स्वीकारेका छन् । अदालतको फैसलामा समेत यो तथ्य खण्डित हुन सकेको छैन । तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०२६ को नियम २२ मा निर्माण कार्य रु. २५ हजारभन्दा बढी लागतको भए टेण्डर आह्वान गरी गर्नु गराउनु पर्ने गरी स्पष्ट कानूनी व्यवस्था भएको पाइन्छ । सो कानूनी व्यवस्था अनुसार नगरी कोटेशनबाट अझ त्यो पनि सूचना प्रकाशित नगरिकनै निर्माण कार्य गर्न गराउन पाउने छूट यी प्रतिवादीलाई भएको देखिदैन । तोकिएको प्रकृया पूरा नगरी आफ्ना गठमतका मानिससंग मिलेमतो गरी निर्माण गरेको भनिएको पुलको निर्माण पूर्णरुपमा सम्पन्न हुन सकेको देखिदैन र भएको काम पनि गुणस्तरहीन भएकोबाट समेत सरासर श्री ५ को सरकारलाई गैर कानूनी हानी, आफू र अरुलाई गैर कानूनी लाभ पुऱ्याउने बदनीयतले नेपाल कानून जानी जानी पालना नगरेको र श्री ५ को सरकारसंग गरेको शपथ, सरकारी सुविधा, अधिकारको दुरुपयोग गरी हानी नोक्सानी पुगेकोमा विवाद नहुंदा प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र ८ को कसूर गरेको स्पष्ट छ ।

३.२.१२. श्री ५ को सरकार वादी दुग्ध विकास संस्थानका तत्कालीन नि. महाप्रबन्धकसमेत प्रतिवादी भएको मुद्दा ।

क) शुरु मागदावी:

दुग्ध विकास संस्थानले भारतबाट आयात गरेको धूलो दूध न्यून दूषित भएकोले संस्थानका महाप्रवन्धक लगायतउपर भ्रष्टाचारमा कारबाई गरिपाउन पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको ।

ख) मा. न्यायाधीशहरु प्रमोद विजयी र दामोदरपुरुष ढकालको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला :

प्रस्तुत मुद्दामा प्रतिवादीहरुले सफाई पाउने गरी फैसला हुंदा निम्नानुसार निर्णयाधारहरु ग्रहण गरिएको रहेछ :

(१) प्रतिवादीहरु आरोपित कसूरमा पूर्णतया इन्कार रहेका तथा वादी पक्षले स्पष्ट किटानसाथ अभियोग लगाउन असफल रहेको ।

(२) सम्पूर्ण दूध विशेषज्ञबाट परीक्षण नै नगराई केको आधारमा सम्पूर्ण दूध कम गुणस्तरयुक्त छ भनिएको हो ? भन्ने कुरा खुलाएको नदेखिएको ।

(३) संस्थानको हानीनोक्सानी भएको भन्ने वादीले दावी लिएको बिगो कालोबजार मुद्दामा र मध्यस्थताबाट हुने निर्णयबाट असूलउपर हुन सक्ने सम्भावना विद्यमान रहेको देखिएको ।

(४) कसैउपरको दोषारोपण वा अभियोग सबूत प्रमाणबाट पुष्टि भएको हुनु पर्दछ, अनुमान वा शंकाको भरमा मात्र कसूरदार ठहऱ्याउनु फौज्दारी न्यायको सिद्धान्त प्रतिकूल हुने ।

(५) वादी पक्षले सम्बन्धित ढुवानीकर्ता र विशेषज्ञहरुउपर अभियोग लगाउन नसकेको ।

(ग) पुनरावेदन गरिएका कारण :

(क) फैसलामा प्रयुक्त पहिलो कथनतर्फ हेर्दा भ्रष्टाचारका आरोपका सन्दर्भमा अभियुक्तहरुको इन्कारी बयान वा भनाईलाई तथ्यगत प्रमाण मान्न मिल्दैन । किनभने अभियुक्तहरुको इन्कारी बयान स्वयंमा प्रमाण होइन । अर्कोतिर अभियुक्त स्वयं चूप रहन सक्ने सर्वमान्य न्यायिक सिद्धान्त रही आएको छ भने हाम्रो वर्तमान संविधानले पनि आफ्नो विरुद्धमा बयान दिन कर नलाग्ने गरी फौज्दारी हकको प्रत्याभूत गरी दिएको पाइन्छ । यस्तो सर्वमान्य न्यायिक सिद्धान्त एवं सम्वैधानिक रुपमा प्रत्याभूत गरिएको फौज्दारी हकको आधारमा अभियुक्त चूप रहेकै स्थितिमा समेत अन्य सबुद प्रमाणको विवेचना गरेर मात्र इन्साफ गर्नु पर्ने हुन्छ भने प्रस्तुत भ्रष्टाचारको आरोपमा पदीय हैसियतले तथा सम्झौता अनुरुप निर्वाह गर्नु पर्ने कर्तव्य निर्वाह गरे नगरेको कुरातर्फ मौन रहेर अभियुक्तको इन्कारी बयानलाई उजागर गरी सोही बयानलाई निर्णयाधारको रुपमा लिइएको फैसला स्वयंमा त्रुटिपूर्ण छ ।

(२) के को आधारमा सम्पूर्ण दूध कम गुणस्तरको छ भनिएको हो ? खुलाएको नदेखिएको भन्ने फैसलाको अर्को कथन छ । सो कथन पनि स्वयंमा हास्यास्पद एवं अस्वाभाविक देखिन्छ । कुनै पनि खाद्यवस्तुमा कम गुणस्तर वा मिसावटयुक्त छ भन्ने देखिए पछि सर्वप्रथम त्यसलाई बरामद गर्ने वा कब्जामा लिने प्रयास हुन्छ । ठूलो परिमाणको वस्तुको परीक्षण गर्नु पर्दा सर्वमान्य सिद्धान्तको आधारमा Sample लिइने विश्वव्यापी प्रचलन छ । विवादास्पद कुनै चीजको समूहगत (Bulk) विषयको गुणस्तर परीक्षण गर्ने, गुणस्तर नाप्ने सर्वमान्य सिद्धान्त नै Sample लिनु हो, तदनुरुप नै प्रस्तुत मुद्दाको सन्दर्भमा विभिन्न दूधका पोकाहरुबाट प्रचलित कानूनको रीत पुऱ्याई संस्थानका सम्बन्धित कर्मचारी समेतका रोहवरमा Sample लिएर मात्र परीक्षण गरिएको छ र सो आयातित दूध कम गुणस्तरको थियो भन्ने कुरा सो दूधको केही मात्रा खांदा गुलियो भएको, ग्लुकोज जस्तो देखिएको साथै पानीमा घुलनशील हुन नसकेको भनी संस्थानका प्राविधिक (डेरी ब्वाई) राजगोविन्द राजकर्णिकारले मौकामा उल्लेख गरेका छन् । निज बाहेक संस्थानकै कर्मचारी सीता पाण्डे तथा केन्द्रीय खाद्य अनुसन्धानशालाका खाद्य अधिकृत रमेश चित्रकार समेतले मौकामा र जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा गरेको बकपत्रमा सो दूध मिसावट युक्त देखिएको भनी किटान साथ उल्लेख गरेका छन । विश्वमा नै Random System कै आधारमा Sample लिने परिपाटी छ । यस बाहेक प्रचलित कानूनमा पनि बरामद भएको वा कब्जामा लिएको जति सबै वस्तुको पूरै परीक्षण गराउनु पर्ने कुनै बाध्यात्मक कानूनी प्रावधान पनि छैन । सयौं मे.टन धूलो दूधको प्रत्येक पोकाबाट Sample लिएर परीक्षण गराउनु सम्भव हुने कुरा पनि होइन । हाम्रो न्यायिक कारवाईमा बरामद भएजति सबै परिमाणको नमूना जांच गर्ने पर्ने गरी अदालतहरुबाट खोजी नीति नै हुने गरेको पनि थिएन । अदालतबाट मौकामा सबै दूध परीक्षण भएको कुराको प्रतिवेदनको माग गरिएको पनि छैन । त्यस्तै बांकी पोकाका दूधहरु जंचाउन अदालत स्वयंले पनि सक्नेमा त्यसतर्फ अदालतले कुनै पहल गरेको देखिदैन । परीक्षण गरिएको वाहेकका अन्य पोकाका दूध मिसावटयुक्त छैनन् भनी प्रतिवादीहरुले जिकिर लिएका पनि छैनन् । सो फैसला गर्नु पूर्व नै सबै दूधको परीक्षण प्रतिवेदन इन्साफको रोहमा अपरिहार्य नै थियो भने अदालत स्वयंले सो सबै दूधको परीक्षण गर्न सक्ने अवस्था रहेकै थियो । यसरी प्रमाण बुझ्नेतर्फ आवश्यक नठानिएको विषयलाई फैसलामा प्रश्न उठाइएको अपितु संस्थानका प्राविधिक कर्मचारी र केन्द्रीय खाद्य अनुसन्धानशालाका अधिकृत समेतले जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा किटान साथ गरेको बकपत्र सहितको सक्कल मिसिल प्रमाणको रुपमा उक्त अदालतबाट झिकाइनु तर सो बकपत्रहरुलाई भने फैसलामा उल्लेख नगरिनु, इन्साफमा प्रमाणको रुपमा पनि नलिनु, सो पुनरावेदन अदालतले उक्त मिसिल जिल्ला प्रशासनबाट झिकाएर पनि त्यस बारेमा आफ्नो फैसलामा भने कुनै कुरा उल्लेख नगर्नु जस्ता कार्यबाट सो फैसला वस्तुनिष्ठ छ भन्न कदापि सकिदैन ।

(३) संस्थानको हानी नोक्सानी भएको भनी वादीले दावी लिएको बिगो कालो बजार मुद्दामा र मध्यस्थताबाट पनि निर्णय हुने भन्ने फैसलामा प्रयुक्त अर्को कथनबाट प्रस्तुत मुद्दामा स्वयं अदालतबाट आवश्यक प्रकृया सबै अपनाई सकेपछि मात्र फैसला गर्नुमा भन्दा पनि हतारमा फैसला गरिएको त हैन ? भन्ने थप प्रश्न उक्त फैसलाको सो कथनबाट इंगित हुन आएको छ । मिति २०५३।३।१३ मा सम्झौता गरी क्रमशः १०० मे.टन तथा १६० मे.टन धूलो दूध खरीद गरेको र स्थानीय प्रतिनिधिमा सुनित माथुर नियुक्त भएको,उपरोक्त परिमाणको दूध खरीदको सिलसिलामा भारत पठाइएको टोलीले डेली फुड्स इण्डियाको स्थलगत निरीक्षण समेत गरी मिति २०५३।३।११ मा दिएको प्रतिवेदनमा उल्लिखित निम्न व्यहोरा हेर्दा सो दूध खरीद गर्न मिल्ने आधार नै देखिदैन :

- कारखाना सञ्चालनमै नरहेको,
- पुराना अर्डरको दूध आपूर्ति गर्नलाई मात्र पनि पर्याप्त स्टक नरहेको,
- टोलीलाई कम्पनीको performance certificate हरु सम्म पनि देखाउन नसकेको ।

संस्थानको आफ्नै खर्चमा पठाइएको टोलीले दिएको प्रतिवेदनको बेवास्ता गरेर प्रतिवेदन बिपरीत विपक्षी दूग्ध विकास संस्थानका पदाधिकारीहरुले सम्झौता गरेबाट सो सम्झौता दुराशयपूर्ण भएको प्रष्ट छ । यसैगरी दूध खरीदको बोलपत्रमा महत्वपूर्ण Pre-requisite को रुपमा रहेको Radio activity free certificate निज विपक्षी प्रतिवादी सुनित माथुर प्रतिनिधि रहेको डेली फुड्सले बोलपत्र साथ पेश गरेको नदेखिएको, टेण्डर मूल्यांकन समितिले पेश गरेको वा औंल्याएको विषयहरुलाई बेवास्ता गरी निजको बोलपत्र स्वीकृत गरिनुबाट त्यसै पार्टीको बोलपत्र स्वीकृत गर्ने मनसाय राखी सम्झौता गरिएको हुंदा सो कार्यमा भ्रष्टाचार भएको तथ्य स्वतः पुष्टि हुन्छ । यसवाहेक ३१ डिसेम्बर १९९६ मा मात्र सम्झौता भएको धूलो दूधको परिमाणबारे सम्झौता मिति अगावै अर्थात् ३१ अक्टोवर १९९६ र १९ डिसेम्बर १९९६ मै भारतको Bhabha Atomic centre बाट दुईवटा प्रमाणपत्रहरु कसरी जारी भएका हुन् ? ती प्रमाणपत्रहरुलाई संस्थानले के कति आधारमा मान्यता दिएको हो ? यी प्रतिवादीहरुबाट खुल्न नआएको अवस्थामा अदालतबाट पनि उक्त प्रमाणपत्रको मान्यता वा औचित्यबारे प्रश्न गरेको देखिएन । यसै गरी विवादास्पद दूध खरीदको प्रकरणहरु हेर्दा निर्धारित शर्तहरुको आधारमा सम्झौता भइसकेपछि सोही शर्त अनुरुपको सर्टिफिकेट लिने काम नगरी दूध सप्लाई गर्ने पार्टीलाई भ्रष्टाचार ठहरिने बदनीयतजन्य कार्यलाई अरु सरल र सहज तुल्याउने किसिमबाट Ministry of Food Processing Industries बाट Pre-shipment analysis certificate दिने गरी शर्त परिवर्तन गर्नु, सो शर्त परिवर्तनवारे संचालक समितिलाई जानकारी समेत नदिनुबाट नै यी विपक्षी प्रतिवादीहरुबाट बदनीयतपूर्वक भ्रष्टाचारजन्य कार्य गरिएको भन्ने कुरा तथ्यहरु स्वयंले प्रमाणित गरी राखेका छन् । यथार्थमा कुनै पनि सम्झौता स्वयंमा दुई पक्षको लागि बन्धनकारी दस्तावेज हो । त्यस्तो बन्धनकारी दस्तावेजरुपी सम्झौताको बिपरीत कार्य गर्नुबाट निज प्रतिवादीहरुको बदनीयत स्वतः उजागर हुन आएको छ । यी सबै कुराहरुलाई विश्लेषण गर्दै न्यायको मन्दिर रुपी अदालतको शरणमा गै वादी पक्षले न्याय दिलाउन माग गरिसकेपछि विवादित तथ्यका सन्दर्भमा प्रस्तुत प्रमाण कागजातहरुलाई प्रमाणको कसीमा घोटेर दूधको दूध पानीको पानी हुने गरी इन्साफ गर्नु पर्ने आफ्नो दायित्वबाट पन्छिएर बिगोतर्फ अन्य विकल्पबाट असूल हुने भनी न्यायकर्ताले फैसला गर्नुबाट नै सो फैसला सतही छ भन्ने तथ्य स्पष्ट हुन्छ । अन्य निकायमा चलेको मुद्दालाई नै बिगो असूलीको बलियो आधार मान्न कदापि मिल्दैन ।

(४) प्रस्तुत भ्रष्टाचारको मुद्दामा प्रतिवादीहरुउपर वादी पक्षले केवल अनुमान र शंकाको भरमा अभियोग लगाएको होइन र छैन पनि । किनभने वादी पक्षले तथ्ययुक्त रुपमा ठोस प्रमाणकै आधारमा यी विपक्षी प्रतिवादीहरुउपर अभियोग दावी लिएको छ । प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजातहरु गहन रुपमा अध्ययन गरी हेर्दा जिम्मेदार तहमा काम गर्ने दुग्ध विकास संस्थानको संचालक समितिका तत्कालीन अध्यक्ष प्रतिवादी देवेन्द्र झा, निमित्त महाप्रवन्धक गव्यनाथ पन्त तथा सो दूध सप्लाई गर्ने प्रो. राकेशकुमार निजको स्थानीय प्रतिनिधि सुनित माथुर र प्रो. शिवशम्सेर राणा सबै प्रतिवेदकहरुको एक आपसमा मिलेमतो रहेको भन्ने कुरा यी सबै प्रतिवादीहरु प्रत्येकको भूमिका र संलग्नताको श्रृंखलाहरु एकपछि अर्को कडीको रुपमा जोडिन गएबाट प्रष्टै हुन्छ । दुवै पक्षबाट अनुबन्धित दस्तावेजमा उल्लिखित शर्तहरु बिपरीत पछि अरु शर्तहरु परिवर्तन गर्नु र सो संशोधित शर्तले दूध सप्लाई पार्टीलाई सहज अनुकूल परिस्थिति श्रृजना गर्न मद्दत पुऱ्याइएबाट यी प्रतिवादीहरुबाट बदनीयतसाथ भ्रष्टाचारजन्य कार्य गरेको तथ्यगत रुपमा प्रमाणित हुंदा हुंदै पनि सो तथ्यको विवेचना नै नगरिकन आरोपित कसूरमा प्रमाणको गलत व्याख्या एवं गलत मूल्यांकन गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(५) वादी पक्षले ढुवानीकर्ता र विशेषज्ञहरुउपर अभियोग लगाउन नसकेको भनी फैसलामा प्रयुक्त अर्को कथनले प्रस्तुत फैसला आफैमा विरोधाभासपूर्ण छ भन्ने तथ्य पुष्टि हुन्छ । किनभने एकातिर बिगो दावीतर्फ इन्साफमा नबोली अर्कै मुद्दाबाट हेर्न मिल्ने भनी निर्णय भएको छ भने अर्कोतर्फ ढुवानीकर्ता समेतलाई अभियोग नलगाएको कुरा उल्लिखित छ । ढुवानीकर्ता सामान ओसार पसार गर्ने व्यवसायिक व्यक्ति हो । यस्तै विशेषज्ञउपरको आरोपले प्रस्तुत मुद्दामा अन्य प्रतिवादीका हकमा लिइएको दावी समर्थित हुने होइन । एकातिर अवैध सामान जानी जानी

ढुवानी गरेको अवस्था विद्यमान छैन भने अर्कोतिर प्रस्तुत मुद्दाको विवादित तथ्य पनि फरक छ । दूध सप्लायर्सले बदनीयतसाथ मिसावट युक्त दूध राखी ढुवानी गराएको भन्ने पूर्व जानकारी ढुवानीकर्तालाई थियो भन्ने कुराको प्रमाणको अभावमा निजउपर र बिना आधार हचुवाको भरमा दावी लिंदा निश्चय पनि न्यायसम्मत कार्य हुन जादैनथ्यो । अर्को कुरा ढुवानीकर्ता र विशेषज्ञलाई मुद्दा चलाउनु पर्नेसम्मको कारण न्यायकर्ताहरुले फैसलामा खुलाउनु भएको पनि छैन । जुनकुरा यी प्रतिवादीहरुलाई सफाई दिनु पर्दा खुलाउनु उत्तिकै जरुरी हुन्छ ।

(६) यसै गरी प्रतिवादीमध्येका शिवशम्सेरलाई पनि अदालतमा इन्कार रहेकै भरमा सफाई दिइएको छ । निजले बयान गर्दा पावर पार्टस् इन्टरनेशनल कम्पनी भनी आफूले दर्ता गराए पनि त्यसमा कारोवार भने आफूले नगरेको भन्ने कुरा उल्लेख गरेका छन् जो सर्वथा विश्वासयुक्त छैन । उक्त कम्पनीको चिफ एक्ज्यूकेटिभ जस्तो जिम्मेदारीपूर्ण पदमा रहेका निज प्रतिवादीले आफ्नो कम्पनीबाट मिसावटयुक्त दूध आपूर्ति गरिंदा उत्पन्न हुने कानूनी परिणामबाट उन्मुक्ति पाउन सर्वथा मिल्ने होइन । यसवाहेकका निज प्रतिवादी शिवशम्सेर, सुनित माथुरका पार्टनर सरहकै व्यक्ति हुन्, किनभने सो कम्पनीबाट कर्मचारीको रुपमा पाउने सुविधा बाहेक वार्षिक रुपमा कम्पनीले आर्जन गरेकोमध्येबाट निश्चित प्रतिशतमा हिस्सा लिनखान पाउने गरी सम्झौता वा सहमति भएको कुरा निजले आफ्नो मौकाको बयानहरुमा उल्लेख गरेका छन् । पार्टनरशीपको अर्थ कम्पनीको साझेदारीमा समान दायित्व रहनु भन्ने नै हो । पार्टनरसीपमा कारोवार गर्दा नाफा नोक्सानको दायित्व दुवै बराबर हुन्छ भन्ने सर्वमान्य सिद्धान्तको वेवास्ता गरी कम्पनीकाउपर भैपरी आउने कानूनी दायित्व रुपी कसूरका हकमा कुनै एकजना मात्र जवाफदेही हुन्छ भन्ने धारणा बनाई निज प्रतिवादीलाई सो दायित्वबाट उन्मुक्ति दिन मिल्ने होइन । मिसावटयुक्त दूध आपूर्ति गर्ने कम्पनीका एक्जुकेटिभ चिफ एवं पार्टनर समेतको हैसियतले सो दूध आपूर्ति गरेको कार्यमा संलग्नता छ । अतः संझौता बिपरीत संस्थानलाई नोक्सान पारी आफूहरुलाई गैरकानूनी रुपमा फाइदा पुऱ्याउने कार्य गर्ने गराउने कसूरमा संलग्न प्रतिवादी शिवसम्शेर के कति आधारमा के कसरी निर्दोष ठहरिए ? जबकि उनकै पावर पार्टस इन्टरनेशनल कंपनीले बदनीयत साथ मिसावटयुक्त दूध सप्लाई गरेको तथ्य प्रष्ट भैरहेको छ ।

(७) यसैगरी प्रतिवादी नि.महाप्रवन्धक गव्यनाथ पन्तका हकमा पार्टीले मिसावटयुक्त दूध आपूर्ति गरेको थाहा पाएपछि जिल्ला प्रशासन कार्यालयमा कालो बजारतर्फ मुद्दा दिएको आधारमा निजको बदनीयत रहेको नदेखिने भनी गरिएको फैसला कानूनसम्मत छैन । वास्तवमा मुद्दा दायर गरेपछि संस्थानका कर्मचारी तथा पदाधिकारीहरु आफ्नो दायित्वबाट प्रस्तुत विवादबाट उन्मुक्ति पाउंछ भन्न मिल्ने होइन । यहांनेर मननयोग्य कुरा के छ भने पार्टीसंग मिलेमतो गरी विभिन्न प्रलोभन तथा मोलाहिजामा परी कम गुणस्तरयुक्त तथा कमसल दूध पाउडर खरीद गर्ने र यसमा मिसावट भएको भन्ने जानकारीमा आएको नाटक रची सो कुरा सार्वजनिक भै आफ्नो भेद खुल्ने र कारवाईमा परिएला कि भन्ने मानसिक भय एवं त्रास र डरबाट ग्रसित भै हतारहतार पार्टीलाई अभियुक्त बनाई कालो बजारतर्फ उजूरी गरी भ्रष्टाचारको केशलाई बङ्ग्याउन खोजिएको तथ्यलाई नकार्न सकिदैन । यसैगरी निज गव्यनाथ पन्तले विवादास्पद दूध खरीदमा आफू र डेली फूड्स इन्डियालाई गैर कानूनी लाभ पुऱ्याउने र आफू कार्यरत संस्थानलाई हानी पुऱ्याउने बदनीयतले काम कारवाही गरेको कुरा मिसिल संलग्न तथ्यहरुले पुष्टि गरी सकेका छन् ।

(८) यसैगरी प्रतिवादी देवेन्द्र झाले विवादास्पद दूध खरीद गर्न स्वस्थ्य एवं यथेष्ट रुपमा प्रतिस्पर्धा नै नगराएको मात्र नभई अन्य उपयुक्त प्रकृयाको अवलम्वन समेत गरेका छैनन् । संस्थानले यस पूर्व खरीद गरेको दूधको हकमा पनि निजले ठाडो तोक आदेशबाट १६० मे. टन दूध खरीद गर्न लगाएका छन् । सो धूलो दूधको गुणस्तर आदिका सम्बन्धमा सो दूध उत्पादन गर्ने डेली फुड्स इन्डियाको कारखाना निरिक्षण गरी दिइएको प्रतिवेदनमा शंकाहरु व्यक्त गरिएका छन् । आफैले खटाएको संस्थानको प्राविधिक टोलीले स्थलगत निरिक्षण गरी संस्थानमा पेश गरेको प्रतिवेदनको पूर्णतः वेवास्ता गरी सो कम गुणस्तरको दूध खरीद गर्न निजबाट तोक आदेश हुनु समेतबाट दूध आपूर्ति कर्ता एवं कम्पनीको अनुचित प्रभावमा परेर प्रस्तुत खरीदमा पनि पूर्व प्रपञ्च रची निजले दूध खरीद गराएको स्पष्ट भइरहेको, यसरी बदनीयतसाथ आफूले स्टोर गरी सो दूधहरु राख्न नसक्ने, परीक्षण गर्न आफ्नो क्षमताले नभ्याउने र Expiry date भन्दा अगावै उपयोग गर्न नसक्ने परिमाणमा दूध खरीद गर्न लगाई प्रतिवादीहरुसंगको मिलेमतोमा संस्थानलाई गैरकानूनी रुपमा नोक्सान पुऱ्याइएको भन्ने कुरा स्पष्ट छ ।

३.२.१३. मंगले कान्छा समेतको उजूरीले श्री ५ को सरकार वादी का.जि.थानकोट गा.वि.स. वडा नं. ४ बस्ने नापी विभागका अमिन रामहरिप्रसाद लुइटेल समेत प्रतिवादी भएको मुद्दा ।

(क) शुरु अभियोग, माग दावी :

विपक्षी प्रतिवादीहरु परस्परमा मिलेमतो गरी साविकको का.जि.का.म. न.पा. वडा नं. १०(ग) २ का विभिन्न किल्लाका ७-१-०-२ क्षेत्रफलका जग्गा बागमती खोला क्षेत्र अन्तर्गत पर्ने सरकारी पर्ती जग्गामा नयां नापी नक्सा गराई ती जग्गाको खरीद बिक्री समेत गर्ने गराउने कार्य गरेबाट निज विपक्षी प्रतिवादीहरुले भ्र.नि.ऐन, २०१७ अनुसार भ्रष्टाचारको कसूर गरेको भन्ने समेत आरोपमा प्रतिवादीमध्येका बेखालाल खड्गी, जोगलाल महर्जन र

हेराकाजी महर्जनकाउपर सोही ऐनको दफा ८ बमोजिम तथा अन्य सरकारी कर्मचारी प्रतिवादीहरुकाउपर सोही ऐनको दफा ७(१) एवं दफा १३ बमोजिम सजायका अलावा ऐ ऐनको दफा २९ बमोजिम यी सबै प्रतिवादीउपर बिगो बमोजिम जरिवाना समेत हुन माग दावी लिई पुनरावेदन अदालत, पाटन समक्ष अभियोग प्रस्तुत गरिएको ।

(ख) मा. न्यायाधीशहरु रामजीप्रसाद त्रिपाठी र बोधरीराज पाण्डेको इजलासबाट पुनरावेदन अदालत, पाटनको फैसला :

उक्त अदालतबाट सबै विपक्षी प्रतिवादीहरुलाई सफाई दिंदा निम्न निर्णयाधारहरु ग्रहण गरिएको रहेछ :

(१) प्रतिवादीहरुले यस अदालतमा बयान गर्दा कसूर गरेकोमा इन्कार रही बयान गरेका,

(२) विवादित जग्गाहरु नाप नक्सा गर्ने कर्तव्य तोकिएका प्रतिवादीमध्येका नापीका कर्मचारीहरुको विवादित जग्गा दर्ता गर्ने सम्बन्धमा कुनै संलग्नता देखिन नआएको,

(३) बागमती खोलामा घूसेको जग्गा आफ्नो आफ्नो साविक कित्तामा घुसाई नापी गरे गराएको भन्ने प्रश्नका हकमा सो सम्बन्धमा आधिकारिक निर्णय भइनसकेको, सोको निर्णय हुनु अगावै प्रस्तुत मुद्दा दायर भएको देखिएको,

(४) प्रतिवादीहरुले रकम लिनु खानु गरेको प्रमाण नहुनुका साथै बदनीयत तत्व पुष्टि हुन नसकेको,

(ग) पुनरावेदन गरिएको कारण :

भ्रष्टाचार जस्तो गहन आरोपका सन्दर्भमा लिखत कागजका आधारमा न्याय निरोपण हुनु पर्नेमा आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन भन्ने संवैधानिक प्रावधान विरुद्ध प्रतिवादी इन्कार रहेको भन्ने आधार बनाएर वा मानेर सफाई दिइएको उक्त फैसला मिलेको छैन । फैसलामा नापी कर्मचारीहरुको विवादित जग्गा दर्ता गर्ने सन्दर्भमा कुनै संलग्नता नदेखिएको भन्ने आत्मनिष्ठ तर्क प्रयुक्त भएको देखिन्छ । विवादित जग्गा दर्ता गर्ने कार्यको उठान नै नयां नापी गरिएको कारणबाट हुन गएको देखिन्छ । किनभने एकातिर साविकको का.म.न.पा. वडा नं. १० नयां बानेश्वरको कोटेश्वरतर्फ बग्ने बागमती नदीको उत्तरपट्टि अवस्थित बागमती पुलको बनावटको आधारमा बागमती नदी त्यस ठाउंमा यसअघि बगेको थियो भन्ने कुरा सहजै थाहा हुन्छ भने अर्कोतिर साविक र हालको नक्सा भिडाई हेर्दा कि.नं. २६, २७, २८ र २९ का जग्गाहरु बागमती नदीभित्र परेको नक्साबाट प्रष्टै देखिन्छ भन्ने व्यहोरा कित्ता नापी महाशाखाले मिति २०५१।४।२० मा लेखेको पत्र एवं सोको नक्सा उतार प्रिन्टबाट प्रष्टै हुन्छ । यस्तो सार्वजनिक जग्गा ३ नं. नापी गोश्वरा अन्तर्गतका बागेश्वरी नापी टोलीका कर्मचारी निज प्रतिवादीहरुले प्र. बेखालाल खड्गी, जोगलाल महर्जन समेतका नाउंमा विभिन्न कित्ता कायम गरी ७-१-०-२ क्षेत्रफल बराबरका जग्गा साविकको क्षेत्रफलभन्दा बढी क्षेत्रफलको कित्ता काट गरी निज जग्गाधनीहरुको साविक जग्गामा घुसाई दिएको कार्यबाट सरकारी जग्गा हडप गर्ने गराउने नियोजित योजना एवं कार्यमा निज प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता देखिंदा देखिंदै पनि नापीका कर्मचारीहरुको कुनै संलग्नता नरहेको भनी सफाई दिइएको छ ।

त्यसैगरी सफाई दिने क्रममा नम्बरी जग्गामा सरकारी जग्गा घुसेको सम्बन्धमा छानवीन समेत गर्ने कार्यको प्रयोजनार्थ मिति २०५६।१।६ को राजपत्रमा सूचना प्रकाशित भएको व्यहोरालाई फैसलाले स्वीकार गरेकै देखिन्छ । साथै त्यस वाहेक सो छानवीन समितिको कार्य समाप्त हुनु अगावै यो मुद्दा दायर भएको भन्ने पनि फैसलामा उल्लेख भएको देखिन्छ । यी दुवै कथन अनुसार सो फैसला हतारमा गरिएको भन्ने तथ्य उजागर हुन आउंछ । यदि हतारमा फैसला गरिएको होइन भनी एकछिनलाई मान्ने हो भने अदालतले सो राजपत्रमा प्रकाशित सूचना अनुसार हालसम्म के कति काम भयो ? विवादित जग्गाका हकमा छानवीन गर्ने कार्य शुरु भएको छ, छैन ? भएको भए सो कार्य के कति अगाडि बढेकोछ ? कुन तहमा कार्य भैरहेको छ ? भनी सो सबै कुरा यकीन हुने गरी प्रमाण बुझ्ने आदेश गर्नु पर्दथ्यो । एउटा निकायले छानवीन गरेको विषयसंग सम्बन्धित सरकारी जग्गा हिनामिना गरेको आरोपको सन्दर्भमा उपरोक्तानुसार कुनै प्रमाण नै नबुझीकन हतारमा फैसला गरिएको छ भने सो छानवीन आयोगको निर्णयले प्रस्तुत मुद्दामा प्रभाव पर्न सक्ने सम्भावित तथ्यलाई ध्यानमा राखी सोको निर्णय नआएसम्म वा सोको निर्णय नभएसम्म प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.वं. १२ नं. अनुसार मुल्तवीमा राखिनु पर्दथ्यो । यी दुवै कार्य नगरिकन अदालतबाट हतारमा फैसला गरिएको समेत प्रष्ट हुन्छ । छानवीन आयोगले विवादित कित्ता जग्गा मात्र छानवीन गर्ने नभई त्यस क्षेत्र समेतका अन्य कित्ताहरुको छानवीन गर्ने हो । छानवीन आयोग गठन हुंदैमा सार्वजनिक जग्गा व्यक्तिको नाममा नाप नक्सा भै दर्ता हुने कार्यलाई आधिकारिक मान्न सकिंदैन । यसले अदालतको विवादित कित्तामा न्याय निरोपण गर्न बाधा उपस्थित पनि गर्दैन ।

फैसलामा प्रतिवादीहरुले रकम लिनु खानु गरेको प्रमाण नहुनुका साथै बदनीयत तत्व पुष्टि हुन नसकेको भन्ने आधारमा सफाई दिइएको देखिन्छ । यथार्थमा कानून बमोजिम बाहेकको अन्य रकम लिनु दिनु गरेको कुराको प्रत्यक्ष प्रमाण पुऱ्याउन सहज हुंदैन । लुकाएर खल्तीमा राखिने रकमको हकमा न कुनै साक्षी हुन्छ, न प्रमाण नै । यो एउटा सर्वस्वीकार्य तथ्य एवं सामान्य समझको कुरा हो । यसैगरी बदनीयत तत्व पुष्टि हुन नसकेको भन्ने तर्क पनि युक्तिसंगत छैन । कानूनी कर्तव्य तोकिएका नापीका कर्मचारीले अघि नदी बगेर पछि नदीले छाडेको सार्वजनिक जग्गा व्यक्तिको जग्गामा बिना आधार घुसाई नापी नक्सा गर्ने कार्य नै स्वयंमा बदनीयतजन्य कार्य हो । नापीको विषयमा दक्षता र विशेष ज्ञान प्राप्त कर्मचारीले के कस्ता र के कुन ठाउंका जग्गा सार्वजनिक हुन्छन् ? के कस्ता आवादीका जग्गा व्यक्तिका हुन्छन् भन्ने कुरा नापी गर्नु अगावै बुझेका देखेका हुन्छन् । प्रस्तुत मुद्दाको सन्दर्भमा

विवादित जग्गामा गरिएको नयां नापी नक्सा पूर्व नियोजित एवं मिलेमतोका आधारमा भए गरिएको भन्ने तथ्य स्वतः पुष्टि भै रहेको अवस्थामा बदनीयत तत्व पुष्टि गर्न अन्य प्रमाणको खोजी नीति गर्नुको कुनै औचित्य छैन ।

३.३ शुरु अदालतबाट भएको फैसलाउपर पुनरावेदन नगरिएका मुद्दा सम्बन्धी निर्णय:

३.३.१ राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, विशालवजारका तत्कालीन एल्. सी. विभाग हेर्ने सुदर्शनकृष्ण श्रेष्ठ र सो बैङ्कका स.मु.अ. रामभक्त देवकोटासंग डी.डी. इक्पेक्सका प्रो. ध्रुव दाहाल र सो फर्मका ग्राहक रामकुमार अग्रवाल (भद्रपुरीया) हरुले मिलेमतो गरी उक्त बैङ्कबाट ३०/१७३० नं.को आयात प्रतीतपत्र खोली सो प्रतीतपत्र अनुसारको काम गर्न भनी उक्त बैङ्कबाट मिति २०५१।१०।१७ मा १,६५,००० यू.एस.डलर भुक्तानी लिंदा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने आरोपमा राष्ट्रिय वाणिज्य बैङ्कका तत्कालीन अध्यक्ष एवं महाप्रवन्धक गुरुप्रसाद न्यौपाने समेत ५ जना प्रतिवादीहरुउपर भ्र.नि. ऐन २०१७ को परिच्छेद २ अन्तर्गत कसूर गरेको अभियोगमा पुनरावेदन अदालत, पाटनसमक्ष दर्ता गरिएको भ्रष्टाचार मुद्दामा प्रतिवादीमध्येका रामकुमार अग्रवाल र ध्रुव दाहालका हकमा दावी बमोजिम कसूर ठहर भै जनही १ वर्ष कैद र बिगो बमोजिम जरिवाना हुनुका साथै दावी लिइएको बिगोसमेत निजहरुबाट दिलाई भराई दिने र प्र. गुरुप्रसाद न्यौपानेउपर मतियारतर्फ लिइएको दावी प्रमाणित हुन नसकेकोले सफाई पाउने भन्ने उक्त अदालतबाट मिति २०५७।७।२१ मा फैसला भएको देखिएको, सो फैसला अनुसार सफाई पाउने प्रतिवादीमध्येका सुदर्शनकृष्ण श्रेष्ठ र रामभक्त देवकोटाका हकमा उल्लिखित प्रतीतपत्रका लागि स्वीकृत गरिएको रकम नेपाल राष्ट्र बैङ्कद्वारा निर्दिष्ट सीमाभित्र नै रहेको देखिएको र सो कर्जाका लागि १ करोड ४ लाख रुपैया बराबरको घर जग्गा जमानतमा लिएको समेत आधारमा निजहरुको बदनीयत वा उक्त प्रतीतपत्रको कारोवारको अनियमितितामा संलग्नता प्रत्यक्ष देखिन नआएको तथा राष्ट्रिय वाणिज्य बैंङ्कका महाप्रवन्धक गुरुप्रसाद न्यौपानेका हकमा उक्त प्रतीतपत्रको काम कुरामा मतियार भै भूमिका निर्वाह गरेको भन्ने शुरु दावी प्रमाणित गर्ने अन्य तथ्ययुक्त प्रमाणको अभावमा निज प्रतिवादीहरुले सफाई पाउने गरी भएको उक्त फैसलाउपर पुनरावेदन नगरिएको ।

३.३.२ राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, विशालवजारका निम्न अनुसारको फर्मका निम्न अनुसारका प्रो. एवं सो फर्मका ग्राहक रामकुमार अग्रवालले उक्त बैङ्कका व्यवस्थापक एवं एकाउण्टेण्ट तथा एल.सी. शाखा हेर्ने कर्मचारी समेतलाई प्रभावमा पारी तपसिलमा उल्लेख भए अनुसारको विदेशी मुद्रा (यु.एस.डलर) भुक्तानी लिनका लागि अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने आरोपमा प्रतिवादीहरु रामकुमार अग्रवाल, बालकृष्ण अधिकारी, सुरेन्द्रलाल राजभण्डारी, मनोज खड्का, नवराज खत्री, ध्रुव दाहाल, रामकुमार खड्का, बुम बहादुर तामाङ, नेत्र बहादुर खड्का एवं राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन अध्यक्ष एवं महाप्रवन्धक गुरुप्रसाद न्यौपानेउपर भ्र.नि. ऐन, २०१७ को परिच्छेद २ अन्तर्गतको छुट्टा छुट्टै थान आठ उजूरी प्रतिवेदनहरु प्रस्तुत गरिएकोमा उक्त अदालतबाट फैसला हुंदा प्रतिवादीहरु सुरेन्द्रलाल राजभण्डारी र बालकृष्ण अधिकारीका हकमा वादी दावी बमोजिम कसूर ठहर भै जनही पांचहजार रुपैया जरिवाना र एक एक वर्ष कैद हुने तथा अरु प्रतिवादीहरु रामकुमार अग्रवाल एवं तपसिलमा उल्लिखित फर्मका प्रोप्राइटर भनिएका तपसिलका प्रतिवादीहरुलाई बिगो बमोजिम जरिवाना एवं एक एक वर्ष कैद र दावी गरिएको बिगोसमेत असूलउपर गराउने भनी मिति २०५७।७।२१ मा छुट्टा छुट्टै फैसला भएको देखिएको, उक्त फैसलाहरुमा वादी दावी बमोजिम बिगो भराउनुका साथै दोषीहरुलाई कैद एवं जरिवाना समेत हुने गरी ठहर भएकै देखिएको, त्यस बाहेक आरोपित कसूरमा सफाई पाउने प्रतिवादी राष्ट्रिय वाणिज्य बैङ्कका तत्कालीन महाप्रवन्धक गुरुप्रसाद न्यौपानेउपर उपरोक्त सबै आयात प्रतीतपत्र सम्बन्धी कारोवारमा मतियारको रुपमा देखिएको भनी भ्र.नि. ऐन, २०१७ को दफा १६ (क) बमोजिमको सजाय माग दावी लिइएकोमा सो दावी प्रमाणित गर्न गराउन नसकिएको र पुनरावेदन गर्दैमा सफलता हात लाग्ने सम्भावना ज्यादै न्यून रहेको हुंदा निज प्रतिवादी गुरुप्रसाद न्यौपानेले सफाइ पाउने गरी भएको उपरोक्त फैसलाउपर पुनरावेदन नगरिएको ।

तपसिल

क्र. सं.	फर्मको नाम	फर्मको प्रो.	आयात प्रतीतपत्र नं.	रकम (डलरमा)	स्वीकृत मिति
१	डी.डी.इम्पेक्स	ध्रुव दाहाल	टि.३०/२३५५	१,४०,१६०.	२०५१।१।१५
२	,, ,,	,, ,,	टि.३०/ २३५६	१,५१,२००.	२०५१।१।१५
३	न्यू तार्किक कन्सर्न	नवराज खत्री	टि.३०/२८३१	२,१०,७५०.	२०५२।३।४
४	जुनियर सापकोटा ट्रेडिङ्ग	नेत्रबहादुर सापकोटा	टि.३०/२८२९	१,८९,७४०.	२०५२।३।४
५	गौरीशंकर ट्रेडिङ्ग	बुमबहादुर तामाङ्ग	टि.३०/२८३०	२०,९३,००.	२०५२।३।४

६	जे मनोज ट्रेडिङ्ग	मनोज खड्का	टि.३०/२७१५	१,८०,९५५.५५	०५२।२।१९
७	" "	" "	टि.३०/२८३२	१,९३,८३०.	२०५२।३।४
८	आर पर्वत ट्रेडिङ्ग	रामकुमार खड्का	टि.३०/२८३३	२,१५,६००.	२०५२।३।४

३.३.३ गणेशमान श्रेष्ठ पुनरावेदक प्रतिवादी र श्री ५ को सरकार प्रत्यर्थी वादी भएको नेपाल खाद्य संस्थानको खाद्यान्न र खाद्यान बिक्री रकम समेत हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाको सम्बन्धमा पुनरावेदन सरकारी वकिल कार्यालय पाटनको च.नं. ७८० मिति २०५७-६-३ को पत्रसहित प्राप्त मिसिल सम्बन्धमा प्रस्तुत मुद्दामा शुरुमा सजाय माग दावी लिईएका प्रतिवादीमध्ये गणेशमान श्रेष्ठ र उद्धवप्रसाद अर्याललाई कसूरदार ठहऱ्याई अन्य प्रतिवादीलाई सफाई दिने गरी जनकपुर अंचल अदालतवाट भएको फैसलाउपर श्री ५ को सरकारको तर्फवाट पुनरावेदन परेको मिसिल संलग्न कागजवाट नदेखिएको, उक्त फैसलाउपर प्रतिवादी गणेशमान श्रेष्ठले पुनरावेदन गरेकोमा शुरु अंचल अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पाटनवाट निर्णय भएको देखिंदा शुरु माग दावी अनुसार दुई जना प्रतिवादीलाई अदालतको दुवै तह जनकपुर अंचल अदालत र पुनरावेदन अदालत, पाटनवाट कसूर ठहर भई सकेको र जनकपुर अंचल अदालतवाट सफाई पाउनेहरुको हकमा सोउपर पुनरावेदन नै नपरेवाट अव पुनरावेदन गर्न पाउने स्थिति नरहेको ।

३.३.४ प्रतिवादी राममान श्रेष्ठउपर जिल्ला खानेपानी कार्यालय, मुस्ताङमा का.मु.डि.इ. पदमा कार्यरत रहंदा जोमसोम खानेपानी योजनाको सन्दर्भमा सो खानेपानीको रिजर्भ टैंकीको वरिपरि वाउण्डरी वाल र पालेघर समेतको निर्माणमा भ्रष्टाचार गरेको भन्ने आरोपमा रु. ४३,९९९।३९ वरावरको बिगो एवं भ्र.नि.ऐन २०१७ को दफा ७(१) र १३ को मागदावी लिई पुनरावेदन अदालत, बाग्लुङमा आरोपपत्र प्रस्तुत गरिएकोमा उक्त अदालतवाट वस्तुनिष्ठ प्रमाणको अभाव भएको कारण देखाई निज प्रतिवादीलाई आरोपित कसूरमा सफाई दिएको सम्बन्धमा निज प्रतिवादीले मुस्ताङ जस्तो दुर्गम ठाउंमा खानेपानी योजना सञ्चालन एवं निर्माण गर्दा कतिपय अवस्थामा ल.ई. रकम भन्दा घटीवढी पनि खर्च हुनसक्दछ भनी वयान गरेको र मुद्दा हेर्ने अदालतसमक्ष आफूउपरको आरोपित कसूरमा इन्कार नै रहेको र साथै विशेष प्रहरी विभागवाट अनुसन्धान हुंदा सो विभागका इञ्जिनीयर जनार्दन पाण्डेले मिति २०५२।२।३१ मा दिएको प्रतिवेदनमा आफूले सो योजनाको स्थलगत निरीक्षण गर्दा ल.इ. अनुरुप नै सो जोमसोम खानेपानी योजनाको काम सम्पन्न भएको देखिएको भनी उल्लेख गरेको पाइएको समेत आधारमा निज प्रतिवादीले पुनरावेदन अदालत, बाग्लुङवाट सफाइ पाउने गरी भएको फैसलाउपर पुनरावेदन गर्न अन्य तथ्ययुक्त प्रमाणको समेत अभाव भएकोले पुनरावेदन नगरिएको ।

३.३.५ डिल्लीराम महतोको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी ठाकुरप्रसाद ढकाल र बिनोद सापकोटा भएको गर्दी गा.वि.स. को खातावाट रु. ३५,०००।- चेक कीर्ते गरी निकाली खाई भ्रष्टाचार गरेको भन्ने आरोपमा दुवै जना प्रतिवादीउपर भ्र.नि.ऐन २०१७ को दफा १३ एवं दफा २९ (१) बमोजिमको मागदावी लिई पुनरावेदन अदालत, हेटौडा समक्ष अभियोग पत्र प्रस्तुत गरिएकोमा उक्त अदालतवाट आरोपित कसूरमा सफाइ पाउने गरी मिति २०५७।७।१६ मा भएको फैसला सम्बन्धमा उक्त गा.वि.स. को खातावाट रु. ३५,०००।- रकम निकाली मासी खाई भ्रष्टाचार गरेको भन्ने मुख्य आरोप भएकोमा स्वयं जाहेरवालाले उक्त खातावाट निकालिएको रकम जि. चितवन, माडी कसरा-ठोरी सडक मर्मत अन्तर्गत मगुइ खोलादेखि कल्याणपुर गा.वि.स .वडा नं. १ सम्मको सडक वाटो मर्मत भई भुक्तानी भई सकेको भन्दै गा.वि.स. सचिव बिनोद सापकोटालाई सफाई दिई अदालतमा वकपत्र समेत गरेको तथा गा.वि.स. खातावाट निकालिएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने शुरु मागदावी समर्थित हुने अन्य ठोस प्रमाणको अभाव देखिंदा पुनरावेदन नगरिएको ।

३.३.६ विशेष प्रहरी अधिकृतको प्रतिवेदनले वादी श्री ५ को सरकार, प्रतिवादी विजयकान्त लालकर्ण भएको भ्रष्टाचार मुद्दाको सम्बन्धमा निज प्रतिवादीउपर भ्र.नि.ऐन, २०१७ को दफा ७(२), १३ र २९ बमोजिम मागदावी लिइएकोमा सोही ऐनको दफा २९ (२) को प्रतिवन्धात्मक वाक्यांश समेत अनुसार तजविजी सजाय बिगो बमोजिम रु. २१,५१८।- जरीवाना हुने गरी पुनरावेदन अदालत, जनकपुरवाट फैसला भएको प्रस्तुत मुद्दामा अदालतले आफ्नो तजविजी अधिकार प्रयोग गरी रु. २१,५१८।- जरीवाना हुने गरी गरेको फैसलाउपर सजाय वा जरीवाना कम भएको भन्ने आधार लिई पुनरावेदन गर्दा सफलता प्राप्त हुने अवस्था नदेखिंदा पुनरावेदन नगरिएको ।

३.३.७ अगमसिंह तामाङको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी सिंहबहादुर तमाङ समेत भएको भ्रष्टाचार मुद्दा सम्बन्धमा प्रतिवादीमध्ये सिंहबहादुर तमाङको कसूर ठहर भएको, अन्य प्रतिवादीलाई सफाई दिने गरी शुरु नुवाकोट जिल्ला अदालतवाट भएको फैसलाउपर वादी पक्षवाट पुनरावेदन परेको भन्ने नदेखिएको र शुरु जिल्ला अदालतकै फैसलालाई सदर गरी पुनरावेदन अदालत, पाटनवाट समेत फैसला भई सकेको प्रस्तुत मुद्दामा शुरु फैसलाउपर वादी पक्षवाट पुनरावेदन नगरेवाट अव पुनरावेदन गर्न पाउने स्थिति नरहेको र मागदावी वमोजिम एक जना प्रतिवादीलाई अदालतको दुवै तहवाट सजाय ठहर भएको अवस्था देखिंदा यस मुद्दामा पुनरावेदन नगरिएको ।

३.३.८ कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाको पत्र प्रतिवेदनले वादी श्री ५ को सरकार, प्र. योगेन्द्र ठाकुर समेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत जनकपुरवाट प्र. योगेन्द्र ठाकुरउपर भ्र.नि.ऐन, २०१७ को दफा ७ (१), १३ र २९ को कसूरमा ४ वर्ष कैद, बिगो बमोजिम जरिवाना र बिगो रु. ३८,०२,०००।- भराइ पाउनेगरी दावी बमोजिम सजाय भएको, प्र. निरस प्र. साहउपर ऐ ऐनको दफा ७ (१) , १३ र १६ (क) को कसूरमा १ वर्ष कैद र रु. ३०००।- जरिवाना भएकोमा ऐनको दफा ७ (१) र १३ बमोजिम कैद वा जरिवाना वा दुवै हुन सक्नेमा कैद भएको, तर जरिवाना रु. ३०००।- मात्र भएकोमा निजले लेखापालको हैसियतले प्र. योगेन्द्रलाई गैर कानूनी लाभ पुऱ्याएकोसम्म देखिएको, बिगो निजको जिम्मा नभई प्र. योगेन्द्रले नै वुझेको देखिएको, नरेश चौधरी र नीरसप्रसाद शाहलाई भएको सजायको आधा सजाय मात्र भएकोमा निजले प्र. योगेन्द्रलाई रु. ४,००,०००।- गैरकानूनी लाभ पुऱ्याएको सम्म देखिएको बिगो निजको जिम्मा नदेखिएको र कैद समेत भएको अवस्था भएको साथै प्रतिवादी योगेन्द्र ठाकुरवाट पूरै बिगो असूल गर्ने फैसला भएकै देखिंदा प्रस्तुत मुद्दामा पुनरावेदन गरिरहन नपरेको ।

३.३.९ उदयपुर सिमेन्ट उद्योग कार्यालयको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी राजेन्द्र नेपाल समेत भएको भ्रष्टाचार सम्बन्धी मुद्दा सम्बन्धमा शुरु माग दावी बमोजिम एकजना प्रतिवादी हरिप्रसाद पोखरेलको हकमा दावी बमोजिम कसूर ठहर भएको, अर्का प्रतिवादी राजेन्द्रप्रसाद नेपालको हकमा निज कसूरमा इन्कारी रहेको र मुख्य अभियुक्तले निजलाई सफाई दिई बयान गरेको, अन्य स्वतन्त्र प्रमाणबाट निजको कसूर पुष्टि हुन नसकेको भनी निजलाई पुनरावेदन अदालत, राजविराजले सफाई दिएको प्रस्तुत मुद्दामा शुरु माग दावी बमोजिम एकजना प्रतिवादीउपरको कसूर ठहर भएको र अर्का प्रतिवादी राजेन्द्र नेपालउपरको हकमा कसूर स्थापित गर्ने प्रमाणको अभावमा पुनरावेदन नगरिएको ।

३.३.१० हेटौडा सिमेन्ट उद्योग लिमिटेडको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी ऐ उद्योगका प्रशासकीय अधिकृत कृष्णलाल जोशी समेत भएको भ्रष्टाचार मुद्दामा आरोपित कसूरमा सबै प्रतिवादीहरुले सफाई पाउने गरी पुनरावेदन अदालत, हेटौडाबाट भएको फैसला सम्बन्धमा आरोपित कसूरमा शुरुदेखि नै यी सबै प्रतिवादीहरु इन्कार रहेका र अभियोग दावी प्रमाणित हुने तथ्ययुक्त प्रमाणको अभावमा सो फैसलाउपर पुनरावेदन गर्दा सफलता प्राप्त हुने सम्भावना नदेखिएकोले पुनरावेदन नगरिएको ।

३.३.११ जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी यादवबहादुर के.सी. समेत भएको भ्रष्टाचार मुद्दामा कसूरबाट सफाई पाउने ठहराई शुरु जिल्ला अदालत र पुनरावेदन अदालत, बुटवलबाट समेत फैसला भएको सम्बन्धमा मिसिल संलग्न सबूद प्रमाणहरुको मूल्यांकन गर्दा प्रस्तुत मुद्दामा मुद्दा दोहऱ्याउन निवेदन दिने कानूनी आधार नदेखिएको ।

३.३.१२ देवीराम भण्डारीको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी नारायणप्रसाद भट्टराई भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत वुटवलवाट प्रतिवादीलाई सफाई दिई गरिएको फैसला सम्बन्धमा नारायणप्रसाद भट्टराईले रु. ३००।- घूस (रिसवत) लिएको वारे निज अनुसन्धान अधिकारीसमक्ष् र अदालतमा समेत पूर्ण इन्कार रहेको र उजूरीकर्ताले समेत उक्त रिसवत लिएको वारे दृढतापूर्वक लेखाउन नसकेको मात्र नभई वकपत्र समेत नगरेको र वरामदी नोट प्रतिवादीको होटेलमा खाना खुवाए वापत लिएको भन्ने जिकीरलाई अन्यथा हो भनी खण्डित हुने सवूद प्रमाण गुजार्न नसकेको भन्ने समेतको आधारमा यसमा पुनरावेदन नगरिएको ।

३.३.१३ विशेष प्रहरी विभागको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी तर्कवहादुर थापासमेत भएको राजस्व रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाका सम्बन्धमा प्रतिवादी होमनाथ लामिछानेलाई अदालतको दुवै तहवाट मागदावी अनुसारको सजाय ठहर भएको र अर्का प्रतिवादी तर्कवहादुर थापालाई अदालतको दुवैतहवाट सफाई दिने ठहर भएको प्रस्तुत मुद्दामा प्रतिवादी तर्कवहादुर थापाको हकमा पुनरावेदन अदालत, पोखराको फैसलाउपर मुद्दा दोहोऱ्याई पाउं भनी सर्वोच्च अदालतमा निवेदन नगरिएको भन्ने पुनरावेदन सरकारी वकील कार्यालय पोखराको राय मनासिवै देखिंदा मुद्दा दोहोऱ्याउन निवेदन नदिइएको ।

३.३.१४ सत्यनारायण झाको उजूरी तथा विशेष प्रहरी विभागका विशेष प्रहरी अधिकृतको प्रतिवेदनले वादी श्री ५ को सरकार, प्र. मनोहरराज जोशी भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीले सफाई पाउने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरवाट मिति २०५७।११।८ मा भएको फैसला सम्बन्धमा भवन निर्माण कार्यको रकम भुक्तानी पाउन निवेदक सत्यनारायण झाले दिएको निवेदनमा परेको सही निज झाकै अन्य लिखतमा परेको (भुक्तानी पाएको समेत) सहीसंग भिड्छ भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला तथा सर्वोच्च अदालतको रेखा विशेषज्ञले समेतले दिएको प्रतिवेदन तथा निजले बिभिन्न मितिमा अभियोग पत्रमा उल्लिखित रकम भन्दा पनि धेरै कम रकम भुक्तानी पाएमा पनि आफू सन्तुष्ट रहने कुरा उल्लेख गरी निवेदन दिएको र सो निवेदनको व्यहोराउपर अन्यथा जिकिर लिएको समेत नदेखिंदा पुनरावेदन अदालत, जनकपुरवाट भएको उक्त फैसलाउपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिएको ।

३.३.१५ शान्तिदेवी अहीरनीको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी जोगमती यादवसमेत भएको गफलतमा पारी जग्गा राजिनामा गराई भ्रष्टाचार गरेको भन्ने मुद्दामा पुनरावेदन अदालत, वुटवलवाट भएका फैसलाउपर पुनरावेदन गरे पनि सफलता प्राप्त हुन सक्ने अवस्था नदेखिंदा पुनरावेदन नगरिएको राय सहितको मिसिल

पुनरावेदन सरकारी वकील कार्यालय, वुटवलवाट प्राप्त भई अध्ययन गर्दा राय मनासिव देखिएकोले पुनरावेदन नगरिएको ।

३.३.१६ रोशनबहादुर कुंवरको प्रतिवेदनले वादी श्री ५ को सरकार, प्रतिवादी हनुमानप्रसाद शारदा मा.वि. सिरहा, इनर्वाका शिक्षक वेचन प्रसाद यादवसमेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, राजविराजवाट सम्पूर्ण प्रतिवादीहरुलाई सफाई दिइएको देखियो । उक्त विद्यालयको जग्गा विक्रीवाट प्राप्त रकम विद्यालय व्यवस्थापन समितिवाट जो जसलाई पेश्की वापत प्रदान गरिएको हो सो फछ्यौंट गर्ने कार्य पनि सोही समितिको जिम्मेवारी अन्तर्गत पर्ने भएकोले यसमा पुनरावेदन नगरिएको ।

३.३.१७ विशेष प्रहरी विभागको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी महेन्द्रवहादुर कार्कीसमेत भएको लिखत पारित गर्दा राजस्व छली भ्रष्टाचार गरेको भन्ने मुद्दामा पुनरावेदन अदालत, पाटनको फैसलाउपर पुनरावेदन गर्नु पर्ने अवस्था विद्यमान नदेखिंदा पुनरावेदन नगरिएको ।

३.३.१८ हरिप्रसाद झाको उजूरीले वादी श्री ५ को सरकार, प्रतिवादी रामचन्द्र कार्की भएको सरकारी सामग्रीको प्रयोग गरी कपन गुम्वामा जाने वाटोमा पर्ने पेम्वा शेर्पाको घरसम्म जाने निजी वाटोलाई पीच गरी रकम लिनु खानु गरेको भन्ने आधारमा भ्र.नि. ऐन २०१७ को दफा ७ (१) बमोजिम सजाय एवं दफा २९ बमोजिम बिगो रु. २,४८,२४८।- असूलउपर हुन भनी माग दावी लिइएको भ्रष्टाचार मुद्दामा आरोपित कसूरमा सफाइ पाउने गरी पुनरावेदन अदालत, पाटनवाट भएको फैसला सम्वन्धमा सरकारी स्रोत र सामाग्री प्रयोग गरी निजी वाटोमा पीचरोड वनाएको भन्ने मुख्य आरोप रहेको, सरकारी सामग्री प्रयोग भएको भन्ने कुरा सरकारी रेकर्डवाट नदेखिएको र उक्त पीच सडक उपभोक्ता समिति गठन गरी सो समितिले आफ्नै स्रोतवाट जम्मा गरेको रु.२,४८,२४८।- आफूले वुझी सो सडक निर्माण गर्न ठेक्का लिने सम्वन्धित ठेकेदारलाई भुक्तानी दिएको र ठेकेदारको मातहतमा रही ज्यालादारी कर्मचारी प्रतिवादी रामचन्द्र कार्कीले उक्त पीच सडक वनाउन रेखदेखसम्म गरेको भनी प्रतिवादीले वयान गरेको भन्ने आधारमा भ्रष्टाचार गरेको मान्न नमिल्ने गरी आरोपित कसूरमा सफाइ पाउने भनी उक्त अदालतवाट भएको फैसलाउपर शुरु दावी समर्थित हुने अन्य ठोस एवं तथ्ययुक्त सवूत प्रमाणको अभावमा पुनरावेदन गर्दा सफलता प्राप्त हुन सक्ने सम्भावना ज्यादै न्यून रहेकोले पुनरावेदन नगरिएको ।

३.३.१९ विशेष प्रहरी विभागको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी प्रकाशनन्द जोशी समेत भएको भ्रष्टाचार मुद्दामा ललितपुर जिल्ला अदालतवाट फैसला हुंदा राष्ट्रिय वाणिज्य बैङ्क, मंगलवजारको हिनामिना भएको रकम प्रतिवादी प्रकाशनन्द जोशी, रमेशचन्द्र सुवेदी र लीला अमारदको हकमा देवानी दायित्व अन्तर्गत कारवाही चलाई सम्बन्धित बैङ्कले असूलउपर गर्न सक्ने भनी उल्लेख गरेको हुंदा पुनरावेदन अदालतको निर्णय आधार हेरी यसमा पुनरावेदन नगरिएको ।

३.३.२० वन विभागको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी ल.पु. जि. ठेचो गा.वि.स. वडा नं. ४ मुसीको टोल वस्ने तत्कालीन प्रधानपञ्च वैकुण्ठनाथ डंगोल, ल.पु.जि. ठेचो गा.वि.स. वडा नं. ३ वस्ने तत्कालीन वडाअध्यक्ष बुद्धिबहादुर महर्जन र ल.पु.जि. ठेचो गा.वि.स. वडा नं. ५ वस्ने तत्कालीन वडाअध्यक्ष कृष्णबहादुर महर्जन समेत भएको पंचायती वनको रुख काटी हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा पुनरावेदन अदालत, पाटनको फैसला सम्बन्धमा विवादित काठ रु. ५,२००।- मा लिलाम भएको देखिएको भन्ने आधारमा उक्त बिगो कायम गरिएको भन्ने फैसलामा उल्लेख भएको, यसरी बिगो कायम गरेतर्फ सो फैसलाउपर पुनरावेदन गर्न अन्य मनासिव आधारको अभाव देखिएवाट यस विषयमा पुनरावेदन नगरिएको ।

३.३.२१ महालेखा नियन्त्रकको कार्यालय, राजस्व शाखाको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी धीरेन्द्र बनियासमेत भएको राजस्व रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाको सम्बन्धमा पुनरावेदन सरकारी वकील कार्यालय. पोखराको च.नं. ३८५२ मिति २०५७।३।२० को पुनरावेदन नगर्ने रायसहितको मिसिल सम्बन्धमा एकै तथ्य भएको विशेष प्रहरी विभागको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी होमनाथ लामिछानेसमेत भएको मुद्दा प्र. होमनाथ लामिछानेलाई मागदावी अनुसार सजाय ठहर र अर्का प्र. तर्कवहादुर थापालाई सफाई दिने गरी शुरु जिल्ला अदालत र पुनरावेदन अदालत पोखरावाट भएको उक्त फैसलासमेतलाई हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदन सरकारी वकील कार्यालय पोखराको राय मनासिव नै देखिएकोले पुनरावेदन नगरिएको ।

३.३.२२ तत्कालीन जिल्ला पंचायत सचिवालय दाङ्गको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी अ.ई. सुरेशप्रकाश आचार्य समेत भएको तालीम घर निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने मुद्दामा पुनरावेदन अदालत, तुलसीपुरवाट फैसला हुंदा प्रतिवादीहरुमध्ये हरिभक्त वली र ओ.सि. सुशीलकुमार वस्ताकोटीका हकमा जरीवाना र बिगो समेत भराई पाउने ठहर भई वादी पक्ष सफल नै रहेको देखिन्छ । तर ओ.सि. वासुदेव रिजाल र अ.ई. सुरेशप्रकाश आचार्यलाई सफाई दिएको हदसम्म सोउपर पुनरावेदन गर्ने कि नगर्ने भन्ने सम्वन्धमा मिसिल संलग्न सवूद प्रमाण हेर्दा उक्त तालीम भवन निर्माण गर्दाको अवस्थामा निज सुरेशप्रकाश शारीरिक अस्वस्थताको कारणले साइटमा नगई कुन गेजको जस्तापाता प्रयोग भएको हो आफूले निरीक्षण नगरी मातहतका कर्मचारीको विश्वासमा परी एम.वी. अनुसार नै जस्तापाता प्रयोग भएको होला भन्ने ठानी सही गरेको र २४ गेजको जस्ता प्रयोग नभई २६

गेजको प्रयोग भएको रहेछ भन्ने कुरा पछि मात्र थाहा पाएको भनी बयान गरेको आधार लिई निजलाई सफाई दिएको देखिंदा सार्वजनिक निर्माण शाखाको असिष्टेण्ट इञ्जिनीयरले हरेक कार्यमा आफैले संधै दृष्टि पुऱ्याउन नसक्ने हुंदा आफ्ना सहयोगी ओभरसियरहरुको कार्यमा विश्वास गरी सही गरेको कार्य अस्वाभाविक देखिदैन । साथै ओ.सी. वासुदेव रिजाललाई विशेष प्रहरी विभागबाट मिति २०४६।१२।१४ को निर्णयले २ वर्षको तलब वृद्धि रोक्का गरी निजको विरुद्ध अदालती कारवाही नगरिने भनी गरेको निर्णयलाई आधार मानेर निजलाई समेत सफाई दिने गरी भएको फैसला मनासिब नै देखिंदा अ.ई. सुरेशप्रकाश आचार्य र ओ.सी. वासुदेव रिजालको हकमा पुनरावेदन नगरिएको ।

३.३.२३ विशेष प्रहरी विभागको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी दिलबहादुर थापा समेत भएको भ्रष्टाचार मुद्दाको शुरु जिल्ला अदालत भक्तपुरले कैद र जरिवाना गर्ने गरी भएको फैसलाउपर पुनरावेदन अदालत, पाटनबाट कैद नगर्ने जरिवानासम्म गर्ने गरी भएको फैसलाउपर पुनरावेदन गर्नु पर्ने अवस्था विद्यमान नरहेकोले पुनरावेदन नगरिएको ।

३.३.२४ दशनारायण महर्जन समेतको उजूरीले वादी श्री ५ को सरकार, प्रतिवादी श्रीधर नेपालसमेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटनको संयुक्त इजलासबाट प्रतिवादीहरुले बदनीयत राखी लेनदेन गरेको जग्गाको हकमा राजस्व कम लिएको भन्ने कुरा तथ्ययुक्त रुपमा प्रमाणित हुन नसकेको तथापी राजस्व कम लिए भनिएको रकम रु. ९,४४६।३५ प्रतिवादीमध्येका श्यामप्रसाद तिमिल्सेनाबाट भराई पाउने गरी फैसला भएको हुंदा प्रस्तुत फैसलाउपर पुनरावेदन गर्नु पर्ने अवस्था नदेखिएकोले पुनरावेदन नगरिएको ।

३.३.२५ बुद्धिबहादुर मानन्धर समेतको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी टेकदत्त भट्टराई समेत भएको जाहेरवाला बुद्धि बहादुर र सैचां मानन्धरको २०२४ सालमा अविवाहित अवस्थामै मृत्यु भएको भनी निजहरुका काका कान्छा मानन्धर समेतका प्रतिवादीले गा.वि.स. को सिफारीशबाट मृत्यु दर्ता एवं नाता प्रमाण बनाई जाहेरवालाहरुको हकको कीर्तिपुरस्थित पालिफल गा.वि.स. वडा नं. ४ का कि.नं. ५८ र ४४ का जग्गाहरु कान्छा मानन्धरको नाउंमा नामसारी हुने गरी निर्णय समेत भएको कारण गलत लिखत तयार गरी भ्रष्टाचार गरेको भन्ने आरोपमा भ्र.नि.ऐन २०१७ को परिच्छेद २ अन्तर्गतको कसूर गरेको भनी पुनरावेदन अदालत, पाटनमा पेश गरिएको भ्रष्टाचार मुद्दामा आरोपित कसूरमा सफाइ पाउने गरी मिति २०५७।४।२३ मा भएको फैसला सम्बन्धमा प्रतिवादीमध्येका मुख्य कारिणी कान्छा महर्जनको मृत्यु भईसकेको, प्र. टेकदत्त भट्टराईले अवकास प्राप्त गरिसकेको भन्ने कुरा मिसिल संलग्न कागजातहरुबाट देखिन आएको तथापि पीडित पक्ष जाहेरवालाको जुन जग्गाका लागि गलत लिखत तैयार गरी गराई उपरोक्त कित्ताका जग्गाहरुको नामसारी हुने गरी मालपोत कार्यालय, कलंकी काठमाण्डौबाट निर्णय समेत भएको, सो सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा यीनै जाहेरवालाहरु वादी भई दर्ता भएको लिखत बदर एवं दर्ता बदर मुद्दामा यीनै जाहेरवालाका नाऊंमा दर्ता एवं लिखत कायम हुने गरी उक्त जिल्ला अदालतबाट मिति २०५२।७।२९ मा भएको ठहर इन्साफ पुनरावेदन अदालत, पाटनबाट समेत सदर हुने गरी फैसला भईसकेको समेत आधारमा पुनरावेदन अदालत, पाटनको फैसलाउपर पुनरावेदन नगरिएको ।

३.३.२६ नेपाल बैङ्क लिमिटेड, बयलवास उप-शाखामा धितो रहेको सुनचांदी एवं कर्जा रकममा हिनामिना गरी भ्रष्टाचार गरेको आरोपमा प्रतिवादी समुद्रमान श्रेष्ठ समेतउपर रु. ७,१६,९२६।९९ बराबरको रकम बिगो भराई निज प्रतिवादीहरुलाई भ्र.नि. ऐन, २०१७ को दफा ६,७ (२) र दफा १३ बमोजिम सजायको मागदावी लिई मुद्दा दायर हुंदा शुरु सर्लाही जिल्ला अदालतबाट प्रतिवादीहरुले सफाई पाउने गरी भएको फैसलाउपर परेको पुनरावेदनमा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०५७।५।१५ मा फैसला हुंदा प्रतिवादीमध्येका उक्त बैङ्कका खजाञ्ची हेमबहादुर श्रेष्ठ र सुनजांचकी सत्यनारायण सोनारका हकमा अभियोग दावी बमोजिम सजाय हुने तथा अन्य प्रतिवादीहरुको हकमा सफाई पाउने गरी भएको शुरु इन्साफ सदर हुने गरी भएको फैसला सम्बन्धमा बैङ्कबाट कर्जा प्रवाह भए गरिएका तमसुक एवं धितो रहेको सुन चांदी सबै खजाञ्चीको जिम्मामै रहने गरेको र नक्कली सक्कली सुनचांदी जांच गर्ने काम एवं दायित्व सुन जांचकीको हुने भन्ने कुरा मिसिल संलग्न कागजातहरुमा उल्लेख भए अनुरुप प्रतिवादीमध्येका खजाञ्ची हेमबहादुर श्रेष्ठ र सुन जांचकी सत्यनारायण सोनारको बदनीयतजन्य कार्यबाट उक्त बैङ्कलाई हानी नोक्सानी पुग्न गएको भन्ने आधारमा पुनरावेदन अदालत, जनकपुरबाट प्रतिवादीमध्येका हेमबहादुर श्रेष्ठका हकमा भ्र.नि. ऐन, २०१७ को दफा ७(२) को कसूरमा ६ महीना कैद र रु ३,०००।- जरिवाना तथा अर्का प्रतिवादी सत्यनारायण सोनारका हकमा सोही ऐनको दफा ७(२), दफा २९(२) बमोजिम रु. २,०००।- जरिवाना हुने गरी वादी दावी बमोजिम नै सजाय हुने तथा बिगोको हकमा उक्त बैङ्कको मिति २०५१।५।६ को पत्र समेतबाट पटक पटक गरी बिभिन्न मितिमा असूलउपर भईसकेको भन्ने व्यहोरा उल्लेख गरी बिगो भने भराउनु नपर्ने गरी भएको उक्त फैसलाउपर पुनरावेदन गरीरहनु पर्ने सम्मको कारण र अवस्था देखिन नआएकोले पुनरावेदन नगरिएको ।

३.३.२७ जिल्ला मकवानपुर खैराङ्ग गा.वि.स. सचिव शिवनाथ ठाकुरले उक्त गा.वि.स. को नेपाल बैंक लिमिटेडको खातामा भएको रु. २५ हजार सो गा.वि.स. को अध्यक्षको दस्तखत कीर्ते गरी निकालेको र निज सचिवले निर्माण

कार्यको सामान खरीद गर्न सापटी स्वरुप लिएको रु. १५ हजार नदिएको हुंदा सो समेत रु. ४० हजार हिनामिना गरी भ्रष्टाचार गरेको भनी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ को कसूरमा सोही ऐनको दफा १३ र २९ (१), (२) बमोजिम सजायको मागदावी लिई मुद्दा दायर गरिएकोमा पुनरावेदन अदालत, हेटौंडावाट फैसला हुंदा निज सचिवलाई रु. २५ हजार बिगो र बिगो बमोजिम जरीवाना हुने र सापटी लिई खाई मासेको रु. १५ हजारको हकमा तथ्ययुक्त प्रमाणको अभावमा वादी दावी नपुग्ने ठहर भएको सम्बन्धमा निज सचिवले सापटी स्वरुप लिएको १५ हजार रुपैयांको हकमा भ्रष्टाचार भएको भनी ठोस सवूत प्रमाण पुग्ने अवस्था नदेखिएकोले पुनरावेदन नगरिएको ।

३.३.२८ नेपाल खानेपानी संस्थान, केन्द्रीय कार्यालय काठमाण्डौको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी नेपाल खानेपानी संस्थान, पोखराका तत्कालीन वरीष्ठ सहायक प्रतापराज श्रेष्ठ भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पोखरावाट आरोपित सजाय गर्न नमिल्ने ठहर गरी शुरु कास्की जिल्ला अदालतले प्रतिवादीले सफाइ पाउने भनी गरेको फैसलालाई सदर गर्ने फैसला भएकोले मुद्दा दोहोऱ्याउन निवेदन नगर्ने राय पुनरावेदन सरकारी वकील कार्यालय, पोखराले यस आयोगमा पठाएको सम्बन्धमा संस्थानको आन्तरिक कारवाही तथा प्रतापराज श्रेष्ठले सेवावाट अवकाश पाएकोमा चित्त वुझाई रकम समेत वुझाउन मञ्जूर गरेको अवस्थाको परिप्रेक्ष्यमा मुद्दा दोहोऱ्याउने निवेदन गरी सोमा सफल हुन आधार प्रमाणको अभाव भएको हुंदा मुद्दा दोहोऱ्याउने निवेदन नगरिएको तथा यस सम्बन्धी अनुसन्धानको क्रममा गठीत टोलीको छानवीनले देखाएको वेरुजु रकम प्रतापराज श्रेष्ठले आफ्नो धरौटी रकमवाट असूलउपर गर्न मञ्जूरी समेत देखाएको हुंदा निजले हिनामिना गरेको सम्मको उक्त वेरुजु रकम नेपाल खानेपानी संस्थानलाई असूलउपर गर्न लेखिएको ।

३.३.२९ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले वादी श्री ५ को सरकार, प्रतिवादी नूर उल्लाह समेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, पाटनवाट प्रतिवादीमध्येका नूर उल्लाहका हकमा भ्र.नि.ऐन, २०१७ को दफा ८ बमोजिम कसूर ठहर भई सोही ऐनको दफा २९ (२) बमोजिम रु. ३२,४५९।५० जरिवाना भएको देखिएको र प्रतिवादीमध्ये का शिवलाल शर्मा दवाडीलाई मालपोत कार्यालयवाट उक्त कि.नं. २०५ को जग्गामा वाटोको सम्वन्धमा मात्र सोधनी भएकोमा घरको सम्वन्धमा पनि खुलाउनु पर्ने भन्ने मनासिव नहुने भनी सफाई दिएकोमा राजीनामाको लिखतमा मालपोत कार्यालयवाट उल्लिखित कित्तामा वाटो छ, छैन भए कुन किसिमको वाटो छ फील्ड चेक गरी पठाई दिनु हुन भन्ने सम्म मात्र मेन्टिनेन्स नापी शाखा, ललितपुरका नाममा भएको आदेशमा उल्लेख भएको देखिएकोले घर भए नभएतर्फ आदेश नै नभएको हुंदा यसमा पुनरावेदन नगरिएको ।

३.३.३० वादी श्री ५ को सरकार, प्रतिवादी इन्द्रबहादुर थापा भएको भ्रष्टाचार मुद्दाको सम्बन्धमा निजले मिति २०३०।८।१७ मा अर्घारजस्थल हेल्थपोष्टमा कार्यरत रहंदा उक्त हेल्थपोष्टको वाउण्डरीवाल निर्माण गर्न भनी रु. ७००४।५२ रकम बुझी लिएको र उक्त कार्य नगरेबाट रकम हिनामिना गरेको भनी भ्र.नि. ऐन, २०१७ दफा ७, १३ र २९ को माग दावी लिई मुद्दा दायर भएकोमा उक्त कम्पाउण्ड वाल निर्माण कार्य धर्मवहादुरले जग्गा खिचोला गरेवाट हुन नसकेको र उक्त रकम कार्यालय भवन मर्मतमा खर्च भएको भनी हिनामिना गरेको भन्नेमा प्रतिवादी पूर्ण इन्कारी रहेको, अड्डाले वाउण्डरीवाल निर्माणका लागि पेश्की दिएको रकमको सदुपयोग भयो भएन वेलैमा हिसाव मागी दिन नसकेमा वा एका कामका लागि लिएको पेश्की अर्को काममा खर्च भएको भएमा प्रचलित आर्थिक ऐन, नियम अन्तर्गत वेरुजुसम्म कायम भई वेरुजुको रोहवाट उठाउनु पर्ने रकमलाई प्रतिवादीले बदनीयतसाथ हिनामिना गरेको भन्ने कुरा मिसिल संलग्न कागजातवाट पुष्टि भएको अवस्था नरहेको भन्ने आधारमा पुनरावेदन अदालत, पाटनवाट प्रतिवादीलाई सफाई दिने ठहर भएको प्रस्तुत मुद्दामा प्रतिवादीबाट असूलउपर गर्नु पर्ने वांकी वक्यौंता भए असूलउपर गर्न वा हिसाव फरफारक गराउनका लागि सम्बन्धित निकायलाई लेखी पुनरावेदन अदालत, पाटनवाट भएको फैसलाउपर पुनरावेदन नगरिएको ।

३.३.३१ राजलाल यादव समेतको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी धनेश्वर यादव समेत भएको भ्रष्टाचार मुद्दाको सम्वन्धमा प्रतिवादीमध्येका सीताराम मण्डल, लक्ष्मी यादवको सम्वन्धमा पहिलेनै अदालतवाट बिगो भराई पाउने ठहर भएको, गा.वि.स. को लेखापरीक्षण हुंदा लेखापरीक्षकवाट वेरुजु औल्याईएको रकमलाई हिनामिना गरेको भन्ने अवस्था नहुंदा प्रस्तुत मुद्दामा पुनरावेदन नगरी वेरुजु देखाएको रकम असूलउपर गर्नेतर्फ आवश्यक कारवाई शीघ्र गर्न सम्वन्धित जिल्ला विकास समितिलाई लेखिएको ।

३.३.३२ जिल्ला शिक्षा कार्यालय मकवानपुरको जाहेरीपत्रले वादी श्री ५ को सरकार, प्रतिवादी शारदा मा.वि. आम भन्ज्याङ्का प्रधानाध्यापक विष्णुप्रसाद दहाल र लेखापाल समेतले उक्त विद्यालयको खातावाट रु. १,२०,०००।- को रकम चेक कीर्ते गरी झिकी खाई भ्रष्टाचार गरेको भन्ने अभियोगमा भ्र.नि. ऐन, २०१७ को दफा १३ एवं दफा २९ (१) बमोजिम हुन माग दावी लिई पुनरावेदन अदालत, हेटौंडामा अभियोगपत्र पेश गरिएकोमा उक्त अदालतवाट आरोपित कसूरमा सफाई पाउने तथापि बिगोको हकमा यी प्रतिवादीहरुवाट जनही रु. ६० हजार का दरले भराई दिने भनी भएको फैसला सम्बन्धमा यसमा उक्त विद्यालयको खातावाट रकम झिक्न प्रयोग गरिएको चेकमा भएको हस्ताक्षर एवं दस्तखत तथा प्रतिवादीहरु दुवै जनाको हस्ताक्षर दस्तखत नमूना भिडाउंदा नमिलेको भन्ने विशेषज्ञको राय भएको र आरोपित कसूरमा शुरुदेखि नै यी दुवै प्रतिवादीहरु इन्कार रहेका भन्ने आधारमा सफाई दिइए पनि

विद्यालयको हिनामिना भएको रकम रु. १,२०,०००।- यी दुवै प्रतिवादीहरुबाट दामासाहीले भराई दिने भनी सो पुनरावेदन अदालतबाट फैसला भएकोले सोउपर पुनरावेदन नगरी यी दुवै प्रतिवादीहरुबाट दामासाहीले भराई दिने भनिएको बिगो रु. १,२०,०००।- उक्त विद्यालयले नपाएको भए सो बिगो उक्त विद्यालयलाई यी प्रतिवादीहरुबाट असूलउपर गराई दिन सम्बन्धित जिल्ला शिक्षा कार्यालय, हेटौडा एवं सो विद्यालयमा समेत लेखिएको ।

३.३.३३ नेपाल विद्युत प्राधिकरण, गण्डकी महाशाखाको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी महेश्वर आचार्य समेत भएको भ्रष्टाचार मुद्दाको सम्बन्धमा प्रतिवादीमध्ये महेश्वर आचार्यउपर अभियोग दावी अनुरुप नै रु. ८०,०००।- बिगो कायम भई जरीवाना र बिगो भराई पाउने र अन्य प्रतिवादीको हकमा अभियोग दावी नपुग्ने भनी शुरु जिल्ला अदालत, कास्कीबाट भएको फैसलाउपर पुनरावेदन परी पुनरावेदन अदालत, पोखराबाट समेत शुरु इन्साफ सदर हुने ठहर भएकोले मुद्दा दोहोऱ्याउने निवेदन नगरिएको ।

भाग ४. प्रेषित सुझाव तथा ध्यानाकर्षणको विवरण

४.१ ध्यानाकर्षण गर्न लेखिएको :

४.१.१ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

सडक विभाग अन्तर्गत पूर्वाञ्चल डिभिजन सडक कार्यालय नं. २, दमक, झापाले आर्थिक वर्ष २०५६।५७ मा देवनिय खोलामा पुल निर्माणको लागि पूर्व योग्यता निर्धारण गर्ने सिलसिलामा मूल्यांकन विधि तय गर्दा संयुक्त सहभागिता (joint venture) को अनुभवलाई पनि एकल अनुभव सरहकै अंक प्राप्त गर्न सकिने गरी मूल्यांकन प्रकृया तोकिएको कार्य उपयुक्त नदेखिएकोले सो सम्बन्धमा उक्त विभागको ध्यानाकर्षण गराइएको ।

४.१.२ सूचना तथा सञ्चार मन्त्रालय :-

४.१.२.१ नेपाल टेलिभिजनमा लेखा शाखामा कार्यरत शान्ता गौतमको अधिकृत तह-६ लेखा अधिकृत पदमा नियुक्ति भएकोमा निजले परीक्षणकाल (१ वर्ष) समाप्त नहुँदै राजीनामा दिएको र सो राजीनामा स्वीकृत भएपछि रिक्त पदमा प्रतिक्षासूचीको योग्यताक्रम नं. १ मा परेको आधारमा सीताराम घिमिरेलाई नियुक्त गरेको देखियो । नेपाल टेलिभिजन कर्मचारी सेवा शर्त विनियमावली, २०५५ को परिच्छेद ३, विनियम ३० मा त्यसरी नियुक्ति गर्ने प्रावधान नरहेको तर लोकसेवा आयोग (कार्यविधि) नियमावली, २०५० अनुसार नियुक्ति गर्न मिल्ने देखिएको भनी संचालक समितिले निर्णय गरी नियुक्त गरेको देखिंदा अब आइन्दा पदपूर्ति गर्न कर्मचारी सेवा शर्त विनियमावलीमै आवश्यक व्यवस्था गर्न नेपाल टेलिभिजनको ध्यानाकर्षण गराइएको ।

४.१.२.२ नेपाल टेलिभिजनले आफ्नो प्रसारण पछि वांकी रहेको दिउंसोको समय १० वजेदेखि ५ वजे सम्म विक्री गर्ने निर्णय गर्दा प्राविधिक समितिले प्रति मिनेट प्रसारण लागत शुल्क रु. १४९।- लाग्ने सिफारीश गरेकोमा सांग्रीला च्यानललाई प्रति मिनेट रु. १०७।- मा विक्री गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा खाली समयमा सांग्रिला च्यानललाई रु. १०७।- प्रति मिनेटमा समय दिंदा श्री ५ को सरकार र नेपाल टेलिभिजनलाई राजस्व प्राप्त भएता पनि नेपाल टेलिभिजनको उपकरण संचालन भए बापत त्यसको ह्रासकट्टी तथा अन्य खर्च जोड्दा प्राविधिक टोलीले औंल्याएको रु. १४९।१४ मध्ये रु. १०७।- घटाउंदा प्रति मिनेट रु. ४२।१४ नोक्सान परेको देखिएकोले अब उप्रान्त यस्तो कार्य दोहोरिन नदिन तथा खुला प्रतिस्पर्धाको माध्यमबाट समय उपलब्ध गराउन तथा प्रति मिनेट रु. ४२।१४ नोक्सान हुने गरी सम्झौता गर्ने गराउने तत्कालीन महाप्रवन्धक समेतलाई ध्यानाकर्षण गराउन सूचना तथा संचार मन्त्रालयलाई लेखिएको ।

४.१.३ स्थानीय विकास मन्त्रालय :-

पर्सा जिल्ला विकास समितिले आर्थिक वर्ष २०५७।५८ मा पर्सा जिल्लाभित्र उत्पादन भई निकासी हुने वस्तुको ठेक्का बन्दोवस्तमा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा बोलपत्रको एउटा प्रकृया शुरु भई सकेपछि त्यसलाई टुंगो नलगाई ठाडो निवेदन लिई आफैले तोकेको न्यूनतम कबोल अंकभन्दा कम दरमा ठेक्का प्रदान गरेको काम उचित भन्न सक्ने अवस्था देखिएन । तथापि परेको टेण्डरको कबोल अंक रु. ८,००,०००।- देखिएको र ठेक्का दिएको कबोल अंक रु. ९,६९,०००।- खुल्न आएको हुंदा जिल्ला विकास समितिलाई नोक्सानी नै पुऱ्याएको भन्ने अवस्था नहुंदा आइन्दा वस्तुनिष्ठ आधारमा न्यूनतम कबोल अंक तोकी आर्थिक ऐन, नियमको प्रकृया पुऱ्याएर मात्र ठेक्का बन्दोवस्त गर्नेतर्फ जिल्ला विकास समितिको ध्यानाकर्षण गराइएको ।

४.२ सुझाव पठाइएको :

४.२.१ अर्थ मन्त्रालय :-

४.२.१.१ राष्ट्रिय बीमा संस्थानमा बीमाङ्की (Actuary) नियुक्त गर्दा सम्भव भएसम्म पारदर्शिताका साथ प्रतिस्पर्धात्मक ढंगले गर्नू भनी संचालक समिति, राष्ट्रिय बीमा संस्थानलाई सुझाव पठाई अर्थ मन्त्रालयलाई बोधार्थ दिइएको ।

४.२.१.२. बीमा समितिमा व्यापक अनियमितता भएको भन्ने सम्बन्धमा निम्न सुझाव अर्थ मन्त्रालयमा पठाइएको :-
कुनै पनि संस्था वा समितिको काम कारवाही, रेखदेख, नियन्त्रण र उत्तरदायित्वको बारेमा श्री ५ को सरकारको सम्बन्धित निकाय वा मन्त्रालयले चासो राखी आवश्यक कारवाही गर्नु पर्छ, जसले गर्दा तत्सम्बन्धी संस्था वा समितिको काम कारवाही प्रभावकारी हुन सकोस् । खास गरी श्री ५ को सरकारको स्वामित्वमा रहेका वा कानूनद्वारा नै अधिकार प्राप्त निकायहरुको हकमा त्यस्तो चासो झन सम्बन्धित हुन आउंछ । बीमा समितिको काम कारवाही प्रत्यक्ष रुपमा देशको आर्थिक कारोवार र वन्द व्यापारसंग सम्बन्धित रहेकोले यसको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक नीति र कार्यक्रम तयार गरी सोको कार्यान्वयनतर्फ अनुगमन गर्ने ।

४.२.१.३. त्रिभुवन विमानस्थल भन्सार कार्यालयवाट एक्स-रे मेसिन खरीद गर्ने टेण्डर गर्दा मुक्तिनाथ ट्रेड कन्सर्नले राखेको धरौटी रकम जफत गरी राजस्व खातामा जम्मा गर्नु पर्नेमा सो नगरी फिर्ता दिएको भन्ने सम्बन्धमा छानवीन हुंदा मुक्तिनाथ ट्रेड कन्सर्नले राखेको धरौटी रकम रु. १,४०,०००।- जफत गर्ने निर्णय मिति २०५६।११।११ मा प्रमुख भन्सार प्रशासक सावित्री राजभण्डारीले गरेकोमा सो निर्णय विपरीत मिति २०५७।२।२७ मा सो धरौटी निज प्रमुख भन्सार प्रशासक सावित्री राजभण्डारी र लेखा अधिकृत दीर्घनारायण पौडेलले फिर्ता दिई फेरी सो रकम असूल गरी मिति २०५७।३।८ मा राजस्व खातामा जम्मा गरेको देखियो । अव उप्रान्त यस्ता विषयमा सावधानीपूर्वक काम गर्न प्रमुख भन्सार प्रशासक सावित्री राजभण्डारी र लेखा अधिकृत दीर्घनारायण पौडेलको ध्यानाकर्षण गराउन अर्थ मन्त्रालयलाई लेखिएको ।

४.२.१.४ नेपाल एस.वि.आई.बैंकबाट जयदुर्गा ट्रेडर्सलाई ऋण प्रवाह गर्दा धितो भन्दा बढी कर्जा प्रवाह गरी अनियमितता गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा एस.वि.आई बैंकले ऋण प्रवाह गर्दा धितो मूल्यांकन नगरिने तर धितो भन्दा परियोजना संभाव्यता देखिएको अवस्थामा बैंकले परियोजना संभाव्यतालाई बढी आधार मान्ने धितो कम वा बढी मूल्यांकनलाई आधार नलिने बैंकको नीति रहेको भन्ने जवाफ प्राप्त भएवाट बैंकको उपर्युक्त नीतिको समीक्षा गरी उपयुक्त निर्देशन दिन नेपाल राष्ट्र बैंकलाई सुझाव पठाइएको ।

४.२.१.५ राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, विशालबजारका ऋणी भक्तपुर ठिमीस्थित पेपरमेट पेन इण्डष्ट्रिज प्रा.लि. र प्रिसिसियन प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.ले २०४४।४५ सालमा गरेको एल.सी. कारोबार र ऋण लिएको कर्जा कारोबारमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, विशालबजारले केन्द्रीय कार्यालयको मिति २०४४।७।१० को निर्णयअनुसार स्थीर र चालू पूंजि कर्जाको लागि पेपरमेट पेन इण्डष्ट्रिज प्रा.लि.लाई रु. ४९,००,२४७।९१ र प्रिसिसियन प्लाष्टिक इण्डस्ट्रिजलाई रु. ८३,८०,३४८।- गरी रु. १,३२,८०,५९६।८७ कर्जा दिएको, आर्थिक वर्ष २०४५।४६देखि प्रतीतपत्र कारोबार गरी रु १,५०,२४,५४३।८५ को एओसी कर्जा दिएको, केन्द्रीय कार्यालयबाट मिति २०५३।३।१० मा प्रकाशित सूचना र सञ्चालक समितिको मिति २०५४।४।२३ को निर्णयसमेतबाट जम्मा रु ९५,२३,०१९।७९ पेनाल र पूंजीकरण ब्याज मिनाहा दिएको, तत्काल प्रचलित कर्जा असूली व्यवस्थापन प्रणाली, २०५० को परिच्छेद २ दफा ८ अनुसार ब्याज चुक्ता नभई सांवामा आंशिक भुक्तानी गर्न नमिल्नेमा सो विपरीत एओसी कर्जामध्ये केहीमा प्रचलित, पूंजीकरण र पेनाल ब्याज पूरै बांकी राखी सांवा चुक्ता गरेको र केहीमा सांवा आंशिक चुक्ता गरी प्रचलित ब्याज, पेनाल ब्याज, र पूंजीकरण ब्याज बांकी राखेको, ती फर्मले मर्चेन्ट बैङ्किङ एण्ड फाइनान्स लि.संग कर्जासमेत लिई २०५४।१०।१५ सम्ममा पुरानो कर्जा चुक्ता गरेको, २०५४।१०।१४ मा दिएको निवेदनको आधारमा मिति २०५५।१।१६ मा रिभल्भिङ ओभरड्राफ्टमा रु ९० लाख, हाइपोथिकेशनमा रु १ करोड, बिलम्ब सुविधामा रु ३० लाख र आयात प्रतीतपत्रमा रु १.५ करोड कर्जा सुविधा स्वीकृत गरेको, सोबमोजिम लगानी गरेको रकम पनि मिति २०५६।८।३ सम्ममा असूली भएको देखिंदा भ्रष्टाचार भए गरेको भन्न मिल्ने देखिएन । तथापि कर्जा असूली व्यवस्थापन प्रणाली, २०५० को परिच्छेद २ दफा ८ अनुसार ब्याज चुक्ता नभई सांवामा आंशिक भुक्तानी गर्न नमिल्नेमा सो गरेको कारणले कम असूल हुन गएको रकम निश्चित गरी ब्याजसमेत ती फर्मबाट असूल गर्नु र सो रकम फर्मबाट असूल नभएको खण्डमा सम्बन्धित कर्मचारीबाट असूल गरी आयोगलाई जानकारी दिन तथा पहिले दिएको एओसी कर्जा नबुझाई थप कर्जा दिंदै जाने र लामो समयसम्म ऋण बुझाउन नसकी पेनाल र पूंजीकरण ब्याज मिनाहा पाएपछि मात्र अन्यत्रबाट ऋण खोजी ल्याई तिर्ने पार्टीलाई तत्कालै ऋण उपलब्ध गराउनु राम्रो लगानी नीति नभएको हुंदा यी विषयमा छुट्टै नीति बनाउन भनी राष्ट्रिय वाणिज्य बैङ्कको सञ्चालक समितिलाई सुझाव दिइएको ।

४.२.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

रोजगार प्रवर्द्धन विकास समितिका अध्यक्ष अमरराज कैनीले सुविधा स्वरुप उपलब्ध गराईएका कर्मचारीहरुको पारिश्रमिक वापतको रकम आफैले लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा श्री ५ को सरकारवाट यसरी राजनैतिक नियुक्ति गरिएको व्यक्तिहरुलाई दिइने सुविधा वापत पाउने कर्मचारीहरुको नियुक्ति र वर्खास्तगीको प्रकृया तोकी निजहरुले पाउने पारिश्रमिक सम्बन्धित व्यक्तिहरुलाई सीधै भुक्तानि दिने साथै श्री ५ को

सरकारबाट प्रदान गरिने अन्य सुविधाहरुको पनि सदुपयोग गर्ने व्यवस्था मिलाउन मन्त्रिपरिषद् सचिवालयलाई सुझाव पठाइएको ।

४.२.३ कृषि तथा सहकारी मन्त्रालय :-

४.२.३.१ कृषि मन्त्रालयबाट भारत र वंगलादेशको अवलोकन भ्रमणको लागि कर्मचारी मनोनयन हुंदा अनियमितता भएको र आयोगको सुझावको व्यापक रुपमा उल्लंघन भएको भन्ने सम्बन्धमा छानवीन हुंदा निम्नानुसार गरिएको :

क) विभिन्न आयोजना र कार्यक्रमहरु अन्तर्गत अध्ययन भ्रमणहरुका लागि सरकार वा संस्थाहरुबाट प्राप्त हुने ऋण रकमबाट खर्च व्यहोर्ने गरिएकोमा सो गर्नु उपयुक्त नहुंदा अब आइन्दा सो व्यवस्था हटाउन कृषि मन्त्रालय, अर्थ मन्त्रालय र मन्त्रिपरिषद्मा लेखिएको ।

ख) ऐन नियम वा प्रत्यायोजित अधिकार अनुसार अधिकार प्राप्त अधिकारीले आफ्नो अधिकारभित्रको निर्णयलाई माथिल्लो तहमा पठाउने प्रकृयालाई अन्त्य गरी आफै निर्णय गर्ने गर्नु भनी कृषि मन्त्रालयलाई लेखिएको ।

४.२.३.२ कृषि विकास बैङ्कबाट विभिन्न पदपूर्तिका लागि लिइएका परीक्षाहरुमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा कृषि विकास बैङ्कबाट लिइएका वि.नं. १६/२०५४।५५ को स्टेनो, वि.नं. २/५३ र वि.नं. ६/२०५४।५५ को ऋण अधिकृत पद र आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने शाखा अधिकृत पदका परीक्षाहरुमध्ये केही पदका परीक्षाहरुका उत्तर पुस्तिकाहरुमा दिइएका अङ्कहरुको केरमेट र उत्तर पुस्तिकाहरुको परीक्षण, पदपूर्तिको सम्पूर्ण कामहरुको लागि बैङ्ककै कर्मचारीहरु मात्र संलग्न गराइने व्यवस्था तथा सबै कामको लागि गरिएको अधिकार प्रत्यायोजन लगायतका कुराहरुबाट परीक्षाको परीक्षण प्रकृयामा पारदर्शिता र निस्पक्षता कायम रहन नसक्ने देखिएकोले उक्त बैङ्कबाट संचालन गरिने परीक्षाहरुमा बढी निस्पक्षता र पारदर्शिता गराउने उद्देश्यले निम्न लगायतका आवश्यक व्यवस्थाहरु गर्न सुझाव दिइएको :

(क) अब उप्रान्त परीक्षा लिई सकिएका उत्तरपुस्तिकाहरुको परीक्षणमा सो बैङ्कका पदाधिकारी वा कर्मचारीहरु वाहेक वाहिरका अन्य विशेषज्ञहरु पनि संलग्न गराउने,

(ख) प्रत्येक पदको परीक्षा सञ्चालन गर्दा नियम अनुसारको पदपूर्ति समिति गठन गर्ने, त्यस्तो पदपूर्ति समितिमा त्यस बैङ्क वाहेकका अन्य विशेषज्ञ (जस्तै राष्ट्रिय वाणिज्य बैंक वा अन्य वाणिज्य बैङ्कहरुका) हरुलाई पनि सम्मिलित गराउने,

(ग) परीक्षा लिई सकेपछि धेरै समयको अन्तरालमा परीक्षाफल प्रकाशित गर्दा सो परीक्षाप्रतिको विश्वसनीयता र निस्पक्षतामा आंच आउन गई संस्था प्रतिको जनआस्थामै ह्रास हुन सक्ने संभावनालाई ध्यानमा राखी लिखित परीक्षाको नतीजा काबू वाहिरको परिस्थिति वाहेक मनासिव समयभित्रै प्रकाशित गरी यथासंभव छिटो पदपूर्तिको टुङ्गो लगाउने ।

४.२.४ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

ग्रामीण आवास कं. लि. पुल्चोकले जि.कास्कीको साविक अर्घौं हाल लेखनाथ नगरपालिका वडा नं. २ मा पर्ने क्षेत्रफल ४४-१३-२-३ रोपनी जग्गा खरीद गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जग्गाको क्षेत्रफल जग्गा धनी प्रमाण पुर्जा बमोजिम नै भएको र मूल्य पनि गा.वि.स., जिल्ला प्रशासन तथा सरजमीन समेतको आधारमा तय गरिएकोले हानी नोक्सानी भएको नदेखिएता पनि तत्कालीन संचालक समितिका सदस्यहरु र कार्यकारी अध्यक्ष दिलिप राईले उक्त जग्गा खरीद गर्ने क्रममा निर्णय गर्दा कानूनतः राष्ट्रियस्तरका पत्र पत्रिकामा समेत सूचना जारी गरी दरखास्तवालाहरुलाई उचित समय प्रदान गरी प्राप्त दरखास्तउपर छानवीन गरी उपयुक्तताको आधारमा जग्गा खरीद गर्नु पर्नेमा नगरी ग्रामीण आवास तथा वस्ती विकास कं. लि. को आर्थिक विनियमावली, २०४१ द्वारा निर्दिष्ट प्रावधान समेतको प्रचलित कानूनको प्रकृया अवलम्वन नगरी अचल सम्पत्ति खरीद गरेको पाइयो । अतः अब आईन्दा जग्गा खरीद गर्दा कानूनले निर्दिष्ट गरेको प्रकृया पूरा गरी खरीद गर्न ग्रामीण आवास तथा वस्ती विकास कं. लि. लाई सुझाव पठाइएको ।

४.२.५ वन तथा भू-संरक्षण मन्त्रालय :-

नेपाल वोर्ड्स लि. बारालाई मसलाको दाउरा उपलव्ध गराउंदा प्रचलित मूल्यभन्दा कम मूल्यमा उपलव्ध गराउने गरी वन पैदावार विकास समितिले सम्झौता गरेको र सागरनाथ वन विकास परियोजनाको मूर्तिया क्षेत्रमा घाट गद्दी गरिएको करिव ७३ हजार क्यू.फी. काठ नोक्सानीमा रहेको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

क) वन पैदावार विकास समिति र नियोलक्स नेपाल लि. (हाल नेपाल वोर्ड्स लि.) बीच मिति २०५३।११।२८ मा सागरनाथ वन विकास परियोजनाबाट उत्पादित कच्चा पदार्थ उपलब्ध भएसम्म उक्त लि. लाई वार्षिक २७३७ चट्टा दाउरा हरेक ५।५ वर्षमा मूल्य पुनरावलोकन गर्ने र प्रथम ५ वर्षको लागि श्री ५ को सरकारलाई वुझाउनु पर्ने रोयल्टी वाहेक समितिको मूल्य प्रति चट्टा रु. ५१००।- वुझाउने गरी शर्त राखी १० वर्षे सम्झौता भएको देखिंदा यसवाट रोयल्टी रु. १०००।- समेत राख्दा प्रति चट्टा मूल्य रु. ६१००।- देखियो भने सो समयमा समितिको मूल्य पनि सोही नै रहेको हुंदा शुरु मूल्य सम्झौतालाई अन्यथा मान्न सकिने अवस्था देखिएन । यसैबीच वन पैदावार विकास समितिको संचालक समितिको मिति २०५३।५।३० को वैठकले मसलाको हांगा विंगा टुप्पा टुप्पी विक्री गर्ने सम्वन्धमा Terms and Condition, मूल्य Escalation Mechanisim र अन्य शर्तहरुका वारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न टोली गठन भए अनुसार उक्त टोलीले हालसम्मको दाउरा विक्री हुंदा अधिकतम मूल्य प्रति चट्टा रु. ९८२२।- भएपनि मसलाको मात्र दाउरा विक्री गर्ने हो भने सो भन्दा वढी मूल्य प्राप्त हुने भनी प्रतिवेदन दिएको देखिन्छ । अर्को तिर २०५४।८।६ मा वसेको वैठकले मसलाको दाउराको प्रति चट्टा मूल्य रु. ७,२००।- भनी मूल्य कायम गरेको पनि देखिन्छ । साथै माथि उल्लेख गरिएको सम्झौतामा ५ पांच वर्षको अन्तरालमा मूल्य पुनरावलोकन गर्ने भनिएको भएपनि ५ (पांच) वर्षको अवधि नपुगै रोयल्टी सहीत ६८६५।- मूल्य कायम गरी नेपाल वोर्डस लि. संग सम्झौताको शर्त परिवर्तन गरेको र ५ वर्षको अवधिसम्म सोही मूल्य कायम गर्ने भनी मिति २०५६।४।१३ मा निर्णय गरेको पनि देखिन्छ । वन पैदावार विकास समितिको यस्तो कृयाकलापले दाउरा/काठको मूल्य कायम गर्दा वा त्यस्को विक्री गर्दा खास निश्चित प्रक्रिया अपनाउने गरिएको देखिदैन । त्यसो हुंदा निर्णय कर्ताको निर्णय शङ्काको घेरामा हुनु स्वभाविक हो । अतः उक्त समितिले यस वारेमा निश्चित प्रक्रिया सहितको नियमावली ३ महिनाभित्र बनाई यस आयोगलाई जानकारी दिने भनी वन तथा भू-संरक्षण मन्त्रालयलाई सुझाव पठाइएको ।

ख) सागरनाथ वन विकास परियोजनाको मूर्तिया क्षेत्रमा घाट गद्दी गरी हालसम्म पनि विक्री नभएको काठको सम्वन्धमा काठ कटान मुछान घाटगद्दी भएपछि समितिको प्रचलित दर वमोजिम लिलाम विक्रीको सूचना हुंदा केही काठहरु विक्री भएका र बांकी रहेका काठ पनि पटक पटक सूचना प्रकाशित गरी मन्त्रिपरिषद्वाट समेत भएको निर्णय अनुसारको समिति गठन गरी अति न्यून मूल्य एवं शून्य मूल्य समेत कायम गरी विक्री गर्न खोज्दा पनि काठ लिलाम हुन नसकेको तथ्य देखिंदा कोही कसैको लापरवाही र वदनीयतवाट सो कार्य भए गरेको नभई परिस्थितिवश नै विक्री हुन नसकेको हुंदा केही गरी रहन परेन । तर सागरनाथ वन विकास परियोजनाको मूर्तिया क्षेत्रमा वन पैदावार विकास समितिको प्रचलित मूल्य रु. ८५,१६,८८६।- वरावरको जम्मा ७०,६३२.०० क्यू. फी. काठ लिलाम हुन नसकी हालसम्म त्यसै रही रहेको र अव विक्री हुने सम्भावना पनि नभएको देखिंदा परियोजनाको लक्षित कार्यक्रम अनुसार नै प्राकृतिक जंगल कटान गरेको भए ता पनि ठूलो परिमाणमा रुख कटान गरी काठ एकै ठाउंमा घाटगद्दी गरिएको कारणवाट नै उक्त समस्या उत्पन्न भएको र वन पैदावार विकास समितिलाई हानी नोक्सानी पर्न गएको हुंदा अव उप्रान्त यस्तो कार्य गर्दा गराउंदा उत्पादित काठ दाउराको वजार भाउ र खपत समेतका विषयमा कार्ययोजना तयार गरी वार्षिक रुपमा खपत हुने परिमाणको अनुमान गरी सोही अनुरुप रुख कटान गर्ने व्यवस्था गर्न भनी वन पैदावार विकास समिति र वन तथा भू-संरक्षण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

४.२.६ शिक्षा तथा खेलकूद मन्त्रालय :-

४.२.६.१ उच्च माध्यामिक शिक्षा परिषद्मा रंगिलाहरुको रजाई भनी सूर्योदय साप्ताहिक पत्रिकामा प्रकाशित समाचार तथा परिषदका न्यायप्रेमी कर्मचारीहरुको तर्फवाट दिएको उजूरी समेतउपर अनुसन्धान हुंदा उच्च माध्यामिक शिक्षा परिषदको आर्थिक प्रशासन जस्तो आधारभूत र महत्वपूर्ण विषयलाई तत्सम्वन्धी उच्च माध्यामिक शिक्षा ऐन, २०४६ को दफा १६ अन्तर्गत नियम वनाई लागू गर्नु पर्नेमा उक्त ऐनको दफा १७ वमोजिम आफ्नो आन्तरिक काम कारवाहीहरु व्यवस्थित गर्नको निमित्त विनियम वनाउन सकिने प्रावधानलाई प्रयोग गरी परिषद् आफैले विनियम वनाई आर्थिक प्रशासन सम्वन्धी व्यवस्था गरी खर्च गरेको कानून र औचित्यसंगत देखिएन । अतः आगामी आर्थिक वर्षदेखि लागू गर्ने गरी आर्थिक प्रशासन सम्वन्धी नियम वनाउन श्री ५ को सरकारलाई सुझाव दिइएको ।

४.२.६.२ जिल्ला शिक्षा कार्यालय, गोरखामा अनियमितता भएको भन्ने समेत विषयमा छानवीन हुंदा देहायका कुराहरुमा प्रकृयागत त्रुटि देखिएकोले अव आइन्दा यस्तो कार्य दोहरिन नदिने व्यवस्था गर्न सुझाव तथा सो कार्यमा संलग्न पदाधिकारीहरुलाई ध्यानाकर्षण गराईएको ।

(क) सि.एस.आर. स्टेशनरी सेन्टर, पोखरा, स्टार स्टेशनरी कपि सप्लायर्स पोखरा र लक्ष्मीमाता कन्सर्न पोखराको क्रमशः मिति २०५६।८।१५, २०५६।८।१६, २०५६।८।१५ को कोटेशनको आधारमा सवभन्दा कम मूल्य उल्लेख

भएको लक्ष्मीमाता कन्सर्न पोखराबाट मिति २०५६।८।२३ को बील बमोजिमको रकम सोही मितिमा भुक्तानी दिएको भए तापनि कोटेशन प्राप्त भएपछि सबभन्दा कम मूल्य भएको पसलको नाममा खरीद आदेश बनाउनु पर्नेमा कोटेशन प्राप्त हुनु अगावै मिति २०५७।८।१३ मा खरीद आदेश बनाएको र स्थानीय बजारबाट कोटेशन लिने प्रयास नगरेको कार्य त्रुटिपूर्ण देखिएको ।

(ख) जिल्ला शिक्षा अधिकारी, कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला आवास तथा शहरी विकास शाखाको प्रतिनिधि समेत राखी फर्निचरको एकमुष्ट रु. १,५००।-मूल्यांकन गरी मिति २०५७।२।१३ को टिप्पणी आदेश बमोजिम मिनाहा गरेको तर लिलाम हुन सक्ने सामानहरु लिलाम गर्नु पर्ने र लिलाम हुन नसकेमा मात्र सोही बमोजिम प्रकृया पूरा गरी मिनाहा गर्नु पर्नेमा सो भए गरेको नदेखिएको ।

(ग) जौवारीका शिक्षक मित्रबहादुर पाठकको विदा प्रमाणित गरिएको पत्रमा सम्बन्धित निरीक्षकको राय लिई आ.का. गर्ने भनी तोक लागिसकेपछि निरीक्षकको राय बेगर संचित विदाको रकम भुक्तानी गरेको देखिएको ।

४.२.७ सामान्य प्रशासन मन्त्रालय :-

निजामती सेवामा कार्यरत कर्मचारीहरुले बढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र एवं उमेर संशोधन गर्दा उपयोग गरिएको प्रमाणपत्रको आधारमा अनियमित तवरमा अभिलेख सच्याइएको भन्ने सम्बन्धमा छानवीन गरी प्रतिवेदन पेश गर्न आयोगद्वारा गठित कार्यदलको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा देहाय बमोजिम गरिएको :

(क) निजामती कर्मचारीको उमेर वा जन्ममिति कायम गर्ने सम्बन्धमा विद्यमान निजामती सेवा ऐन र नियमावलीमा भएको व्यवस्था र सम्मानित सर्वोच्च अदालतबाट फैसला भई कायम भएका नजीरको आधारमा निजामती कर्मचारीले सेवा प्रवेश गर्दा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा लेखिएको जन्ममिति वा उमेर सो नभएमा नोकरी प्रवेश गर्दा शुरुमा भरी पेश गरेको सिटरोलमा लेखिएको जन्म मिति वा उमेरलाई नै कर्मचारीको उमेर वा जन्ममिति कायम गर्न श्री ५ को सरकारलाई सुझाव दिइएको,

(ख) छानवीनको क्रममा उजूरीमा परेका विशिष्ट र रा.प. प्रथम श्रेणीका केही कर्मचारीहरुको व्यक्तिगत अभिलेख अध्ययन गर्ने कार्य मात्र भएकाले यस्तो समस्या सबै तहका कर्मचारीहरुमा हुन सक्ने भएको हुंदा सबै कर्मचारीहरुको अभिलेख छानवीन गर्नुपर्ने देखिएकोले सो कार्य सामान्य प्रशासन मन्त्रालयमार्फत् गर्ने व्यवस्था मिलाउन सुझाव दिइएको ।

४.२.८ सूचना तथा सञ्चार मन्त्रालय :

४.२.८.१ रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालमा अन्यत्रबाट सरुवा गरी लिने प्रावधान नियमावलीमा देखिएको, तर रेडियो नेपालले कस्तो क्षमता, दक्षता एवं योग्यता भएका व्यक्तिलाई लिने भन्ने कुनै पनि प्रावधान नभएको देखिंदा त्रिभुवन विश्वविद्यालय तथा विभिन्न परियोजना आदिबाट उपयुक्तताको परीक्षण नै नगरी केवल बढुवाको प्रयोजनको लागि सरुवा गर्ने र बढुवा पनि गर्ने प्रवृत्ति विद्यमान भएकोले उपयुक्तताको परीक्षण गर्ने मापदण्ड समेत भएको नदेखिंदा अब आइन्दा निश्चित मापदण्ड तयार गरी सोको पालना गरेर मात्र सरुवा गर्ने व्यवस्था मिलाउन रेडियो नेपाललाई लेखिएको ।

४.२.८.२ नारायणी सिंचाई विकास समितिमा कार्यरत तत्कालीन शाखा अधिकृत हिक्मतबहादुर रावल कानून बिपरीत रेडियो प्रसार सेवा विकास समितिमा सरुवा भै आएको भन्ने सम्बन्धमा छानवीन हुंदा रेडियो नेपालको कर्मचारी सेवा शर्त नियमावली, २०४८ तथा २०५१ एवं हाल प्रचलित सेवा शर्त नियमावलीमा समेत अन्तर समिति वा संस्थान सरुवा गर्न गराउन सकिने व्यवस्था नभएको सन्दर्भमा संचालक समितिवाट निर्णय गरी सरुवा गर्ने गरेको देखिंदा यस किसिमले सरुवा गराउने कार्य नदोहोऱ्याउन सजग गराउने गरी रेडियो प्रसार सेवा विकास समितिको संचालक समितिलाई लेखिएको ।

४.२.९ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

४.२.९.१ शाही नेपाल वायुसेवा निगमको मिति २०५६।१२।२३ प.सं.इ.सि.एफ. ३३।४१४।०५६ को बोधार्थ पत्रद्वारा आयोगले निगमले विमान भाडामा लिंदा टेण्डर लगायतका प्रकृया अपनाउनु पर्ने गरी दिएको सुझाव कार्यान्वयन गर्ने सिलसिलामा छोटो अवधिका लागि C-Check जस्तो कार्यका लागि विमान भाडामा लिनु पर्दा टेण्डर प्रकृया पूरा गर्न नसकिने हुंदा आयोगको निर्णय कार्यान्वयन गर्न कठिनाई पर्ने भएकोले छोटो अवधि (२देखि ४ हप्तासम्म) को

लागि विमान भाडामा लिंदा Direct Negotiation द्वारा भाडामा लिने स्वीकृति पाउन भनी लेखेको पत्रका विषयमा C-Check मा विमान पठाई त्यस्को Replacement मा अर्को विमान लिनु पर्दा Direct Negotiation द्वारा लिन सकिने तर सोका लागि स्पष्ट आधारहरु संचालक समितिले तय गर्ने र सोही आधारमा मात्र छोटो अवधि (C-Check) का लागि जहाज पठाउंदा लाग्ने अवधिका लागि जहाज भाडामा लिन सकिने गरी सुझाव दिइएको ।

४.२.९.२ दक्षिणकाली क्षेत्र सुधार समितिका कर्मचारी तथा टल्कु गा.वि.स.का अध्यक्ष मोहन बस्नेत समेतको मिलेमतोमा दक्षिणकाली मन्दिर र त्यस क्षेत्रका सम्पूर्ण आम्दानीको दुरुपयोग गरेको भन्ने सम्बन्धमा छानवीन हुंदा दक्षिणकाली क्षेत्रका पसल कवल र अन्य यस्तै भाडामा लगाउनु पर्ने स्थान र सेवाहरु प्रतिस्पर्धात्मक र पारदर्शी रुपले भाडामा लगाउने व्यवस्था गर्ने, यसमा पारदर्शी र प्रतिस्पर्धा के कसरी गर्ने भन्ने व्यवस्था समितिले नै तय गर्ने तथा त्यसरी पसल कवलहरु भाडामा दिंदा वा दिने निर्णय गर्दा त्यस्तो निर्णय गर्ने सदस्य वा अधिकारी स्वयंले नै भाडामा लिने भएमा त्यस्तो पदाधिकारी वा सदस्य त्यस्तो निर्णयमा संलग्न नहुने व्यवस्था मिलाउने भन्ने सुझाव उक्त समितिमा पठाइएको ।

४.२.१० स्थानीय विकास मन्त्रालय :-

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा विभिन्न अनियमित कार्य भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा तत्कालीन शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रीको अध्यक्षतामा शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, का सचिव तथा कृषि मन्त्रालय, रक्षा मन्त्रालय र जलश्रोत मन्त्रालयका प्रतिनिधिहरु समेत रहेको मिति २०४९।९।१५ को बैठकको निर्णयानुसार श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय र मणिपाल एजुकेशन एण्ड मेडिकल ग्रुप बीच मिति २०४९।७।२ मा उक्त ग्रुपलाई पोखरामा ५० एकड (२५ एकड सशुल्क र २५ एकड निःशुल्क) जग्गा दिने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने सैद्धान्तिक स्वीकृति दिने निर्णय भए बमोजिम पेश भई मन्त्रिपरिषद्को वै.नं. ६४।०४९ मिति २०४९।९।२० को निर्णयानुसार श्री ५ को सरकारकै स्वामित्वमा रहने गरी ४९ वर्षको लागि २५ एकड निःशुल्क र २५ एकड सम्झौता अनुसार रकम लिई लीजमा दिने सैद्धान्तिक स्वीकृति भएको, साथै मन्त्रिपरिषद् वै.नं. २८।०५० को निर्णयानुसार पोखरास्थित महिला विकास प्रशिक्षण केन्द्र रहेको भवन तथा सोले चर्चेको जग्गा मणिपाल एजुकेशन एण्ड मेडिकल ग्रुपलाई कलेज अफ मेडिकल साइन्स संचालनको लागि २ वर्षको निमित्त स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले सम्झौता गरी भाडामा दिने र यसको भाडा आवास तथा भौतिक योजना, शिक्षा, संस्कृति तथा समाज कल्याण र स्थानीय विकास मन्त्रालयहरुका प्रतिनिधिहरु रहेको समितिले निर्धारण गर्ने निर्णय भए बमोजिम गठित भाडा निर्धारण समितिले मिति २०५०।१०।१७ मा पोखरास्थित महिला विकास प्रशिक्षण केन्द्र रहेको भवन र सोले चर्चेको जग्गाको एकमुष्ट रु. ११,३७,६०६।६३ मासिक बुझाउनु पर्ने गरी मूल्यांकन गरेकोमा सोको वास्तै नगरी हालसम्म उक्त निर्णयहरु कार्यान्वयन गर्न सम्झौतासम्म पनि नगरेको, शुरुको २ वर्षको भाडा रु. ३३,०२,५५९।१२ आयोगवाट भएको अनुसन्धानको अवधिमा तर ताकेता गरेपश्चात् मात्र उठेको देखिन्छ । यस प्रकार श्री ५ को सरकार र खास गरी स्थानीय विकास मन्त्रालय अन्तर्गतको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले आफ्नो सम्पत्तिप्रति वेवास्ता गर्नाले उठ्नु पर्ने रकम हालसम्म उठ्न नसकेको कुरा प्रष्ट देखिन आएको छ । त्यसैले यस सम्बन्धमा तुरुन्त मणिपाल कलेजसित सम्झौता गरी निर्धारित भाडा लिने अन्यथा उक्त मणिपाल कलेजले सो जग्गा जवर्जस्ती कब्जा गरेको ठानी जो जे गर्नु पर्छ गरी उक्त जग्गाको बहाल उठाउन उपयुक्त हुने भएकोले ३ महिनाभित्र सो बमोजिम गर्न गराउन र यस आयोगलाई सोको जानकारी दिन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई सुझाव दिइएको ।

भाग ५. विविध

५.१ विस्तृत अनुसन्धान तहकिकातपश्चात् तामेलीमा राखिएका उजूरी विवरण

५.१.१ अर्थ मन्त्रालय :-

(१) एभरेष्ट बैंक लि. नयां ब्रानेश्वरबाट विद्यमान नियम कानून र प्रचलन बिपरीत अनियमित तरिकाबाट पेपरमेट पेन इण्डष्टीज लगायत विभिन्न ८ वटा कम्पनीहरुलाई कर्जा प्रवाह गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा कर्जा प्रवाह गरिएको भनिएको आठ ओटा कम्पनीहरुको अधिकांश रकम भुक्तानी भई सकेको भनी सो बैंकबाट प्राप्त विवरणबाट देखिन आएकोले रकम डुब्ने सम्भावना भएको नदेखिंदा आयोगबाट केही गरी रहनु नपरेको ।

(२) नेपाल एस.वि.आई बैंक दरबारमार्ग मार्फत विभिन्न मितिमा नक्कली ड्राफ्ट पेश गरी भा.रु. २ करोड ठगी गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा नक्कली ड्राफ्ट पेश गरी रकम भुक्तानी लिएको देखिंदा एस.वि.आई बैंकलाई भएको हानी नोक्सानीको असूलउपर बैंक आफैले गर्न गराउन सक्ने र भ्रष्टाचारजन्य कार्यबाट उक्त हानी नोक्सानी भएको भन्ने कुरा खुल्न आएमा कारवाही गर्न सकिने नै हुंदा हाल यस विषयलाई तामेलीमा राखिएको ।

(३) प्रतीतपत्र जांचबुझ आयोगको प्रतिवेदन, २०५३ सम्बन्धमा अनुसन्धान भइरहेकोमा सो प्रतिवेदनमा विदेशी मुद्रा अपचलन गरिएको भनी उल्लेख भएका फर्ममध्ये राष्ट्रिय वाणिज्य बैंङ्क, मुख्य शाखा कार्यालय, विशालवजारमा प्रतीतपत्र खोल्ने स्याङ्वो प्रा.लि.ले मिति २०५१।५।१७ मा राष्ट्रिय वाणिज्य बैङ्क, मुख्य शाखा कार्यालय, विशालवजारमा खोलेको अमेरिकी डलर २०,०००.०० को प्रतीतपत्र नं. ३०/४४० का सम्बन्धमा बैङ्कबाट मिति २०५१।६।२४ मा वि.वि.नि.फा.नं. ४ जारी भई पैठारी कर्ताले सामानसमेत विराटनगर भन्सारबाट मिति २०५१।७।२ मा प्रज्ञापन-पत्र नं. १८०२ बाट छुटाएको देखिएको र राष्ट्रिय वाणिज्य बैङ्कका कर्मचारीले कुनै अनियमितता वा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने नदेखिएकोले केही गर्नु नपरेको ।

(४) दिव्या कलेक्सन भन्ने पार्टीले आयात गरेको स्पून सिल्क धागो ६८ थान त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गोदाममा मिति २०५६।९।३मा दाखिला भई मिति २०५७।१।१५ गतेसम्म भन्सार गोदाममा रहेकोमा सो अवधिको बिलम्ब शुल्क छूट दिने निर्णय गरी तत्कालीन प्रमुख भन्सार प्रशासक सावित्री राजभण्डारीले अनियमित कार्य गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा मिति २०५६।९।३ मा आयात भई त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गोदाममा दाखिला भएको ६८ थान स्पून सिल्क धागोमा लाग्ने बिलम्ब शुल्कमध्ये २५% असूल गरी ७५% मिनाहा दिएको विषय कानून बमोजिम नै भएको र यसमा अनियमितता भएको नदेखिएको ।

(५) न्यू लघु इन्टरप्राइजेजले नेपाल बैङ्क लिमिटेड, काठमाडौं अफिसमा अमेरिकी डलर १,२०,९९५.१६ को नं ५७/१८५१ र अमेरिकी डलर ९९,६०७.७५ को नं. ५७/१८५२ को दुइटा आयात प्रतीतपत्र मिति २०५१।१०।२४ मा खोली प्रतीतपत्र नं. ५७।१८५१ बाट पूरै र नं. ५७।१८५२ बाट अमेरिकी डलर ९९,४०१.३३ विदेश पठाई सामान नल्याई अमेरिकी डलर २,२०,३९६।४९ अपचलन गरेको प्रतीतपत्र जांचबुझ आयोगले ठहर गरेको र सोही बमोजिम प्रतीतपत्र नं. ५७/१८५२ बाट भएको अमेरिकी डलर ९९,४०१।३३ को अपचलन सम्बन्धमा राजस्व अनुसन्धान विभागले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको देखियो । नेपाल बैङ्क लि.ले. वि.वि.नि.फा.नं. ४ जारी नगरेको, धरौटी नलिएको र बैङ्कको सबै लेना पछि असूलउपर गरेको देखियो । नेपाल बैंङ्क लि.ले. २०५१।१२।१९ मा जारी गरेको भनिएको सि.नं. १९५१, १९५२ र १९५३ भएको वि.वि.नि.फा.नं. ४ को आधारमा नेपालगञ्ज भन्सार कार्यालयले सामान छोडेको देखियो । ती सि.नं.का वि.वि.नि. फा.नं.४ हरु नेपाल बैङ्क लिमिटेडले २०५१ श्रावणमा अरु नै आयातकर्ताको सामान छुटाउन जारी गरेको देखियो । न्यू लघु इन्टरप्राइजेजले खोलेका यी दुई प्रतीतपत्रबाट जम्मा अमेरिकी डलर २,२०,३९६।४९ को अपचलन भएको भनिएकोमा प्रतीतपत्र नं. ५७/१८५१ बाट अमेरिकी डलर ८२१४।४० र प्रतीतपत्र नं. ५७/१८५२ बाट अमेरिकी डलर ८४३.६० र अमेरिकी डलर ७९६६।९० को गरी जम्मा अमेरिकी डलर १७,०२४।९० को सामान नेपालगञ्ज भन्सारमार्फत् आयात भएको र अमेरिकी डलर २,०३,३७१.५९ अपचलन भएको देखियो ।

न्यू लघु इन्टरप्राइजेजले प्रतीतपत्र खोल्दा जमानी बस्ने मदनप्रसाद सरावगीले आयोगमा बयान गर्दा दलालको भरमा जमानी बसेको, निज दलाल पवनकुमार अग्रवाल हाल नेपालमा नभएको, आफ्नो जिम्मेवारी बैङ्कको रकम चुक्ता गर्नुसम्म रहेको भने पनि यी दुवै प्रतीतपत्रको सामान कलकत्ताबाट छुटाई ल्याउन इस्टर्न क्लियरीङ एजेन्सीलाई काम लगाउन नेपाल बैङ्क लिमिटेडमा दिएको निवेदनमा आयातकर्ताको तर्फबाट निजले नै दस्तखत गरेकोले यस कारोबारमा मदनप्रसाद सरावगी प्रत्यक्ष रुपले संलग्न रहेका छन् भन्ने देखियो ।

यी प्रतीतपत्रबाट आयात भएका सामान कलकत्ताबाट छुटाई नेपाल भन्सारसम्म ल्याउन नेपाल बैङ्क लि.ले मदनप्रसाद सरावगीको निवेदन बमोजिम क्लियरिङ एजेन्टलाई लेखेको तर आयातकर्ता न्यू लघु इन्टरप्राइजेजले

बैङ्कको लेना तत्काल चुक्ता नगरेकोले बैङ्कले सामान नेपालको भन्सारबाट छुटाउन डकुमेन्ट आयातकर्तालाई नदिएको र वि.वि.नि.फा.नं.४ (पैठारी भुक्तानीको प्रमाणपत्र) जारी नगरेको देखिन्छ । यस अवस्थामा आयातकर्ता न्यू लघु इन्टरप्राइजेजका प्रोप्राइटर शम्भुकुमार सापकोटा र जमानी दिने र आयातको काममा प्रत्यक्ष रुपले सम्बद्ध भई काम गर्ने मदनप्रसाद सरावगीले बैङ्कको छाप र दस्तखत समेत कीर्ते गरी कीर्ते वि.वि.नि.फा.नं. ४ बनाई भन्सार कार्यालयमा पेश गरी आंशिक सामान नेपाल आयात गरेको देखियो । यी दुई प्रतीतपत्रको सम्बन्धमा नेपाल बैङ्क लि.का कर्मचारीहरु प्रतीतपत्र खोल्ने कार्यमा मात्र संलग्न भएको देखिएको र सो काममा अनियमितता भएको नदेखिएको ।

(६) राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय खानीखोलाका तत्कालीन प्रवन्धक समेतको मिलेमतोमा विदुरप्रसाद अधिकारी र भरत सुनारलाई कर्जा प्रवाह गर्दा सुरक्षण बापत राखेको धितो अधिक मूल्यांकन गरी बैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा प्राथमिकता प्राप्त क्षेत्र कर्जा नं. ३४।०४ अन्तर्गत देवी एण्ड देवकी दुग्ध संकलन केन्द्रका प्रो. विदुरप्रसाद अधिकारीले रु. ५ लाख ५० हजार कर्जा लिएकोमा राष्ट्रिय वाणिज्य बैंक सुपरीवेक्षण कार्यालयवाट बैंकले परियोजना क्षेत्रमा पनि ऋण लगानी गर्न सक्ने र अचल सम्पत्तीको हकमा गा.वि.स. को मूल्यांकन र चलन चल्तीको सुकी बिक्रीको मूल्यांकनलाई नै आधार मान्नु पर्ने भनी स्वीकारेको सम्बन्धमा प्राथमिकता क्षेत्र कर्जा निर्देशिका (२०५७) मा यस किसिमको कर्जा प्रवाह गर्दा धितो लिई वा नलिई दुवै प्रकृयावाट गर्न सक्ने भन्ने व्यवस्था छ भने कर्जा असूली व्यवस्थापन प्रणाली, २०५० (२०५६ को संशोधनसहित) मा म्यादभित्र कर्जा असूल नभएमा भुक्तानी म्याद कम गरेर धितो सुरक्षण लिलाम गरेर पनि कर्जा असूलउपर गर्न सक्ने अवस्था रहेको छ । यस अतिरिक्त ऋणीले सो कर्जा सदुपयोग गरेको नपाइएमा उक्त धितो तत्कालै लिलाम बिक्री गर्न सक्ने विशेष व्यवस्था समेत भएको साथै उक्त कर्जा चुक्ता गर्ने अवधि २०५८ साल पौष महिना सम्म बांकी नै हुंदा सो अवधिभित्र वा सो पश्चात् सम्वन्धित बैंकले उल्लिखित ऐन कानून बमोजिम निर्दिष्ट प्रक्रिया अपनाई असूलउपर गर्न सक्ने नै देखिएको ।

(७) बैंकलाई नोक्सान पार्ने परिपन्च रचेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा मोमेन्टो एप्परल्स प्रा.लि.लाई राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय, विशालवजारबाट प्रवाह भएको कर्जा/सुविधा असूलीको लागि बैंकको संचालक समितिको निर्णयानुसार भएको असूलीको व्यवस्था अनुरुप नै राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय विशालवजार र शाखा कार्यालय वानेश्वरवाट उक्त उद्योगको अरु सिस्टर कन्सर्न कृष्ण गार्मेण्ट उद्योग र रेडियन्ट फनवेयरसंग असूल हुन बांकी पुरानो म्याद नाघेको कर्जा असूलीको लागि पनि सो अनुरुपको कर्जा असूली गर्ने व्यवस्था गरी सोको जानकारी यस आयोगलाई दिन राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयलाई लेखिएको ।

५.१.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

(१) नेपाल खाद्य संस्थानले आ.व २०५१।५२ मा अधिराज्यभित्र चामल खरीद नगरी भारतबाट गुणस्तरहीन चामल आयात गरी संस्थानका महाप्रवन्धक र नायव महाप्रवन्धक समेतले अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा आर्थिक वर्ष २०५१।५२ मा नेपाल खाद्य संस्थान र भारतको प्रोजेक्ट इक्वीपमेण्ट को-अपरेशन बीच सम्झौता भन्दा कम परिमाणमा चामल आई खाद्य संस्थानलाई नोक्सानी पर्न गएको रकम र चामल पुरानो भई बोरा चुहिई नोक्सान भएको चामलको मूल्यांकन अनुसारको रकम समेत मिति २४ मार्च १९९६ को क्लेम सेटेलमेन्ट गर्ने भन्ने दुवै पक्षको सहमति अनुसार पुनः चामल र रकम समेत निर्यात कर्तावाट नेपाल खाद्य संस्थानलाई उपलव्ध भै संचालक समितिबाट यस सम्बन्धी विवाद टुंग्याई सकेको देखिन आएको ।

(२) साल्ट ट्रेडिङ कर्पोरेशनमा संचालन भएको नून विशेष कोष, चिनी समीकरण कोष, कण्ठरोग आयोजना तथा नून खरीद एवं ढुवानीमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा गरिएको अनुसन्धानबाट यसमा उठ्ती हुनु पर्ने रकम उठिसकेको र लेखापरीक्षण भई फर्छ्यौट भएको समेत कारणले भ्रष्टाचार भएको नदेखिएकोले केही गरिरहन नपरेको ।

(३) लोक सेवा आयोगको सामान्य सिद्धान्त, २०४३ को परिच्छेद-३ को दफा ३.१० को उप-दफा २ को खण्ड (ख) को प्रावधान अनुसार शाही औषधि लिमिटेडले प्रतिक्षा सूचीमा रहेका तह - ३ को उम्मेदवारलाई नियुक्ति दिएको र ऐ.को (ङ) को प्रावधान अनुसार तह - ५ को सुपरीटेण्डेण्ट (प्र.) पद ३ खाली भएकोमा प्रतीक्षा सूचीको १ नं. मा रहेकोलाई नियुक्ति नगरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा शाही औषधि लिमिटेडका महाप्रवन्धक समेतले प्रतीक्षा सूचीको १ नं.मा रहेका उम्मेदवारलाई नियुक्ति नदिएकोबाट अख्तियारको दुरुपयोग भएको नदेखिएको ।

(४) घरेलु तथा साना उद्योग विकास समिति म्याग्दीमा स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम संचालन नै नगरी बील भर्पाई मिलाई भुक्तानी लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उजूरी निवेदनमा उल्लेख भएका तथ्यहरुको पुष्ट्याई हुन नआएको ।

५.१.३ कृषि तथा सहकारी मन्त्रालय :-

मत्स्य विकास महाशाखाका प्रमुखले अमानतमा धेराबार लगायतका काम समेतमा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा निम्न बमोजिम गरिएको :

क) मत्स्य विकास महाशाखा प्रमुख माधवबहादुर पन्थ साविकमा त्रिशूली, जनकपुर र हेटौंडा लगायत विभिन्न कार्यालयहरुमा कार्यरत रहंदा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा अख्तियारको दुरुपयोग भएको देखिन नआएको ।

ख) तत्काल २०२९ मा १६ वर्ष उमेर नपुगेको हरिप्रसाद न्यौपानेको छोरा रमेश न्यौपानेलाई ठेकेदार खडा गरी उधारोमा माछा दिई रकम हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धानबाट मत्स्य विकास केन्द्र, हेटौंडाको आर्थिक वर्ष २०३२।३३ को एक स्रेस्तामा निज ठेकेदारमार्फत् नेपाल खाद्य संस्थान धान गोदामलाई विक्री गरेको १७ के.जी. माछाको हुने रु १३६। बांकी देखिएको भन्ने जानकारी प्राप्त भएकोले उजूरीमा उल्लेख भएको व्यक्तिले ठेकेदारको रुपमा काम गरेको प्रमाणित भए पनि अरु बेहोरा प्रमाणित हुन नआएको हुंदा स्रेस्तामा बांकी देखिएको रकम सम्बन्धमा आवश्यक कारवाही गरी टुङ्गो लगाउन कृषि तथा सहकारी मन्त्रालयलाई लेखिएको ।

ग) आर्थिक वर्ष २०४५।४६ मा अन्दाजी ४० लाख रुपैयांमा खरीद गरिएको बुलडोजरसंगै आएको कूल मूल्यको २० प्रतिशत बराबरको स्पेयर पार्टस् स्टोरमा दाखिला नभएकोमा पछि आएर स्पेयर पार्टस् ढुवानी गर्दा बाटोमा हराएको भन्ने बहाना गरी ठेकेदारसंग मिलेमतो गरी कीर्ते कागज बनाई एशीयाली विकास बैङ्कबाट दोहोरो भुक्तानी दिलाएको, सोमध्ये केही स्पेयर पार्टस् मात्र स्टोर दाखिला भएको, सो बुलडोजरलाई निजी क्षेत्रको पोखरी निर्माण तथा मर्मतको लागि उपलब्ध गराएको तर हालसम्म उक्त बुलडोजरले सम्पादन गरेको कामको लेखाजोखाको रेकर्ड नभएको, हाल आफूले विगतमा गरेको भ्रष्टाचार ढाकछोप गर्न निजले सो डोजर अन्य निकायलाई निःशुल्क हस्तान्तरण गर्ने प्रयासमा लागेको भन्ने सम्बन्धमा अनुसन्धानबाट बोलपत्र आव्हान गरी टीआइएल लिमिटेडबाट अमेरिकी डलर ८८,६०० को बुलडोजर र अमेरिकी डलर ७,००० को स्पेयर पार्टस समेत गरी अमेरिकी डलर ९५,६०० मा खरीद गरी एल.सी.बाट भुक्तानी गरेको, सो डोजर शुरुमा २०४६।१०।१९ मा मत्स्य विकास आयोजनामा दाखिला भई हस्तान्तरण हुंदै २०४७।१।२० मा मत्स्य तालीम तथा अनुसन्धान केन्द्रमा, २०५०।६।१० मा मत्स्य विकास केन्द्र, भैरहवामा, २०५४।३।१२ मा कृषि विकास योजना, नक्टाझिजमा दाखिला भएको, स्पेयर पार्टस सम्बन्धमा बील अनुसार ८२ थान पार्टस् प्राप्त हुनुपर्नेमा केही प्राप्त नभएकोले सम्बन्धित कम्पनीबाट पछि प्राप्त भई २०४७।१०।२७ मा दाखिला भएको, सो स्पेयर पार्टहरु मत्स्य विकास आयोजनाले राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्रमा हस्तान्तरण गरेको र सो केन्द्र नार्कमा गएपछि बांकी ६२ थान स्पेयर पार्टस भैरहवा मत्स्य केन्द्रमा हस्तान्तरण गरी पठाएकोमा ४५ थान प्राप्त नै नभएको भनी हस्तान्तरण फाराममा कैफियत जनाई बुझेको, जनकपुरले पठाएको भैरहवाले प्राप्त नगरेको सामान बुझिलिने ड्राइभर कृष्णभक्तसंग सोधनी गरी कारवाइ भएको र बीचमा सामान हिनामिना भएकोमा यकीन गरी असूल गर्नुपर्ने भनी कृषि मन्त्रालयको छानवीन टोलीले ठहर गरको देखिंदा डोजरको स्पेयर पार्टस् शुरुमा सबै प्राप्त नभए पनि पछि प्राप्त भएको र श्री ५ को सरकारले सो डोजरलाई कुन ठाउंमा राख्ने भन्ने यकीन गर्न नसकेको कारणले कहिले यता कहिले उता सारेको र यसरी सार्ने क्रममा नै स्पेयर पार्टस् हिनामिना भएको देखिन्छ । यसैले कृषि मन्त्रालयको छानवीन टोलीले ठहर गरे बमोजिम यकीन गरी रकम असूल गरी आयोगलाई जानकारी दिन कृषि तथा सहकारी मन्त्रालयलाई लेखिएको । सो डोजरबाट निजी पोखरी बनाएकोमा सोको लेखाजोखा नभएको भन्ने सम्बन्धमा राजस्व असूल गरेको देखिन आएकोले केही गर्न नपरेको ।

घ) २०३८ देखि २०४४ सम्म भैरहवा मत्स्य विकास केन्द्रको प्रमुख भई काम गर्दा नं. ११ लगायतका पोखरीहरु गहिराउने निहुंमा कपोलकल्पित ठेकेदार खडा गरी लाखौंको भ्रष्टाचार गरेको र सोको जांचपास हुन नसकेकोमा आर्थिक वर्ष २०५१।५२ मा निज पन्थ मत्स्य विकास महाशाखाको प्रमुख हुंदा सो विवादास्पद पोखरी नं. ११ जांचपास गराएको, आर्थिक वर्ष २०५२।५३ मा पुनः सो पोखरी गहिराउन काल्पनिक ठेकेदार खडा गरी काम गरेकोमा अन्यत्रबाट प्राविधिक झिकाई जांचपास गराई अनियमित तवरले भुक्तानी दिएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धानबाट कृषि मन्त्रालयको निर्देशन अनुसार कृषि विभागले ठेकेदारको धरौटी रु ११,६६१।७२ जफत गरी मिति २०५३।९।२५ मा यस्तो कारवाही पुनः नदोहोऱ्याउने गरी माधवबहादुर पन्थलाई सचेत गराइसकेको देखिएकोले केही गर्नु नपरेको ।

ङ) आर्थिक वर्ष २०५२।५३ मा मत्स्य विकासतर्फका अमेरिकी पीस कोर स्वयंसेवकहरुलाई पूर्व सेवाकालीन तालीम सञ्चालन गर्न मत्स्य तालीम केन्द्र, जनकपुरमा आवास सुविधा करीब ३ महीनासम्म उपलब्ध गराए बापत करीब रु १,५०,०००। राजस्व जम्मा गर्नुपर्नेमा अमेरिकी पीस कोरसंग व्यक्तिगत तवरले संझौता गरी अन्दाजी रु ७०,०००। मात्र राजस्व जम्मा गरी बांकी रु ८०,०००। को भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धानबाट पीस कोर स्वयंसेवकहरुलाई तालीम दिन मत्स्य विकास महाशाखाबाट उठेको टिप्पणी, निमित्त महानिर्देशकको हैसियतले

रामवदन प्रधानले सो तालीम दिने निर्णय कृषि मन्त्रालयबाट स्वीकृत हुनुपर्ने गरी मिति २०५२।२।३१ मा सदर गरेको र सोही अनुसार कृषि मन्त्रालयबाट स्वीकृत गराउन २०५२।३।२७ मा पत्र लेखेकोमा सो पत्र कृषि मन्त्रालयमा पठाउदै नपठाई बीचैमा रोकी निर्देशक (मत्स्य) माधवबहादुर पन्थले आफूले शुरुमा मिति २०५२।२।२६ मा टिप्पणीमा लेखेको बेहोरामा "साथै केन्द्रको साधन सुविधा प्रयोग गर्दा भाडा नेपाली सरह नै लिने" भन्ने व्यहोरा थपेको र निर्देशक (योजना) आशेश्वर झाले आफूले शुरुमा मिति २०५२।२।३१ मा टिप्पणीमा लेखेको रायमा भएको "कृ.मं. बाट" भन्ने शब्दहरु केरी "विभागीय" भन्ने शब्द लेखी सञ्चालन गर्न स्वीकृत नभएको तालीम सञ्चालन गर्न पीस कोरका निर्देशक डोनोभ्यान रसेलसंग सेप्टेम्बर १,१९९५ मा निर्देशक (मत्स्य) माधवबहादुर पन्थले संझौता गरेको र मत्स्य तालीम केन्द्रको साधन सुविधा प्रयोग गर्न दिंदा श्री ५ को सरकार (मन्त्रीस्तर) को मिति २०५१।५।१६ को निर्णय अनुसार सो तालीम केन्द्रको साधन सुविधा विदेशीहरुलाई प्रयोग गर्न दिंदा लिनुपर्ने दर अनुसार राजस्व रकम निम्न बमोजिम रु २,९८,३५०।- हुनेमा रु १,४१,३२५।- मात्र लिई रु. १,५७,०२५।- छूट दिएको, पीस कोरबाट रकम पनि आफैले बुझेको देखिएकोले श्री ५ को सरकारको निर्णय अनुसार लिनुपर्ने राजस्वभन्दा कम राजस्व लिने गरी इस्टिमेट पठाई संझौता गरेको कारणले श्री ५ को सरकारलाई हानी नोक्सानी भएको रु १,५७,०२५।- हाल कृषि विकास शाखा, धनुषाका प्रमुख कृषि विकास अधिकृत माधवबहादुर पन्थबाट ब्याजसमेत असूल गरी आयोगलाई जानकारी दिन कृषि तथा सहकारी मन्त्रालयलाई लेखिएको ।

प्रयोग गरेको सुविधा	संख्या	दिन	दर	जम्मा	लिएको	छुट
१. कोठा	१०	६७	२००	१,३४,०००।	६३,६५०।	७०,३५०।
२. डबलडेकर बेड	५	६७	५०	१६,७५०।	८,३७५।	८,३७५।
३. भान्सा	१	६७	६००	४०,२००।	२०,१००।	२०,१००।
४. कक्षा कोठा	१	६७	६००	४०,२००।	२०,१००।	२०,१००।
५. समीक्षा कोठा	१	६७	६००	४०,२००।	२०,१००।	२०,१००।
६. मिनी बस	१	९	३०००	२७,०००।	९,०००।	१८,०००।
		कुल जम्मा		२,९८,३५०।	१,४१,३२५।	१,५७,०२५।

च) मत्स्य विज्ञानसम्बन्धी पुस्तक खरीद गर्न स्काइ ल्याब नामक कपोलकल्पित फर्मको नाममा आफ्नो अख्तियारभन्दा बाहिर गई आर्थिक वर्ष २०४५।४६ मा अन्दाजी रु ५,००,०००। बराबरको ठेक्का स्वीकृत गरी आधा मूल्य बराबरको पुस्तकहरु पनि उपलब्ध नहुँदै सम्पूर्ण ठेक्का रकम एशियाली विकास बैङ्कबाट भुक्तानी दिलाएको, बांकी पुस्तकहरु हालसम्म पनि ठेकेदारले उपलब्ध नगराएको तर धरौटी रकम फुकुवा गरिएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धानबाट मिति २०४५।१।१२ मा दि राइजिङ नेपालमा प्रकाशित गरेको सूचना बमोजिम परेका बोलपत्रमध्ये ल्याबलाइन ट्रेडर्सको बोलपत्र स्वीकृत गरी २०४५ असार (१०-७-१९८८) मा रु ४,१९,१९९।- को एल.सी. खोली किताबहरु झिकाउन शीपमेन्ट भएको मितिले १२० दिन तोकी एग्रीमेन्ट गरेको, नेपाल राष्ट्र बैङ्कमा एल.सी. मत्स्य विकास आयोजनाले मिति २०४५।३।२८ मा खोलेकोमा मिति २०४६।१०।१९ सम्ममा रु २,६६,६८८।- बराबरको किताब बुझाई बांकी किताबहरु नपाइएको भनी ल्याबलाइन ट्रेडर्सले जानकारी दिएको र मत्स्य विकास आयोजनाले रु १,९२,५३६।- मूल्यको किताबको नयां सूचि दिई किताब बुझाउन मिति २०४७।९।१६ मा लेखेकोमा ल्याबलाइन ट्रेडर्सले २०४७।१०।९ मा पुनः केही किताब नपाइएको जानकारी दिएको, मत्स्य विकास आयोजनाले सो किताबहरुको सट्टा अरु किताब लिने कारबाही गरेको तर मिति २०४८।११।२६ सम्ममा अरु रु १,७०,२५७।- बराबरको मात्र किताब दाखिला गरेको र पछि मिति २०४९।१०।११ मा बांकी किताब बुझाउन ताकेता गर्दा पनि रु २२,२५४।- को किताब बुझाउन ल्याएको देखिएन । ठेकेदारले बुझाएको पहिलो लटका किताबहरु दाखिला भएको मिति २०४६।१०।१९ भन्दा पनि पहिले मिति २०४५।११।२६ मा नै मत्स्य विकास आयोजनाले खोलेको प्रतीतपत्र बन्द भएको भन्ने जानकारी नेपाल राष्ट्र बैङ्कले दिएकाले किताबहरु बुझाउनुभन्दा पहिले नै ठेकेदारले भुक्तानी पाएको देखिन्छ । किताब आपूर्ति गरेको प्रमाणित नभई एशीयाली विकास बैङ्कले वा नेपाल राष्ट्र बैङ्कले एल.सी.को रकम भुक्तानी नदिने हुंदा गलत विवरण दिई ल्याबलाइन ट्रेडर्सले भुक्तानी लिएको देखिन्छ । ल्याबलाइन ट्रेडर्सले बजारमा नपाइने किताब टेण्डरमा उल्लेख गरेको वा टेण्डर दिंदा बजारमा उपलब्ध भए पनि बुझाउन ढीलाइ गरेको कारणले पछि गएर किताब नपाइएको भए पनि ल्याबलाइन ट्रेडर्सले किताब बुझाउनको लागि करीब चार वर्षको समय पाएको, सो अवधिमध्ये करीब ३ वर्षसम्म माधवबहादुर पन्थ नै आयोजना प्रमुख रहेको देखिंदा किताब बुझाउन बढी समय दिई किताब बुझी लिन ढीलाई गरे गराएको, बोलपत्र स्वीकृत गर्दा लिने भनिएका किताबहरु पटकपटक परिवर्तन गरेको, किताबको भुक्तानी रोक्का गर्ने प्रयास नगरेको र भुक्तानी पूरै लिई किताब नबुझाउने ठेकेदारउपर कुनै कारवाही नगरेको कारणले सो बांकी देखिन आएको रु २२,२५४।- हाल कृषि

विकास कार्यालय, धनुषाका प्रमुख कृषि विकास अधिकृत माधवबहादुर पन्थसंग ब्याजसमेत असूल गरी आयोगलाई जानकारी दिन कृषि तथा सहकारी मन्त्रालयलाई लेखिएको ।

५.१.४ गृह मन्त्रालय :-

(१) गैर नेपाली नागरिक गोपाल पि. जोगाइले झुट्टा विवरणको आधारमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंवाट नागरिकता लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा लिनुखानु गरी नागरिकताको प्रमाण-पत्र सिफारीश गर्ने कार्य गरेको संलग्न प्रमाण मिसिलवाट नदेखिएकोले त्यसतर्फ केही गर्नु परेन । झूठो विवरण दिई गैरनेपाली नागरिकले नागरिकताको प्रमाण-पत्र लिएकोमा गृह मन्त्रालयवाट नागरिकताको प्रमाण-पत्र रद्द भई सकेकोले नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिमको कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय, काठमाडौंलाई मिसिल पठाइएको ।

(२) भारत विहार अन्तर्गत जिल्ला समस्तीपुर ग्रा.प. पुनास, भारत घर भई हाल जनकपुर नगरपालिका वार्ड नं. ८ वस्ने अमरचन्द्र अनील तथा भरत सिंहले जिल्ला महोत्तरी, गा.वि.स. रामगोपालपुर, वडा नं. ८ मा खटिई गएको नागरिकता टोलीवाट वंशजको नागरिकता लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा जनकपुर नगरपालिका वार्ड नं. ८ मा वसिरहेका महेन्द्रप्रसाद सिंहको छोरा अमरचन्द्र अनील र भरत सिंहले २०५२।११।१६ मा नेपाल नागरिकता ऐन, २०२० को दफा ६ मा उल्लिखित शर्त पूरा गरिसकेकोले अङ्गिकृत नागरिकताको प्रमाण-पत्र पाउन धनुषा नगरपालिका सदस्य र नगरप्रमुख समेतवाट सिफारीश गराई जिल्ला प्रशासन कार्यालय धनुषा मार्फत् २०५२।१२।१३।३ मा गृह मन्त्रालयमा पठाई कारवाही चलिरहेकै समयावधिभित्रै महोत्तरी जिल्लाको रामगोपालपुर गा.वि.स. वडा नं. ८ मा जन्मेको र स्थायी वसोवास गरेको भनी झुठ्ठा विवरण सहितको स्थानीय गा.वि.स. को सर्जमिन मुचुल्का सहित अनुसूची फाराम भरी तत्कालीन गा.वि.स. अध्यक्षको संयोजकत्वमा गठित स्थानीय नागरिकता छानवीन समितिवाट समेत आफूहरुलाई वंशजको नागरिकताको प्रमाण-पत्र दिलाउन सिफारीश गराई मिति २०५४।१।१४ मा वंशजको नागरिकताको प्रमाण-पत्र लिएको देखिन आएको तर लिनुखानु गरी नागरिकताको प्रमाण-पत्र लिने र सिफारीश गर्ने कार्य गरेको संलग्न प्रमाण मिसिलबाट नदेखिएकोले भ्रष्टाचारतर्फ कारवाही गर्नु परेन । झूठो विवरण दिई गैर नेपाली नागरिक अमरचन्द्र अनील र भरत सिंहले लिएको ना.नं. २०८६४९८० र २०८६४९८१ को वंशजको नागरिकता प्रमाण-पत्र रद्द गर्न गृह मन्त्रालयमा लेखिएको र नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिमको कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा मिसिल पठाइएको ।

(३) जिल्ला प्रशासन कार्यालय, वांकेका तत्कालीन प्रमुख जिल्ला अधिकारीले वांके जिल्लास्थित भरत शम्सेर ज.व.रा. को नाउंको विभिन्न किल्ला जग्गा पूर्व-पश्चिम राजमार्गमा परी श्री ५ को सरकारले अधिकरण गरे बापत जग्गा मुआव्जा समितिले उपलव्ध गराएको मुआव्जा रकमको दोश्रो किस्ता रु. १५,००,०००।- सम्वन्धित व्यक्तिलाई नवुझाई अनियमित गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा यसमा अमर शम्सेर राणाले "प्रमुख जिल्ला अधिकारी ताना गौतमले क-कसलाई कति दिएको भनी गरेको टिपोट भरत शम्सेरसंग छ, निजवाट लिई आयोगसमक्ष पेश गर्नेछु" भनेकोमा पेश गर्न नसकेको र टंकनाथ उपाध्यायले रकम वुझाइसकेको छ भनी जिकिर लिएको भरत शम्सेरलाई वुझ्न म्याद जारी गर्दा निज उपस्थित हुन नआएवाट टंकनाथले वुझाई सकेको भन्ने कुरा असत्य मान्न नमिल्ने आदि कारणवाट प्रमुख जिल्ला अधिकारी ताना गौतमले भरत शम्सेरले पाउने रकम टंकनाथ उपाध्यायलाई बियरर चेक काटी वांडी खाएको भन्ने पुष्टि हुन नआएकोले भ्रष्टाचारमा कारवाही गर्नुपर्ने देखिन नआएको ।

(४) जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रशासकीय अधिकृतले मोटो रकम लिनु खानु गरी तिवेतियन नागरिक लोप्साङ्ग लामालाई वंशजको नागरिकता दिएको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा भ्रष्टाचार भएको संलग्न प्रमाणवाट पुष्टी नहुंदा प्रस्तुत विषयमा नागरिकता र राहदानीको वैधता रहने नरहने समेतका विषयहरुमा विचार गरी नागरिकता ऐन, २०२० को दफा १५ अनुसार आवश्यक कारवाही गर्न गृह मन्त्रालयमा पठाइएको ।

(५) प्रहरी नियमावली, २०४९ विपरीत प्रहरी प्रधान कार्यालयवाट उमेरको हद नाघेको र योग्यता समेत नपुगेको व्यक्तिलाई प्र.नि. पदमा नियुक्त गरेको भन्ने विषयमा अनुसन्धान हुंदा दीपकराज खरेलले सन् १९९१ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत त्रिचन्द्र वहुमुखी क्याम्पसबाट स्नातक तहको परीक्षा उत्तीर्ण गरेको देखिएको, निजको नागरिकताको प्रमाण पत्र र शैक्षिक योग्यता सम्बन्धी प्रमाण पत्रमा उमेर फरक परेको देखिए तापनि दुवै प्रमाण पत्रबाट निजको उमेर गणना गर्दा प्रहरी नियमावली, २०४९ को प्रावधान मुताविक निजको उमेर ३५ वर्ष नाघेको नदेखिएकोले केही गर्न नपरेको ।

(६) जिल्ला प्रहरी कार्यालय तनहुंले चर्चेको साविक फराकचौर गा.वि.स. वडा नं. ९(ग) हाल व्यास नगरपालिका अन्तर्गत पर्ने कि.नं. ४, ५, ६, ३४५ र ३४६ को समेत गरी ६-७-३-० रोपनी जग्गा मिति २०४४।१२।२९ को सर्वोच्च अदालतको फैसला बमोजिम जि.तनहुं, केशवटार गा.वि.स. वडा नं. १ घर भई हाल जि. चितवन भरतपुर न.पा. वडा नं. ४ नारायणघाट वस्ने श्रीप्रसाद उपाध्यायको नाममा हक स्वामित्व कायम हुन आएको र सोको क्षतिपूर्ति वापत जग्गा नै सोधभर्ना दिनु पर्ने भई इलाका प्रहरी कार्यालय नवलपुर नवलपरासीको नाममा जग्गा धनी

प्रमाणपूर्जा भएको जि. नवलपरासी, कावासोती वडा नं. ४ (ग) को कि.नं. ७६ को जग्गामध्येवाट २-५-१९.६५ विगाहा जग्गा श्रीप्रसाद उपाध्यायलाई क्षतिपूर्ति स्वरुप सट्टा भर्ना दिएको तथ्य अनुसन्धानवाट स्थापित हुन आएको र यसरी जग्गा सट्टा पट्टा दिंदा तनहुं (दमौली) को जग्गाको बढी र नवलपरासी (कावासोती) को जग्गाको कम मूल्यांकन भएको भन्ने सम्बन्धमा जग्गा सट्टा पट्टाको सिलसिलामा दुवै जग्गाको मूल्यांकन गर्न गठित दुवैथरी समितिले मूल्यांकन गर्दा ग्रहण गरेका आधारहरु र सो आधारमा श्री ५ को सरकार (मन्त्रीपरिषद्) को मिति २०५४।१२।१० को निर्णय औचित्यपूर्ण एवं कानूनसम्मत देखिन आएकोले केही गर्न नपरेको ।

(७) काठमाडौं बौद्ध दोर्जे बोर्डिङ्ग स्कूलमा कार्यरत तिव्वतियन शिक्षक सोनाम दोर्जे लामाले हेलम्बु गा.वि.स. वा.नं. ३ वस्ने ङावाङ लामालाई बाबु बनाई जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकबाट नागरिकताको प्रमाणपत्र लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा प्रतिवादीद्वय ङावाङ लामा र सोनाम दोर्जे लामा पक्राउ पर्न नसकी फरार भएको र कसूर प्रमाणित हुने अवस्था नदेखिएको हुंदा पक्राउ भएको वखत कारवाही हुने गरी हाल तामेलीमा राखिएको ।

(८) १४/१५ वर्ष अगाडि मरेको व्यक्तिलाई पति भनी नाता प्रमाणित गराई नक्कली श्रीमती बनी मृतकको नामको पारिवारिक निवृत्तभरण लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा नागरिकताको प्रमाणपत्र, नाता प्रमाणपत्र समेतको आधारमा सरकारी सेवावाट निवृत्तभरण पाउने गरी अवकाश प्राप्त पतिको मृत्यु पश्चात् पारिवारिक निवृत्तभरण लिएको खुल्न आएको र अदालतवाट समेत तदनुरुप नाता कायम भइसकेको देखिन आएकोले लिन नपाउने व्यक्तिले निवृत्तभरण लिए पाएको भन्ने अवस्था नभएको ।

(९) जिल्ला प्रशासन कार्यालय, दाङ्गको भवन निर्माण गर्दा आवास तथा शहरी विकास कार्यालय, दाङ्गका निमित्त सि.डि.इ. समेतको मिलेमतोवाट भ्रष्टाचार भएको भन्ने उजूरीउपर प्राविधिक स्थलगत निरीक्षण तथा अनुसन्धान हुंदा सो भवनको आर.सि.सि. पिलरहरुमा १६ मी.मी.को रड प्रयोग गरेको, ८ मी.मी.को रड भूकम्प प्रतिरोधक वाण्डुमा प्रयोग गरेको, हेयर क्राक भएको ठांउमा फुटाई हेर्दा स्ट्रक्चरमा क्राक भएको नदेखिएको, क्राकहरु प्लाष्टरमा नै सीमित रहेको, झ्यालकोमाथि वाहिरपट्टि बनाएको सेडको माथिल्लो सर्फेसमा पानी जमेको कारणले सीपेज देखिएको, निज सि.डि.इ. समेतवाट भएका अन्य मर्मत र निर्माण सम्वन्धी कार्य समेतको स्थलगत जांच गर्दा श्री ५ को सरकारलाई हानी नोक्सानी हुने गरी काम गरेको नदेखिएको, मोटर साइकल वुटवलमा विक्री गरेको नभई कार्यालयवाटै राती चोरी भई सोको निवेदन जिल्ला प्रहरी कार्यालय, दाङमा समयमै जाहेरी गरेको अवस्थामा केही गरिरहन नपरेको ।

(१०) जिल्ला प्रशासन कार्यालय, मोरंगका तत्कालीन प्रमुख जिल्ला अधिकारीले अनागरिक व्यक्तिलाई नागरिकता दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा आरोपित व्यक्ति दशरथ सिंह कोइरी गैरनागरिक हो भन्ने सम्बन्धमा यथेष्ट प्रमाण नभएसम्म गैरनागरिकलाई भ्रष्टाचारयुक्त किसिमले नागरिकता दिईयो लिईयो भन्न नसकिने स्थिति रहेको ।

(११) जिल्ला प्रशासन कार्यालय, वांकेका तत्कालीन प्रमुख जिल्ला अधिकारीले गैरकानूनी ढंगले मृतक रामातेलिनको नाता प्रमाणित गरी श्री ५ को सरकारमा लाग्ने सम्पत्ति विदेशीले पाउने गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा प्रस्तुत विषयमा भ्रष्टाचार भए गरेको देखिन नआएको ।

५.१.५ भूमिसुधार तथा व्यवस्था मन्त्रालय :-

(१) जिल्ला सर्लाही सुन्दरपुर त्रुहडवा गा.वि.स. वार्ड नं. ८ को साविक कि.नं. २ र ३ को सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा मालपोत कार्यालय, सर्लाहीबाट भ्रष्टाचार गरी दर्ता गरी दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा साविक मानपुर गा.पं. हाल सुन्दरपुर वार्ड नं. ८ को साविक कि.नं. ३ हाल कि.नं. ४०६ वाट लालवहादुर श्रेष्ठ, हाल कि.न. ४०७ वाट वलवहादुर श्रेष्ठ, कि.नं. ४०८ वाट वीरेन्द्र झा तथा साविक कि.नं. २ हाल कि.नं. ४१० वाट रामवहादुर माझी र हाल कि.नं. ४११ वाट विन्दवहादुर श्रेष्ठको नाममा ५/५ विगाह जग्गा मिलापत्रवाट दर्ता गर्ने गरी जिल्ला अदालत, सर्लाहीबाट मिलापत्र फैसला भएको र सोही फैसलाको आधारमा मालपोत कार्यालयवाट जग्गा दर्ता गरिदिएको देखिंदा भ्रष्टाचार भएको भनी कारवाई गर्नु पर्ने स्थिति रहेको देखिएन । तथापि नापी व्यहोराले सो जग्गा सार्वजनिक हो भन्ने स्वीकार गरेकै अवस्थामा मालपोत ऐन, २०३४ को दफा २४ (१) र (२) समेतको आधारमा सार्वजनिक जग्गा वा सरकारी वन क्षेत्रको जग्गा दर्ता वा आवाद गर्नमा प्रतिवन्ध भएको र त्यसरी प्रतिवन्धित सार्वजनिक जग्गा दर्ता वदर गर्नेतर्फ कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

(२) का.जि., का.म.न.पा.वा.नं. २२ साविक कि.नं. ५२ को टहरा सहितको जग्गा दर्ता गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा पुनरावेदन अदालत, पाटनको फैसला बमोजिम मालपोत कार्यालय, डिल्लीवजारवाट जग्गा दर्ता गरेको देखिनाले केही गरिरहन नपरेको ।

(३) मनकामना गेष्ट हाउस र वगैंचा लीजमा दिने गरेको निर्णय अनुचित भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा संचालक समितिवाट निर्णय भई करार भई नसकेको अवस्थामा त्यस क्षेत्रको पुरातात्विक सम्पदा, वातावरण र विकास कार्यक्रममा कुनै प्रतिकूल असर नपर्ने गरी संस्थानको हीतलाई ख्याल राख्दै प्रचलित ऐन, नियम बमोजिम गर्न गराउन प्राप्त फायल गुठी संस्थानमा पठाईएको ।

(४) जिल्ला झापा, अनारमनी गा.वि.स. वडा नं. ५ स्थित देवी मन्दिर र राधाकृष्ण मन्दिरको नाउंमा करीव पांच करोड मूल्य बराबरको १२-१-७ बिगाहा जग्गा राजगुठीमा परिणत गरी हडप्ने प्रयास भएको भन्ने समेत व्यहोराको साप्ताहिक जनसत्तामा प्रकाशित समाचारउपर अनुसन्धान हुंदा गुठी संस्थान ऐन, २०३३ को दफा १७(२) र २०(२) अनुसार निजी गुठी राजगुठीमा लिई कार्य संचालन गर्न सक्ने नै देखिएको र काठमाडौं जिल्ला अदालतको मिति २०५७।४।२७ को फैसलाले गुठी संस्थानको मिति २०५४।८।११ को निर्णय अनुसार राजगुठी कायम गरेको विषयलाई वैधता प्रदान गरी राजगुठीमा परिणत भईसकेपछि मोहियानीको खरीद विक्री अनुसार भएको दर्तालाई नै कायम गरी सकेको देखिएकोले गुठी संस्थान ऐन, २०३३ को दफा ३७ तथा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ८ मा भएको कानूनी व्यवस्था अनुसार सूर्यबहादुर मगर र शान्तिदेवी खड्काको नाउंमा हदबन्दी भन्दा बढी जग्गा देखिएमा छानवीन गरी आवश्यक कारवाही गर्न भूमिसुधार कार्यालय, झापालाई लेखिएको ।

(५) साप्ताहिक जनआस्थामा प्रकाशित बारा जिल्लाको जीतपुर भवानीपुर गा.वि.स. वा.नं. ३ अन्तर्गत पर्ने करोडौं मूल्यका सार्वजनिक जग्गाहरु वीरगञ्जको केडिया समूहले आफ्नो मानिसहरुको हात पार्न सफल भन्ने समाचार समेतउपर अनुसन्धान हुंदा उपरोक्त स्थानका बिभिन्न कित्ताका जग्गाहरु मिति २०५६।५।२९ मा विभिन्न ३४ जना व्यक्तिका नाममा मालपोत कार्यालय, बाराबाट लिखत पारित भई गएको भनिएका जग्गाहरु वीरगञ्ज जीतपुर गौशाला र जीतपुर गौशालाका नाममा रहेको भन्ने जग्गा धनी प्रमाण पुर्जाहरुबाट देखिन आएको, संस्था दर्ता ऐन, २०३४ को दफा ४ बमोजिम जिल्ला प्रशासन कार्यालय, पर्सामा २०५२।६।३० मा दर्ता भएकोमा उक्त गौशालाको नामबाट बनेको विधानको दफा २ को खण्ड (ग) मा गौशालाले आफ्नो लागि चल अचल सम्पत्ति राख्न पाउने र सो चल अचल सम्पत्ति वेचविखन पनि गर्न पाउने भनी उल्लेख भए अनुरुप गौशालाको तर्फबाट विक्री भएको, त्यसपछि उक्त गौशालाका २०४७।२।४ र २०४७।७।१० मा वसेको क्रमशः साधारण सभा एवं कार्य समितिबाट गौशालाका जग्गाहरु प्लटिङ्ग गरी विक्री गर्ने गरी निर्णय भएको भन्ने कुरा मिसिल संलग्न कागजातहरुबाट देखिन आएको, यस बाहेक चल अचल सम्पत्तिमा तेरो मेरो प्रश्न उठी सोही गौशालाका जग्गाहरुको विषयलाई लिएर जीतपुर भवानीपुर गा.वि.स. कार्यालयको तर्फबाट वारा जिल्ला अदालतमा मुद्दा दायर भएको समेत देखिएकोले कारबाई तामेलीमा राखिएको ।

(६) कास्की जिल्ला, लेखनाथ न.पा. अन्तर्गतका सार्वजनिक भोगचलनका विभिन्न कित्ता जग्गाहरु प्रमुख मालपोत अधिकृतले व्यक्ति विशेषका नाममा दर्ता गरी अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा हालसम्मको अनुसन्धानबाट कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. १ अन्तर्गत कि.नं. ४५९ वाट कित्ता काट भई कि.नं. ३१२२ कायम भएको जग्गा २८ रोपनी पुष्पमणि भण्डारीका नाउंमा दर्ता भएको, ऐ ऐ वडा नं. ३ अन्तर्गत कि.नं. १३७३, १३७४ र १३२५ को ८६ रोपनी जग्गा दुर्गाबिहादुर घर्ती क्षेत्री समेतका नाउंमा दर्ता भएको, ऐ वडा नं. ६ अन्तर्गत कि.नं. ३४ बदर भई कायम कि.नं. ९०२ को ३१-०-० जग्गा दर्तावाला चन्द्रबहादुर श्रेष्ठ, ऐ वडा नं. ३ कि.नं. १३८०, १३८२ को क्रमशः ६०-१०-३-०, १२-०-०-० रोपनी जग्गा दर्तावाला विष्णुमाया पौडेल, ऐ ऐ वडा नं. ८ कि.नं. ११५० को ४९-१२-१-० रोपनी जग्गा दर्तावाला गीतादेवी वाग्लेसमेत र ऐ वडा नं. २ अन्तर्गत टीकानाथ पौडेलका नाउंमा दर्ता भएको ६९ रोपनी जग्गाहरु सार्वजनिक, सरकारी वा व्यक्तिगत के हो सो निधो गर्नु परेको देखिन्छ । मालपोत ऐन, २०३४ को दफा २४ अनुसार सरकारी वा सार्वजनिक जग्गा व्यक्तिका नाउंमा दर्ता भएको अवस्थामा त्यस्तो दर्ता स्वतः बदर हुने भएकोले भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट नै आवश्यक कागजात र प्रमाणहरु बुझी सो जग्गा सार्वजनिक, सरकारी वा व्यक्तिगत के हो र हाल प्रमुख मालपोत अधिकृतले व्यक्तिगत नाममा दर्ता गरेको ठीक हो होइन आफ्नो निर्णय गरी सोबारे आयोगमा जानकारी दिन भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

५.१.६ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

(१) फिदिम-ताप्लेजुङ्ग सडक योजना अन्तर्गतको खोक्से खोला पुल र एप्रोच रोड निर्माणको बोलपत्र दर्ता गर्न नदिई अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुंदा फिदिम-ताप्लेजुङ्ग सडक योजना कार्यालय, फिदिममा बोलपत्रहरु पेश हुनु पूर्व नै सडक विभागमा दुईवटा बोलपत्रहरु दर्ता भई सकेको देखिएकोले योजना प्रमुखले ठे. तेजकुमार कुरुम्हाङ्गसंग मिलेमतो गरी निजको बोलपत्र स्वीकृत गरेको भन्ने आरोपको पुष्टि हुन नआएको ।

(२) अरनिको राजमार्ग अन्तर्गत सूर्यबिनायक-धुलिखेल खण्डको सडक निर्माणको लागि भएको टेण्डर स्वीकृतिमा यान्त्रिक उपकरणको मूल्यांकन गर्दा स्वीकृत मूल्यांकन विधि बिपरीत भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा पूर्व निर्धारित मूल्यांकन विधि अनुरुप एल.सी.को दरखास्तसम्म पेश भएको टेण्डरलाई कमिटमेन्ट वापतको अंकभार मात्र दिनु पर्ने भन्ने प्रारम्भिक छानवीनबाट देखिएकोले पुनर्मूल्यांकन गर्न उक्त सडक योजनालाई लेखी गएकोमा सो योजनाबाट मूल्यांकनमा त्रुटि नभएको भनी लेखी आएको सन्दर्भमा confirm purchase order र L/C पृथक कुराहरु भएको र एल.सी. को अनिवार्यता नहुने स्थितिमा confirm purchase order टेण्डरसाथ सामेल रहेकोले

ठे. शर्मा एण्ड कम्पनीलाई ०.९ गुणकले हुने अंकभार प्रदान गरेको कार्यलाई बदनीयतपूर्ण वा गैरकानूनी भन्न सकिने नदेखिएको ।

(३) पूर्वाञ्चल डिभिजन सडक कार्यालय नं. ५, लहानका तत्कालीन प्रमुखले अस्तित्वमै नरहेको पसलबाट कोटेशन लिएको देखाई गाडीको बिभिन्न पुर्जा र उपकरण खरीद गरेको भन्ने समेत विषयमा अनुसन्धान गर्दा हुँदै नभएको पसलबाट कोटेशन लिएको भन्ने सम्बन्धमा विवादित कम्पनीहरु सम्बन्धित कर कार्यालयहरुमा दर्ता भई नवीकरण समेत भइरहेकै देखिएको, निर्माण कार्य सम्बन्धी विवादका सम्बन्धमा यस आयोगबाट तथा विशेष प्रहरी विभागबाट समेत स्थलगत निरीक्षण भएको र सो बेग्ला बेग्लै निरीक्षण प्रतिवेदनहरुबाट नापी किताबमा देखाएको भन्दा कम काम भएको नदेखिएको, गृह मन्त्रालयले नियमित प्रकृया अनुरुप लोक सेवा आयोगको सिफारीश बमोजिम नै निज डिभिजन प्रमुख अशोककुमार चौधरीलाई जिल्ला सडक कार्यालय, लमजुंगमा कार्यरत रहदा भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा सचेत गराउन लेखेको हुंदा गृह मन्त्रालयले कारबाई दवाएको भन्ने नदेखिएको, र निज डिभिजन प्रमुखको करिब ७ वर्षको अन्तरालमा पेश भएका बेग्ला बेग्लै सम्पत्ति विवरणहरुमा अपत्यारिलो परिवर्तन नदेखिएको समेत आधारहरुबाट उजूरीको कुनै पनि आरोप स्थापित हुन नआएको ।

(४) बझाङ जयपृथ्वी वहादुर सिंह मार्गमा बिभिन्न अनियमित काम भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा उजूरीमा उल्लिखित विषयहरु बजेट निर्धारित आर्थिक वर्षमा खर्च नगरेको, खोड्पे बझाङ सडकको कार्यालय चैनपुर बझाङमा नराखी बैतडीमा राखेको, काम गुणस्तरहीन भएको र टेण्डर प्रक्रियामा अनियमित गरेको भन्ने सम्बन्धमा तथ्ययुक्त आधार नभएकोले आयोगवाट केही गरी रहनु पर्ने नदेखिएको ।

५.१.७ वन तथा भू-संरक्षण मन्त्रालय :-

(१) नेपाल वाईल्ड लाईफ कम्पनी प्रा.लि.का कार्यकारी अध्यक्षले करीव ६०० रोपनी जग्गामा हदबन्दी छुट लिई १ वर्षभित्र वन्यजन्तुसंग सम्बन्धित कार्यक्षेत्र संचालन गर्ने कबूलियत गरेकोमा सो बिपरीत हालसम्म सम्झौता बमोजिम नगरी छुट सुविधा उपयोग गरेको र उक्त जग्गा खरीद गर्दा प्रति रोपनी रु. १५देखि २० हजार सम्म मात्र मूल्यांकन देखाई रजिष्ट्रेशन दस्तुर तिरेकोमा कम्पनीको व्यालेन्स सीट तयार गर्दा सोही जग्गालाई एक लाख सम्म देखाएबाट राजस्व समेत ठगी गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा रिसोर्ट संचालन गर्न कबोल गरेको अवधि बांकी नै देखिंदा उजूरी तथ्यपरक नभएको ।

(२) जिल्ला वन कार्यालय, झापाका जिल्ला वन अधिकृत समेतले काठ तस्करहरुसंग मिलेमतो गरी बिभिन्न काठ डिपोका राम्रा राम्रा गोलिया काठ छानी चोरी निकासी गराई लाखौं भ्रष्टाचार गरेको एवम् वन क्षेत्रबाट ५ कि.मि. दूरीमा नियम बिपरीत बिभिन्न स-मिलहरु स्थापना गर्न दिई अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा दमकस्थित दमक काष्ठ स-मिलको कम्पाउण्ड वाहिर सार्वजनिक बाटोमा रहेका सिसौ, टीक र शिरीश जातका गोलिया काठ थान ६५ रेञ्जर त्रिभुवन साहले मिति २०५५ मंसीर २९ गते जांचबुझ गरी उल्लिखित परिमाणको काठको मुचुल्का तयार गरी पेश गरेको देखिएकोले चोरी निकासी वा भ्रष्टाचार भएको नदेखिएकोले यस विषयमा केही गर्नु नपरेको ।

(३) दाङ जिल्ला अन्तर्गत विरह, भीमवांध, जयकाली, भयारथान, सल्लेरी, वुका र वेसी सामुदायिक वन अन्तर्गतका जंगलवाट इलाका वन कार्यालय, जिल्ला वन कार्यालयसमेतका कर्मचारीको मिलेमतोमा खुला ढलापढा लकडी मात्र कटान गर्न पाउनेमा हरियो खडा बूटा साल र खयरका रुखहरु वन ऐन, नियम बिपरीत अवैध तरिकावाट कटानी फडानी गरी आफूलाई प्रत्यक्ष फाइदा हुने गरी निषेधित कार्य गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उजूरी निवेदनमा उल्लेख भए अनुसारको कृयाकलाप भए गरेको नदेखिएको ।

५.१.८ शिक्षा तथा खेलकूद मन्त्रालय :-

जिल्ला शिक्षा कार्यालय, म्याग्दीको भवन निर्माण गर्नको लागि महंगो र अनुपयुक्त जग्गा खरीद गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा नियमानुसार वोलपत्र माग गरी घटाघट गरी आर्थिक ऐन, नियम अनुसार न्यूनतम मूल्यलाई नै कायम गरी खरीद गरिएको जग्गा सम्वन्धमा भ्रष्टाचार भएको भन्ने देखिन नआएको ।

५.१.९ श्रम तथा यातायात व्यवस्था मन्त्रालय :-

यातायात व्यवस्था विभागका महानिर्देशक समेतले रकम लिनुखानु गरी प्राविधिक कर्मचारीलाई सरुवा बढुवा गरे भन्ने सम्बन्धमा अनुसन्धान हुंदा रकम लिनु खानु गरेको व्यहोरा पुष्टि हुन नआएको, हाल पद मिलान समेत भई सकेको देखिंदा केही गरी रहनु नपरेको ।

५.१.१० सामान्य प्रशासन मन्त्रालय :-

नेपाल निजामति सेवा अन्तर्गतको सामान्य प्रशासन सेवा, सामान्य प्रशासन समूहबाट श्री ५ को सरकारको मिति २०५०।११।२७ र २०५०।१२।११ को निर्णयानुसार ४ जना उपसचिव र १५ जना शाखा अधिकृतलाई राजस्व समूहमा समूहीकृत गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा श्री ५ को सरकारले लोक सेवा आयोगको सहमति लिई समूह परिवर्तन गरेको र यसमा सामान्य प्रशासन मन्त्रालयको असहमति पनि नरहेको हुंदा भ्रष्टाचार भए गरेको भन्ने नदेखिएको ।

५.१.११ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

(१) अनियमितताको अर्को नाउं तारागाउं भनी अस्मिता पत्रिकामा प्रकाशित आवरण लेख समेतउपर अनुसन्धान हुंदा भ्रष्टाचार तथा अनुचित कार्य भए गरेको नदेखिएकोले थप केही कारवाही गर्नु नपरेको ।

(२) शाही नेपाल वायु सेवा निगमको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल काउन्टरका वरीष्ठ लेखा सहायक भरतराज कार्कीले रु. ४७,००,०००।- हिनामिना गरी भ्रष्टाचार गरेको र निगमका अर्थ निर्देशकले निजलाई अनुचित संरक्षण दिई मौकामा कारवाही नगरेको भन्ने समेत व्यहोराको उजूरीका सम्वन्धमा छानवीन हुंदा यसमा निज भरतराज कार्कीले हिनामिना गरेको रकममध्ये रु. २९,५५,०००।- निजको श्रीमतीले दाखिला गरिसकेकोले बांकी रकम र हिनामिना भएको सम्पूर्ण रकमको व्याज हर्जाना समेत नियमानुसार असूलउपर गर्न र निज भरतराज कार्कीलाई कडा विभागीय कारवाही गर्ने भनी विशेष प्रहरी विभागले मिति २०५६।१०।१० मा निर्णय गरिसकेको खुल्न आएको हुंदा तदनुरुप गरी आयोगलाई जानकारी गराउन र आइन्दा यस्तो घटना दोहरिन नदिन नियमित सुपरीवेक्षण तथा अनुगमनको व्यवस्था मिलाउन शाही नेपाल वायुसेवा निगमलाई लेखिएको ।

५.१.१२ स्थानीय विकास मन्त्रालय :-

(१) गुलरिया नगरपालिकाका खरीदार यादवप्रसाद ज्ञवालीलाई मालपोत तथा अन्य नगदी कर समेत उठाउन तोकिएकोमा आन्तरिक लेखापरीक्षण हुंदा निजको नाममा पटक पटक गरी जम्मा रु. ६,९७,७१८।४६ वेरुजु देखिई निजले सो रकम तत्काल नबुझाएको हुंदा निजउपर भ्र.नि.ऐन २०१७ बमोजिम कारवाही गर्न भनी उक्त नगरपालिकावाट जिल्ला प्रशासन कार्यालय, बर्दियालाई लेखी अनुसन्धान कारवाही चालु रहेको अवस्थामा निज यादवप्रसाद ज्ञवालीले सो रकम नगरपालिकाको च.नं. १४५१ मा जम्मा गरेको भौचर र वैंक स्टेटमेण्ट समेत नगरपालिकाले जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराएकोले निज खरीदारवाट उल्लिखित वेरुजु रकम असूलउपर भई सकेको देखिंदा निजउपर उपरोक्त ऐन बमोजिम कारवाही चलाउन उचित नदेखिएको ।

(२) आर्थिक वर्ष २०५३।५४ मा धुलिखेल नगरपालिकाबाट उठाइएको चुंगीकर वापतको रकम चुंगीकर अनुगमन समिति र ठेकेदार भनाउंदा मुकुन्दप्रसाद तिमिल्सिना समेतको मिलेमतोमा बोलकवोल भन्दा रु.२६ लाख ७९ हजार कम असूल गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा चुंगीकर असूली नगरपालिकाले कर्मचारीवाट गराएको देखिएको, आर्थिक वर्ष २०५३।५४ को चुंगीकर असूली रकम अघिल्लो आर्थिक वर्ष भन्दा कम देखिए तापनि उक्त असूली प्रचलित ऐन, नियम बिपरीत बदनीयतसाथ भएको भन्ने खुल्न नआएकोले केही गर्न नपरेको ।

(३) वुटवल नगरपालिका कार्यालयको पत्रवाट आर्थिक वर्ष २०५२।५३ मा नगर विकास कोषको ऋण सहयोगमा सतह ढल निर्माण गर्दा अनियमितता, गैरकानूनी र कम गुणस्तरयुक्त काम गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा नगर विकास कोषको ऋण सहयोगमा परामर्श दातृ संस्था आइकोनले सतह ढल निर्माण आयोजनाको लागत अनुमान इष्टमेट तयार गरेको र सोही आधारमा टेण्डर स्वीकार गरी काम सञ्चालन भएकोमा वुटवल न.पा.को वोर्डले पहिलाको इष्टिमेट भन्दा थप निर्माण कार्य गर्नका लागि निर्णय गरी स्थानीय विकास मन्त्रालयका सचिवबाट थप संशोधित ल.ई. स्वीकृत गराई कोषमा लेखिपठाएको र सो परिवर्तन उचित तथा आवश्यक ठानी विश्व बैङ्कको स्वीकृति लिई थप निर्माण कार्य गर्न कोष सहमत भएको, विश्व बैङ्कसंगको सम्झौता अनुसार Jun ३०,१९९६ सम्ममा सो निर्माण कार्य समाप्त गरी रकम समेत निकासा गरी सक्नु पर्ने भएकाले पुनः टेण्डर गराउदा बढी समय लाग्ने हुंदा पुरानो ठेकेदारले नै कबोल मञ्जुर गरेकोले न.पा.को वोर्डले निर्णय गरी विश्व बैङ्कले पुरानो ठेकेदारद्वारा नै काम गराउन स्वीकृती दिएकोले कोषले सहमती जनाएको भन्ने व्यहोरा खुल्न आएको देखिन आयो । सतह ढल निर्माणको काम सम्पन्न गरी अन्तिम बील भुक्तानी लिई सकेको र वुटवल नगरपालिकाले उजूरी दिए पश्चात् कालिका कन्स्ट्रक्सन प्रा.लि. वाट रु. १,८३,६४०।१३ ल.ई. बमोजिम मर्मत संभार गर्न लिई मर्मत समेत गरेको र इञ्जिनीयर बलराम श्रेष्ठलाई सतह ढल निर्माण कार्यमा आफ्नो जिम्मेवारी निर्वाह गर्दा असंतोषजनक काम गरेको भनी खाईपाई आएको ग्रेड (तलव वृद्धि) कटौती गर्ने निर्णय गरी निजलाई जानकारी गराएको समेत देखिन आएको ।

(४) जिल्ला विकास समिति, नवलपरासीका पूर्व सदस्य ऋषिराम शर्मा समेतले नापी गराउने समयमा जनतावाट रु. १८,५०,०००।- उठाई हिनामिना गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा ठगीतर्फ कानून वमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित मिसिल कागजातहरु जिल्ला प्रहरी कार्यालय, नवलपरासीमा पठाईएको ।

(५) जिल्ला विकास समिति, सिन्धुपाल्चोकबाट निर्मित बलेफी-तेम्बाथान मोटर बाटोमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा जिल्ला विकास समिति सिन्धुपाल्चोकवाट बलेफी-जलवीरे-तेम्वाथान मोटर वाटोमा निर्धारित रकम खर्च नगरी भ्रष्टाचार भएको भन्ने कुनै तथ्यगत आधार देखिन नआएको ।

५.१.१३ स्वास्थ्य मन्त्रालय :-

(१) स्वास्थ्य सेवा विभाग अन्तर्गत सूचना शाखाका प्रमुखले HMIS फाराम नं. १ देखी ३४ सम्म साझा प्रकाशनमा छपाई तथा ढुवानी गर्दा अनियमित तथा भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा उजूरीमा औल्याईएका जिकिरहरु अनियमित तवरवाट भए गरेको नदेखिएको र सम्झौताको म्याद थप गर्दा २२ दिन समाप्त भएकोले सोको हर्जाना ०.०१ % का दरले कट्टा गरी वैंक दाखिला समेत गरेको पाइएकोले थप अनुसन्धान र कारवाही गरीरहन पर्ने अवस्था देखिन नआएको ।

(२) स्वास्थ्य सेवा विभागवाट स्वास्थ्य उपकरण तथा मेशिनरी खरीद गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा टेण्डर फाराममा उल्लिखित शर्त वन्देजको अधीनमा रहेर टेण्डर मूल्यांकन गरी रीतपूर्वकको टेण्डरहरुमध्ये न्यूनतम कवोलकर्तावाटै उपकरणहरु खरीद गरेको देखिंदा केही गरिरहन नपरेको ।

५.२ अन्य निर्णयहरु

५.२.१ जिल्ला विकास समिति ताप्लेजुङ्गको कम्पाउण्डवाल निर्माणका लागि मिति २०५६।२।३१ मा खोलिएको टेण्डर फाराममा धीरज निर्माण सेवाको कबोल अंक इष्टिमेट भन्दा ४४% कम रहेको र निजलाई नै ठेक्का पर्ने भयो भन्ने छलफल गरी प्रतिनिधिहरु लगायत सबै जना फर्किगएपछि उक्त कार्यालयका ना.सु. नरेन्द्र गुरुङ्ग समेतको मिलेमतोबाट उक्त टेण्डर फाराममा अंक थपघट गरी ४४% कमबाट १७% कममा ल्याई सरकारी सम्पत्ति हिनामिना गर्ने नीयत राखेको भन्ने उजूरीमा अनुसन्धान एवं छानवीन गरी मुद्दा चलाउन सो कार्यालयवाट पुनरावेदन सरकारी वकिल कार्यालय, इलाममा प्रस्तुत गरेको राय प्रतिवेदनमा २०५६।२।३१ मा दर्ता भएको टेण्डरमा बोलकबोलमा अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेमा नलेखिएको कारण जनाई मिति २०५६।३।१६ मा टेण्डर रद्द गर्ने निर्णय गरी पुनः टेण्डरको सूचना २०५६।३।१८ मा टांस भई सकेको अवस्थामा उंजूरी पर्नु भन्दा अगाडि नै टेण्डर रद्द भई कार्यको परिणाम शून्य भई सकेपछि उठान गरिएको अनुसन्धानको आधारवाट प्र. नरेन्द्र गुरुङ्ग, विदुर भट्टराई र जंसवहादुर लिम्बु समेतले वादी श्री ५ को सरकारलाई गैह्र कानूनी हानी र आफूलाई गैह्र कानूनी फाइदा हुने गरी कुनै कार्य गरेको भन्ने पुष्टि हुन सक्ने अवस्था नरहेको भन्ने पुनरावेदन सरकारी वकिल कार्यालय, ईलामका सह-न्यायाधिवक्ताले प्रस्तुत गरेको राय मनासिव नै भएकोले केही गर्न नपरेको ।

५.२.२ वादी श्री ५ को सरकार, प्रतिवादी रघुनाथ मरासिनी, मुक्तिनाथ पन्थी, जिल्ला सिंचाई कार्यालय, गुल्मीका तत्कालीन इञ्जिनीयर नियाज वारिस र ओ.सि. रामपुकार चौधरी समेत भएको जि. गुल्मी, अर्खले गा.वि.स. अन्तर्गत पर्ने दमैटार सिंचाई योजना आर्थिक वर्ष २०५२।५३ का लागि स्वीकृत भए बमोजिम सो सिंचाई कुलो निर्माणमा भ्रष्टाचार भएको भन्ने उजूरीको आधारमा आवश्यक अनुसन्धान सम्पन्न भै मुद्दा चलाउने प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय, गुल्मीबाट प्रेषित सम्बन्धित सक्कल मिसिल सहितको भ्रष्टाचार मुद्दामा मुद्दा नचल्ने देखिएको भनी पुनरावेदन सरकारी वकिल कार्यालय, बुटवलका सह-न्यायाधिवक्ताबाट व्यक्त राय सम्बन्धमा प्रस्तुत मुद्दामा उजूरीकर्ता स्वयंले उक्त दमैटार सिंचाई योजनाको उपभोक्ता समितिको मिति २०५४।३।२३ को बैठकमा सो समितिका सदस्यका हैसियतले उपस्थित भई सो योजनाको निर्माण कार्य सम्पन्न भएको र निर्माण कार्यमा लागेको सबै रकम भुक्तानी भई सकेको भनी समितिबाट भएको निर्णयमा सहमति व्यक्त गरी दस्तखत गरेको, निज समेत भई २०५५।६।२६ अर्थात् उजूरी परेको मितिले १५ महिनापछि आएर यसै योजनामा भ्रष्टाचार भयो भनी दिएको उजूरीका आधारमा जिल्ला प्रशासन कार्यालय, गुल्मीबाट अनुसन्धान तहकिकात भएको भन्ने देखिन आएको, उक्त सिंचाई योजना निर्माणमा कूल रु. १४,६१,७११।४६ रकम ल.ई. स्वीकृत भए पनि योजना निर्माणका लागि रु. ९,३३,०१६।३० मात्र निकासा भएकोमा सो योजना उपभोक्ता समितिको तर्फबाट निर्माण सम्पन्न भई समितिका पदाधिकारीले पेश गरेको रनिङ बीलहरु पास, स्वीकृत भएको आधारमा पटक पटक बैंकबाट भुक्तानी लिए दिएको भन्ने देखिन आएको, सो सिंचाई कूलो पुनः निर्माण गर्नु परेमा रु. ५/६ लाख लाग्छ भनी सर्जमिनका व्यक्तिले अनुमानित रुपमा भनेकै आधारमा प्राविधिक मूल्यांकन बिना प्रमुख जिल्ला अधिकारीले सो समेत समायोजन गरी

बिगो दावी गरेको देखिन आएको तथा योजना निर्माणका सम्पूर्ण कार्य, एवं भुक्तानीको कार्य समेत उजूरीकर्ता स्वयं सदस्य रहेको उपभोक्ता समितिबाट भए गरेको अवस्थामा योजना निर्माणमा भ्रष्टाचार भयो भनी सो योजना सम्पन्न भएको १५ महिना पछिको अन्तरालमा दिएको उजूरीकै आधारमा उल्लिखित प्रतिवादीहरुले सो सिंचाई कूलो निर्माणमा भ्रष्टाचार गरेकै हो भनी अन्य तथ्ययुक्त सबुद प्रमाणको अभावमा अभियोग स्थापना गर्न न्यायसंगत नहुने भन्ने सह न्यायाधिवक्ताबाट व्यक्त भई आएको राय मनासिव नै देखिएको ।

५.२.३ आयोगको मिति २०५४।२।१४ को निर्णयानुसार गुठी संस्थानका तत्कालीन कार्यालय प्रमुख कृष्णमुरारी शर्माले नियम बिपरीत गुठी तैनाथी जग्गालाई गुठी अधीनस्थ जग्गामा परिणत गर्ने निर्णय गरेको र आफूखुसी आफ्नो पदको नामाकरण गरेको भनी निजमाथि सख्त विभागीय कारवाही गर्न गुठी संस्थानका अध्यक्षलाई मिति २०५४।२।२१ मा यस आयोगबाट लेखिपठाइएकोमा त्यसवारे आयोगलाई लामो समयसम्म कुनै जानकारी नदिएको र आयोगवाट निर्णय कार्यान्वयनको जानकारी पठाउन लेख्दा गुठी संस्थानले यस आयोगलाई लेखेको मिति २०५७।२।३ र २०५७।५।७ को पत्रवाट निज कृष्णमुरारी शर्माको २०५५।८।४देखि लागू हुने गरी सेवा अवधिको हदवाट अनिवार्य अवकास भई सकेको भन्ने जानकारी प्राप्त हुन आयो । यसमा निज कृष्णमुरारी शर्मालाई २०५४।२।२१ मै सख्त विभागीय कारवाही गर्न लेखिएकोमा त्यसको लगभग डेढ वर्षसम्म कुनै कारवाही नगरी निजको अनिवार्य अवकाश हुने समयसम्म को अवधि त्यसै विताई अवकास दिएको देखिन आएकोले, यस आयोगको निर्णय कार्यान्वयन गर्नेतर्फ कुनै तदारुकता नदेखाई आफ्नो कर्तव्य प्रति उदासीन हुने एवं लापरवाही गर्ने गुठी संस्थानका तत्कालीन जिम्मेवार पदाधिकारीहरु विष्णुप्रसाद सिग्देल र श्यामराज ढुंगेललाई अ.दु.अ.आ. ऐन, २०४८ को दफा १२ बमोजिम कारवाही गर्न निजहरुसंग बुझी कारवाही प्रारम्भ गर्ने निर्णय गरिएको ।

५.२.४ साविक काठमाडौं जिल्ला भीमसेनगोला पंचायत वडा नं. २ (क) को कि. नं ८६, ८७, ८९ बाट हाल कायम हुन आएको का.न.पा. वडा नं. १० को सिट नं. ११४७-१८ कि. नं. १२२, १२३ र १२४ को जग्गामा नयां नापी हुंदा वागमति नदीको किनाराको जग्गासमेत घुसाई प्र.से.दीर्घवहादुर चन्दले आफ्नो नाममा दर्ता गराएको भन्ने विषयमा मिति २०५५।४।२८ मा यस आयोगवाट कि.नं. १२२, १२३ र १२४ समेत ३ वटै कित्ताको सन्दर्भमा कानून बमोजिम जे जो छानवीन गर्नु पर्छ गरी गराई नतीजा आयोगमा पठाउने भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाएकोमा सो निर्णय कार्यान्वयन गर्नेतर्फ लामो समयसम्म उदासिनता देखाएको पाइए ता पनि हाल आएर भूमिसुधार तथा व्यवस्था मन्त्रालयको पत्र समेतवाट उक्त निर्णय कार्यान्वयनका लागि कारवाही उठान गरेको देखिंदा हाललाई अन्य कारवाही केही नगरी आयोगको पूर्व निर्णय यथाशीघ्र कार्यान्वयन गरी सोको जानकारी आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

५.२.५ मुगु जिल्ला सेरी गा.वि.स. वडानं. २ वस्ने तत्कालीन राता पैरादेखि चाउपाटासम्मको सिंचाई कुलो निर्माण समितिका अध्यक्ष वृषबहादुर बुढाले सो कुलो निर्माणका लागि आर्थिक वर्ष २०३९।४० र २०४०।४१ मा पेश्की लिएको रु. १,०८,०००।- भ्रष्टाचार गरेको भन्ने विषयमा जिल्ला प्रशासन कार्यालयमा उजूरी परेकोमा जिल्ला विकास समिति मुगुको मिति २०५६।११।१९ र दुर्गम क्षेत्र विकास समितिको मिति २०५७।८।२० गते बसेको वैठकबाट बृषबहादुर वुढाले लिएको पेश्की फछ्यौंट गरिएको भन्ने व्यहोराको पत्रहरुसमेतको आधारमा जिल्ला प्रशासन कार्यालय, मुगुका प्रमुख जिल्ला अधिकारी लक्ष्मीशरण घिमिरेले "प्रस्तुत मुद्दा तामेलीमा राख्ने" भनी निर्णय पर्चा खडा गरी जानकारीको लागि प्रेषित सो निर्णयको प्रतिलिपि पेश हुंदा यस आयोगवाट मिति २०५४।११।१८ मा भएको निर्णयबाट काठमाडौं उपत्यका वाहिरका नेपाल अधिराज्यका ७२ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले भ्रष्टाचार वा अनुचित कार्य गरेको विषयमा उजूरी परेमा त्यसमा अनुसन्धान तहकिकात गर्ने र भ्रष्टाचारको हकमा सम्बन्धित क्षेत्रको पुनरावेदन सरकारी वकील कार्यालयका सरकारी अधिवक्तासमक्ष तथा अनुचित कार्य गरेको देखिएमा रा.प. अनंकित कर्मचारी भए आवश्यक कार्यवाहीको लागि प्रमुख जिल्ला अधिकारी आफैले निर्णय गरी लेखिपठाउने राजपत्रांकित कर्मचारी भए त्यस्ता कर्मचारीउपर आवश्यक कारवाही गर्न रायसाथ यस आयोगमा लेखिपठाउने सम्म कार्यका लागि अधिकार प्रत्यायोजन भई गएकोमा जि.प्र.का.मुगुवाट भएको उपरोक्त निर्णय लगायत अन्य कतिपय जिल्ला प्रशासन कार्यालयहरुवाट प्रमुख जिल्ला अधिकारी आफैले निर्णय गरी तामेलीमा राख्ने गरेको र सोको जानकारीसम्म पनि नगराउने गरेको भन्ने कुरा आयोगवाट अनुगमन गर्न खटी गएका अधिकृतहरुको प्रतिवेदनहरु समेतवाट बुझिन आएको हुंदा अव उप्रान्त भ्रष्टाचारका मुद्दाहरुमा त्यसरी तामेलीमा नराखी आफ्नो रायसम्म उल्लेख गरी भ्रष्टाचार निवारण ऐन, २०१७ एवं अ.दु.अ. आ. ऐन, २०४८ मा उल्लेख गरिए अनुसारका हदम्याद समेतको ख्याल राखी मुद्दा दायर हुन सक्ने अन्तिम हदम्याद भन्दा मनासिव समयावधिभित्रै सम्बन्धित मिसिलहरु सम्बन्धित क्षेत्र हेर्ने पुनरावेदन सरकारी वकील कार्यालयमा निर्णयार्थ रायसाथ पठाउने तथा अनुचित कार्यको हकमा माथि लेखिए अनुसार गर्ने वा लेखिपठाई आयोगलाई सोको जानकारी दिनका साथै उपर्युक्त कानूनको म्याद नघाई मुद्दाको कारवाही नै अगाडि नबढाउने प्रमुख जिल्ला अधिकारीहरुउपर आयोगले आवश्यक कानूनी कारवाही चलाउन सक्ने समेत व्यहोरामा ध्यानाकर्षण गराई तत्सम्बन्धमा सवै प्रमुख जिल्ला अधिकारीहरुलाई परिपत्र समेत गरिएको ।

५.२.६ गोवर्धन पाण्डेको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी डा. अर्जुनसिंह मल्ल समेत भएको हरियाली प्लान्टेसन नेपाल लि. ले आर्थिक हिनामिना गरी भ्रष्टाचार गऱ्यो भन्ने मुद्दामा आयोगवाट मिति २०५७।४।६ मा यसै अवस्थामा रकम हिनामिना गरे भन्ने अवस्था नभएको र पछि रकम हिनामिना गरेको अवस्था देखिए कारवाही गर्न सक्ने आधार हुने नै हुंदा उपचारको अन्य अवस्था नभएमा आयोगमा फाईल पठाउने गरी निर्णय भई गएकोमा हरियाली प्लान्टेसन नेपाल लि. को आयव्यय कारोवार सम्वन्धी कागजात फाइलहरु कम्पनीले फिर्ता दिन मिल्ने हो, होइन, फिर्ता दिन मिल्ने भए अनुसन्धानको क्रममा लिएको जेथाजमानी धरौटी फिर्ता फुकुवा गर्ने, नगर्ने वारे राय उपलव्ध गराई दिन पुनरावेदन सरकारी वकील कार्यालय वुटवलको च.नं. १३७५ मिति २०५७।९।२६ को पत्रवाट आयोगमा माग भई आएकोमा सो सम्वन्धी फाईल फिर्ता र जेथा जमानी धरौट समेत फुकुवा गर्न पुनरावेदन सरकारी वकील कार्यालय, वुटवललाई लेखिएको ।

५.२.७ पुनरावेदन सरकारी वकील कार्यालय नेपालगञ्जको २०५७।७।२२ को पत्रानुसार प्रशासकीय अधिकृत यादवराज पाण्डेको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी जिल्ला भूमिसुधार कार्यालय, बांकेका खरीदार सहजराम वर्मा भएको भ्रष्टाचार मुद्दामा जिल्ला प्रशासन कार्यालय, बांकेले राय प्रस्तावित गरेको प्रतिवेदनमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४(क) अनुसार हदम्याद गुज्रेको भन्ने कारण देखाई आवश्यक कारवाहीका लागि मिसिल आयोगमा प्राप्त हुन आएकोमा सार्वजनिक पद धारण गरेको व्यक्तिको हकमा अनुसन्धान कार्यको प्रयोजनको लागि अ.दु.अ. आ. ऐनको दफा १३ लागू हुने हुंदा भ्र.नि.ऐनको हदम्याद लगाएको मिलेको नहुंदा यस सम्बन्धमा जे जो गर्नु पर्ने हो गर्न भनी फायल कागजात पुनरावेदन सरकारी वकील कार्यालय, नेपालगञ्जमा पठाइएको ।

५.२.८ अखिल नेपाल फूटवल संघका अध्यक्ष गणेश थापाले विधान विपरीत अनियमित तरीकावाट आर्थिक कारोवार गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुंदा विधान विपरीत आर्थिक कारोवार गरेको सम्वन्धमा खेलकूद विकास ऐन २०४८ को दफा १० (झ) १३,१५,१६,१७ र १८ अनुसार राष्ट्रिय खेलकूद परिषद्को लगतमा दर्ता भएका अखिल नेपाल फूटवल संघ जस्ता खेलकूद सम्वन्धी संस्थाका हकमा परिषद्ले आफूले तोकेको ढांचामा आम्दानी खर्चको हिसाव राख्न लगाउने र सो वमोजिम नगरी अनियमितता वा रकम हिनामिना गरेमा नियमित गराउने वा रकम असूलउपर गराउनु पर्ने दायित्व राष्ट्रिय खेलकूद परिषद्ले वहन गर्नु पर्ने देखिंदा आयोगसमक्ष पर्न आएका माथि उल्लिखित उजूरीमा परेका आर्थिक अनियमितता वा रकम हिनामिनाका सम्वन्धमा उल्लिखित कानून वमोजिम छानवीनको कारवाही गरी सोको नतीजा ३ महिनाभित्र आयोगमा पठाउन राष्ट्रिय खेलकूद परिषद्का सदस्य सचिवलाई लेखी पठाई छानवीन गर्ने काममा आवश्यक सहयोग उपलव्ध गराई दिन शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखिएको ।

५.२.९ आयोगको मिति २०५५।११।११ को निर्णयानुसार राष्ट्रिय समाचार समितिको वोर्डको वैठकमा भाग लिने तत्कालीन अर्थ विशेषज्ञ जयशंकर महतो (व्यवस्थापक, अर्थ) लाई विभागीय कारवाहीको लागि आयोगवाट लेखी पठाइएकोमा राष्ट्रिय समाचार समितिवाट आयोगलाई लेखिएको पत्रानुसार आयन्दादेखि आफ्ना पदीय कर्तव्य पालना गर्ने सन्दर्भमा सजगता र सतर्कता अपनाउनका लागि निजलाई सजग गराइएको भन्ने लेखी आएकोले सजग र सतर्कता गराउने कार्य विभागीय कारवाही नभएको हुंदा पन्ध्र दिनभित्र विभागीय कारवाही गरी नतीजा आयोगमा पठाउन राष्ट्रिय समाचार समितिका अध्यक्षलाई लेखी उक्त समयावधिभित्र विभागीय कारवाही गरेको जानकारी प्राप्त हुन नआएमा संस्था प्रमुखउपर विभागीय कारवाही गर्न सूचना तथा संचार मन्त्रालयलाई लेखिपठाईने व्यहोरा समेत जानकारी गराइएको ।

५.२.१० स्याङ्जा जिल्ला विरधा गा.वि.स. निवासी उमाकान्त पाण्डेले पटना युनिभर्सिटी, पटना मेडिकल कलेजबाट नक्कली एम.वि.वि.एस.को प्रमाण-पत्र पेश गरी तानसेन पाल्पामा रिक्त रहेको मेडिकल अधिकृत पदमा नियुक्ति लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नेपाल मेडिकल काउन्सील ऐन, २०२० को दफा २७ वमोजिमको कसूर भएको देखिन आएकोले सोही ऐनको दफा २७(२) वमोजिम कार्यवाही गर्न स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

५.२.११ आयोगले दायर गरेको मुद्दाको पुनरावेदन कसले गर्ने भन्ने सम्बन्धी विवादमा वर्मन बुढा समेतको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी अव्दुल रईस खां समेत भएको भ्रष्टाचार मुद्दामा महान्यायाधिवक्ताले पुनरावेदन नगर्ने निर्णय गरेको मुद्दामा आयोगद्वारा पुनरावेदन गरी उक्त मुद्दामा सर्वोच्च अदालतवाट फैसला भईसकेको र वादी श्री ५ को सरकार, प्रतिवादी लोकमान सिं कार्की समेत भएको मुद्दामा आयोगको पुनरावेदन गर्ने अधिकार नभई सरकारी वकीलले पुनरावेदन गर्नु पर्नेमा आयोगद्वारा पुनरावेदन गरिएकोले सो हदसम्म खारेज गरेको विषयमा आयोगले पुनरावलोकनका लागि निवेदन दिएको र उक्त निवेदन फूलवेञ्चमा गएकोले उक्त निर्णय अन्तिम नभएको अवस्था हुंदा आयोगले पुनरावेदन नगर्ने ठहर गरी निर्णय गरेको मुद्दाको फायलमा महान्यायाधिवक्ताबाट अन्तिम निकासा हुनु पर्ने अवस्था नभएको भन्ने निर्णय गरिएको ।

५.२.१२ पुनरावेदन सरकारी वकील कार्यालय राजविराज सप्तरीको पत्र सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(घ) मा सार्वजनिक पदधारण गरेको व्यक्तिको परिभाषाभित्र नेपाल रेडक्रम

सोसाइटीको शाखा अध्यक्ष पद पनि पर्ने देखिएको हुंदा ऐ ऐनको दफा १७ अनुसार स्वतः निलम्बित भएको मानिनेछ भन्ने कानूनी व्यवस्थाले निज पनि स्वतः निलम्बित भएको मान्नु पर्ने अवस्था देखिएको ।

५.३ आवश्यक कारबाईको लागि अन्य निकायमा पठाइएको उजूरी :

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये अख्तियारवाला वा अन्य निकायबाट कारवाई हुन उपयुक्त हुने देखिएकोले त्यस्तो निकायहरुमा पठाइएको तथा आयोगबाट प्रत्यायोजित अधिकार अनुसार बिशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा सीधै पठाइएका निवेदनहरुको संख्या निम्न बमोजिम रहेको छ :

क्रम संख्या	निकायको नाम	प्रेषित उजूरी संख्या
१	अर्थ मन्त्रालय	३
२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	५
३	कर कार्यालयहरु	२
४	काठमाडौं महानगरपालिका	१
५	काठमाडौं विश्वविद्यालय	२
६	कृषि तथा सहकारी मन्त्रालय	१
७	कृषि विकास बैंक	१
८	गुठी संस्थान	३
९	गृह मन्त्रालय	१
१०	जनसंख्या तथा वातावरण मन्त्रालय	१
११	जिल्ला प्रशासन कार्यालयहरु	२९१
१२	जिल्ला प्रहरी कार्यालयहरु	३
१३	निर्वाचन आयोग	१
१४	नेपाल दूर सञ्चार संस्थान	२
१५	नेपाल बैंक लिमिटेड	१
१६	नेपाल राष्ट्र बैंक	१
१७	न्याय सेवा आयोग	१
१८	परीक्षा नियन्त्रक कार्यालय	१
१९	प्रहरी प्रधान कार्यालय	२
२०	भन्सार विभाग	१
२१	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२
२२	भौतिक योजना तथा निर्माण मन्त्रालय	५
२३	महान्यायाधिवक्ताको कार्यालय	१
२४	महालेखा परीक्षकको विभाग	१
२५	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	१
२६	यातायात व्यवस्था विभाग	१
२७	रक्षा मन्त्रालय	२
२८	राजस्व अनुसन्धान विभाग	६
२९	राष्ट्रिय वाणिज्य बैंक	४
३०	लोक सेवा आयोग	२
३१	वन तथा भू-संरक्षण मन्त्रालय	३
३२	वन विभाग	१
३३	विज्ञान तथा प्रविधि मन्त्रालय	१
३४	विशेष प्रहरी विभाग	५७
३५	शाही नेपाली जंगी अड्डा	१
३६	शिक्षा तथा खेलकूद मन्त्रालय	१२

३७	शिक्षा सेवा आयोग	१
३८	श्रम विभाग	१
३९	सडक विभाग	१
४०	सुकुम्बासी समस्या समाधान आयोग	१
४१	सूचना तथा सञ्चार मन्त्रालय	१
४२	स्थानीय विकास मन्त्रालय	७
४३	हुलाक सेवा विभाग	१
४४	त्रिभुवन विश्वविद्यालय	७
	जम्मा	४४४

(चारशय चवालीस)

५.४ विस्तृत अनुसन्धान तहकिकात जारी रहेका उजूरी

प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनमा उल्लिखित विषयहरुमा तथ्ययुक्त आधार नभएको भन्न नसकिने अवस्था भएकोले विस्तृत अनुसन्धान गर्नको निमित्त अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान कार्य जारी रहेका विषयहरु निम्न प्रकरणहरुमा उल्लेख गरिएका छन् । *(संख्यागत रुपमा एउटै विषयमा अनुसन्धान अधिकृत नियुक्त भएकोमा पनि धेरै उजूरी निवेदनहरु समावेश भएको हुन सक्ने हुंदा कूल अनुसन्धान अधिकृत नियुक्त भएको उजूरी संख्या र निम्न उल्लिखित विषयगत संख्यामा अन्तर पर्न सक्छ)*

५.४.१ अर्थ मन्त्रालय :-

(१) गणेश मोडर्न दाल मील, नेपालगञ्जले सडे गलेको दाल बैंकमा धितो राखी ऋण लिएर भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) राष्ट्रिय वाणिज्य बैंक, पोखरा शाखाले नीलम ह्याचरी र नीलम फीडलाई ऋण लगानी गर्दा बैंकलाई हानी नोक्सानी भएको भन्ने विषय ।
(३) यूनियन कोअपरेटिभ सहकारी संस्थामा वचत रकम फिर्ता नगरी अनियमितता भएको भन्ने विषय ।
(४) कृषि विकास बैंकमा ऋणमा लगानी गर्दा बाटो नभएको जग्गामा बाटो छ भन्ने मूल्यांकन गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(५) विभिन्न बैंकहरुले प्रतीतपत्र खोल्दा अनियमित गरेको भन्ने विषयको प्रतीतपत्र जांचबूझ आयोगको प्रतिवेदन-२०५२ मा उल्लिखित भ्रष्टाचार सम्बन्धी विषयहरुमा अनुसन्धान भइरहेको ।
(६) राष्ट्रिय वाणिज्य बैंक, बानेश्वर शाखाले प्रतीत पत्रको कारोबार गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(७) राष्ट्रिय वाणिज्य बैंकबाट डि. एण्ड डि. क्लोदिंग प्रा. लि.संग प्रतीतपत्र कारोबार गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(८) सुनील मास्के समेतले भारतीय नोट रु. ५००/- को सूटकेस लुकाई छिपाई विदेश लग्न लागेको भन्ने विषय ।
(९) राष्ट्रिय बीमा संस्थानमा ऐनमा व्यवस्था नभएको अध्यक्ष पदमा नियुक्ति गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(१०) कृषि विकास बैंक, वीरगञ्ज कार्यालयमा अफिस सामान खरीदमा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

(१) हिमाल सिमेन्ट कम्पनीमा एम.एस.प्लेट खरीद गर्दा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) रघुपति जूट मील निजीकरण गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) नेपाल आयल निगमले डीलरलाई बढी तेल उपलब्ध गराई भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.३ कृषि तथा सहकारी मन्त्रालय :-

(१) पशु आहार उत्पादन विकास समितिमा पशु आहार आपूर्तिमा भ्रष्टाचार भएको भन्ने विषय ।
(२) नेपाल कृषि अनुसन्धान परिषद्बाट लिइएको लिखित परीक्षामा धांधली गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(३) नेपाल कृषि अनुसन्धान परिषद्का वैज्ञानिकले नियम बिपरीत काम गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(४) दुग्ध विकास संस्थानमा दूध भर्ने पोलिथीन ब्याग खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।
(५) कृषि विकास आयोजना, नक्टाभिजमा परामर्शदाता नियुक्तिको सूची दर्ता गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.४ गृह मन्त्रालय :-

(१) जिल्ला प्रशासन कार्यालय, बांकेका तत्कालीन प्रमुख जिल्ला अधिकारीले जाली र कीर्ते प्रमाणको आधारमा नाता प्रमाणित गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) जिल्ला प्रहरी कार्यालय, उपत्यका अपराध अनुसन्धान शाखा, हनुमानढोकाका कर्मचारीले गलैंचाको सामान हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) तत्कालीन गृह सचिवले धर्मपुत्र दिंदा भ्रष्टाचार गरेको भन्ने विषय ।
(४) भू.पू. प्रहरी महानिरीक्षकले इण्डियन आयलसंग सम्झौता गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.५ भूमिसुधार तथा व्यवस्था मन्त्रालय :-

(१) आय र कर अदालतको विवादास्पद फैसलाबाट ल.पु. गुठी तहसिलको जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) तत्कालीन भूमिसुधार सचिवले दलालहरुसंग मिली भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) बर्दिया जिल्लाका प्रमुख मालपोत अधिकृतले हदबन्दीको जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(४) गुठी संस्थानले कैलाश बद्रीनाथ सदावर्त गुठीलाई निजी गुठी भनी दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(५) मालपोत कार्यालय, काठमाडौंले सरकारी तथा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(६) सार्वजनिक जग्गा सुरक्षा समिति, रुपन्देहीले विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.६ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

बैतडी-दार्चुला सडक योजनाको चमेलिया गाडको फलामे पुल निर्माणमा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.७ महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय :-

समाज कल्याण परिषद्ले भृकुटी मण्डपको पसल भाडामा दिंदा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.८ वन तथा भू-संरक्षण मन्त्रालय :-

(१) कैलाली जिल्लाका जिल्ला वन अधिकृतले अबैध रुपमा वन फडानी तथा चोरी निकासी गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) टिम्बर कर्पोरेशन अफ नेपालका महाप्रवन्धकले तोकआदेश गरी रुख कटान गराई भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) कस्तुरी एन्टरनेशनल, बुटवलले निम्न स्तरको सामान खरीद गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(४) वन तस्करसंगको मिलेमतोमा बांकेका वन कर्मचारीबाट भ्रष्टाचार भएको भन्ने विषय ।
(५) वन सचिव समेतले मोरंगमा ढले पडेका भनी सद्दे रुख बिक्री गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(६) डंडेलधुरा-जोगबूढा सडकमा पर्ने रुख अबैध कटान गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(७) टिम्बर कर्पोरेशन अफ नेपाल, भरतपुर शाखाले काठ लिलाम गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.९ शिक्षा तथा खेलकूद मन्त्रालय :-

(१) नेपाल स्काउट परिषद्मा विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

(२) प्राथमिक शिक्षा परिषद्मा प्रश्नपत्रको गोपनीयता भंग गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) राष्ट्रिय खेलकूद परिषद्बाट आठौं साफ खेलकूदको लागि खेलकूद सामाग्री खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।
(४) शिक्षा मन्त्रालयबाट डेनमार्कमा छात्रवृत्तिको लागि मनोनयन गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।

५.४.१० श्रम तथा यातायात व्यवस्था मन्त्रालय :-

यातायात संस्थानका महाप्रवन्धकले दोहारो तलब भत्ता लिई भ्रष्टाचार भन्ने विषय ।

५.४.११ सामान्य प्रशासन मन्त्रालय :-

सामान्य प्रशासन मन्त्रालयले लोक सेवा आयोगको सहमति बेगर राजस्व समूहमा परिणत गरी सरुवा गरेर भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.१२ सूचना तथा सञ्चार मन्त्रालय :-

(१) दूर सञ्चार कार्यालय, झापाका प्रमुखले टेलिफोन महसूल हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) राष्ट्रिय समाचार समितिमा पदपूर्ति समितिका सदस्य सचिवले अधिकृत स्तर, छैठौंको पदपूर्तिको लागि लिइने परीक्षाको प्रश्नपत्रको गोपनीयता भंग गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) गोरखापत्र संस्थानका कार्यकारी अध्यक्षले छपाई कागज खरीद द्धवानी गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.१३ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

(१) तत्कालीन हवाई विभागका महानिर्देशकले विमानस्थलमा राडार जडान गराउंदा भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) नेपालगञ्ज विमानस्थल आयोजनाका तत्कालीन प्रमुखले आर्थिक ऐन नियम विपरीत कम्पाउण्ड पर्खाल निर्माणको कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) त्रिभुवन विमानस्थल कार्यालयले प्रतीतपत्रमार्फत् विमानको स्पेयर पार्ट खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(४) शाही नेपाल वायुसेवा निगमबाट पाइलटको लागि तोकिएको सिंगापुरको होटल लिंदा भ्रष्टाचार भएको भन्ने विषय ।
(५) शाही नेपाल वायुसेवा निगममा तुर्कमेनिस्तानको विमान भाडामा लिंदा भ्रष्टाचार भएको भन्ने विषय ।
(६) नेपाल नागरिक उड्डयन प्राधिकरण, दोश्रो पर्यटन पूर्वाधार विकास आयोजनामा कार्यरत ओभरसीयरहरुले दोहोरो हाजिरी गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(७) हवाई यातायात विकास आयोजनाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तारको बोलपत्र स्वीकृतिको कार्यमा भ्रष्टाचार गरेको भन्ने विषय ।
(८) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले रेष्टुरेन्ट सञ्चालन गर्न दिंदा भ्रष्टाचार गरेको भन्ने विषय ।
(९) होटल व्यवस्थापन तथा पर्यटन तालीम केन्द्रमा विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।

५.४.१४ स्थानीय विकास मन्त्रालय :-

(१) जिल्ला विकास समिति, भक्तपुरले कबाडी सामान बिक्री गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) लहान नगरपालिकाका प्रमुखले विभिन्न अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) जिल्ला विकास समिति, बाराका कर्मचारीले जाली प्रमाणपत्र पेश गरी नोकरी गरेको भन्ने विषय ।
(४) वीरगञ्ज नगरपालिकामा अनियमित तवरले कर्मचारी भर्ना गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(५) जिल्ला विकास समिति, बर्दियामा कृषि उपजमाथि दस्तूर लगाउने सम्बन्धमा ठेकेदार नियुक्तिमा भ्रष्टाचार भएको भन्ने विषय ।
(६) काठमाडौं महानगरपालिकामा अनियमित तवरले कर्मचारी भर्ना गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(७) इलाम नगरपालिकामा विभिन्न निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने विषय ।

(८) सार्वजनिक उद्यान तथा सभागृह विकास समितिबाट बालाजु बाइसधाराभित्र निर्माण सुधारको कार्य गर्दा भ्रष्टाचार भएको भन्ने विषय ।
(९) भरतपुर नगरपालिकाले बिटुमिन खरीद गर्दा बिना कोटेशन बढी मूल्यमा खरीद गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(१०) जिल्ला विकास समिति, काठमाडौंले बोलपत्र नगरी रसीदका आधारमा बालुवा बिक्री गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(११) वीरगञ्ज नगरपालिकामा सडकमा माटो पुर्ने लगायत विभिन्न निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने विषय ।
(१२) जिल्ला विकास समिति, सुनसरी अन्तर्गत रहेको स्थानीय ट्रष्ट कोष कार्यक्रममा पदपूर्ति गर्दा भ्रष्टाचार गरेको भन्ने विषय ।
(१३) स्थानीय विकास निर्माण आयोजनाको वि.पी. मार्ग दांगमा भ्रष्टाचार भन्ने विषय ।

५.४.१५ स्वास्थ्य मन्त्रालय :-

(१) नेपाल परिवार नियोजन संघमा भीजन २००० कार्यक्रम अन्तर्गत प्राप्त सहयोग रकममा भ्रष्टाचार गरेको भन्ने विषय ।
(२) आयुर्वेद विभागका कविराज दरबन्दीका कर्मचारीहरुले अध्ययन अवधिमा दोहोरो सुविधा लिई भ्रष्टाचार गरेको भन्ने विषय ।
(३) नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जमा रासन ठेक्कामा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषय ।
(४) खटिएको स्वास्थ्य केन्द्रमा नगई अध्यापन गराई स्वास्थ्य कर्मचारीहरुले भ्रष्टाचार गरेको भन्ने विषय ।
(५) पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका का.मु. क्षेत्रीय निर्देशकले नक्कली बील बनाई भ्रष्टाचार गरेको भन्ने विषय ।

५.५ कार्यान्वयन नगरिएका आयोगका निर्णयहरु :

यस आयोगको स्थापना कालदेखि हालसम्म आयोगले गरेको अख्तियार दुरुपयोग सम्बन्धी काम कारवाईबाट देखिन आएको तथ्यको आधारमा विभिन्न निकायमा प्रेषित विभागीय कारवाईको सिफारीश तथा सचेत वा सतर्क रहन लेखिएका पदाधिकारीको सम्बन्धमा हालसम्म सम्बन्धित निकायहरुबाट कारवाई गरिएको जानकारी प्राप्त हुन नसकेको विवरण निम्नानुसार छ :-

५.५.१ अर्थ मन्त्रालय :-

(१) राष्ट्रिय वाणिज्य बैंकले सम्झना फाइनान्स कं. लि.को बिक्री नभएको शेयर खरीद गर्ने प्रत्याभूति दिंदा सो कम्पनीको आर्थिक स्थिति, प्रतिष्ठा र शाख विचार नगरी प्रत्याभूति दिई अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।९।१५ को निर्णयानुसार सम्झना फाइनान्सका तत्कालीन संस्थापक दीपक रिमाललाई सचेत गराउन राष्ट्रिय वाणिज्य बैंकमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।
(२) राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालय व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतीतपत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।४ को निर्णय अनुसार राष्ट्रिय वाणिज्य बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इञ्चार्ज कृष्णबहादुर पन्तउपर विभागीय कारवाई गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।
(३) शाही नेपाल वायुसेवा निगमको हंगकंग-काठमाडौं उडानबाट आउँदै नआएको व्यक्तिको नाममा सुनचांदी छुटाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।५को निर्णयानुसार त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख द्वारिकाप्रसाद उपाध्याय, उपसचिव ईश्वरप्रसाद पोखरेल, शा.अ. टंककुमार साख तथा ना.सु. कुलराज ज्ञवालीउपर विभागीय कारवाई गर्न अर्थ मन्त्रालयमा लेखिगएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।
(४) निम्नकोटीको मदिरा उत्पादन एवं बिक्री वितरण गर्न टेण्डर आह्वान गरी ठेक्का दिएको तथा रेक्टिफाइड स्प्रीट उत्पादन एवं बिक्री वितरण समेत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।९।२२ को निर्णयानुसार बिक्री कर तथा अन्त:शुल्क विभागका तत्कालीन महानिर्देशक जैनेन्द्रजीवन शर्मालाई विभागीय कारवाई

तथा तत्कालीन शाखा अधिकृत सनतकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त नभएको ।

(५) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, काठमाडौंले केन्द्रीय कार्यालयको स्वीकृति बिना कोदन इन्टरप्राइजेज समेतलाई कर्जा प्रवाह गर्दा धितोको बढी मूल्यांकन गरेको, गोदाम नभेटिएको र सामान नपुग भएको कारणबाट बैंकलाई गैरकानूनी हानी र पार्टीलाई अनुचित लाभ पुऱ्याई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।९।१३ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, काठमाडौं शाखाका तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय, एकाउण्टेण्ट नरेन्द्रबहादुर प्रधान, गोदाम इन्चार्ज पुरुषोत्तमबहादुर खत्री, पारसप्रकाश पाण्डे, कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले र एकाउन्टेण्ट रामप्रसाद भण्डारीउपर विभागीय कारवाई गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय, तत्कालीन एकाउन्टेण्ट नरेन्द्रबहादुर प्रधान तथा कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले समेतलाई विभागीय कारवाई नै नगरी अनिवार्य अवकास हुने मौका दिइएको साथै अन्यको हकमा पनि विभागीय कारवाई गरेको जानकारी हालसम्म प्राप्त नभएको ।

(६) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालयका कर्मचारीहरुले केन्द्रीय कार्यालयको स्वीकृति बिना नेपाल उड स्टक कं.प्रा.लि. का सञ्चालक खेमचन्द्र चौडरीयालाई ऋण प्रवाहमा धितोको बढी मूल्यांकन गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।१०।१२ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय काठमाडौंका तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय, एल.सी. शाखा इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ तथा एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर विभागीय कारवाई गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले मिति २०५६।११।१६ मा तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय अनिवार्य अवकास भई सकेको, तत्कालीन एल.सी. इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ लामो समयदेखि अनुपस्थित रहेको र अनुपस्थित मितिदेखि लागू हुने गरी राजिनामा समेत दिई सकेको तथा तत्कालीन एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर अर्कै उजूरीको सम्बन्धमा भ्रष्टाचारमा मुद्दा परी स्वतः निलम्बनमा रहेको भन्ने ब्यहोराको पत्र आयोगलाई प्राप्त भएको । यसमा आयोगको पूर्व निर्णयानुसार विभागीय कारवाई गर्नेतर्फ हालसम्म पनि कुनै कारवाई चलाएको नदेखिएको ।

(७) दुग्ध विकास संस्थानले भारतको डेली फूडबाट आयात गरेको कम गुणस्तरको धूलो दूधको आयात प्रतीतपत्र स्वीकृत गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।२।१० को निर्णयानुसार वीरगन्ज भन्सार कार्यालयका तत्कालीन भन्सार अधिकृत सुरेशकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(८) राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ओभरड्राफ्ट कर्जा वापत रु. ९,००,०००।– लगानी गरेको रकम असूली नभएकोले सो धितो राखिएको जग्गा लिलाम गर्दा रु. ५१५५५।– न्यून रकमको लिलाम सकार गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा सो कार्यमा संलग्न विभिन्न कर्मचारीहरु तथा सञ्चालक समितिका पदाधिकारीहरुलाई सचेत गराउन सम्बन्धित अख्तियारवालाहरु अर्थ मन्त्रालय, राष्ट्रिय वाणिज्य बैंक र त्रि.वि.वि. मा लेखिएकोमा अन्य पदाधिकारी तथा कर्मचारीहरुलाई सचेत गराएको जानकारी प्राप्त हुन आएको तर सञ्चालक समितिका सदस्य अर्थ मन्त्रालयका सह सचिव मुकुन्दप्रसाद अर्याललाई सचेत र सेवामा नरहेका तत्कालीन स.ले.अ. विदुरप्रसाद आचार्यको अभिलेख राखेको भन्ने अर्थ मन्त्रालयबाट हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(९) मिति २०५६।५।५ को राती १०.३० बजे दिल्ली–काठमाडौं आर.ए. नं. २१८ को उडानबाट आएकी उषा सुब्बा नामक यात्रुले ६ सय २० तोला सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा तत्काल कार्यरत प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेतसंग मिलेमतो गरी चोरी पैठारी गरेको भन्ने सम्बन्धमा ना.सु. नरेन्द्र बस्नेत, ना.सु (प्रा.) गोविन्दनाथ मिश्र, ख. मोहनकुमार पोखरेल, ख. अशोक सत्याललाई समेत विभागीय कारवाई गर्न अर्थ मन्त्रालयलाई लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(१०) राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भरतपुरबाट नहरमा परेको जग्गालाई धितो मूल्यांकन गरी ऋण प्रवाह गरी अनियमितता गरेको भन्ने सम्बन्धमा उक्त कार्यालयका सह लेखा अधिकृत सूर्यनाथ न्यौपानेलाई विभागीय कारवाई गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(११) राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ललितपुर इमाडोल स्थित ६–२–०–० रोपनी जग्गा धितो लिई रु. १५ लाख हाईपोथिकेशन ऋण प्रवाह गरेकोमा सो धितो जग्गा अति थोरै मूल्य रु. २९,९५५।– मा लिलाम गरी बैंकका कर्मचारी समेतको मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा राजेश्वर आचार्यलाई विभागीय कारवाई गर्न त्रिभुवन विश्वविद्यालयमा र गोदाम रक्षक केशवसिंह ठकुरी लगायतका पदाधिकारीहरुलाई विभागीय कारवाई गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

५.५.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :-

(१) बांसवारी छाला जुत्ता कारखाना लि.को हाताभित्रको जग्गा संचालक समितिको निर्णयले प्रचलित दरभन्दा कम मूल्यमा च्याम्पियन फूट वेयरलाई बिक्री गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा यस आयोगबाट मिति २०४९।११।५ को निर्णयानुसार तत्कालीन संचालक समितिका पदाधिकारीहरुलाई सतर्कता अपनाउन मन्त्रिपरिषद् सचिवालयलाई लेखी गएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(२) चिया विकास निगम लि. को वर्ने चिया कमानको हरीयो चिया पत्ति बिक्री गर्दा र चिया प्याक गर्ने टीनको बट्टा खरीद गर्दा अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।१२।२३ को निर्णयानुसार नेपाल चिया विकास निगमका कार्यकारी अध्यक्ष रामकुमार थापा, वर्ने चिया कमानका प्रबन्धक शिवप्रसाद आचार्य तथा वर्ने चिया कमान बिक्री महाशाखा प्रमुख बाबुराम पौडेललाई सचेत गराउन नेपाल चिया विकास निगमलाई लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(३) उदयपुर सिमेन्ट उद्योगले उद्योगलाई आवश्यक पर्ने बोरा खरीद गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।६।३० को निर्णयानुसार उदयपुर सिमेन्ट उद्योग, संचालक समितिका सदस्य रामानन्द मिश्रलाई सचेत गराउन उद्योग मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(४) हेटौडा सिमेन्ट उद्योग अन्तर्गत ओखरे खोलासम्म जाने प्रवेश मार्ग निर्माण अन्तर्गत सम्झौताभन्दा कम तौलको ग्यावियन तार जाली प्रयोग गरी निर्माण कार्य गराई सम्झौताकै दर रेटमा बील भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।३।४ को निर्णयानुसार हेटौडा सिमेन्ट उद्योग लि. का तत्कालीन नायव महाप्रबन्धक राधेश्यामप्रसाद चौरसिया र का.मु. नायव महाप्रबन्धक शिरोमणी ढकाललाई सचेत गर्न उद्योग मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त नभएको ।

(५) शाही औषधी लिमिटेडले शा.अ. (छैठौं तह) को आवश्यकता देखाई माग गरेको विज्ञापनमा अनियमित ढंगबाट परीक्षा संचालन गरी कर्मचारी छनौट गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।११।५ को निर्णयानुसार शाही औषधी लिमिटेडका तत्कालीन महाप्रबन्धक आनन्ददेव श्रेष्ठ, पदपूर्ति समिति सदस्य रत्ना जोशी, उद्योग विभागका शा.अ. श्याम चालिसेलाई विभागीय कारवाई र उ.स. अर्जुनमणि आ.दी., सामान्य प्रशासन मन्त्रालय, विमलप्रसाद वाग्ले, उ.स. उद्योग विभाग, शा.अ. बिनोद आचार्य उद्योग विभाग तथा कुमारप्रसाद खनाल, अधिकृत १० औं तह, शाही औषधी लि. समेतलाई सचेत गर्न लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(६) कोइला आयातको सम्झौता गर्दा घटी लिने गरी सम्झौता गरेको, जग्गा खरीद, भवन निर्माण, टेलिफोन सुविधा, तथा औषधी उपचार खर्च समेतमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।३।१३ को निर्णयानुसार नेपाल कोल लिमिटेडका तत्कालीन नायव महाप्रबन्धक बिष्णुराज अर्याललाई विभागीय कारवाई गर्न आपूर्ति मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

५.५.३ कृषि तथा सहकारी मन्त्रालय :-

(१) तत्कालीन कृषि मन्त्री पद्मसुन्दर लावतीले आफ्नो निवासको टेलिफोन खर्च नेपाल कृषि अनुसन्धान परिषद्बाट जवरजस्ती भुक्तानी गर्न लगाई अख्तियारको दुरुपयोग गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।७।१७ को निर्णयानुसार कृषि अनुसन्धान परिषद्को तत्कालीन कार्यकारी निर्देशक उपेन्द्र मिश्र तथा कृषि मन्त्रालयका तत्कालीन सचिव दानबहादुर शाही समेतलाई सचेत गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(२) कृषि औजार कारखानाले आवश्यक पर्ने बियरिङ्ग खरीद गर्ने सम्बन्धमा टाम चाइनिज बियरिङ्ग पोल सप्लायर्ससंग भएको सम्झौता बमोजिम खरीद नगरी निजको धरौटी समेत फुकुवा गरी अन्यत्रबाट खरीद गरी अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।९।२ को निर्णयानुसार कृषि औजार कारखानाका तत्कालीन महाप्रबन्धक रमेश नेपाललाई सतर्क गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

५.५.४ गृह मन्त्रालय :-

(१) जिल्ला प्रशासन कार्यालय, सिरहाका का.मु. प्रमुख जिल्ला अधिकारीले रकम लिई नागरिकता तथा राहदानी वितरण गरेको भन्ने सन्दर्भमा आयोगको मिति २०५६।४।२५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सिरहाका तत्कालीन का.मु. प्रमुख जिल्ला अधिकारी शालिग्राम सापकोटालाई विभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(२) गृह मन्त्रालयले ५० वटा गाडी खरीद गर्ने सम्बन्धमा टेण्डर आव्हान गर्दा घटी कबोल गर्ने टेण्डरदाताभन्दा २ लाख ३५ हजार बढी भएको कम्पनीलाई टेण्डर दिने निर्णय गरी कमिशन लिनु खानु गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।५।१६ को निर्णयानुसार गृह मन्त्रालयका तत्कालीन सचिव पदमप्रसाद पोखरेल तथा सह सचिव पुरुषोत्तम ढकाल समेतलाई सचेत गराउन गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(३) पूर्वान्चल अनाथाश्रमका बालबालिकाहरु अनियमित तवरले विदेशीहरुलाई धर्मपुत्र/पुत्री दिएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।१०।१० को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, मोरंगका तत्कालीन प्रमुख जिल्ला अधिकारी रामप्रसाद खतिवडा तथा पूर्वान्चल अनाथाश्रम विराटनगरका प्रमुख सीता पोखरेलउपर विभागीय कारवाई गर्न गृह मन्त्रालय तथा समाज कल्याण मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

(४) गैरनेपाली नागरिक अरुणकुमार अग्रवालले झुट्टा विवरण पेश गरेको आधारमा नेपालको नागरिकताको प्रमाण पत्र दिई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।१।४ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुका तत्कालीन प्रशासकीय अधिकृत बालकृष्ण प्रसाईउपर विभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

(५) गैरनेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्यललाई विभागीय कारवाई गर्न लेखिगएकोमा हालसम्म पनि कारबाई गरेको जानकारी प्राप्त नभएको ।

(६) भोजपुर जिल्लाको कारागार भवन एवं कम्पाउण्ड वाल निर्माण गराउंदा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५२।१०।१८ को निर्णयानुसार जिल्ला कार्यालय, भोजपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारीद्वय नरेन्द्रराज पौडेल र वामनप्रसाद न्यौपाने तथा जिल्ला भवन कार्यालय, भोजपुरका का.मु. अ.ई. रत्नबहादुर काफ्लेउपर विभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

५.५.५ जलस्रोत मन्त्रालय :-

प्रचलित नियम कानून बिपरीत अनुचित निर्णय गरी कर्मचारीको बृत्ति विकासमा बाधा पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।२।२६ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कीर्तिचन्द ठाकुर, तत्कालीन निर्देशक प्रेमराज गौतम, बढुवा समिति सदस्य देवराज रेग्मी तथा सुशीलकुमार शर्मा समेतलाई विभागीय कारवाई गर्न नेपाल विद्युत प्राधिकरणको संचालक समितिलाई लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी आयोगमा प्राप्त नभएको ।

५.५.६ भूमिसुधार तथा व्यवस्था मन्त्रालय :-

(१) घर नभएको जग्गालाई घर भएको भनी चपली गा.वि.स. वडा नं. ७ कि.नं. ७४ को ७ आना जग्गा मोहियानी खरीद बिक्री गर्ने गराउने गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।९।२१ को निर्णयानुसार भूमिसुधार कार्यालय, काठमाडौंका तत्कालीन ना.सु. रामकृष्णराज तिमिल्सिना र शम्भुप्रसाद अर्याललाई विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिगएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(२) नक्साल भगवती मन्दिर कम्पाउण्डसंग रहेको पूजाघर र असन अल्नपूर्ण गुठीको गोंगबु स्थित २ रोपनी जग्गा गुठी संस्थान ऐन बिपरीत व्यक्तिको नाममा दर्ता गरी सार्वजनिक सम्पत्ति हिनामीना गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।३।३० को निर्णयानुसार गुठी संस्थानका सहायक प्रशासक गिरीधारी भट्टलाई विभागीय कारबाई गर्न गुठी संस्थानमा लेखी पठाएकोमा हालसम्म पनि कारवाहिको जानकारी प्राप्त हुन नआएको ।

(३) भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ३ दत्तात्रेय स्थित जंगम मठको पाटी कानून बिपरीत कम रकम कबोल गर्ने व्यक्तिलाई भाडामा दिएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।६।२२ को निर्णयानुसार गुठी तहसिल तथा खर्च कार्यालय, भक्तपुरका तत्कालीन कार्यालय प्रमुख दीपकबहादुर पाण्डेलाई सचेत गराउन गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारवाईको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

(४) भीमभक्तेश्वर गुठीको सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।१०।१५ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका अधिकृत ध्रुवप्रसाद वाग्ले र ना.सु.

कोमलप्रसाद श्रेष्ठउपर विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त नभएको ।

(५) गुठी तैनाथी जग्गामा मोही कायम गर्ने समेत विभिन्न अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५४।२।१४ को निर्णयानुसार गुठी संस्थानका तत्कालीन नवम तहका अधिकृत कृष्णमुरारी शर्माउपर सख्त विभागीय कारवाई गर्न लेखी गएकोमा निजले २०५५।८।४ मा अनिवार्य अवकास प्राप्त गरेको भन्ने गुठी संस्थानको २०५७।२।३ को पत्रबाट जानकारी प्राप्त हुन आएको । समयमै आयोगको निर्णय कार्यान्वयन नगरी उदासीन रहने जिम्मेवार पदाधिकारीहरुको नामावली तुरुन्त उपलब्ध गराउन गुठी संस्थानलाई लेखी गएकोमा जानकारी प्राप्त नभएको ।

(६) नुवाकोट जिल्ला मालपोत कार्यालय समेतले नुवाकोट जिल्ला चतुराले गा.वि.स. अन्तर्गतको परापूर्वकालदेखि सरकारी वन बुट्यान जनिएको जग्गा गीता फलोद्यानको नाउमा दर्ता गराई सरकारी वन जंगल हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५३।१।११ को निर्णयानुसार मालपोत कार्यालय, नुवाकोटका तत्कालीन मा.पो.अ. प्रेमबहादुर खापुङ, खरीदार आनन्दमान श्रेष्ठ, जिल्ला वन कार्यालयका स.व.अ. अरुणकुमार श्रीवास्तव, वन नियन्त्रक माधवप्रसाद आचार्य, खरीदार रत्नबहादुर ओझा, वन सहायक रामचन्द्र साह समेतउपर विभागीय कारवाई गर्न मालपोत विभाग तथा वन विभाग समेतमा लेखी गएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

(७) जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय बिपरीत गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धांधली गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५०।१०।२९ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका तत्कालीन मा.पो.अ. कलाधर देउजा, शान्तबहादुर श्रेष्ठ, ना.सु. पुरुषोत्तमप्रसाद भट्टराई, खरीदार तोर्णराज श्रेष्ठउपर विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा तोकिएको कामकाज गरेको हुंदा कारवाई गर्न नपर्ने भनी मालपोत विभागबाट लेखी आएको तर आयोगको निर्णयानुसारको कारवाईको जानकारी प्राप्त हुन नआएको ।

५.५.७ भौतिक योजना तथा निर्माण मन्त्रालय :-

रसुवा स्थित हेलिप्याड निर्माण गराउंदा टेण्डर कोटेशनको ठेक्का नियम अनुसारको लगत इष्टमेट, कामको समय समयको मेजरमेन्ट समेत हुनु पर्नेमा नगरी अनियमित कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०४९।९।१६ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई जि.पं.स. रसुवाका तत्कालीन का.मु. स्था.वि.अ. शिवप्रसाद श्रेष्ठ, अ.ई. किरणकुमार चित्रकार र ओ.सि. राजकुमार श्रेष्ठलाई विभागीय कारवाई गर्न लेखी पठाएकोमा स्थानीय विकास मन्त्रालयबाट मिति २०५०।४।३१ मा निजहरु तत्काल कार्यरत कार्यालयहरुमा कारवाईको लागि लेखी गएकोमा शिवप्रसाद श्रेष्ठको हकमा महालेखा नियन्त्रक कार्यालयको मिति २०५६।११।१९ को पत्रबाट निजको मिति २०५०।११।१४ मा मृत्यु भई सकेको भन्ने व्यहोरा लेखी आएको र अन्यका हकमा निजहरु कार्यरत तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयले कारवाई गरेको जानकारी हालसम्म पनि उपलब्ध नभएको ।

५.५.८ वन तथा भू-संरक्षण मन्त्रालय :-

(१) तत्कालीन बांके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्ष समेतले जग्गा वितरण गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०४८।११।५ को निर्णयानुसार मालपोत कार्यालय बांकेका तत्कालीन मालपोत अधिकृत श्यामनन्द सुमन तथा भेरी अन्चल क्षेत्रीय बसोवास कार्यालय, बांकेका तत्कालीन ना.सु. खेमराज सुवेदीउपर सचेत गराउन वन तथा वातावरण मन्त्रालयमा लेखी गएकोमा तत्कालीन वन तथा वातावरण मन्त्रालयले मिति २०४८।१२।२६ मा सचेत गराउने निर्णय गरेको तर सम्बन्धित कर्मचारीलाई सचेत गराइएको जानकारी प्राप्त नभएको ।

(२) नवलपरासी जिल्लाको दाउन्ने देवी गा.वि.स. वडा नं. २, ६, ७ को परसैनी वन इकाई अन्तर्गत पर्ने बरुवा जंगलमा आर्थिक वर्ष २०४२।४३ मा अवैध तरिकाले जंगल फडानी गरी काठ चोरी निकासी गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको २०५५।८।१३ को निर्णयानुसार जिल्ला वन कार्यालयका का.मु. जिल्ला वन नियन्त्रक कन्हैयाराज श्रेष्ठ, इलाका वन सहायक रविलाल भुषाल, इलाका वन सहायक नथुनी मण्डल, वनपाले देवशरण यादव समेतलाई विभागीय कारवाई गर्न वन तथा भू संरक्षण मन्त्रालयमा लेखिएकोमा कन्हैयाराज श्रेष्ठलाई चेतावनी दिएको जानकारी प्राप्त भएको, अन्यको हकमा कुनै जानकारी प्राप्त भएको नदेखिएकोले आयोगको पूर्व निर्णयानुसारको कारवाई गर्न पुनः लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(३) जिल्ला वन कार्यालय, रसुवाका का.मु. जि.व.अ. ले वन विज्ञान अध्ययन संस्थान, पोखराबाट पासै नगरेको वि.एस. सी. फरेष्ट्री पास गरेको देखाएको भन्ने सम्बन्धमा रामयशप्रसाद साहलाई विभागीय कारवाई गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

५.५.९ विज्ञान तथा प्रविधि मन्त्रालय :-

नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनाष्ट)ले बिना नीति नियम इ-मेलको संचालन गरी विभिन्न व्यक्ति एवं संस्थालाई लाइन वितरण गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार रोनाष्टका तत्कालीन उपकूलपतिलाई सचेत गराउन रोनाष्टमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

५.५.१० शिक्षा तथा खेलकूद मन्त्रालय :-

(१) त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट संचालित बि.बि.एस. कार्यक्रमको कष्ट एण्ड मेनेजमेन्ट एकाउन्ट विषयको मिति २०५४।४।२७ को परीक्षाको प्रश्न पत्रको गोपनीयता भंग गरी परीक्षा अनियमित गराएको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।११।११ को निर्णयानुसार पद्म कन्या क्याम्पसका सहायक प्रशासक नारायणप्रसाद पोखरेल र हेड असिष्टेण्ट रामहरि फुयालउपर विभागीय कारवाई गर्न तथा सचेत गराउन त्रिभुवन विश्वविद्यालय समेतमा लेखी गएकोमा हालसम्म पनि नारायणप्रसाद पोखरेल र रामहरी फुयालउपर कारवाईको टुंगो लागेको जानकारी प्राप्त नभएको ।

(२) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना स्रोत केन्द्र सबलीकरणका लागि डानिडाबाट प्राप्त नगद एवं वस्तुगत सहयोग वितरण तथा सामान खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।१०।१९ को निर्णयानुसार स्रोत केन्द्र विकास एकाईका एकाई प्रमुख शोभितराम बिष्टउपर विभागीय कारवाई गर्न शिक्षा मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(३) विश्व खाद्य कार्यक्रमको अनुदान सहयोगमा योजना क्षेत्रभित्र संचालित सर्कुलर पोखरी खन्ने कार्यमा वास्तविकताभन्दा बढी कार्यदिन देखाई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।२।८ को निर्णयानुसार लुम्बिनी विकास कोषको तत्कालीन संचालक समितिलाई सचेत गराउन शिक्षा मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(४) जिल्ला शिक्षक छनौट समिति, कैलालीले आर्थिक वर्ष २०५२।५३ मा ५१ जना प्रा.वि. शिक्षक पदको लागि विज्ञापन प्रकाशित गरी प्रतियोगितात्मक लिखित परीक्षा लिई सफल उम्मेदवारहरुको नामावली प्रकाशित गरी सकेकोमा अनियमित तवरबाट १४ परिक्षार्थीलाई पुनर्योगबाट सफल गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा प्रा.वि.शिक्षक छनौट समितिका पदाधिकारी जि.शि.अ. देवीदत्त भट्ट, प्र.अ. यादवप्रसाद जोशी, प्र.अ. खगेन्द्रदत्त चटौत र शिक्षक हेमराज ओझा, तथा मा.वि. र नि.मा.वि. शिक्षक छनौट समितिका पदाधिकारी क्षे.शि.नि. नीलबहादुर के.सी., प्राविधिक शा.अ. लालसिंह टेर, प्र.अ. राधेश्याम जोशी, शिक्षक लालबहादुर कठायत र प्र.अ. मुक्तिनाथ शर्मा समेतलाई विभागीय कारवाईका लागि र अस्थायी कार्यरत रहेका हाल अवकाश प्राप्त वि.नि. हिक्मतबहादुर शाहीको अभिलेख राख्न अख्तियारवालासमक्ष लेखिएकोमा हालसम्म पनि विभागीय कारवाईको जानकारी प्राप्त नभएको ।

(५) शिक्षा मन्त्रालयबाट शिक्षा नियमावलीमा भएको व्यवस्था बिपरीत प्राथमिक विद्यालयहरुको लेखा परीक्षण कार्य शिक्षा मन्त्रालयबाट पारिश्रमिक भुक्तानी दिने गरी नाम मात्रको लेखा परीक्षण गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा शिक्षा मन्त्रालयका तत्कालीन सचिव शरद भट्टराईको अभिलेख राख्न र अन्य सह सचिव विश्वनाथ ढकाल र उपसचिव (लेखा) गोपिनाथ मैनालीलाई सचेत गराउन विभागीय मन्त्रीसमक्ष लेखी पठाएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

५.५.११ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय :-

(१) शाही नेपाल वायुसेवा निगमले युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिने सम्झौता गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।५।२१ को निर्णयानुसार अर्थ मन्त्रालयका तत्कालीन सह सचिव नारायणप्रसाद सिलवाल र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सह सचिव हरिभक्त श्रेष्ठलाई विभागीय कारवाई गर्न क्रमशः अर्थ मन्त्रालय र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएको र निगमका

तत्कालीन अध्यक्ष अजितनारायणसिंह थापाको अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयलाई लेखिएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

(२) हवाई विभाग अन्तर्गत सल्ले विमानस्थलमा ढल निर्माण गर्ने कार्यको लागि बोलपत्र आह्वान गर्दा आर्थिक ऐन नियम बिपरीत गरी अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।५।२३ को निर्णयानुसार हवाइ विभागका सुपरिण्टेण्डेन्ट इन्जिनीयर उपेन्द्रप्रसाद धिताल तथा प्रमुख लेखा अधिकृत भगिराज इङ्नामलाई ध्यानाकर्षण गराइ विभागीय अभिलेख राखी आयोगलाई जानकारी दिन तत्कालीन हवाई विभागलाई लेखी गएकोमा उपेन्द्रप्रसाद धितललाई ध्यानाकर्षण गराएको तर भगिराज इंगनामलाई ध्यानाकर्षण गराएको जानकारी हालसम्म पनि प्राप्त हुन नआएको ।

(३) MI-17 हेलिकप्टरहरुलाई उक्त हेलिकोप्टर निर्माण कम्पनी तथा निर्माता देशले समेत यात्रु उड्डान गर्ने अनुमति नदिएकोमा सो हेलिकप्टरहरुमा यात्रु राखी उडान गर्ने अनुमति दिई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।४।३१ को निर्णयानुसार हवाई विभागका तत्कालीन महानिर्देशक वीरेन्द्रबहादुर देउजालाई सचेत गराउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त नभएको ।

५.५.१२ स्थानीय विकास मन्त्रालय :-

(१) काठमाडौं महानगरपालिका प्रमुखले श्री ५ को सरकारको निर्देशन बिपरीत चुंगीकर ठेक्कामा दिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।४।११को निर्णयानुसार काठमाडौ महानगरपालिका प्रमुख केशव स्थापितलाइ सचेत गराउन का.म.पा.लाई लेखी गएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(२) राप्ती एकीकृत ग्रामीण विकास परियोजनाको निर्माण सामग्री खरीद गर्दा टेण्डर प्रकृयाबाट खरीद गर्नु पर्नेमा बजारबाट सीधै खरीद गर्न पेश्की दिई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।२।१४ को निर्णयानुसार जिल्ला विकास समिति, रोल्पाका तत्कालीन स्थानीय विकास अधिकारी उमाकान्त अधिकारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखी गएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

(३) जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बुको सडक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०५०।५१ मा झोलुंगे पुलहरुको लागि ठेक्का स्वीकृत गर्दा अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५१।३।२३ को निर्णयानुसार जिल्ला विकास समिति, सोलुखुम्बुका तत्कालीन का.मु. स्था.वि.अ. यक्षबहादुर खत्रीउपर विभागीय कारवाइ गर्न स्थानीय विकास मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

(४) सिरहा जिल्ला, सन्हैठा गा.वि.स.का अध्यक्षले गाउं विकास समितिलाई प्राप्त सरकारी अनुदान रकम बेहिसाब गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आ.प्र. नियमावली, २०४२ (संशोधन सहित) को नियम २२ को प्रावधान विपरित एकैपटक लगत इष्टमेट र मूल्यांकन गर्ने गराउने गा.वि.स. अध्यक्ष राजेश्वर यादव, ओ.सि. दुःखी हरिजन र स.ओ.सी. मोहितनारायण महतोलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म पनि सचेत गराएको जानकारी प्राप्त नभएको ।

(५) सार्वजनिक उद्यान तथा सभागृह विकास समितिका पसल भाडा दिंदा, सामान खरीद आदि विभिन्न कार्यहरुमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा सदस्य सचिव पुष्पलाल श्रेष्ठ तथा लेखा अधिकृत सहदेव श्रेष्ठलाई विभागीय कारवाई गरी सोको जानकारी यस आयोगमा पठाउन स्थानीय विकास मन्त्रालयलाई लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

(६) जिल्ला विकास समितिको कार्यालय, बाँके अन्तर्गत विनौना, बैजापुर र कन्चनपुर गा.वि.स.हरुमा आ.ब. २०५२।५३ देखि २०५४।५५ सम्म ठेकेदार र प्राविधिकले मिलेमतो गरी गुणस्तरहीन सामग्री प्रयोग गरी निर्माण गरेको पुल, कलभर्टहरु कामै नलाग्ने गरी भत्के बिग्रेको भन्ने सम्बन्धमा ओ.सि. धनबहादुर रोकाया र इन्जिनियर नारायणप्रसाद श्रेष्ठलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

५.५.१३ स्वास्थ्य मन्त्रालय :-

(१) स्वास्थ्य सेवा विभागले आर्थिक वर्ष २०५२।५३ मा औषधी उपकरण खरीदका लागि एपेक्स ईन्डीया एसोसिएटस् कम्पनीसंग संझौता गरी सामान सप्लाई गर्दा विभागको तर्फबाट अग्रिम भन्सार महसूल भुक्तानी गराई अनियमित गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५६।३।३२ को निर्णयानुसार जनस्वास्थ्य अधिकृत मित्रप्रसाद मास्के र हेल्थ असिस्टेण्ट अशोक श्रेष्ठलाई सचेत गराउन स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि जानकारी प्राप्त हुन नआएको ।

(२) सामान खरीद गर्दा सामान स्टोरमा दाखिला नगरी नक्कली बील बनाई भुक्तानी दिने गरेको, कार्यालय तथा अस्पतालहरुमा आवश्यक पर्ने स्टेशनरी सामान छपाईमा आर्थिक प्रशासन सम्बन्धी नियम बिपरीत खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।५।२३ को निर्णयानुसार स्वास्थ सेवा विभागका तत्कालीन महानिर्देशक डा. के.वि. सिंह कार्की तथा लेखा अधिकृत रत्नबहादुर नेपाली समेतलाई विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि सोको जानकारी प्राप्त हुन नआएको ।

(३) सुदूर पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दीपायलका का.मु. निर्देशक डा. शम्भुशरण तिवारीले कर्मचारी नियुक्ति, औषधी खरीद तथा ढुवानी, गाडी मर्मत गर्दा समेत अनियमित तथा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५५।३।१४ को निर्णयानुसार निजलाई विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा हालसम्म पनि कारवाईको जानकारी प्राप्त हुन नआएको ।

(४) स्वास्थ्य मन्त्रालय अन्तर्गत चिकित्सा महाशाखा टेकूबाट बढी क्षमताको एक्स-रे मेशीन खरीद गर्न आदेश भएकोमा कम क्षमताको मेशीन बढी मूल्यमा खरीद गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५०।५।२४ को निर्णयानुसार वीर अस्पतालका प्रमुख रेडियोलोजिष्ट डा. नेत्रबहादुर अमात्य, त्रि.वि. शिक्षण अस्पतालका तत्कालीन प्रमुख रेडियोलोजिष्ट डा. टेकबहादुर बुढाथोकी, वीर अस्पतालका सम्भार अधिकृत गंगालाल श्रेष्ठ तथा स्वास्थ्य सेवा विभाग, चिकित्सा महाशाखाका प्रमुख डा. हरिनाथ आचार्य समेतलाई विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म पनि कारवाई गरेको जानकारी प्राप्त नभएको ।

(५) जिल्ला जन स्वास्थ्य कार्यालय, सिरहाका कार्यालय प्रमुखले अनियमित तवरबाट पियन पदपूर्ति गरी अनुचित कार्य गरेको भन्ने सम्बन्धमा डा. राजकुमार चौधरीलाई विभागीय कारवाई गर्न लेखिएकोमा हालसम्म पनि जानकारी प्राप्त नभएको ।

भाग ६. उपसंहार

६.१ विगत दशकको सिंहावलोकन :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको एक दशक बितिसकेको छ । यस अवधिमा आयोगका गतिविधिको सिंहावलोकन गर्नु पर्दा सकारात्मक तथा नकारात्मक दुवै परिदृश्यहरु देखा पर्छन् । सकारात्मकताले अझ गतिशील भई कर्मपथमा अग्रसर हुन उत्प्रेरित गर्दछ भने नकारात्मकताले सुधारको खोजी गर्ने आवश्यकतालाई औल्याउँदै भविष्यको निमित्त पाठ सिकाउंदछ । यसरी जुनसुकै स्थितिमा पनि विगतको समीक्षा र मूल्यांकनले अन्ततोगत्वा प्रगतिलाई नै सहयोग गर्दछ ।

अनुसूची ५ को रेखाचित्र (१) को अध्ययनले यस एक दशकको अवधिमा उजूरीको प्रवाह आर्थिक वर्ष २०५३।५४ र २०५४।५५ मा सर्वाधिक रहेको देखाउंछ । यो प्रवाह अनपेक्षित भने निश्चय पनि थिएन । किनभने २०५३ असोज ८ गते सर्वोच्च अदालतबाट भएको आयोगको क्षेत्राधिकार सम्बन्धी महत्वपूर्ण ऐतिहासिक निर्णयले आयोगप्रति जनसाधारणको अपेक्षामा वृद्धि हुन पुगेको थियो । यसैको फलस्वरुप यी दुई आर्थिक वर्षहरुमा उजूरी गर्ने प्रवृत्तिमा पनि बढोत्तरी भएको स्पष्ट हुन्छ । उजूरीको संख्यामा अकस्मात् भएको वृद्धिले उजूरीको शोधन प्रकृयामै परिमार्जनको आवश्यकता महसूस गरियो । त्यसैको परिणामस्वरुप आयोगले 'स्मृतिपत्र' को प्रावधान अपनाउन शुरु गऱ्यो । यस प्रावधान अनुसार उजूरीको प्रारम्भिक शोधनमा नै आयोगको क्षेत्राधिकार बाहिरको भएको वा कारवाई अगाडि बढाइरहनु पर्ने स्थिति नभएका उजूरीलाई निवेदनको रुपमा दर्ता नै नगरी गोश्वारा दर्ता मात्र गर्ने परिपाटीको थालनी भयो । यसबाट आयोगमा पर्ने उजूरीको संख्यामा कमी नआए पनि फाइल नै खडा गर्नु पर्ने परिस्थितिको भने अन्त्य भएकोले कार्यभारमा भने सकारात्मक नै प्रभाव परेको थियो । यसैकारणले आगामी वर्षहरुमा उजूरीको संख्यामा एकाएक ह्रास आएको जस्तो तथ्याङ्क देखिन पुग्यो । यथार्थमा, शोधन प्रकृयापछि निवेदनको रुपमा दर्ता भएका उजूरीलाई मात्र गणना गर्दा त्यस्तो देखिन गएको थियो । यद्यपि हाल आएर आयोगमा दर्ता हुन आएका जुनसुकै उजूरीलाई उजूरी निवेदनकै रुपमा दर्ता गरिने पुरानो प्रकृयाको पुनरुत्थान गरिएको छ र यस प्रतिवेदनको समीक्ष्य अवधि आर्थिक वर्ष २०५७।५८ मा आयोगमा परेका सबै उजूरीको गणना समावेश गरिएको छ । उजूरी संख्यामा यस अवधिमा रेखाचित्र (१) अनुसार अकस्मात् वृद्धि देखिनुको कारण यही नै हो ।

उजूरीको संख्याभन्दा त्यसमा निहीत हुने तथ्य र प्रमाण अत्यन्त महत्वपूर्ण हुन्छ । यस दृष्टिकोणले भन्नु पर्दा पछिल्ला वर्षहरुमा उजूरीको गुणवत्तामा अपेक्षित सुधार आएको देखिन्छ । उजूरी संख्या र कारवाई भएको संख्याको अनुपात हेर्दा यो सूचक पछिल्ला वर्षहरुमा अत्यधिक जोडदार हुँदै गएको तथ्य अनुसूची ५ को रेखाचित्र ४ र ५ बाट स्पष्ट हुन्छ । यसलाई उजूरकर्ताहरुको चेतनास्तरमा आशातीत अभिवृद्धि भएको लक्षणको रुपमा लिनु उपयुक्त हुन्छ । यस तथ्यको पुनर्पुष्टि अनुसूची ५ को रेखाचित्र (३) ले पनि गरिरहेको छ । विगतको पूर्वार्द्धमा सरदर ४७२ उजूरीमध्ये मुश्किलले ३८ वटा उजूरी (करीव ८ प्रतिशत) मात्र विस्तृत अनुसन्धानको लागि योग्य हुने र अरु उजूरीहरु प्रारम्भिक चरणमै टुँगिने गरेकोमा पछिल्ला वर्षहरुमा यस सूचकमा राम्रो सुधार भएको पाइन्छ । कूल उजूरीको करीव १२ प्रतिशतमा विस्तृत अनुसन्धान हुने गरेको तथ्यतर्फ यसले इँगित गरेको छ । यसबाट पनि आयोगको सूचना स्रोतको सबलीकरण हुँदै गएको प्रष्ट हुन्छ ।

सीमित स्रोत साधनका बावजूद आयोग आफ्नो संवैधानिक दायित्वको निर्वाहमा सदैव अग्रसर भइरहेको तथ्य रेखाचित्र (२) ले प्रष्ट्याएको छ । कूल उजूरीको अनुपातमा एक आर्थिक वर्षको अवधिमा आयोगले संधै ५० प्रतिशतभन्दा बढी फछ्यौंट गर्ने गर्दै आएको छ । शुरुको पहिलो वर्ष यसको अपवाद रह्यो । भर्खरै स्थापित एक संवैधानिक निकायको हकमा यसलाई त्यति अस्वाभाविक मान्न पनि सकिदैन । फछ्यौंटको सर्वाधिक उपलब्धि भने आर्थिक वर्ष २०५१।५२, २०५२।५३ र २०५५।५६ मा रहेको देखिन्छ । यस अवधिमा फछ्यौंट प्रतिशत ६३ देखि ६६ प्रतिशतका बीचमा रह्यो ।

यस दशकको अवधिमा विस्तृत अनुसन्धानको लागि उपयुक्त ठहरिएका उजूरीहरुको विषयगत समीक्षा गर्दा अत्यन्त महत्वपूर्ण तथ्य प्रकट भएको छ । यस सूचकले के कुन क्षेत्रमा अख्तियारको दुरुपयोग बढी हुन्छ र त्यसको निराकरण गर्न कुन निकाय बढी संवेदनशील हुनु पर्ने अवस्था छ वा कुन क्षेत्रको काम कारवाईमा बढी निगरानी आवश्यक छ भन्ने परिदृष्टलाई प्रस्तुत गरेको छ । अनुसूची ५ को रेखाचित्र ६ मा देखाइए अनुसार नेपालमा तुलनात्मक रुपले अख्तियारको दुरुपयोगबाट प्रभावित क्षेत्र निम्नानुसार रहेको पाइन्छ :–

१) खरीद तथा ढुवानी १४ %
२) आर्थिक अनियमितता १२ %
(यसभित्र आर्थिक सहायता, नक्कली बील/दोहोरो भुक्तानी, टेण्डरमा गराउनु पर्ने कार्य कोटेशनमा गराउने जस्ता अनियमितता पर्दछन्) ।

३) भूमि प्रशासन ११ %
(यसभित्र घर जग्गा खरीद बिक्री, गुठी जग्गा प्रशासन आदि पर्दछन्) ।
४) प्रशासनिक अनियमितता १० %
(यसभित्र पदपूर्तिको प्रकृया, नियुक्ति, सरुवा, बढुवा, काज, अवकास र का.स.मू. आदि पर्दछन्) ।
५) निर्माण विविध ८ %
६) राजश्व हिनामिना ७ %
(यसभित्र प्रतीतपत्र सम्बन्धी कारोवार, भन्सार लगायत अन्य कर दस्तूर असूली तथा विदेशी मुद्राको अपचलन आदि पर्दछन्) ।
७) ठेक्का बन्दोवस्त ६ %
८) कर्जा प्रवाह/ऋण लगानी ४ %
९) नागरिकता/राहदानी वितरण ४ %
१०) जंगल फडानी २ %
११) अन्य २२ %
(यसमा इजाजत वितरण, नक्कली शैक्षिक प्रमाण पत्र, सुनचाँदी तस्करी, विमान भाडा, सार्वजनिक सम्पत्ति हिनामिना जस्ता विविध अपराध पर्दछन्)

द्रष्टव्य : यस विश्लेषणमा प्रारम्भिक छानविनबाटै टुंगो लागेका उजूरीलाई समावेश गरिएको छैन ।

६.२ विद्यमान समस्या तथा समाधानका प्रयासहरु

माथि शीर्षक ६.१ मा एक दशकको अवधिमा आयोगका गतिविधिको सिंहावलोकन गर्नु पर्दा सकारात्मक तथा नकारात्मक दुवै परिदृश्यहरु देखा पर्छन् भनी उद्धृत भएको सन्दर्भमा प्रजातान्त्रिक संविधान जारी भएको एक दशक व्यतीत भइसक्दा पनि संविधानको परिकल्पना अनुरुप आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको चर्चालाई नकारात्मक पक्षकै रुपमा लिनुपर्ने हुन्छ । आयोगका आफ्ना कमी कमजोरीहरु तथा विद्यमान समस्याहरुका कारण आयोगको भूमिका अपेक्षित रुपमा सशक्त हुन सकेको छैन । मुलुकका प्रवुद्ध र शक्तिसम्पन्न जमातबाट हुने भ्रष्टाचार जस्तो जघन्य श्वेतग्रीवी अपराधको अनुसन्धान गर्ने कार्य निश्चय पनि जटिल र दुरुह कार्य हो । यस कार्यमा सरलता र सुधार ल्याउनको निमित्त कानून सुधारको पक्ष अत्यन्त महत्वपूर्ण र अत्यावश्यक पक्ष हो । अख्तियार विशेष अदालतको गठन, केही प्रमाणको भार अभियुक्तमा रहने व्यवस्था, महाअभियोग मात्र भ्रष्टाचारको सन्दर्भमा पर्याप्त नहुने हुंदा अन्य दण्डको व्यवस्था, सम्पत्ति विवरण र रोक्काको व्यवस्था, करार प्रकृयामा सुधार आदि विषयगत क्षेत्रहरुमा आयोगले कानून सुधारको प्रस्ताव गरेकामा सो प्रस्तावले विधेयकको रुपसम्म ग्रहण गरेको भए पनि कानूनकै रुपमा अद्यापि आउन सकेको छैन । त्यसै गरी तथ्यपूर्ण सूचना संकलनको निमित्त सुराकी नियुक्त गर्ने, विशेषज्ञ सेवा उपभोग गर्ने जस्ता अधिकार आयोगलाई प्रदान गर्ने तथा आयोगको भौतिक तथा मानवीय संसाधानको स्तरवृद्धि गर्ने कार्य तत्कालको निमित्त अपरिहार्य छ ।

आयोगले हाल सामना गर्नु परिरहेका समस्यामा सूचना प्रवाह, भौतिक पूर्वाधार, संयन्त्र र विशेषज्ञ सेवाको कमी, प्रभावकारी कानूनको अभाव, आयोगको अधिकार क्षेत्र र जनशक्तिबीच असन्तुलन, आन्तरिक रुपमा कानूनतः गरिनु पर्ने नियन्त्रणका उपायहरुको कार्यान्वयनमा सरकारी निकायहरुको सिथिलता, बजेटको अपर्याप्तता आदि पूर्ववत् नै रहेका छन् । आयोग स्वयं पनि श्री ५ को सरकार तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था तथा नियोगहरुसंग सम्पर्क गरी उपरोक्त समस्याहरुको समाधानका उपायहरु अपनाउनतर्फ क्रियाशील रहँदै आएको छ । तसर्थ भविष्यमा यी समस्याहरु समाधान हुने आशा एवं विश्वास गर्न सकिने वातावरणको सिर्जना हुनुलाई सन्तोषप्रद नै मान्नु पर्छ । यस कार्यमा आयोगको एकल प्रयास अपूर्ण तथा अपर्याप्त हुने भएकोले सम्बद्ध निकायहरुबाट आशातीत सहयोग प्राप्त हुँदै जानेछ भनने आयोग अपेक्षा राख्दछ ।

६.३ अन्तर्राष्ट्रिय सहयोग तथा सहभागिता

आयोगका समस्या तथा कमीकमजोरीहरुको पहिचान गरी तिनको सफल निराकरणपश्चात् यस आयोगलाई एक सक्षम तथा उदाहरणीय संस्थाको रुपमा प्रस्तुत गर्ने उद्देश्यप्राप्तिको कार्यमा आयोगलाई सघाउन हाल श्री ५ को सरकार

तथा स्वदेशी निकायका अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय नियोगहरुले पनि अभिरुचि राखेका छन् । यसै क्रममा आयोगको सबलीकरण सम्बन्धी योजनाको तर्जुमा गर्न एशियाली विकास बैंकबाट भएको प्रयास, आयोगको भौतिक तथा मानवीय संसाधनको स्तरबृद्धितर्फ डेनिस सहयोग कोषबाट प्राप्त सहयोग, नेपालस्थित राष्ट्रसंघीय विकास कार्यक्रमबाट प्राप्त भइरहेको निरन्तर सहयोग जस्ता पक्षहरु सहाहनीय छन् । यसरी प्राप्त सहयोग तथा सदाशयताको लागि यी निकायहरुप्रति आयोग कृतज्ञता व्यक्त गर्दछ ।

भ्रष्टाचार अन्तर्राष्ट्रिय स्तरमै फैलिएको मानव सभ्यतालाई कलंकित गर्ने एक असाध्य रोग हो, जसको बिरुद्धमा समग्र विश्वसमुदाय नै संघर्षशील छ । भ्रष्टाचार बिरुद्धको यस विश्वव्यापी संघर्षमा आफ्नो समर्थन प्रकट गर्ने तथा अन्तर्राष्ट्रिय स्तरमा अ-आफ्ना अनुभवहरुको आदान प्रदानबाट थप ज्ञान तथा शीप अभिवृद्धि गर्ने एक उपयोगी अवसरको रुपमा आयोगले अन्तर्राष्ट्रिय सभा तथा गोष्ठीहरुलाई लिने गरेकोछ । तसर्थ यस्ता सभा सम्मेलनहरुमा आयोगले गर्दै आएको सहभागिताको क्रमलाई यस अवधीमा पनि निरन्तरता दिइएको थियो । यस क्रममा बंगलादेशमा आयोजना भएको भ्रष्टाचार निवारणसम्न्धी गोष्ठीमा मा. आयुक्तद्वय माधवदत्त भट्ट तथा कृष्णबल्लभ शर्मा काफ्लेको सहभागिता, संयुक्त राज्य अमेरिकामा भएको IVP कार्यक्रममा मा. आयुक्त वासुदेव लामिछाने तथा आयोगका सचिवको सहभागिता एवं Asia-Pacific Group को मलेसियाको क्वालालम्पुरमा भएको Anti-Money Laundering विषयक कार्यक्रममा सह-सचिव स्तरबाट भएको सहभागिता आदि उल्लेखनीय छन् । यस्तो सहभागिताले अन्तर्राष्ट्रिय अनुभवलाई आफ्नो कार्य सम्पादनमा प्रयोग गर्ने अवसर प्राप्त हुने हुंदा सहभागिताको सार्थकता, उद्देश्य र अभीष्टि स्वतः स्पष्ट छ ।

अन्त्यमा, आयोगको संवैधानिक दायित्व तथा कर्तव्यको निर्वाहको क्रममा कानून व्यवसायी, पत्रकार समुदाय, नागरिक समाजका विभिन्न संघ, संस्थाहरु र प्रबुद्ध व्यक्तिहरु समेतबाट प्राप्त सद्भाव तथा सहयोगप्रति आयोग कृतज्ञता ज्ञापन गर्दछ र भविष्यमा पनि सहयोग र सद्भावको निरन्तरताको अपेक्षासहित आफ्नो संवैधानिक दायित्व र कर्तव्यको निर्वाहप्रति आयोग सदा सजग र प्रयत्नशील रहिरहने वचनबद्धता प्रकट गर्दछ । यस अवधिमा आयोगले प्राप्त गर्न सकेका उपलब्धिहरु हासिल गर्न यस आयोगका सचिव लगायतका कर्मचारीहरुले देखाएको अथक परिश्रम र लगनशीलताको पनि यस घडिमा आयोग प्रशंसा गर्दछ ।

❁❁❁

अनुसूचीहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठनात्मक तालिका



द्रष्टव्य : यस तालिकामा २०५८ आषाढ मसान्तमा कार्यरत रहेकाहरु (काजमा समेत) को नाम मात्र समावेश गरिएको छ ।

अनुसूची – १


श्री ५ महाराजाधिराज
संवैधानिक परिषद्
राष्ट्रिय/अन्तर्राष्ट्रिय नागरिक समाज, (ट्रान्सपरेन्सी इन्टरनेशनल आदि)
सम्माननीय प्रमुख आयुक्तज्यू तथा माननीय आयुक्तज्यूहरु (आयोग)
सचिव
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
मुद्दा महाशाखा
प्रशासन महाशाखा
प्रहरी सेल
प्रहरी प्रधान कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
संसद
मन्त्रिपरिषद् सचिवालय
मन्त्रालयहरु
विशेष प्रहरी विभाग
राजस्व अनुसन्धान विभाग
विभागहरु
पुनरावेदन सरकारी वकील
प्रमुख जिल्ला अधिकारीहरु
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

आ.व. २०५७/५८ को बजेट व्यवस्था

वार्षिक विनियोजन			खर्च		बांकी			कैफियत
			निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुबै	
साधारण:	रु.	८७०८०००।००	८६७५८९१।३६	८६७५८९२।३६				
अर्थ बजेट:	रु.	५६६७९४७।७६	५६६७९४७।७६	५६६७९४६।७६				
जम्मा:	रु.	१४३७५९४७।७६	१४३४३८३९।१२	१४३४३८३९।१२				
विकास बजेट:	रु.	१८१२७६३।००	१७०२४९०।०८	१७०२४९०।०८				
जम्मा:	रु.	१६१८८७१०।७६	१६०४६३२९।२०	१६०४६३२९।२०				

आ.व. २०५७/५८ को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तूर र अन्य समेत गरी जम्मा रु. २३,२४०/- राजस्व आम्दानी भएको छ ।

आ.व. २०५७/५८ को धरौटीतर्फ

आ.व. २०५६/५७ को जिम्मेवारी सरेको	रु.	१२६३१०८।७१ पै.
२०५७ श्रावणदेखि २०५८ आषाढ मसान्तसम्मको जम्मा धरौटी	रु.	१३८०१०।०० पै.
२०५८ आषाढसम्म फिर्ता वा सदर स्याहा भएको धरौटी रकम	रु.	२८७४०।०० पै.
२०५८ आषाढसम्ममा बांकी धरौटी	रु.	१३७२३७८।७१ पै.

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

आ.व. २०५७/५८ को आयोगबाटै कारबाई भएको निवेदन लगत, फर्छ्यौट तथा बांकी विवरण

क्र.सं.	मन्त्रालय	गत वर्षको जिम्मेवारी		यस आ.व.को उजूरी		जम्मा उजुरी सख्या		फर्छ्यौट		बांकी उजूरी सख्या	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित
१	अर्थ मन्त्रालय	३१	४	३४	९	६५	१३	३३	५	३२	८
२	उद्योग, वाणिज्य तथा आपूर्ति	४१	२	२३	३	६४	५	२६	१	३८	४
३	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	१	२	१६	०	१७	२	१०	१	७	१
४	कृषि तथा सहकारी मन्त्रालय	१२	४	४१	९	५३	१३	१२	०	४१	१३
५	गृह मन्त्रालय	५४	०	४१	०	९५	०	७६	०	१९	०
६	जनसंख्या तथा वातावरण मन्त्रालय	०	०	०	०	०	०	०	०	०	०
७	जलस्रोत मन्त्रालय	१	०	१७	०	१८	०	४	०	१४	०
८	परराष्ट्र मन्त्रालय	०	०	०	१	०	१	०	०	०	१
९	प्रधानमन्त्रीको कार्यालय	०	०	०	०	०	०	०	०	०	०
१०	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	४८	०	१०	३	५८	३	२०	०	३८	३
११	भौतिक योजना तथा निर्माण	२९	०	१४	०	४३	०	२०	०	२३	०
१२	मन्त्रिपरिषद् सचिवालय	१	०	१	०	२	०	०	०	२	०
१३	महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय	२	०	५	०	७	०	१	०	६	०
१४	रक्षा मन्त्रालय	०	०	८	०	८	०	५	०	३	०
१५	राष्ट्रिय योजना आयोग	०	०	१	०	१	०	०	०	१	०
१६	वन तथा भू संरक्षण मन्त्रालय	१६	१	११९	०	१३५	१	७२	१	६३	०
१७	विज्ञान तथा प्रविधि मन्त्रालय	२	०	१	०	३	०	२	०	१	०
१८	शिक्षा तथा खेलकूद मन्त्रालय	२३	१२	२१०	२२	२३३	३४	१४५	१९	८८	१५
१९	श्रम तथा यातायात व्यवस्था	७	०	१३	०	२०	०	३	०	१७	०
२०	सामान्य प्रशासन मन्त्रालय	५	०	४	०	९	०	७	०	२	०
२१	सूचना तथा सञ्चार मन्त्रालय	५	०	५७	१३	६२	१३	४५	१२	१७	१
२२	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२०	०	३६	०	५६	०	२९	०	२७	०
२३	स्थानीय विकास मन्त्रालय	१४	०	१५८	४	१७२	४	११९	३	५३	१
२४	स्वास्थ्य मन्त्रालय	१४	१०	२७	०	४१	१०	१७	१०	२४	
	कूल जम्मा	३२६	३५	८३६	६४	११६२	९९	६४६	५२	५१६	४७
		३६१		९००		१२६१		६९८		५६३	

आयोगबाट अख्तियारी सौंपिए बमोजिम विशेष प्रहरी विभाग तथा जिल्ला प्रशासन कार्यालयहरूबाट भएको छानवीन तथा अनुसन्धान तहकिकातको विवरण

क्र. सं.	कार्यालयको नाम	जम्मा उजूरी संख्या			फछ्यौट भएको उजूरी संख्या				बांकी उजूरी संख्या
		गत वर्षको जिम्मेवारी	यस आ.व.को उजूरी	जम्मा	सम्बन्धित कार्यालयबाटै तामेली	अन्य निकायमा पठाई तामेली	अदालतमा मुद्दा दायर भएको	जम्मा	
१	विशेष प्रहरी विभाग	३९७	३६०	७५७	४७	१७४	१०	२३१	५२६
	जिल्ला प्रशासन कार्यालयहरू								
२	ताप्लेजुङ्ग	१	२	३	०	०	०	०	३
३	पांचथर	६	११	१७	०	०	०	०	१७
४	इलाम	१६	२	१८	२	२	०	४	१४
५	झापा	१५	१५	३०	२	०	०	२	२८
६	संखुवासभा	१०	१२	२२	६	७	२	१५	७
७	भोजपुर	५	१	६	०	०	०	०	६
८	तेह्रथुम	३	८	११	३	१	२	६	५
९	धनकुटा	१४	४	१८	८	०	०	८	१०
१०	मोरङ्ग	२३	७	३०	१	१८	०	१९	११
११	सुनसरी	७७	९	८६	३९	३	२	४४	४२
१२	उदयपुर	१२	२	१४	०	१	०	१	१३
१३	सिरहा	५०	३०	८०	७	०	१	८	७२
१४	सप्तरी	१७	६	२३	०	५	०	५	१८
१५	खोटाङ्ग	१४	०	१४	०	०	०	०	१४
१६	ओखलढुंगा	०	०	०	०	०	०	०	०
१७	सोलुखुम्बु	०	४	४	३	०	०	३	१
१८	दोलखा	०	२	२	०	०	०	०	२
१९	रामेछाप	२३	६	२९	०	१	०	१	२८
२०	सिन्धुली	३०	०	३०	०	१	१	२	२८
२१	सलाही	१५	२	१७	४	४	१	९	८
२२	महोत्तरी	३६	११	४७	३	६	१	१०	३७
२३	धनुषा	३१	२५	५६	०	३	४	७	४९
२४	रसुवा	३	०	३	०	०	०	०	३
२५	सिन्धुपाल्चोक	२०	३	२३	९	०	०	९	१४
२६	धादिंग	०	०	०	०	०	०	०	०
२७	काभ्रेपलान्चोक	५३	२	५५	४	०	१	५	५०
२८	नुवाकोट	१२	०	१२	०	०	०	०	१२
२९	बारा	४६	१८	६४	१५	२	०	१७	४७
३०	मकवानपुर	६५	१	६६	२२	१५	४	४१	२५
३१	पर्सा	३९	१०	४९	४	६	०	१०	३९
३२	रौतहट	६६	१४	८०	८	१	०	९	७१
३३	चितवन	१४	१३	२७	०	१२	०	१२	१५
३४	कास्की	१	२	३	३	०	०	३	०
३५	तनहूं	१३	०	१३	१	०	०	१	१२
३६	स्याङ्जा	६	०	६	१	०	०	१	५

३७	गोरखा	३	२	५	४	०	०	४	१
३८	लमजुङ	०	०	०	०	०	०	०	०
३९	पर्वत	४	५	९	४	०	०	४	५
४०	म्याग्दी	०	१	१	०	०	०	०	१
४१	मुस्ताङ्ग	२	१	३	०	०	०	०	३
४२	वाग्लुङ्ग	०	४	४	१	०	०	१	३
४३	मनाङ्ग	०	०	०	०	०	०	०	०
४४	गुल्मी	१०	०	१०	०	१	१	२	८
४५	अर्घाखांची	०	०	०	०	०	०	०	०
४६	पाल्पा	१	६	७	०	०	१	१	६
४७	रूपन्देही	११	२३	३४	७	१४	१	२२	१२
४८	नवलपरासी	४	११	१५	४	६	१	११	४
४९	कपिलवस्तु	६	०	६	०	०	२	२	४
५०	प्यूठान	५	२	७	४	०	०	४	३
५१	सल्यान	२	१३	१५	०	६	०	६	९
५२	रोल्पा	६	०	६	०	०	०	०	६
५३	दाङ्ग	३	०	३	०	०	०	०	३
५४	रूकुम	०	०	०	०	०	०	०	०
५५	बांके	१३	७	२०	४	०	०	४	१६
५६	बर्दिया	१०	३	१३	२	४	१	७	६
५७	सुर्खेत	३५	२	३७	०	३	०	३	३४
५८	दैलेख	१३	८	२१	५	१	०	६	१५
५९	जाजरकोट	४	२	६	०	०	०	०	६
६०	जुम्ला	५	३	८	०	२		२	६
६१	कालीकोट	२	१	३	०	०	०	०	३
६२	मुगु	२२	१२	३४	१०	०	०	१०	२४
६३	कैलाली	११	१	१२	०	०	०	०	१२
६४	डोटी	०	०	०	०	०	०	०	०
६५	बझाङ	०	०	०	०	०	०	०	०
६६	बाजुरा	४	२	६	०	०	२	२	४
६७	हुम्ला	०	४	४	०	०	०	०	४
६८	डोल्पा	३	२	५	०	०	०	०	५
६९	बैतडी	३	१	४	१	१	२	४	०
७०	अछाम	४	१	५	४	०	०	४	१
७१	कंचनपुर	४	०	४	१	०	०	१	३
७२	डंडेलधुरा	२	१	३	०	०	०	०	३
७३	दार्चुला	२	०	२	०	१	०	१	१
	जम्मा :	१३२७	७००	२०२७	२४३	३०१	४०	५८४	१४४३

द्रष्टव्य :

आयोगबाट अख्तियारी सौंपिएका ७२वटै जि.प्र.का. र वि.प्र.वि.बाट प्राप्त विवरणहरू यथारूपमै यसमा समावेश गरिएका छन् । गत वर्षहरूको बांकी उजूरीको जिम्मेवारी यस आ.व.मा पूरै सर्नु पर्नेमा कुनै कुनैमा गत वर्षको बांकीबाट जिम्मेवारी सरेको आंकडामा फरक भएको पनि देखिएको छ । आगामी दिनहरूमा यसतर्फ जि.प्र.का.हरू र विशेष प्रहरी विभागबाट जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरिने अपेक्षा आयोगले राखेको छ ।

रेखाचित्र १ : उजूरी प्रवाह



रेखाचित्र २ : फर्छ्यौट प्रवृत्ति



रेखाचित्र ३ : विस्तृत अनुसन्धानको लागि उपयुक्त देखिएका उजूरी



रेखाचित्र ४ : सुझाव तथा ध्यानाकर्षणको स्थिति



रेखाचित्र ५ : कारबाईको स्थिति



रेखाचित्र ६ : उजूरीको विषयगत विश्लेषण

